गल्लीमा फ्याँकिएक

गल्लीमा फ्याँकिएका कसिंगर

भोलानाथ पौडेल

धनवज्र वज्राचार्य

ललितपुर

जगदम्बा प्रकाशन

वि.सं. २०१८

विषय-सूची

उपोद्घात १-१६५

ग्रन्थ-प्राप्ति— १-१०

नेपालका तीन श्रेष्ठतम अभिलेख २,

वाणीविलास र उनको ग्रन्थराशि २-५

गल्लीमा फ्याँकिएका पुस्तकहरू ६-१०,

ग्रन्थ-परिचय १०-१६

अनुवादक-परिचय १७-२०

अनुवाद-हेतु— २१-६४

पुराण सुन्ने र पुराणका कथाका चित्र लेखाउने परम्परा २१-२३,

पाटनका राजा सिद्धिनरसिंह मल्लले कृष्ण-मन्दिरमा कुँदाएको महाभारत तथा रामायणको कथा (नेवारीमा) र त्यसको अनुवाद (नेपालीमा) २३-४५

अघिका अध्यात्मवादीहरू ४५-४६,

पछिका अध्यात्मवादीहरू ४६-४७,

नेपाली भारादारहरूमा वेदान्तको असर ४७-५१,

स्तुति-परम्परा ५१-५७,
नेपाल बचाउन पृथ्वीनारायणले लिएको नीति ५८-५९,
प्राचीन कालमा राजकुमारलाई दिइने शिक्षा ६०,
अर्वाचीन कालमा चलेको शिक्षा ६०-६१,
विक्रमको पन्ध्रौं शताब्दीपछिको नेपालमा
देखिएको शिक्षा ६१-६४,
विजिगीषुको परम्परा चलोस् भन्ने पृथ्वी-
नारायणको इच्छा ६४,
प्रतापसिंह तन्त्रशास्त्रका ज्ञाता भई निस्के ६४,
रणबहादुरको चरित्र र त्यसको परिणाम ६४-६५,
भीमसेन थापा हर्ताकर्ता हुन पुगे ६६-६७,
भारतमा बढ्दै आएका अंग्रेजलाई देखेर
भीमसेन थापाले लिएको नीति ६७-६८,
नेपाल-अंग्रेज-युद्ध र सो युद्धमा राजनीतिको
शिक्षाको कमीले गर्दा नेपालले आफ्नो तीन
भागको एक भाग गुमाउनुपर्‍यो ६८-६९,
अंग्रेजसंगको लडाइँ बिग्रेपछि भीमसेन थापाका
आँखा खुले ६९,
अंग्रेजलाई हटाउन बूढा अमरसिंह थापाले
गरेको उद्योग ७०-७३,
अंग्रेजसंग बदला लिन चीनबाट धनको
सहायता पाइन्छ कि भनी भीमसेन थापाले
गरेको प्रयत्न ७३-७४,
नेपालस्थित अंग्रेज-दूतावासप्रति भीमसेन
थापा र उनीपछिका नेपालका शासकहरूले
लिएको नीति ७४-७७,

उपोद्घात

ग्रन्थ-प्राप्ति

इत्येवं वदतोपि पद्यनिवहैर्ल्लोकेषु कश्चिद्गुणो
    भ्रातर्म्मे समुदेति नेति हृदये दुःखं न किञ्चित्पुनः ।
नूनं मन्दिरसुन्दरीषु विमुखीभूता दृशः कामिनां
    जायन्ते परकामिनीषु नितरां नीचासु बद्धादराः ॥

--प्रतापमल्ल☙

[धुप्रा श्लोक बनाएर म यसरी बोलिरहेछु, तेपनि दुनियाँमा मेरो कुनै कदर हुँदैन भने पनि भाइसाहेब, मेरो मनमा कुनै दुःख हुँदैन। गुण्डाहरूका आँखा आफ्ना घरका राम्रा स्वास्नीलाई पनि नहेर्ने, बाहिरका दुःशीला गुण्डीहरूलाई खूप आदरपूर्वक हेर्ने हुन्छन् ।]

☙ वि. सं. १६९८देखि १७३१सम्म कान्तिपुरका राजा प्रतापमल्ल थिए। यी राजा आफूलाई 'कवीन्द्र' (ठूला कवि) भनी लेख्तथे। यिनले गरेका कविता कान्तिपुर राज्यका प्रसिद्ध देवमन्दिरहरूमा शिलापत्रमा कुँदिएका पाइन्छन्। हनूमान्ढोकाको पटाङ्गिनीको जगन्नाथदेवलको पूर्वभागको पेटीको शिलापत्रको दोस्रो तलामा यो श्लोक छ। मूलमा 'दुष्ख' 'दृशष्वामिनाम्' यस्तो पाठ छ।

अहिलेभन्दा १५०० वर्ष अघिसम्मको नेपालको प्रामाणिक इतिहास पाइए-पाइए जस्तो भएको छ। यस १५०० वर्षभित्रको इतिहास जान्ने मुख्य साधन शिलापत्रहरू नै भइरहेछन। वि. सं. ५२१ को चाँगुको मानदेवको स्तम्भाभिलेख, वि. सं ७६० को पशुपतिको द्वितीय जयदेवको शिलापत्राभिलेख, वि.सं. १८६८ को वाग्मतीको भीमसेन थापाको स्तम्भाभिलेख यी तीन अभिलेख आजसम्म नेपालमा पाइएका अभिलेखहरूमा श्रेष्ठतम ठहरिन्छन÷।

यी तीन अभिलेखले नेपालमा शुद्ध संस्कृत लेख्ने परम्पराको साथै प्रशंसात्मक इतिहास लेख्ने परम्परालाई पनि चलाएका छन्× । चाँगुको अभिलेखको रचना गर्ने कविको नाम थाहा छैन। पशुपतिको सो अभिलेखका रचयिता बुद्धकीर्ति हुन्। बुद्धकीर्तिका अरू रचना पाइएका छैनन्। सोही एउटा शिलालेखले बुद्धकीर्ति प्रख्यात भएका छन्। वाग्मतीको अभिलेखका रचयिता वाणीविलास पाँडे हुन्। वाणीविलासका अरू रचना नपाइएका भए पनि सो एउटा अभिलेखले मात्रै वाणीविलास प्रख्यात हुने थिए। सम्राट् समुद्रगुप्तका प्रशंसक कवि हरिषेण पनि यसै गरी प्रख्यात भएका हुन्। वाणीविलासले रचना गरेका अरू अरू अभिलेख पनि पाइएका छन्। वाणीविलासले रचना गरेका ग्रन्थहरू पनि पाइन्छन्। वाणीविलासमा रहेका गुण दोषको परीक्षा उनका

÷ वंशावली, ऐतिहासिक घटना, वर्णनशैली, काव्यगुणहरूको तुलना गरी यस विषयको सप्रमाण बिवेचना अर्को निबन्धमा गरिएको छ।

× गुण दोषको परीक्षा नगरी प्रशंसात्मक इतिहास लेख्नु असल कुरो होइन। समयको र वंशको परिचयहरूलाई मात्र यी साधन काम लाग्ने हुन्छन्। अरू साधन नपाइएको अवस्थामा मात्र प्रशंसात्मक इतिहास लेख्ने कविको पछि ऐतिहासिकले विबश भएर लाग्नुपर्छ।

कृतिहरू प्रकाशित गराउँदा म गर्नेछु÷ ।

वाणीविलासले ग्रन्थराशि संग्रह गरेका थिए । वाणीविलासले रचना गरेका र संग्रह गरेका पुस्तकहरूलाई प्रकाश गराइदिनु र तिनका गुण दोषको परीक्षा गर्नु नेपाली विद्वान्‌को कर्तव्य हुन आएको छ भन्ने मेरो धारणा छ + ।

वाणीविलासले राजपरिवारलाई पुराण सुनाउन र भारादार-हरूलाई चेला बनाउन पनि सकेकाले घर खेत धन जोड्न सकेका थिए। जन्मभर विद्याभ्यासमा लागेका वाणीविलासले यद्यपि विशाल सम्पत्ति जोड्न सकेका थिएनन्, तैपनि विदेशी महँगा ओखती विदेशी ठाँटबाँट विदेशी नाच-गान, विदेशी खाना, विदेशी सवारी नभएको त्यस वेलाको नेपालमा त्यति संपत्तिले वाणीविलास र उनका परिवारले सुखपूर्वक जीवन बिताएका थिए । वाणीविलासको सम्पत्तिलाई आहिलेसम्म पनि उनका छोरा तथा छोरीपट्टिका सन्तानहरू आनन्दपूर्वक भोग गर्दैछन् ।

वाणीविलासले आफ्ना केही छोराहरूलाई पढाएका थिए तापनि विद्यावंश चलाउन सकेका थिएनन् । यस कारण वाणीविलास परलोक भएको ५० ।६०वर्ष पछि उनको ग्रन्थराशि नष्ट भ्रष्ट

÷ नेपाल-संस्कृत-प्रसारिणी-समितिको अनुरोधले वाणीविलासको जीवनचरित्र मैले संस्कृतमा लेखेको थिएँ । तर अहिलेसम्म सो प्रकाशित हुन सकेको छैन ।

\+ स्व० देवीप्रसाद त्रिपाठी वाणीविलासका छोरीपट्टीका सन्तान हुन् । राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले बनाएको 'जयरत्नाकरनाटक' नामक संस्कृत ग्रन्थ निज खरिदारबाट मैले पाएको थिएँ । त्यसलाई नानी धनबज्र बज्राचार्य र ज्ञानमणि नेपालले 'नेपाल-सांस्कृतिक-परिषद्' द्वारा प्रकाशित गराएका छन् ।

हुन लाग्यो× ।

वि. सं. २००६ तिरको कुरा हो । मेरो कोठाको अगाडि गल्लीमा एउटा घरको नोकरले ढ्वाँगका ढ्वाँग कसिंगर ल्याउँदै फाल्दै गर्न थाल्यो । आधा घण्टा जतिमा उसले आफ्नो काम सिध्यायो । कसिंगरहरूको डुंगुर लाग्यो । के रहेछ भनी हामीलाई सकसक लाग्यो र, म र मेरा मातृष्वसेय (सानी आमाका छोरा) रामजी हेर्न गयौं । हेर्दा पुस्तकका पत्र पनि रहेछन् । एक घण्टा जति लगाई धूलोबाट पुस्तक छानी फोहोर लागेकोमा पखाली पढाउने ठाउँमा लगी राख्यौं ।

फ्याँक्ने घर, फ्याँकिएका पुस्तक देख्ता यी पुस्तक विद्वान् वाणीवि-

---

× राजगुरु हेमराज पण्डितज्यूले वाणीविलासका छोरा तथा छोरी-पट्टिका अल्पशिक्षित सन्तानहरूका घरमा रहेका धेरंजसो ग्रन्थलाई जुगुत-जागत गरी आफ्नो पेवा पारे । वाणीविलासका भैयादहरूमा वाणीविलासको विद्वत्ताको महत्ता बुझ्न सक्ने हेमराजजी नै थिए । यस कारण उनका हातमा ती पुस्तक पर्नु बढ़िया कुरा थियो । तर हेमराजजीले ती पुस्तक-लाई प्रकाश गर्ने चेष्टामा नलागी कसैलाई नदेखाउने प्रणाली बसालेर वाणीविलासको विद्वत्ता गुप्त पारिदिए । वाणीविलासका ग्रन्थको प्रचार भएमा अरुहरू पनि जान्ने होलान् तथा वाणीविलासका सन्तानले टाउको उठाउलान् भन्ने हेमराजजीलाई डर हुँदो हो । यस कारण विद्वान् हेमराजका हातमा परेर पनि ती पुस्तकहरूले वाणीविलासको विद्वत्ता प्रकाश गराउन सकेनन् । अहिले ती पुस्तक बिक्री भई राष्ट्रिय-पुस्तकालयमा पुगेका होलान् । हेमराजजीका परिवारलाई अलि बता पैसा बढाइदिनुसिवाय ती पुस्तकले अहिले सम्म केही गर्न सकेको हामीलाई थाहा छैन । विद्वान् प्रतिभाशाली जाँगरिला हेमराजजी अरूको उन्नति हेर्न सक्ने भएका भए नेपालको र उनको पनि गौरव बढ्दो हो

लासकै हुन् भन्ने मलाई पक्का भयो÷र यी फ्याँकिएका पुस्तकबाट पनि हामी ज्ञान पाउन सक्छौं भन्ने कुरा मैले पढ्ने मानिसलाई सुनाएँ र पुस्तकको रक्षा गर्न प्रेरणा दिएँ। मेरो मनमा भने नानाप्रकारका कुरा खेल्न लागे। पुराना पुस्तक पात्राहरूका पोकालाई सम्झेर दुःख तथा आश्चर्यमा पर्न लागें। सो भाव मेरो मनमा स्थायी जस्तो भएर रहन लाग्यो। त्यसैले कुनै दिन मैले यी पद्यको रचना गरें-

कति परिश्रमले कति खर्चले
प्रथित पण्डित बाबु बराजुले ।
विविध पुस्तक सञ्चय गर्दछन्
अलिकता त नयाँ पनि रच्तछन् ॥१॥
अलस सन्ततिको करमा परी
अलि-अलीसंग हाय दुसी परी ।
सकल पुस्तक मक्किन थाल्दछन्
विविध बोध हरे शिव लुक्छन् ॥२॥
कति बिके अघि पुस्तक, बिक्छन्
अरू, कतैतिर बाहिर पुग्दछन् ।
सडकमा पनि पुस्तक सड्दछन्
कति नदीजलमा पनि बग्दछन् ॥३॥
शिव हरे यसरी निज देशको
विविध शास्त्ररहस्य त्यसै डुब्यो ।
यसविषे नदिईकन लोचन
अब हुँदैन नि बस्नु सुधी जन ॥४॥

काल बित्तै गयो। केही वर्षपछि ती फ्याँकिएका पुस्तकलाई रामजी देवीप्रसाद भोलानाथ शङ्करमान धनवज्र गौतमवज्रहरूले मिली राम्रोसंग केलाई तिनको सूचीपत्र बनाए। सो सूचीपत्र यस प्रकारको छ-

÷ आठ वर्ष जतिपछि अहिले वि. सं. २०१७ मा हाम्रा अनुवादक भवानीदत्तको वंश मैले पत्ता पाउन सकेको र फल्ले घरमा भवानीदत्तका पुस्तक आइपुग्ने सूत्रको पनि ज्ञान हुन आएकोले यी फ्याँकिएका पुस्तकहरू वाणीविलासका मात्र रहेनछन् भन्ने निर्णयमा म पुगेको छु।

संस्कृत भाषाका लेखौट पुस्तक

ग्रन्थनाम-		पत्रसंख्या-
रामायण—		
१,	वाल्मीकिरामायण, किष्किन्धाकाण्ड (खण्डित)	८
२.	अध्यात्मरामायण	३
महाभारत–		
३.	महाभारत विराटपर्व	७३
४.	महाभारत उद्योगपर्व	२०
५.	महाभारत कर्णपर्व	१६
६.	महाभारत उद्योगपर्व टीकासहित	१४
७.	महाभारत आदिपर्व	१२
८.	महाभारतको टीका (खण्डित)	१
९.	महाभारत (नेवारी अक्षरमा सिद्धिनरसिंहको पालामा वि. सं. १७०४ मा लेखिएको)	१
पुराण—		
१०.	पद्मपुराण	४७
११.	भागवत	४२
१२.	ब्रह्मपुराण	११
१३.	स्कन्दपुराण	३
व्याकरण-		
१४.	सिद्धान्तकौमुदी	३२१
१५.	लघुशब्देन्दुशेखर	१७४
१६.	सारस्वत व्याकरण	८५
१७.	व्याकरणविषयका	२
१८.	व्याकरणपरिभाषा	१

ग्रन्थनाम—		पत्रसंख्या—
काव्य-नाटकहरू—		
१६.	रघुवंश	५८
२०.	संस्कृतमञ्जरी	१४
२१.	कवितासंग्रह	१३
२२.	श्लोकसंग्रह	१३
२३.	····नाटक	१२
२४.	अनर्घराघव	१
२५.	रामकृष्णविलोमकाव्य	१
साहित्यका लक्षण-ग्रन्थ—		
२६.	कुवलयानन्द	१९
२७.	रसमञ्जरी	१३
२८.	रसतरङ्गिणी	६
कोश—		
२९.	अमरकोश (टीकासहित)	११
ज्यौतिषविषयका—		
३०.	कुण्डमण्डपसिद्धि	१०
३१.	जन्मकुण्डली	३
३२.	सिद्धान्त-शिरोमणि	१
३३.	प्रश्नविषयको	१
३४.	पञ्चाङ्ग	१
आयुर्वेदविषयका—		
३५.	सर्वप्रमेहहर	१
३६.	ओखतीमूलोविषयको	१
नीति—		
३७.	हितोपदेश	१७

ग्रन्थनाम—		पत्रसंख्या—
धर्मशास्त्र—		
३८.	त्रिंशत्श्लोकी	२२
वेदान्त—		
३९.	साधनपञ्चकोपदेश	१
४०.	आत्मबोधप्रकरण	१
माहात्म्य-कथा—		
४१.	माघमाहात्म्य	४१
४२.	बदरीमाहात्म्य	९
४३.	हरितालिकादिव्रतकथा	६
४४.	गण्डकीमाहात्म्य	१
४५.	वृन्दावनमाहात्म्य	१
४६.	कृष्णकथा	१
४७.	सत्यवान् सावित्रीकथा	१
४८.	कामशास्त्र (खण्डित)	१
स्तोत्र--		
४९.	महिम्नः स्तोत्र	८
५०.	··स्तोत्र	३
५१.	प्रातःस्मरणश्लोक	२
५२.	मृत्युञ्जयस्तव	१
५३.	नवग्रहस्तोत्र	१
५४.	दक्षिणकालीहृदय	१
५५.	देवस्तुति	१
५६.	ब्रह्मोक्तरामचन्द्रस्तोत्र	१
५७.	विष्णुसहस्रनाम	१
५८.	सप्तशती	१
५९.	दशावतारस्तोत्र	१
६०.	भ. विलास	१

ग्रन्थनाम—		पत्रसंख्या—
	कर्मकाण्डविषयका–	
६१.	देवीपूजाविधि	६
६२.	एकोद्दिष्टश्राद्धविधि	४
६३.	गायत्री	३
६४.	सुधातरङ्गिणी (शक्तिवल्लभभट्टाचार्यविरचित)÷	२
६५.	होमविधि	२
६६.	अधिवासनविधि	२
६७.	.....कर्मकाण्डविषयका	२
६८.	लक्ष्मीपूजा	२
६९.	अग्निस्थापनविधि	२
७०.	[redacted]द्धविधि	२
७१.	रजोदर्शन	२
७२.	दशैंको पूजाविधि	१
७३.	देवीपूजा	१
७४.	...पूजाविधि	१
७५.	बलिदानविधि	१
७६.	भौमपूजाविधि	१
७७.	मातृपूजाविधि	१
७८.	कण्डिका (मन्त्रसंग्रह)	१
७९.	तन्त्र–मन्त्रविषयको	१ ताउ
८०.	दर्शनविषयका	२
८१.	प्रशस्ति	४
	हिन्दी गीत	
८२.	गीत	१
८३.	गीत (वामनको कुरा भएको)	१
८४.	भर्तृहरि (हिन्दी अनुवादसहित) [खण्डित]	१

÷ 'जयरत्नाकर' नाटकका कर्ता राजपुरोहित शक्तिवल्लभ अर्ज्याल थिए हुन्।

ग्रन्थनाम—		पत्रसंख्या—
	नेपाली अनुवादसहित ग्रन्थ---	
८५.	मुद्राराक्षस	११
८६.	महाभारत उद्योगपर्व	४
८७.	महाभारत विराटपर्व	१
८८.	महाभारत शान्तिपर्व	१
८९.	मार्कण्डेयपुराण	२
९०.	हितोपदेश	२
९१.	आत्मबोध (सम्पूर्ण)	२ताउ
९२.	स्वस्थानीव्रतकथा	२
९३.	राधाप्रति कृष्णको उक्ति भएको	१
९४.	विषय छुट्याउन नसकेको (खण्डित जीर्ण)	१

नेपाली भाषामा अनुवाद भएको मुद्राराक्षस नाटकका एघार पत्र पनि सो सूचीपत्रमा परेका र मुद्राराक्षसको अनुवादबाट नेपालका शासक बनेका भीमसेन थापाको राजकाज केही बुझिने र नेपाली भाषाको इतिहासलाई पनि केही काम लाग्ने जस्तो मैले संझेकोले यिनै एघार पत्रलाई पहिले प्रकाश गराउनु मैले उचित संझे। अब म यी एघार पत्रको विषयमा कुरा गर्दछु।

ग्रन्थ-परिचय

यी पत्र सवा तेह्र, साढे चौध अंगुल लम्बा छन्। सवा छ, पौने सात अंगुल चौडा छन्। प्रत्येक पत्रको एकातर्फ हरिताल लाएको छ। प्रत्येक पत्रको छेउमा एक, डेढ अंगुल जति मूसाले काटेको छ। काटिएको सो ठाउँमा केही अक्षर पनि परेका छन्। पत्रको

दुवैतर्फ लेख छ। पछिल्लो पत्रमा एकातिर मात्र लेख छ। अक्षर राम्रा छैनन्। ठाउं - ठाउंमा केरमेट गरेको र कतै कतै थपेको पनि छ। पृष्ठपिच्छे घटीमा १६ पंक्ति बढीमा २३ पंक्ति छन्। पत्रको छेउ-छेउमा मूसाले खाएको हुनाले पंक्तिपिच्छे अक्षर तोकन अहिले सकिंदैन। ७ पत्रसम्म मूल संस्कृत पनि छ। त्यसपछि नेपाली अनुवादमात्र छ। केही पत्रमा मूल बीचमा र अनुवाद मूलको तलमाथि। कुनै पत्रमा अनुवाद माथि र मूल तल छ। लेखाइको हिसाबले यो लेख खेस्रा हो भन्न देखिन्छ।

पाइएका ११ पत्रमध्ये—

पहिलो	अङ्कका	७	पत्र
तेस्रो	अङ्कको	१	”
पाँचौं	अङ्कका	२	”
सातौं	अङ्कको	१	”
	जम्मा	११	पत्र

दोस्रो चौथो छैटौं अङ्कका पत्र पाइएका छैनन्। तेस्रो अङ्कको पत्रमा पत्रसंख्या ३१ देखिन्छ। पाँचौं अङ्कको पत्रमा पत्रसंख्या ४३ देखिन्छ। अन्त पत्रसंख्या बुझिंदैन। नान्दी र भरतवाक्यको पनि अनुवाद भएका पत्र र बीच-बीचका पत्र पनि पाइएकाले सम्पूर्ण नाटकको अनुवाद भएको देखिन्छ। तर अहिले दुर्भाग्यले सम्पूर्ण पत्रलाई हामीले पाउन सकेनौं।

विशाखदत्तको मुद्राराक्षस नाटकको भारतीय इतिहासमा ठूलो स्थान छ। यस नाटकको विषयमा धेरै विद्वानहरूले आफ्नो आफ्नो विचार प्रकट गरिसकेका छन् तापनि अझ गहिरिएर पढी नयाँ कुराका अन्वेषण गर्ने ठाउँ बाँकी छ। तर सम्पूर्ण नाटकको अनुवाद प्रकाशित नगराई नाटकका विषयमा विवेचना गर्दा पाठकहरूलाई बुझ्न अपठ्यारो पर्ने हुनाले मूल नाटकको विषयमा

यस निबन्धमा चर्चा गर्दिन+ । यस अनुवादको विषयमा मात्र जाने बुझेसम्मको कुरा यस निबन्धमा लेखिन्छ ।

यस अनुवादको पछिल्लो पत्रमा—

" मुद्राराक्षसनाटक पनि सम्पूर्ण भयो ॥ ॥ इति श्रीजनरल भीमसेनामात्यवर्याश्रित—भवानीदत्तपंडितकृता मुद्राराक्षसभाषा " [प्रधानमन्त्री जनरल श्रीभीमसेन थापाका आश्रयमा रहेका पं. भवानीदत्तले बनाएको 'मुद्राराक्षसको भाषा' सिद्धियो ।]

यस्तो लेखिएको छ । यस लेखबाट वि.सं. १८६३ देखि १८९४ सम्म नेपालका हर्ता-कर्ता भएका भीमसेन थापाका आश्रयमा रहेका पण्डित भवानीदत्तले अनुवाद गरिएको मुद्राराक्षस नाटकका यी पत्र रहेछन् भन्ने स्पष्ट देखिन्छ ।

भीमसेन थापा वि. सं. १८६८ मा जनरल भएका र १८९२ मा कम्याण्डर-इन-चीफ भएका थिए । यस कारण वि. सं. १८६८ देखि १८९२ सम्मका २४ वर्षभित्रको कुनै वर्षमा मुद्राराक्षसको यो नेपाली अनुवाद भएको हो भन्ने

+ वि. सं. १९९१ मा पण्डितवर [हाल पण्डितराज] श्रीगुरु सोमनाथ सिग्द्यालसंग मैले मुद्राराक्षस नाटक पढेथें । त्यसको केही वर्षपछि सो नाटकको नेपाली अनुवाद मैले गरेथें । तर सो अनुवाद अहिलेसम्म प्रकाशित हुन सकेको छैन ।

वि. सं २०१३ मा भारतका राष्ट्रपति श्रीराजेन्द्रप्रसाद नेपाल आउँदा राजेन्द्र-सम्मान-समितिको तर्फबाट प्रा. चूडानाथ भट्टरायद्वारा मुद्राराक्षस नाटकको संक्षिप्त रूप र सो संक्षिप्त रूपको नेपाली अनुवाद भई प्रकाशित भएको छ । सो नाटकको अभिनय पनि सो समितिले गराएको थियो । सफल अभिनेता पं० तोयनाथ पाँडेले लिएको चाणक्यको भेषले दर्शकहरूलाई मुग्ध गराएको थियो ।

स्पष्ट छ ।

जुन हस्ताक्षरमा मुद्राराक्षसको यो अनुवादको खेस्रा पाइएको छ, त्यही हस्ताक्षरमा आत्मबोधको सम्पूर्ण अनुवाद, महाभारत मार्कण्डेयपुराण हितोपदेशका अनुवादका केही पत्र पाइएकाले यिनको पनि मुद्राराक्षससाथै प्रकाश गराउनु बेस हो भन्ने सल्लाह भोलानाथ र धनवज्रले मलाई दिएकाले परिशिष्ट रूपमा दिइएका आत्मबोध, महाभारत, मार्कण्डेयपुराण हितो-पदेशका नेपाली अनुवाद लेखिएका कागत पत्रहरूको पनि परिचय यहाँ दिइन्छ —

आत्मबोध दुइ ताउ पत्र्याएको काँचो कागतमा लेखिएको छ। यी कागत तेईस अंगुल लम्बा साढे तेह्र अंगुल चौडा छन्। मक्किएका र मूसाले काटेका हुनाले जीर्ण अवस्थामा छन्। यसैले केही अक्षर नबुझिने छन्। अक्षर नराम्रा छन्। ठाउँ-ठाउंमा केरमेट गरिएको छ। यसरी यो खेस्रा हो भन्ने स्पष्ट देखिन्छ। यसमा मूल छैन। अनुवाद सम्पूर्ण छ।

महाभारतका जम्मा ६ पत्र पाइएका छन्। तिनमा विराटपर्वको १ पत्र, उद्योग पर्वका ४ पत्र, शान्तिपर्वको १ पत्र छन्। यी पत्र पन्ध्र, साढे सत्र अंगुल लम्बा छन्, छ, सवा सात अंगुल चौडा छन्। प्रत्येक पत्रको एकातर्फ हरिताल लाएको छ। पृष्ठ पिच्छे घटीमा १२ पङ्क्ति, बढीमा १६ पङ्क्ति छन्। विराटपर्वको पत्र पहिलो अध्यायको हो। यसमा केरमेट गरेको र बीच बीचमा थपेको छैन। अक्षर पनि अलि राम्रा छन्। यस कारण यो पत्र साफी गरिएको देखिन्छ। अलि मक्किएकोले केही अक्षर उडेका छन्। मूल संस्कृत बीचमा र अनुवाद तल माथि लेखिएको छ।

टिप्पणी—

यसमा पत्र संख्या २ दिइएको छ । उद्योगपर्वका ४ पत्रमध्ये पहिलो पत्र ८३ अध्यायको, दोस्रो पत्र ८९—९० अध्यायको तेस्रो पत्र ९९ अध्यायको, चौथो पत्र भगवद्यानपर्वको ७५ अध्याय, क्रमागत १४६ अध्यायको हो । उद्योगपर्वका यी ४ पत्रमा ३ पत्र लेखाइको हिसाबले खेस्रा देखिन्छन् । यी ३ पत्रमा मूल छैन, अनुवाद मात्र छ । चौथो पत्रमा अक्षर केही राम्रा र ठूला छन । केरमेट गरिएको छैन । यसैले यो पत्र साफी गरिएको देखिन्छ । यसमा पत्रसंख्या ८१ दिइएको छ । यसमा मूल बीचमा अनुवाद तलमाथि लेखिएको छ । शान्तिपर्वको पत्र ९२ अध्यायको हो । यसमा एकातिरमात्रै लेखिएको छ । अक्षर अलि ठूला ठूला छन । ठाउँ ठाउँमा केरमेट गरिएकोलें यो पत्र खेस्रा देखिन्छ । यसमा अनुवाद माथि मूल तल छ ।

मार्कण्डेयपुराणका दुइ पत्र पाइएका छन् । दुवै पत्र १६ अध्यायका हुन् । यी पत्र १५, १६ अंगुल लम्बा साढे छ, पौने सात अं । चौडा छन् । यिनमा घटीमा १२, बढीमा १६ पङ्क्ति छन । पहिलो पत्रमा मूल बीचमा र अनुवाद तल माथि लेखिएको छ । दोस्रो पत्रमा अनुवादमात्रै छ, मूल छैन । ठाउँ ठाउँमा केरमेट गरिएको र नराम्रो अक्षरमा लेखिएका हुनाले दुवै पत्र खेस्रा देखिन्छन् ।

हितोपदेशका दुइ पत्र पाइएका छन् । पहिलो पत्र ‘मित्रलाभ’ को र दोस्रो पत्र ‘सन्धि’ को हो । पहिलो पत्र साढे बाह्र अंगुल लम्बा, ९ अङ्गुल चौडा छ । यसमा एकातिर २५ पङ्क्ति र अर्कोपट्टि २४ पङ्क्ति छन अक्षर केही मसिना र नराम्रा छन् । मक्किएकोले केही अक्षर दुर्बोध छन । यो पत्र खेस्रा हो । दोस्रो पत्र १८ अङ्गुल लम्बा साढे सात अङ्गुल चौडा छ । एकातिर मात्र लेख लेखिएको छ । यसमा १४ पंक्ति छन् । पाइए-

टिप्पणीः—

जति पत्रमा सबभन्दा यस पत्रको अक्षर राम्रा र सफा छन्। यो पत्र साफी गरिएको देखिन्छ +।

+ आत्मबोध महाभारत मार्कण्डेयपुराण हितोपदेशको अनुवाद नेपालीमा कस कसले गरी प्रकाश गरेका रहेछन् भन्ने सामान्य विवरण जान्ने इच्छा भएकोले नेपाली भाषाका पुस्तकको पाएसम्म संग्रह गर्ने 'मदन-पुरस्कार-पुस्तकालय' बाट सो विवरण पाउन सजिलो होला भनी भोलानाथ धनवज्रलाई 'मदन-पुरस्कार-पुस्तकालय' मा जान मैले प्रेरणा दिएं। सो पुस्तकालयका प्रबन्धक श्रीकमल दीक्षितको सौजन्यबाट उनीहरूले ल्याएको विवरण यस्तो छ —

ग्रन्थ-	अनुवादक-	गद्य-	पद्य-	मिति-
आत्मबोध	×	×	×	×
नेपाली संक्षिप्त भारत ÷	चक्रपाणि चालिसे	गद्य	पद्य	१९७५
महाभारत (सम्पूर्ण)	नरेन्द्रनाथ रिमाल	×	,,	१९८६
,, ,,	रामप्रसाद सत्याल	×	,,	२००६
,, आदिपर्व	कृष्णप्रसाद रेग्मी	×	,,	१९९१
,, ,,	होमनाथ खतिवडा	×	,,	
,, सभापर्व	×	×	,,	
,, वनपर्व	×	×	,,	

÷ यसभित्र परेको 'संक्षिप्त भगवद्गीताको अनुवादचाहिं लेखनाथ पौडेलद्वारा गरिएको हो।

टिप्पणी—

ग्रन्थ-	अनुवादक-	गद्य-	पद्य-	मिति-
महाभारत वनपर्व	कृष्णप्रसाद रेग्मी	×	,,	१९९९
,, ,,	केदारनाथ खतिवडा	×	,,	
,, विराटपर्व	,,	×	,,	
,, ,,	छविकान्त आचार्य	×	,,	
,, उद्योगपर्व	कृष्णप्रसाद रेग्मी	×	,,	१९९२
,, ,,	केदारनाथ खतिवडा	×	,,	
,, भीष्मपर्व	,, ,,	×	,,	
,, द्रोणपर्व	,,	×	,,	
,, ,,	भोजराज शर्मा	×	,,	१९९१
,, कर्णपर्व	केदारनाथ खतिवडा	×	,,	
,, ,,	विक्रम थापा	×	,,	१९९०
,, ,,	शि[illegible]नाथ सुवेदी	×	,,	१९९८
,, शल्यपर्व	केदारनाथ खतिवडा	×	,,	
,, गदापर्व	,,	×	,,	
,, ,,	कुञ्जविलास गौतम	×	,,	१९९०
,, सौप्तिकपर्व	केदारनाथ खतिवडा	×	,,	
,, स्त्रीपर्व	कुञ्जविलास गौतम	×	,,	
,, ,,	केदारनाथ खतिवडा	×	,,	
,, शान्तिपर्व	केदारनाथ खतिवडा	×	,,	
,, शान्तिपर्व ÷	×	गद्य	×	
,, अनुशासनपर्व	केदारनाथ खतिवडा	×	पद्य	
,, अश्वमेधपर्व	,,	×	,,	
,, आश्रमवासिकपर्व	होमनाथ खतिवडा	×	,,	
,, मौसलपर्व	सदाशिव अधिकारी	गद्य	×	१९९४
,, ,,	केदारनाथ खतिवडा	×	पद्य	
,, ,,	भैरवप्रसाद अर्ज्याल	×	,,	१९९२
,, महाप्रास्थानिकपर्व	,,	×	,,	,,
,, स्वर्गारोहण-पर्व	केदारनाथ खतिवडा	×	,,	

÷ यसलाई जगदम्बा-प्रकाशनले सम्पादन गरी प्रकाश गर्दैछ ।

अनुवादक-परिचय

पण्डित भवानीदत्त गौतम गोत्रका पलेउ पाँडे हुन् भन्ने कुरा धेरै कालपछि वि.सं.२०१७ आषाढमा मैले पत्ता पाएँ। पण्डित पूर्णनाथ पन्तबाट भवानीदत्तको बंशावली मैले पाएं। त्यसको केही भाग यस प्रकारको छ --

कुलनिधि
- रामनारायण
  - भवानीदत्त
    - हरिलाल
    - शिवलाल
- मणिराम (तारानिधि)
  - भानुदत्त

यसबाट भवानीदत्तका छोरा हरिलाल तथा शिवलाल हुन भन्ने देखियो। पण्डित तीर्थेन्द्रवल्लभ पन्तले तर्पण दिने कागतबाट र मेरा मामा मास्टर मेरुनाथ पाँडेको संग्रहमा रहेका टि-

ग्रन्थ	अनुवादक	गद्य	पद्य	मिति
मार्कण्डेयपुराणमा÷				
महासती अनुसूया	रामप्रसाद सत्योल	×	"	१९[illegible]५
मदालसोपाख्यान	बैद्यनाथ सेढाई	गद्य	×	२०००
हितोपदेश, मित्रलाभ	मित्रसुन्दर मल्ल	"	×	१९९४
,, (सम्पूर्ण÷)	लक्ष्मणमणि आदी	,,	पद्य	

÷यसलाई जगदम्बा प्रकाशनले सम्पादन गरी प्रकाश गर्दैछ।

पौटे कागतबाट पनि यो कुरा मिल्न आयो । यसरी भवानीदत्त पाँडेका छोरा कर्णेल हरिलाल देखिन आए । हरिलालका एउटा छोरालाई थापाथलीमा हात्तीले मारिदिएको थियो भन्ने कुरा मैले केटाकेटीमा मेरी आमा यज्ञप्रियाको मुखबाट सुनेको थिए तथा हरिलालका कान्छा छोरालाई आफ्नो पाँच-छ वर्षको उमेरमा मैले देखेथें । काशीवास गर्न गएका कर्णेल हरिलालले ८० वर्षको करीबको उमेरमा ती छोरालाई पाएका हुन् भन्ने कुरा अहिले मैले आमाबाट सुनें । जुन घरबाट पुस्तक फालियो, त्यसै घरमा ती बूढाका छोरा केही काल रहेका हुनाले पनि हाम्रा अनुवादक भवानीदत्तको वंश निश्चय गर्न सजिलो पऱ्यो ।

अहिलेभन्दा ३०।३२ वर्षअगाडि एक पल्ट हेरेको नेपाली कागतमा छापिएको 'पतिव्रताधर्म, भन्ने पुस्तकको संझना यही प्रसङ्गमा मलाई भवाट्ट भयो र सो पुस्तक झिकी हेरें । त्यसको मुखपृष्ठमा यस्तो लेखिएको छ-

"पतिव्रताधर्म
तारानिधिविरचित
कविवरराजीवलोचनकृत भाषाश्लोकसहित
यो पुस्तक मोती कृष्ण धीरेन्द्रले ठँहिटी पाशुपत छापाखानामा
छापी प्रकाश गरियो ।
सम्वत् १९५२ "

त्यसको अन्त्यमा रहेको राजीवलोचनले बनाएका भाषाश्लोकको केही भाग यस्तो छ-

प्रसस्त गुणले गरी छ भरिपूर कीर्ती ठुली
असल् चिजकि खानि झैं पद पलेउ कूर्माचली
महत्व पद मान् मिल्यो वस गराइ नेपालपती
भया कुलनिधी सुयस्कल–ढाकि पृथ्वी जती॥
टिका अम्बकोस्को अमरदिपिका अन्त्यविधि भो

बन्यो नित्यै-कर्मै-बिधि सब टिका भागवतको ।
रुचाया सब्ले दस्करमबिधि सूत्रार्थ दरपण्
बनाया श्राद्धै पद्धति अरु बन्यो श्राद्धदरपण्॥
यती ग्रन्थै सृष्टी गरि स्वरग दृष्टी गरिदिया
सरीरूपी विद्या व्हिँ रहि अविद्या लिइगया
भया घोरा तारानिधि कवि अपारा वखतमा
इनैको आर्को नाम् पनि छ मणिराम् यो जगतमा
शिवार्चन् चन्द्रीका र बुटिहरूको कल्प पनि भो
बनाया नारीव्रत् प्रकरण असल् छन्द वनिभो
बनाइ स्त्रीधर्मै जति सब दिया पत्निकन ता
लिइन् व्रत् पत्नीले सब यहि बमोजीम गरि ता

गल्लीमा फ्याँकिएका पुस्तकहरूमध्ये एउटा सानो टुक्रोमा—

गौरीकान्तोपान्ते यान्तं स्वीयं स्मरन्तं माम् ।
सुहृदः स्वान्ते भान्तं श्रीभगवन्तं नमस्यामः ॥
श्रीरामनारायणपण्डितेन संप्रार्थ्यते शङ्करतो भवच्छम् ।
तेनैव मे भावुकमस्ति नित्यं प्रवृत्तिरत्र प्रथमं भवद्भिः
तत्रत्यकार्यं निखिलं विधाय श्रीनामदेशैर्मम रूद्रसंख्यकैः
सहैव काश्यामधुना स्वकीयमुदे स्वकीयागमनं विधेयम्

यस्तो लेखिएको देखियो ।

यसबाट भवानीदत्तका बाजे कुलनिधि, बाबु रामनारायण तथा काका तारानिधि संस्कृतमा लेख-पढ गर्ने योग्यता भएका रहेछन् भन्ने स्पष्ट बुझिन्छ। कुलनिधि र तारानिधिका ग्रन्थको परीक्षा गर्न अहिलेसम्म मैले नपाएकोले त्यसविषयमा बढ्ता बोल्न अहिले असमर्थ छु ।

काश्यप गोत्रका बडखोलापाँडे वाणीविलास भएका र गौतम गोत्रका पलेउ पाँडे भवानीदत्त भएका हुनाले भवाट्ट हेर्दा पाँडे पाँडे मिल्या तापनि यी दुइको वंशको केही सम्बन्ध देखिंदैन ।

भवानीदत्तकै हस्ताक्षरमा आत्मबोधको सम्पूर्ण अनुवाद र महाभारतका विराटपर्व उद्योगपर्व शान्तिपर्व मार्कण्डेय पुराण तथा

हितोपदेशका अनुवादका : केही पत्र पाइएकाले ती ग्रन्थको पनि नेपालीभाषामा अनुवाद हाम्रा पण्डित भवानीदत्तले गरेका रहेछन् भन्न देखिन आउँछ ।

अनुवाद प्रायः शुद्ध छ+ । मुद्राराक्षसको गणना संस्कृतका प्रौढ नाटकहरूमा हुन्छ ।त्यसको कुशलतासाथ अनुवाद गर्नु अनुवादकमा रहेको संस्कृतको राम्रो ज्ञानको फल हो ।नेपाली राजकाजमा चलेका शब्दलाई अनुवाद गर्दा अनुवादकले बडो सुन्दरतासंग प्रयोग गरेका छन् ÷ । यस कारण अनुवादक पण्डित भवानीदत्त पाँडे संस्कृत-भाषाका राम्रा ज्ञाता तथा राजकाजसँग केही परिचित थिए भन्ने देखिन्छ । आत्मबोध वेदान्तको प्रसिद्ध ग्रन्थ हो । वेदान्तको त्यस ग्रन्थलाई साधारण मनुष्यले समेत बुझ्ने गरी सुन्दरतासाथ अनु-वाद गर्न सक्ने भवानीदत्त वेदान्तका ज्ञाता देखिन्छन् । पुराण भन्ने पेशा भएका पण्डितले व्याख्यान गर्ने शैलीमा ग्रन्थ अनुवाद गरेका र महाभारत तथा मार्कण्डेय पुराणको अनुवादसमेत गरेकाले भवानीदत्त असल पौराणिक देखिन्छन् ।

'श्रीजनरलभीमसेनामात्यवर्याश्रित' भन्ने विशेषण आफूमा लाउन भवानीदत्तले भीमसेन थापाबाट वृत्ति पाएका थिए भन्ने देखिन्छ । राजदरवारमा एकलौटी अधिकार गर्न सकेका भीमसेन थापाका आश्रित पण्डितले राजदरबारमा पनि प्रवेश पाएका होलान् भन्ने अनुमान गर्न सकिन्छ ।

यस कारण पण्डितको कुलमा जन्मेका भवानीदत्त पाँडे मौका-अनुसार राजनीतिज्ञ, वेदान्ती, पौराणिक भई काम गर्न सक्ने र नेपाली भाषामा कलम चलाउन समेत सक्ने दरबारिया पण्डित थिए भन्ने देखिन्छ ।

+ अनुवादमा रहेका गुण-दोषको चर्चा पछि गरिनेछ ।

÷ यसको चर्चा पछि गरिनेछ ।

अनुवाद-हेतु

पुराणका कथाहरूलाई भन्ने सुन्ने चलन अघिदेखि चलेको हो + । कोही मानिस तिनै कथालाई इतिहास भन्दथे । पुराणका कथाका चित्र भित्तामा कुँदाउने तथा त्यसविषयका श्लोकहरू लेखाउने चलन पनि थियो । श्रृङ्गार-रसमा डुबेकाहरू श्रृङ्गारी कथा र भक्तहरू भक्तिका कथा

+अत्रान्तरे दुकूलपट्टप्रभवे...पाण्डुनी..वाससी वसानः स्नानावसानसमये वन्दितया तीर्थमृदा गोरोचनया च रचिततिलकः, तैलामलकमसृणितमौलिः, अनुच्चचूडा-चुम्बिना निबिडेन कुसुमापीडकेन समुद्भासमानः, असकृदुपयुक्तताम्बूलविमला-धरकान्तिः, एकशलाकाञ्जनजनितलोचनरुचिः, अचिरभुक्तः, विनीतमार्यं च वेषं दधानः, पुस्तकवाचकः सुदृष्टिराजगाम । नातिदूरवर्तिन्यां चासन्द्यां निषसाद । स्थित्वा च मुहूर्तमिव तत्कालापनीतसूत्रवेष्टनम्.... पुस्तकं पुरोनिहितशरशलाकायन्त्रके निधाय, ...प्राभातिकप्रपाठकच्छेदचिन्हीकृतमन्तरपत्रमुत्क्षिप्य गृहीत्वा च कतिपयपत्रलध्वीं कपाटिकाम् ....गमकैर्मधुरैराक्षिपन्मनांसि श्रोतृणां गीत्या पवमानप्रोक्तं पुराणं पपाठ ।

(वाणको 'हर्षचरित, का तृतीय उच्छ्वासबाट)

[यसै बीचमा रेशमी कपडाका....सेता....धोती उपर्ना लाएका, नुहाइसकेपछि तीर्थको पवित्र माटोको र गोरोचनाको समेत टीका लाएका, अमलाको तेल हाली कपाल तलासेका, लट्केको टुप्पीलाई छुने गरी टाउकोमा टम्म मिलाई लाएको फूलको मालाले सुहाएका, बराबर पान खाइरहेका हुनाले तल्लो ओठ सफा देखिएका, कोषले सट्ट लाएको गाजलले सुहाएका आँखा भएका, भरखर खाएका, उत्ताउलो नभएको तथा भलादमी वेष भएका पुस्तक बाँचने सुदृष्टि आइपुगे र नजीकै रहेको आसनमा बसे । एकैछिन बसेपछि बाँध्ने धागो त्यसै वेला फुकाएको....पुस्तकलाई अघिल्तिर राखेको निगालाका कप्टेराको खटियामा राखेर....बिहान पाठ गर्नेले छुट्याई चिह्न लाएको बीचको पत्र झिकेर, केही पाना मात्र भएको हुनाले हलुका भएको गातालाई हातमा लिएर ....लय मिलेको मधुर स्वरले श्रोताहरूको मनलाई वश पार्दै गाए जस्तै गरी

लेखाउँथे। यसका उदाहरणका लागि विक्रमको तेह्रौं शताब्दीका कान्यकुब्जका राजा जयचन्द्रका दरबारका प्रसिद्ध कवि श्रीहर्षको नैषधीयचरित्र र विक्रमको सत्रौं शताब्दीका नेपाल ललितपुरका भक्तराजा सिद्धिनरसिंह मल्लले बनाएको कृष्णमन्दिरलाई

बायुपुराणको पाठ गरे]

"अद्य तु चतुर्दशीति भगवन्तं महाकालमर्चितुमितो गतया तत्र महाभारते वाच्यमाने श्रुतम्-अपुत्राणां किल न सन्ति लोकाः शुभाः, पुंनाम्नो नरकात्त्रायत इति पुत्रः' इत्येतच्छ्रुत्वा भवनमागत्य परिजनेन सशिरःप्रणाममभ्यर्थ्यमानापि नाहारमभिनन्दति, न भूषणपरिग्रहमाचरति, नोत्तरं प्रतिपद्यते।

(बाणको कादम्बरीको पूर्वभागबाट)

[आज चतुर्दशी हो भनेर महाकाल महादेवको पूजा गर्न महारानीको सवारी भएको थियो। त्यहां महाभारत भन्न लागेका थिए। 'पुत्' भनेको नरक हो, 'पुत्' बाट बचाउने हुनाले 'पुत्र' भन्ने नाम रहेको हो। जसका छोरा छैनन्, त्यसको शुभ गति हुँदैन भन्ने कुरा त्यहाँ सुनिबक्सियो र दरबारमा सवारी फिर्‍यो। सुसारेहरूले पाउमा परेर बिन्ति चढाउँदा पनि खाइबक्सिन्न। सिंगार पनि गरिबक्सिन्न जवाफ पनि बक्सिन्न।]

गच्छ वत्स,....मातरमभिवाद्य....यथाक्रमं सर्वा जननीर्दर्शनेनानन्दय' इति विसर्जितः पित्रा....अन्तःपुरमाययौ। तत्र....अतिप्रशान्ताकाराभिश्च कषायरक्ताम्बरधारिणीभिः....सकललोकवन्द्याभिः....विदितानेककथावृत्तान्ताभिर्भूतपूर्वा. पुण्याः कथाः कथयन्तीभिरितिहासान् वाचयन्तीभिः पुस्तकानि दधतीभिर्धर्मोपदेशान्निवेदयन्तीभिर्जरत्प्रव्रजिताभिर्विनोद्यमानाम्.... मातरं प्रणनाम।

(कादम्बरीको पूर्वभागबाट)

[जाऊ, बाबु, आफ्ना मुमाको पाउको दर्शन गरी पालैसंग देखापरी सबै मुमाहरूलाई आनन्द गराऊ, यति भनी बाबुले बिदा दिएपछि खोपीमा गए। त्यहाँ शान्त आकार भएका, गेरुवा लुगा लाएका....सबै दुनियाँले मानिएका....अनेकौं कथाका कुरा बुझेका, अघि भएका पुण्य दिने कथा भन्ने भएका, इतिहास बाँच्ने भएका, पुस्तक लिएका, धर्मको उपदेश गर्ने भएका. बूढी जोगिनीहरूले मन बहलाइएकी....आमालाई ढोगे।]

देखाउन सकिन्छ । +

+भित्तिचित्रलिखिताखिलक्रमा यत्र तस्थुरितिहासंकथाः ।
पद्मनन्दनसुतारतंसुतामन्दसाहसहसन्मनोभुवः ॥२०॥
पुष्पकाण्डजयडिण्डिमायितं यत्र गौतमकलत्रकामिनः ।
पारदारिकविलाससाहसं देवभर्तुरुदटङ्कि भित्तिषु ॥२१॥

(नैषधीयचरित, १८ सर्ग)

[ब्रह्माले आफ्नी छोरीसंग विलास गर्न आँट गरेको देखेर कामदेव हाँसिरहेका इतिहासका कथाहरू जुन दरबार [नलको दरबार] का भित्ताका तसवीरमा क्रमैसंग लेखिएका थिए ।

कामदेवको विजयको ढोल जस्तो बनेको, गौतमकी स्वास्नीमा फसेका इन्द्रको अर्काको स्वास्नी बिगार्ने आँट जुन दरबारको भित्तामा लेखिएको थियो]

कृष्णमन्दिरमा रहेका चित्रको वर्णन तात्कालिक (वि.सं.१६-६३ को) नेवारी भाषामा लेखिएको छ । मेरो प्रेरणाबाट रामजी देवीप्रसाद भोलानाथ शङ्करमान धनवज्र गौतमवज्र महेशराज नयनाथहरू मिली सो वर्णन देवनागरीमा उतारी ल्याए र शङ्करमान र धनवज्रले नेपालीमा अनुवाद गरे । लम्बेतानको त्यो वर्णन पाठकहरूलाई रुचिकर हुन सक्ने छैन तापनि जिज्ञासुहरूको लागि विशेष उपयुक्त होला भन्ने संझी टिप्पणीको रूपमा दिइएको छ । चित्रसाथै प्रकाशित गर्न सकेको भए विशेष रुचिकर र उपयुक्त पनि हुने थियो । तर त्यसो गर्न सकिएन । यो लम्बेतानको टिप्पणीलाई पाठकहरूले छोडेर मूल मात्रै हेर्दै गएमा पनि कुरा बुझ्न गाह्रो पर्नेछैन ।

कृष्णमन्दिरको माथिल्लो तलामा शिवलिङ्गका चित्रहरू कुँदिएका छन् । बीचको तलामा महाभारतका कथाका चित्र कुँदिएका छन् । तल्लो तलामा रामायणका कथाका चित्र कुँदिएका छन् । माथिल्लो तलाका शिवलिङ्गका चित्रमा नाम मात्र कुँदिएका र कथा नभएका हुनाले यहाँ महाभारत र रामायणका चित्रका वर्णन मात्रै दिइएका छन् ।

ि टिप्पणी

[महाभारत]

[आदिपर्व]

गणेशमूर्ति। ऋषि नेम-तिपुर चरारूपन प्रसंग याक, पाण्डु राजानं अहल बरेन कयको। चरारूपन चोङ ऋषिवध। ऋषिया सरापन पाण्डु राजाया वैराग्य। कुंती। माद्री। धर्मराज व कुंती व प्रसंग। युधिष्ठिर जन्म जुव। वायु व कुंती व प्रसंग। भीम जन्म जुव। इन्द्र व कुंती व प्रसंग। अर्जुन जन्म जुव। अश्विनीकुमार नेह्म व माद्री व प्रसंग। नकुल व सहदेव व जन्म जुव। पाण्डु राजा व माद्री व प्रसंग। कुंती। पाण्डु राजा मृत्यु जुव। अग्निसंस्कार जुव। माद्री सती वं। ऋषिन कुंती युधिष्ठिर भीम अर्जुन नकुल सहदेव धृतराष्ट्र लवल्हाक। धृतराष्ट्र। कुंती युधिष्ठिर भीम अर्जुन नकुल सहदेव वारणावत वङ। भीमन छें मिचोया वर्व। पुरोचन दाह जुव। कुंती युधिष्ठिर अर्जुन नकुल सहदेव वनस बेसे वं। भीमन सकल्यं बुयाव यं। कुंती अर्जुन नकुल सहदेव नं लाव देङ चों। हिडिम्बा व भीम व संभाषण। हिडिम्ब राक्षस तमन वव। हिडिम्ब राक्षस व भीम व युद्ध। हिडिम्बवध। भीम व हिडिम्बा व क्रीडा। घटोत्कच उत्पत्ति। सहदेव। नकुल अर्जुन। भीम। कुंती। व्यास व युधिष्ठिर व नाप लाक। सहदेव नकुल। अर्जुन। भीम। कुंती। एकचक्र नगरस ब्राह्मणयाके युधिष्ठिर वं। ब्राह्मणी। बक राक्षस व भीम व युद्ध। बकराक्षस बध। कुंती युधिष्ठिर भीम अर्जुन नकुल सहदेव पाञ्चालनगरस वङ। द्रुपदराजा स्वयम्वरया थायस चोङ। द्रौपदीन स्वानमाला जोङाव चोङ। द्रौपदीया स्वयम्वरस अर्जुनन ङा कयको। युधिष्ठिर। भीम। नकुल। सहदेव। द्रुपदराजान द्रौपदी कन्यादान बिव। युधिष्ठिर। भीम। अर्जुन। नकुल। सहदेव। कुंती। युधिष्ठिर भीम अर्जुन नकुल सहदेव द्रौपदी हस्तिनापुर वङ। युधिष्ठिर द्रौपदी व चोने अर्जुनन लिपा काल वं। अर्जुन वनवास वं। अर्जुनन कृष्ण नाप लाक। अर्जुनन सुभद्रा हरण याव। कृष्ण व अर्जुन व चोङ। अग्निन अर्जुनयात गाण्डिव

लिपा बिव । कृष्ण सारथि याङाव अर्जुनन खाण्डव वन दाह याक । खाण्डव वन दाह । अर्जुन । कृष्ण । .... । अर्जुन ।

[सभापर्व]

युधिष्ठिर व कृष्ण नाप लाक । भीम । नकुल । सहदेव । मय-दैत्यन मणिमय सभा ज्याङाव बिव । सहदेव । नकुल । युधिष्ठिर व नारद व मणि[मय सभास चोङ] । अर्जुन । भीम । कृष्ण भीम अर्जुन जरासन्धयाके वङ । कृष्ण व जरासन्ध व नाप लाक । भीम । अर्जुन । जरासन्ध व भीम व गदायुद्ध । भीमन जरासन्ध वध याक । कृष्ण भीम अर्जुन लिहा वं । सहदेव । नकुल । अर्जुन । भीम । राजसूय यज्ञस युधिष्ठिरन ह्लापा कृष्णपूजा याव । शिशुपालं कृष्णयातन न्वाक । कृष्णन चक्रन कयको शिशुपालवध । द्रौपदी । सहदेव । नकुल । अर्जुन । भीम । युधिष्ठिर। युधिष्ठिरया राजसूय यज्ञ । धौम्य । युधिष्ठिर भीम अर्जुन नकुल सहदेव मणिमय सभास चोङ । दुर्योधनन लाख मदेले लङ थसोव । ताहव लुखास पुतिहाव धक कोछ्रोङाव दुर्योधन दुहा-वङ । पुतिहाव लुखास ताहाव धक कोमछोसे दुहायाव दुर्योधनया कपाल हाक । सहदेव । नकुल । अर्जुन । भीम । शकुनि व युधिष्ठिर व जुल ल्वाक, द्रौपदी जुरस पाक । दुर्योधन । दुःशासन । कर्ण । दुःशासनं द्रौपदीया पतासे(साक) । पतासेया दो । विदुरन गंङ धृतराष्ट्रन गंङ । भीष्मन गंङ । पुनर्व्वार युधिष्ठिर व शकुनि व जुल ल्वाक । कुश जोङाव वेद पडपाव धौम्य वन वं । सफहन तयाव द्रौपदी वन वं । ख्वाल बोयाव सहदेव वन वं । ह्मस लेपन याङाव नकुल वन वं । फिचोन हायकाव, अर्जुन वनवास वं । बाहा सोयाव भीम वनवास वंङ । गांमलन पुयाव युधिष्ठिर वनवास वंङ ।

(वनपर्व)

धौम्य । द्रौपदी । सहदेव । नकुल । अर्जुन । युधिष्ठिर । किर्म्मी-
र राक्षस व भीम व युद्ध । भीमन किर्म्मीर राक्षस बध याक ।
धौम्य । द्रौपदी । सहदेव । नकुल । अर्जुन । भीम । कृष्ण व
युधिष्ठिर व नाप राक । उद्धव । अर्जुनन फा कयको । फा कयकल
धक अर्जुन व किराट व तमचाव । किराट व अर्जुन व युद्ध ।
अर्जुनन महादेवयाके छाया स्वानमाल किराटया मोलस चोङ वङ
महादेव सेयाव सत्कार याक । इन्द्रन अर्जुनयात अस्त्र बिव ।
यमनं अस्त्र बिव । वरुणनं अस्त्र बिव । कुबेरनं अस्त्र बिव ।
इन्द्रनं अर्जुनयात रथ बिसेहओ । अर्जुन स्वर्ग वं । इन्द्र अर्जुन
सभास चोङ । उर्वशी । अर्जुनयाके उर्वशी वव । उर्वशी लिहा वं
इन्द्र । निवातकवच दैत्य व अर्जुन व युद्ध । निवातकवच दैत्य-
पनि वध । अर्जुननं वनेयात इन्द्रयाके आज्ञा फोङ । अर्जुन
लिहा वव । युधिष्ठिर, भीम, नकुल, सहदेव, द्रौपदी धौम्य गन्ध-
मादन पर्वत वं । द्रौपदी मूर्च्छा जुव, युधिष्ठिरनं बोध याक ।
भीम । नकुल । सहदेव । घटोत्कचनं भीम नाप लात वव । घटोत्क-
चनं द्रौपदी बुयकाव युधिष्ठिर भीम नकुल सहदेव धौम्य वं । द्रौप-
दीनं पलेस्वान थुव । द्रौपदीनं पलेस्वान युधिष्ठिरपनि केङ, हय-
कावबिव धाव । भीमन पलेस्वान काल वं । भीमन हनूमन्तया
न्हिपोत ल्हंङ । भीमन हनूमन्त नमस्कार याक । कुबेरया वनरक्षा
याक राक्षसपनि भीम व युद्ध याङाव बेसेवं । भीमनं कुबेरया वन-
स पलेस्वान काव । भीमनं द्रौपदीयात पलेस्वान बिव । धौम्य ।
द्रौपदी । सहदेव । नकुल । भीम । अर्जुन व युधिष्ठिर व नाप रा-
क । युधिष्ठिरन (अजगर नाप राक) । नहुष राजा उद्धार जुयाव
स्वर्ग वं । ....दुर्योधन युद्ध । ....अर्जुननं दुर्योधन तोरतयका ववं ।
धौम्यनं द्रौपदी पेयाव चोङ । जयद्रथ व द्रौपदी व संभाषण । ज-
यद्रथनं द्रौपदी हरण याव यं, भीमनं लाक । भीमनं द्रौपदी लष-
लपाव हव, जयद्रथ युधिष्ठिर लवल्हाक । जयद्रथ तोलताव छोक ।

[विराटपर्व]

युधिष्ठिर भीम अर्जुन नकुल सहदेव द्रौपदी विराट राजायाके गुप्तवास वं। युधिष्ठिर कंकनाम ब्राह्मण धक विराट राजायाके वव। भीम बल्लवनाम सुवार धक विराट राजायाके वव। द्रौपदी सैरंध्री धक उ (सु) देष्णायाके वव। सहदेव तंत्रीपालनाम सालहिक धक विराट राजायाके वव। अर्जुन बृहन्नलानाम नपुंसक धक वव। नकुल ग्रन्थिक नाम असवार धक वव। कीचकन सुदेष्णाया ह्नने सैरन्ध्री कलात काय धक ल्हात। सैरन्ध्रीनं बल्लवयाके दुःख खं ल्हाहा वङ। बल्लव सैरन्ध्री धक सङ्केतस्थानस चोङ, कीचकनं जोङ। कीचक व बल्लव व युद्ध। वल्लवन कीचकवध। कीचकया सीकह्म। कीचकया बान्धवपनिसेन सैरन्ध्री मि विचोयं। समसानस सिमा जोङाव बल्लव चोङ। कीचकया बान्धवपनि वध याङाव सैरन्ध्री लिछोक। विराट राजा दक्षिण गोग्रहस ग्वाहलृ वं। कंक, ग्रन्थिक, तंत्रिपाल, बल्लव व सुशर्मा व युद्ध। सुशर्माया सहायक। बृहन्नला सारथि याङाव उत्तरकुमार उत्तर गोग्रहस ग्वाहालृ वं। उत्तरकुमार सारथि याङाव अर्जुननं प्रकटनं युद्ध याक। भीष्म। द्रोणाचार्य। कर्ण। कृपाचार्य अश्वत्थामा। दुर्योधन सारथि जोङाव विस्यवं। विराट राजानं कंक ल्वाकनं च्वाक। सैरन्ध्रीनं हि फव। युधिष्ठिर, भीम, अर्जुनं, नकुल, सहदेव, द्रौपदी प्रकाश जुव। विराट राजानं उत्तरकुमारनं युधिष्ठिरयाके स्तुति।

(उद्योगपर्व)

दुर्योधन फुसस चोङ। कृष्ण देङाव विउाक। अर्जुन लुकोस चोङ। दुर्योधन अक्षौहिणी सेना जोङाव वं। अर्जुननं कृष्ण बुङाव यं। अर्जुननं कृष्ण व युधिष्ठिर व नापलाचको। धृतराष्ट्र व विदुर व चाचच्छि खँसम धाल। कृष्ण दुर्योधनस दूत वं। कृष्ण व दुर्योधन खँ ल्हाक। कृष्ण। कृष्ण। दुर्योधननं सकल्यं

कृष्णमूर्ति खो । कृष्ण । कृष्ण । कृष्ण लिहां वंङ । सहदेव । नकुल अर्जुन । भीम । कृष्णनं युधिष्ठिर लिसल क ।

[भीष्मपर्व]

धृष्टद्युम्न । सहदेव । नकुल । भीम । युधिष्ठिर । कृष्ण सारथि याङाव अर्जुन हथार वव । अर्जुन । कृष्णनं अर्जुनस विश्वरूप केङ । दुर्योधन हथार वव । भीष्म । द्रोणाचार्य । कृपाचार्य अश्वत्थामा । दुःशासन । अर्जुन । कृष्ण अस्त्र जोङाव भीष्मयाके दुब्वाक । भीष्मन स्तुति याक । अर्जुन । कृष्ण । भीष्म व शिखण्डी व युद्ध । भीष्म शरशय्यास देङ ।

[द्रोणपर्व]

जयद्रथ व अभिमन्यु व युद्ध । अभिमन्यु वध । जयद्रथ व अर्जुन व युद्ध । जयद्रथ वध । कर्ण व घटोत्कच व युद्ध । घटोत्कचवध । द्रोणाचार्य व अभिमन्यु [धृष्टद्युम्न] व युद्ध । द्रोणाचार्यवध ।

[कर्णपर्व]

दुःशासन व भीम व युद्ध । भीमन दुःशासन वध । कर्ण व अर्जुन व युद्ध । कर्णवध ।

[शल्यपर्व]

शल्य व युधिष्ठिर व युद्ध । शल्यवध । शकुनि व सहदेव व युद्ध । शकुनिवध । दुर्योधन पुघुलिस वेयाव चोङ, भीमन बालाव सोक । दुर्योधन व भीम व गदायुद्ध । दुर्योधन भेत बुल । अश्वत्थामान बोध याक ।

[सौप्तिकपर्व]

पाण्डवपनि स्याय धक अश्वत्थामा वं । अश्वत्थामान चान्हस पाण्डवया सैन्य वध याक । अश्वत्थामान (पाण्डव) या कायकाम्ह मोल हव । दुर्योधन मृत्यु जुव । भीम अर्जुन कृष्ण अश्वत्थामा लिलव । अश्वत्थामा बेसेवं । भीमनं अश्वत्थामाया मोलस मणि काव ।

[स्त्रीपर्व]

राणिपनिस विलाप ।:धृतराष्ट्रया व गान्धारीया व विलाप ।

[शान्ति व अनुशासन पर्व]

युधिष्ठिरन भीष्मयाके धर्मकथा ङेङ । भीम । अर्जुन । नकुल सहदेव । भीष्म मृत्यु जुव । भीष्म स्वर्ग वं ।

[आश्वमेधिकपर्व व आश्रमवासिकपर्व]

सहदेव । नकुल । अर्जुन । भीम । कृष्ण । युधिष्ठिर । युधिष्ठिरया अश्वमेध यज्ञस नवलचा वव । धृतराष्ट्र गांधारी कुंती विदुर तपोवन वं ।

[मौसलपर्व]

शाम्ब मिसा छायम तियाव छो बोयिव धक दुर्वासा-याके ङेक । ङ्यपु कोटि यादव वंश थेंथ्ये युद्ध जुव ।

यपु कोटि यादववंश थेध्ये ल्वाङा व संहार जुव ।
बलभद्र समुद्रस दुहाव । कृष्ण सिमाकोस च्वङ । व्याधान
कृष्णया ह्मालुस बलान कयको । कृष्णन शरीर तोरतो ।
व्याधा । इन्द्र । महादेव । कृष्ण वैकुण्ठस बिज्याक ।
ब्रह्मा । नारद ।

[महाप्रस्थानिकपर्व]

द्रौपदी । सहदेव । नकुल । अर्जुन । भीम । व्यास व युधिष्ठिर व संवाद । युधिष्ठिर भीम अर्जुन नकुल सहदेव द्रौपदी स्वर्गारोहण वं । द्रौपदीनं शरीर तोरतो । सहदेवन शरीर तोरतो नकुलन शरीर तोरतो । अर्जुनन शरीर तोरतो । भीमन शरीर तोरतो । देवदूतन युधिष्ठिरयात विमान ह्व । धर्म धिचा रूपन चोङ । युधिष्ठिरयात धर्मन दर्शन बिव । देवदूतन युधिष्ठिरयात स्वर्ग यं ।

[स्वर्गारोहणिकपर्व]

युधिष्ठिरन इन्द्र नमस्कार याक । दुर्योधन दुःशासन शकुनि इन्द्रया सभास चोङ । देवदूतन युधिष्ठिर मायानरक केङ । नरककुण्डस थुङाव तया । जलसिस न्हाङा । धरपोस दायका । सिमास षाया तव । कोखन ङाचकाव तव । असिपत्र वनस ह्व । यमकिङ्कर । युधिष्ठिर आकाशगङ्गास स्नान याक । देवदूतन युधिष्ठिर लिबोङाव यं । शकुनि । दुःशासन । दुर्योधन । सहदेव । नकुल । अर्जुन । भीम । इन्द्र व युधिष्ठिर सभा दयकाव चोङ । अग्नि । यम । नैर्ऋत्य । वरुण । वायव्य । कुवेर । ईशान ।

+✻+

[रामायण]

[बालकाण्ड]

श्रीगणपतये नमः। बाल्मीकि ऋषि व नारद व संवाद। नारद व दशरथ राजा व संवाद । कैकेयी । कौशल्या। दशरथ राजा । ऋष्यशृङ्ग ऋषिन चरुसाधन याक । वशिष्ठ । दशरथन चरु लहिक । कौशल्यान चरु नव । कैकेयीन चरु नव। सुमित्राः नेव नव ।कौशल्याया रामचन्द्र बोव । कैकेयीया भरत बोव ।सुमित्राया लक्ष्मण व शत्रुघ्न बोव । विश्वामित्रन दशरथयाके राम लक्ष्मण (फोंक) विश्वामित्रन राम लक्ष्मण फोङाव यंङ । लक्ष्मण रामचन्द्रयात विश्वामित्रन बलातिबला अस्त्र विव । लक्ष्मण । रामचन्द्र ताडका राक्षस वध । रामचन्द्रन सुबाहुवध याक, मारिच वायव्यास्त्रन फसन पूयकाध छ्वोक । विश्वामित्रन थव आश्रमस यज्ञ याक। राम लक्ष्मण विश्वामित्र मिथिलानगर वं। अहल्या उद्धार जुव । लक्ष्मण। रामचन्द्रन धनु भङ्ग याक। रामचन्द्रयात सीता कन्यादान बिव। लक्ष्मण । शतानीक ऋषि। लक्ष्मण । सीता। दशरथ व राम व नाप राक । भरत । शत्रुघ्न। शत्रुघ्न । भरत । दशरथ । लक्ष्मण। सीता । परशुराम व रामचन्द्र युद्ध। लक्ष्मण। सीता।

[अयोध्याकाण्ड]

दशरथन राजा सार धक रामचन्द्र हात । कौशल्या । कैकेयी। सुमित्रा। भरत । शत्रुघ्न । वशिष्ठ। कैकेयी व मन्थरा व खँ, समधार । दशरथ दुमकासे तव । वशिष्ठ। शत्रुघ्न । भरत। रामचन्द्र वनवास वनेयात दशरथ राजायाके आज्ञा फोङ ।लक्ष्मणन सीतान आज्ञा फोङ । लक्ष्मण । सीता। गुह व रामचन्द्र व नाप राक । राम सीता लक्ष्मण गङ्गा पार याक । राम सीता लक्ष्मण चित्रकूट पर्वतस वङ । सुमित्रा। कौशल्या। कैकेयी। दशरथ राजा मृत्यु जुव।....... गनं धक

बक । सीता । भरतन रामचन्द्र गङ । शत्रुघ्न । वशिष्ठ । भरतन रामचन्द्रयाके कुशपादुका काव भरत नन्दिग्रामस चोङ । सुमित्रा । कौशल्या । कैकेयी । कुशपादुका राजा साराव तव । लक्ष्मण रामचन्द्र । अनुसूयान सीतायात अङ्गराग बिव । अत्रि ऋषि ।

[अरण्यकाण्ड]

सीता । लक्ष्मण । विराध राक्षस व रामचन्द्र व युद्ध जुव । विराध राक्षस वध । लक्ष्मण । सीता । सूर्पनखा सुन्दरीरूपस रामचन्द्रयाके वव । लक्ष्मणन सूर्पनखाया न्हास धेङ । सूर्पनखा वङ । सीता । लक्ष्मण । रामचन्द्र । युद्ध । खर । दूषण । त्रिशिरा । खरवध । दूषणवध । त्रिशिरावध । मन्दोदरी । सूर्पनखान न्हास सेन धक रावणयाके न्हाक । रावण व मारिच दैत्य व संवाद । रावणया सखाय । .... मारिच लुचला जुयाव रामया भन वव । रामचन्द्रन लुचला लिक । लुचला वेसे वं । सीता लक्ष्मणन पेयाव चोङ । लक्ष्मण । रामया भन वं । रामचन्द्र । लुचला रूप तोरताव मारिच वध । .... । रावणन सीता हरण याङाव यङ । रामचन्द्र व लक्ष्मण व नाप लाक । जटायु भंगल व रावण युद्ध । जटायु मूर्च्छा जुव । रामया लक्ष्मणया वैराग्य । जटायु सिक, रामन लंख तानका । लक्ष्मण । कबन्ध व रामचन्द्र व युद्ध । कबन्धवध लक्ष्मण । शवरी व रामचन्द्र व संवाद ।

[किष्किन्धाकाण्ड]

ऋष्यमूक पर्वतस हनूमन्त व राम लक्ष्मण व नाप लाक । ऋष्यमूक पर्वत । रामचन्द्र व सुग्रीव व हनूमन्त व त्वाय चिनका । लक्ष्मण । रामचन्द्रन वारि चिनालपे मफयाव वला जुक दोयाव चोङ । वारि व सुग्रीव युद्ध । लक्ष्मण । रामचन्द्रन वारि वधान

ज्याक। पुनर्वारि वारि सुग्रीव युद्ध । वारि वध । ताराया वैराग्य। किष्किन्धास सुग्रीव राजा जुव। तारा। राम वैराग्यन चोङ। लक्ष्मणान बोध याक। लक्ष्मण सुग्रीवयाके वङ। अङ्गद। लक्ष्मणान सुग्रीव बोन वव। हनूमन्त। नील नल। अङ्गद। हनूमन्त। जाम्बवान। रामचन्द्रया भन लक्ष्मणान सुग्रीव बोङव हव। जाम्बवान। अङ्गद। सुग्रीव। लक्ष्मण। रामचन्द्रन हनूमन्त अङ्गुली बियाव छोक। हनूमन्त अङ्गुली ज्वङाव वं। सम्पाती भगल व हनूमन्त व संवाद।

[सुन्दरकाण्ड]

हनूमन्तन समुद्र गाव। हनूमन्तन लङ्कास सीता माल जोव। मन्दोदरी। रावण कोथास देङ चोङ। अशोकवनिकास रावणन सीता बोध याक. हनूमन्तन ङेङाव चोङ। हनूमन्तन रामया अङ्गुलि सीता विर। सीता पेयाव चोङ राक्षसीपनि। हनूमन्तन रावणया वन भंग याक। हनूमन्तन अक्षयकुमार वध याक। राक्षसवध। राक्षसवध। राक्षसवध इन्द्रजित व हनूमन्त व युद्ध। इन्द्रजितन हनूमन्त चेयाव यंङ। इन्द्रजितन हनूमन्त चेयाव रावणया सभास हव। हनूमन्तया न्हिपोतस मि च्याचको। हनूमन्तन लङ्का मि चोक। रामचन्द्र व हनूमन्त व नापराक, लिसल कङ।

[युद्धकाण्ड]

नील। नल। अङ्गद। हनूमन्त। जाम्बवन्त। सुग्रीव। लक्ष्मण। रामचन्द्र हतारस। माकलपनिसेन समुद्र पनेयात पर्वत हव माकरतोसेन समुद्र पङ। विभीषणन सीता तोरतेव धायाव रावणन लकामन न्याङाव विभीषण पितिछोक। रामयाके विभीषण वध। लक्ष्मण। सुग्रीव। अङ्गदन दूत वङाव रावणया मटुक कायाव यंङ। अङ्गदन मटुक बिव, रामचन्द्र। लक्ष्मण। नील। नल। अङ्गद। हनूमन्त। जाम्बवान। सुग्रीव। रामचन्द्रन सेतुबन्ध पार याक। सुक व सारण व माकंरूपन रामचन्द्रया सेन्य सोर

वव । विभीषणन सुक सारण सेयाव चेयाव हव । रामचन्द्रन सीताव छोक धाव। सुक सारण नेह्मसेन रामचन्द्रया सैन्यया महिमा रावण कं। विद्यु‌ज्जिह्वान रामचन्द्रया माया मोर सीता केङ। विभीषण। लक्ष्मण। रामचन्द्र। माकलपनिसेन लङ्का भेर-थं। गरुडन राम लक्ष्मणयात नागपास फेङा। कुम्भकर्ण थंङा। रावणया भन कुंभकर्ण वव। कुम्भकर्ण हथार वं। लक्ष्मण। कुम्भकर्ण व रामचन्द्र व युद्ध। कुम्भकर्ण वध। इन्द्रजितन लक्ष्मण शक्तिन कयको। लक्ष्मण मूर्च्छा जुव। रामया वैराग्य। हनूमन्तन पर्वत हव। विभीषण। हनूमन्त। इन्द्रजित व लक्ष्मण व युद्ध। हनूमन्तन निकुंभिरा (?) यज्ञविध्वंस याक। इन्द्रजित वध। माकल सन्य। विभीषण। लक्ष्मण। रावण व रामचन्द्र व युद्ध। रावणया मसाय। रावणया सलाय। रावणवध। रावणया मसावध। मन्दोदरीया विलाप। मन्दोदरीं लङ्कास विभीषण राजा साल। हनूमन्तन सीता बोनावहव। सीता मेस दुब्वाक। ब्रह्मा बिष्णु इन्द्र दशरथ थ्वतिसेन सीताया सत्य धक रामचन्द्र-याके ह्नाक। रामचन्द्र। लक्ष्मण। हनूमन्त। सुग्रीव। विभीषण। लक्ष्मण। रामचन्द्र सीता अयोध्या लिहावं। भरतन रामचन्द्र नाप रानं। बिभीषण। शत्रुघ्न। भरत। रामचन्द्र सीता अयोध्यास सभा दयकाव चोङ। रामचन्द्र। सीता। लक्ष्मण। सुग्रीव। हनूमन्त। अङ्गद। नल। नील।

[महाभारत]

[आदिपर्व]

[गणेशमूर्ति] मृगको रूप लिएका ऋषि र ऋषिपत्नीले प्रसङ्ग गरिरहेको, पाण्डु राजाले खेरनजाने बानले हानेको (?) मृगको रूप लिई रहेका ऋषि मारिएको। ऋषिको सरापले पाण्डु राजालाई वैराग्य भएको। कुन्ती। माद्री। धर्मराज र कुन्तीको प्रसङ्ग। युधिष्ठिरको जन्म भएको। वायु र कुन्तीको प्रसङ्ग।

भीमको जन्म भएको । इन्द्र र कुन्तीको प्रसङ्ग । अर्जुनको जन्म भएको । दुवै अश्विनीकुमार र माद्रीको प्रसङ्ग । नकुल र सहदेवको जन्म भएको । पाण्डु राजा र माद्रीको प्रसङ्ग । कुन्ती । पाण्डु राजाको मृत्यु भएको तथा अग्निसंस्कार गरिएको । माद्री सती भएको । कुन्ती युधिष्ठिर भीम अर्जुन नकुल सहदेवहरूलाई ऋषिले धृतराष्ट्रलाई सुम्पेको । धृतराष्ट्र । कुन्ती युधिष्ठिर भीम अर्जुन नकुल सहदेवहरू वारणावत गइरहेको । भीमले घरमा आगो लाई आएको । पुरोचन बल्न लागेको । कुन्ती युधिष्ठिर अर्जुन नकुल सहदेवहरू भागी वनमा गएको । भीमले सबैलाई बोकेर लगेको । कुन्ती अर्जुन नकुल सहदेव थाकेर सुतिरहेको । हिडिम्बा र भीमको कुराकानी भइरहेको । हिडिम्ब राक्षस रीसले जाइलागेको । हिडिम्ब राक्षस र भीमको युद्ध । हिडिम्ब मारिएको । भीम र हिडिम्बाको जोडा । घटोत्कच जन्मेको । सहदेव । नकुल । अर्जुन । भीम । कुन्ती । व्यास र युधिष्ठिर भेट गरिरहेको । सहदेव । नकुल । अर्जुन । भीम । कुन्ती । एकचक्रनगरमा ब्राह्मणकहाँ युधिष्ठिर गएको । ब्राह्मणी । बक राक्षस र भीमको युद्ध । बक राक्षस मारिएको । कुन्ती । युधिष्ठिर भीम अर्जुन नकुल सहदेव पाञ्चाल-शहरमा गइरहेको । राजा द्रुपद स्वयंवर स्थलमा बसिरहेको । द्रौपदी फूलको माला लिई बसेको । द्रौपदीको स्वयंवरमा अर्जुनले मत्स्यवेधन गरेको । युधिष्ठिर । भीम । नकुल । सहदेव । द्रुपद-राजाले युधिष्ठिर भीम अर्जुन नकुल सहदेवहरूलाई द्रौपदी कन्यादान दिएको । कुन्ती युधिष्ठिर भीम अर्जुन नकुल सहदेव द्रौपदीहरू हस्तिनापुर गइरहेको । युधिष्ठिर र द्रौपदी बसिरहेको बेलामा धनु लिन अर्जुन पसेको । अर्जुन वनवास गएको । अर्जुनले कृष्णसंग भेट गरिरहेको । अर्जुनले सुभद्राहरण गरेको । कृष्ण र अर्जुन बसिरहेको । अग्निले अर्जुनलाई गाण्डिव धनु दिएको । कृष्णलाई सारथि बनाई अर्जुनले खाण्डव वन डढाउन लागेको । खाण्डव वन बलिरहेको । अर्जुन । कृष्ण ।........ अर्जुन....

[सभापर्व]

युधिष्ठिर र कृष्ण भेट गरिरहेको । भीम । नकुल । सहदेव । मय दैत्यले मणिमय सभा बनाइदिएको । सहदेव । नकुल । युधिष्ठिर र नारद मणिमय सभामा बसिरहेको । अर्जुन । भीम । कृष्ण भीम अर्जुन जरासन्धसंग लड्न गएको । कृष्णले जरासन्ध-संग भेट गरेको । भीम । अर्जुन । जरासन्ध र भीमको गदायुद्ध । भीमले जरासन्धलाई मारेको । कृष्ण भीम अर्जुन फर्किरहेको । सहदेव । नकुल । अर्जुन । भीम । राजसूय यज्ञमा युधिष्ठिरले पहिले कृष्णको पूजा गरेको । शिशुपालले कृष्णलाई गाली गरेको । कृष्णले चक्रले हानेको । शिशुपाल मारिएको । द्रौपदी । सहदेव । नकुल । अर्जुन । भीम । युधिष्ठिर । युधिष्ठिरको राजसूययज्ञ । धौम्य । युधिष्ठिर भीम अर्जुन नकुल सहदेव मणिमय सभामा बसिरहेको । दुर्योधनले पानी नभएको ठाउंमा पनि लुगा माथि सारेको । अग्लो ढोकालाई होचो भनी ठानेर दुर्योधन निहुरेर पसेको । होचो ढोकालाई अग्लो भनी संझी ननिहुरीकन पस्ता दुर्योधनको टाउको ठोकिएको । सहदेव । नकुल । अर्जुन । भीम । शकुनि र युधिष्ठिर जूवा खेलेको । जूवामा द्रौपदी । थापेको । दुर्योधन । दुःशासन । कर्ण । दुःशासनले द्रौपदीको फरिया तानेको । फरियाको डुङ्गुर । विदुरले रोकेको । धृतरा-ष्ट्रले रोकेको । भीष्मले रोकेको । फेरि युधिष्ठिर र शकुनि जूवा खेलेको । कुश हातमा लिई वेदपाठ गरी धौम्य वन गएको । भ्याँक्रो फिंजायर द्रौपदी वन गएको । मुख देखाएर सहदेव वन गएको । जिउमा लिपी नकुल वन गएको । बालुवा छरी अर्जुन वन गएको । पाखुरा हेरी भीम वनवास गर्न गएको । ओढ्ने ओढी युधिष्ठिर वनवास गर्न गएको ।

[वनपर्व]

... । द्रौपदी । सहदेव । नकुल । अर्जुन । युधिष्ठिर ।

किर्म्मीर राक्षस र भीमको युद्ध । भीमद्वारा किर्म्मीर राक्षस मारएको । धौम्य । द्रौपदी । सहदेव । नकुल । अर्जुन । भीम । कृष्ण र युधिष्ठिर भेट गरिरहेको । उद्धव । अर्जुनले बंदेललाई हानेको । बंदेललाई हान्यो भनी अर्जुनसंग किरात रिसाएको । किरात र अर्जुनको युद्ध । अर्जुनले महादेवलाई चढाएको फूलको माला किरातको शिरमा पर्न गएको । महादेव भनी थाहा पाई सत्कार गरेको । इन्द्रले अर्जुनलाई अस्त्र दिएको । यमले अस्त्र दिएको । वरुणले अस्त्र दिएको । कुबेरले अस्त्र दिएको । इन्द्र-ले अर्जुनकहाँ रथ पठाइदिएको । अर्जुन स्वर्ग गएको । इन्द्र र अर्जुन सभामा बसिरहेको । उर्वशी । अर्जुनकहाँ उर्वशी आ-एको । उर्वशी फर्की गएको । इन्द्र । निवातकवच दैत्य र अर्जुनको युद्ध । निवातकवचहरू मारिएका । अर्जुनले इन्द्रसंग विदा मागेको । अर्जुन फर्केर आएको । युधिष्ठिर भीम नकुल सहदेव द्रौपदी धौम्य गन्धमादन पर्वतमा गएको । द्रौपदी मूर्च्छा पर्दा युधिष्ठिरले होसमा ल्याएको । भीम । नकुल । सहदेव । घटोत्कच भीमसंग भेट्न आएको । घटोत्कचद्वारा द्रौपदीलाई बोकाएर युधिष्ठिर भीम नकुल सहदेव धौम्य गइरहेको । द्रौपदीले कमल भेट्टाएको। द्रौपदीले युधिष्ठिरहरूलाई कमल देखाई ल्याइदिनुहोस् भनी भनेको । भीम कमल लिन गएको । भीमले हनूमान्‌का पुच्छर उठाएको । भीमले हनूमानलाई प्रणाम गरेको । कुबेरको वन कुर्न बसेका राक्षसहरू भीमसंग लड्दा भागेको । भीमले कुबेरको वनको कमल लिएको । भीमले द्रौपदीलाई कमल दिएको । धौम्य । द्रौपदी सहदेव । नकुल । भीम । अर्जुनले युधिष्ठिरसंग भेट गरिरहेको । युधिष्ठिरको अजिङ्गरसंग भेट भएको । उद्धार भई नहुष राजा स्वर्ग गएको । .... र दुर्योधनको युद्ध ।... अर्जुन दुर्योधनलाई छुटाउन गएको । धौम्य द्रौपदीलाई रक्षा गरेर बसेको । जयद्रथ र द्रौपदीको कुराकानी भइरहेको । जयद्रथले द्रौपदी हरण गरी लग्दा भीमले भेट्टाएको । भीमले द्रौपदीलाई बोकेर ल्याएको, जयद्रथ युधि-

ष्ठिरलाई सुम्पेको । जयद्रथलाई छोडिदिएको ।

[विराटपर्व]

युधिष्ठिर भीम अर्जुन नकुल सहदेव द्रौपदी विराट राजाकहाँ गुप्तवास बस्न गएको । युधिष्ठिर कंकनाउँ भएको ब्राह्मण बनी विराट राजाकहाँ गएको । भीम बल्लव नाउँ भएको भान्छे बनी विराट राजाकहाँ गएको । द्रौपदी सैरन्ध्री बनी सुदेष्णाकहाँ गएको । सहदेव तन्त्रिपाल नाउँ भएको गोठालो बनी विराट राजाकहाँ गएको । अर्जुन बृहन्नला नाउँ भएको नपुंसक बनी गएको । नकुल ग्रन्थिक नाउँ भएको सवार बनी गएको । कीचकले सुदेष्णाको सामुन्ने सैरन्ध्रीलाई पत्नी बनाउँछु भनी भनेको । सैरन्ध्रीले बल्लवकहाँ आफ्नो दुःखको कुरा गर्न गएको । बल्लव सैरन्ध्री बनी संकेतस्थानमा बसिरहँदा कीचकले समातेको । कीचक र बल्लवको युद्ध । बल्लवले कीचकलाई मारेको । कीचकको लास । कीचकका दाजुभाइहरूले सैरन्ध्रीलाई सती पठाउन लागेको । श्मसानमा रूख लिई बल्लव बसिरहेको । कीचकका दाजुभाइहरूलाई मारेर सैरन्ध्रीलाई फर्काएको । विराट राजा दक्षिणतिरको गोठमा सहायता गर्न गएको । कंक ग्रन्थिक तन्त्रिपाल बल्लव र सुशर्माको युद्ध । सुशर्माका सहायक । बृहन्नलालाई सारथि बनाएर उत्तरकुमार उत्तरपट्टिको गोठमा सहायता गर्न गएको । उत्तरकुमारलाई सारथि बनाएर अर्जुनले प्रकट भई युद्ध गरेको । भीष्म । द्रोणाचार्य । कर्ण । कृपाचार्य । अश्वत्थामा । दुर्योधन सारथि लिई भागेको । विराट राजाले कंकलाई पाशाले हानेको । सैरन्ध्रीले रगत थापेको । युधिष्ठिर भीम अर्जुन नकुल सहदेव द्रौपदी प्रकट भएको । विराट राजा र उत्तरकुमारले युधिष्ठिरको स्तुति गरेको ।

(उद्योगपर्व)

दुर्योधन शिरानमा बसेको । कृष्ण सुतिरहनुभएको । अर्जुन गोडामुनि बसेको । दुर्योधन अक्षौहिणी सेना लिई गएको । अर्जुनले कृष्णलाई साथै लगेको । अर्जुनले कृष्ण र युधिष्ठिरलाई भेट गराएको । धृतराष्ट्र र विदुरको रातभर कुराकानी भएको ।

कृष्ण दूत भई दुर्योधनकहाँ गएको । कृष्ण र दुर्योधन कुरा गरि-रहेको । कृष्ण । कृष्ण । दुर्योधनले सबैतिर कृष्णको मूर्ति देखेको । कृष्ण । कृष्ण । कृष्ण फर्केर गएको । सहदेव । नकुल । अर्जुन । भीम । कृष्णले युधिष्ठिरलाई (दुर्योधनको) जबाप सुनाएको ।

(भीष्मपर्व)

धृष्टद्युम्न । सहदेव । नकुल । भीम । युधिष्ठिर । कृष्णलाई सारथि बनाई अर्जुन लडाइँमा गएको । अर्जुन । कृष्णले अर्जु-नलाई विश्वरूप देखाएको । दुर्योधन लड्न आएको । भीष्म । द्रोणाचार्य । कृपाचार्य । अश्वत्थामा । दुःशासन । अर्जुन । कृष्ण हतियार लिई भीष्मउपर जाइलागेको, भीष्मले स्तुति गरेको । अर्जुन । कृष्ण । भीष्म र शिखण्डीको युद्ध । भीष्म शरशय्यामा सुतेको ।

(द्रोणपर्व)

जयद्रथ र अभिमन्युको लडाइँ । अभिमन्यु मारिएको । जयद्रथ र अर्जुनको युद्ध । जयद्रथ मारिएको । कर्ण र घटोत्कचको युद्ध । घटोत्कच मारिएको । द्रोणाचार्य र धृष्टद्युम्नको युद्ध । द्रोणाचार्य मारिएको ।

(कर्णपर्व)

दुःशासन र भीमको युद्ध । भीमद्वारा दुःशासन मारिएको । कर्ण र अर्जुनको युद्ध । कर्ण मारिएको ।

(शल्यपर्व)

शल्य र युधिष्ठिरको युद्ध । शल्य मारिएको । शकुनि र सहदे-वको युद्ध । शकुनि मारिएको । दुर्योधन पोखरीमा लुकेर बसेको, भीमले हुँडलेर हेरेको । दुर्योधन र भीमको गदायुद्ध । दुर्योधन पछारिएको । अश्वत्थामाले सम्झाएको ।

[सौप्तिकपर्व]

पाण्डवहरूलाई मार्छु भनी अश्वत्थामा गएको । अश्वत्थामाले राति पाण्डवको सैन्यलाई मारेको । अश्वत्थामाले पाण्डवका पाँच छोराका टाउको ल्याएको । दुर्योधनको मृत्यु भएको । भीम अर्जुन कृष्णले अश्वत्थामालाई लखेटेको । अश्वत्थामा भागेको । भीमले अश्वत्थामाको टाउकोको मणि लिएको ।

[स्त्रीपर्व]

रानीहरूले विलाप गरेको । धृतराष्ट्र र गान्धारीले विलाप गरेको ।

[शान्ति र अनुशासनपर्व]

युधिष्ठिरले भीष्मसंग धर्मका कुरा सोधिरहेको । भीम । अर्जुन । नकुल । सहदेव । भीष्मका मृत्यु भएको । भीष्म स्वर्ग गएको

[आश्वमेधिक र आश्रमवासिक पर्व]

सहदेव । नकुल । अर्जुन । भीम । कृष्ण । युधिष्ठिर । युधिष्ठिरको अश्वमेध यज्ञमा न्याउरीमूसा आएको । धृतराष्ट्र गांधारी कुन्ती विदुर तपोवनमा गएको ।

[मौसलपर्व]

आइमाईको भेष लिई के जन्मला भनी शाम्बले दुर्वासासंग सोधेको । ५६ कोटि यादववंशीहरू आफुस आफुसमा लड्न लागेको । ५६ कोटि यादववंशीहरू आफुस-आफुसमा लडी संहार भएका । बलभद्र समुद्रभित्र पसेको । कृष्ण रूखमुनितिर बसिरहेको । व्याधाले कृष्णको खुट्टाको बूढी औंलामा बाणले हानेको । कृष्णले शरीर छोडेको । व्याधा । इन्द्र । महादेव कृष्ण वैकुण्ठ जानुभएको । ब्रह्मा । नारद ।

[महाप्रस्थानिक पर्व]

द्रौपदी । सहदेव । नकुल । अर्जुन । भीम । व्यास र युधिष्ठिर कुराकानी गरिरहेको । युधिष्ठिर भीम अर्जुन नकुल सहदेव द्रौपदी स्वर्ग जान लागेको । द्रौपदीले शरीर छोडेको । सहदेवले

शरीर छोडेको । नकुलले शरीर छोडेको । अर्जुनले शरीर छोडेको । भीमले शरीर छोडेको । देवदूतले युधिष्ठिरकहाँ विमान ल्याएको । धर्म कुकुरको रूपमा बसेको । युधिष्ठिरलाई धर्मले आफ्नो रूप देखाएको । देवदूतले युधिष्ठिरलाई स्वर्ग लगेको ।

(स्वर्गारोहणिकपर्व)

युधिष्ठिरले इन्द्रलाई नमस्कार गरेको । दुर्योधन दुःशासन शकुनि इन्द्रको सभामा बसिरहेको । देवदूतले युधिष्ठिरलाई मायानरक देखाएको । नरककुण्डमा गाडिराखेको । तेल तताएको ठूलो भाँडोमा थैरेको। घ्याम्पो जस्तो भाँडामा पकाएको। रूखमा झुण्ड्याइराखेको । कागले ठुङाइराखेको । असिपत्र वनमा राखिराखेको । यमकिङ्कर । युधिष्ठिरले आकाशगङ्गामा स्नान गरेको। देवदूतले युधिष्ठिरलाई फर्काएर ल्याएको । शकुनि । दुःशासन । दुर्योधन । सहदेव । नकुल । अर्जुन । भीम । इन्द्र र युधिष्ठिर सभा गरी बसेको । अग्नि । यम । नैऋत्य । वरुण। वायव्य । कुबेर । ईशान ।

× ×

(रामायण)

[बालकाण्ड]

श्रीगणेशलाई नमस्कार । बाल्मीकि ऋषि र नारद कुराकानी गरिरहेको । नारद र दशरथ राजा कुराकानी गरिरहेको । कैकेयी। कौशल्या । दशरथ राजा । ऋष्यशृङ्ग ऋषिले चरुसाधन गरेको । वसिष्ठ । दशरथले चरु बाँडेको। कौशल्याले चरु खाएको ।

कैकेयीले चरु खाएको। सुमित्राले दुइ भाग चरु खाएको। कौशल्याबाट रामचन्द्र जन्मेको। ककेयीबाट भरत जन्मेको। सुमित्राबाट लक्ष्मण र शत्रुघ्न जन्मेको। विश्वामित्रले दशरथसंग राम लक्ष्मण मागेको। विश्वामित्रले राम लक्ष्मण मागेर लगेको। लक्ष्मण। रामचन्द्रलाई विश्वामित्रले बला अतिबला अस्त्र दिएको। लक्ष्मण। रामचन्द्र। ताडका राक्षसी मारिएको। रामचन्द्र-ले सुबाहुलाई मारेको। मारिचलाई वायव्यास्त्रको हावाले उडाएको। विश्वामित्रले आफ्नो आश्रममा यज्ञ गरेको। राम लक्ष्मण विश्वामित्र मिथिला शहरमा गएको। अहल्याको उद्धार भएको। लक्ष्मण। रामचन्द्रले धनु भाँचेको। रामचन्द्र-लाई सीता कन्यादान दिएको। लक्ष्मण। शतानीक ऋषि। लक्ष्मण। सीता। दशरथ र रामचन्द्र भेट गरिरहेको। भरत। शत्रुघ्न। शत्रुघ्न। भरत। दशरथ। लक्ष्मण। सीता। परशुराम र रामचन्द्रको युद्ध। लक्ष्मण। सीता।

[अयोध्याकाण्ड]

दशरथले रामचन्द्रलाई युवराज बनाउँछु भनी भनेको। कौशल्या। कैकेयी। सुमित्रा। भरत। शत्रुघ्न। वसिष्ठ। कैकेयी र मन्थराका कुराकानी। दशरथलाई भित्र पस्न नदिई राखेको। वसिष्ठ। शत्रुघ्न। भरत। वनवास जान रामचन्द्रले दशरथसंग आज्ञा मागेको। लक्ष्मणले र सीताले पनि (वन जान) आज्ञा मागेको। लक्ष्मण। सीता। गुहसंग रामचन्द्रले भेट गरिरहेको। राम सीता र लक्ष्मणले गङ्गा तर्न लागेको। राम सीता र लक्ष्मण चित्रकूट पहाडमा गएको। सुमित्रा। कौशल्या। कैकेयी। दशरथ राजाको मृत्यु भएको। ...... रोक्न भनी गएको। सीता। भरतले रामचन्द्रलाई रोकेको। शत्रुघ्न। वसिष्ठ। भरतले रामचन्द्रसंग कुशको खराउ मागेको। भरत नन्दीग्राममा बसेको। सुमित्रा। कौशल्या। कैकेयी। कुशको खराउलाई राजा बनाई राखेको। लक्ष्मण। रामचन्द्र। अनुसूयाले सीतालाई अङ्गराग (बुकुवा) दिएको। अत्रि ऋषि।

[अरण्यकाण्ड]

सीता। लक्ष्मण। विराध राक्षस र रामचन्द्रको युद्ध भएको। विराध राक्षस मारिएको। लक्ष्मण। सीता। सुन्दरीको रूप लिई शूर्पणखा रामचन्द्रकहाँ आएको। लक्ष्मणले शूर्पणखा-को नाक काटेको। शूर्पणखा फर्केको। सीता। लक्ष्मण। रामचन्द्र। युद्ध। खर। दूषण। त्रिशरा। खर मारिएको। दूषण मारिएको। त्रिशिरा मारिएको। मन्दोदरी। नाक काटिदिया भनी शूर्पणखा-ले रावणलाई भनेको। रावण र मारिच दैत्य कुराकानी गरिरहेको .... रावणका सहायक। मारिच सुनको मृग बनी रामकहाँ आएको। रामचन्द्रले सुनको मृगलाई लखेटेको। सुनको मृग भागी गएको। लक्ष्मण सीतालाई रक्षा गरी बसेको। लक्ष्मण रामकहाँ गएको। रामचन्द्र। सुनको मृगको रूप छोडेको मारिच मारिएको .... रावणले सीता हरण गरी लगेको। रामचन्द्र र लक्ष्मणको भेट भएको। जटायु पक्षी र रावणको युद्ध। जटायु मूर्च्छा परेको। राम र लक्ष्मणलाई वैराग्य भएको। जटायुको मृत्यु हुँदा रामचन्द्रले पानी खुवाएको। लक्ष्मण। कबन्ध र रामचन्द्रको युद्ध। कबन्ध मारिएको। लक्ष्मण। शबरी र रामचन्द्र कुराकानी गरिरहेको।

[किष्किन्धाकाण्ड]

ऋष्यमूक पर्वतमा हनूमान् र राम लक्ष्मणको भेट भएको। ऋष्यमूक पर्वत। रामचन्द्र र सुग्रीव हनूमान्हरूले मित्यारी लाएको। लक्ष्मण। वाली र सुग्रीवको युद्ध। वालीलाई चिन्न नसकेर रामचन्द्र बाण लिई त्यसै बसेको। फेरि वाली र सुग्रीवको युद्ध। रामचन्द्रले वालीलाई बाणले हानेको। वाली मारिएको तारालाई वैराग्य भएको। सुग्रीव किष्किन्धाका राजा भएको। तारा। राम विरक्त भई बसेको। लक्ष्मणले सम्झाएको। लक्ष्मण सुग्रीवकहाँ गएको। अङ्गद। लक्ष्मणले सुग्रीवलाई बोलाएर ल्याएको। हनूमान। नील। नल। अङ्गद। हनूमान्। जाम्बवान। लक्ष्मणले

सुग्रीवलाई रामचन्द्रकहाँ बोलाएर लगेको । जाम्बवान् । अङ्गद । सुग्रीव । लक्ष्मण । रामचन्द्रले हनूमान्लाई औंठी दिई पठाएको । औंठी लिई हनूमान् गएको । सम्पाति, पक्षी र हनूमान्को कुराकानी भएको ।

[सुन्दरकाण्ड]

हनूमान्ले समुद्र नाघेको । हनूमान्ले लङ्कामा सीतालाई खोजिरहेको । मन्दोदरी । कोठामा रावण सुतिरहेको । अशोकवनिकामा रावणले सीतालाई सम्झाएको । हनूमानले सुनिरहेको । हनूमान्ले रामको औंठी सीतालाई दिएको। सीताको रखवारी गरी बसेका राक्षसीहरू। हनूमानले रावणको बगैंचा बिगारेको । हनूमान्ले अक्षयकुमारलाई मारेको। राक्षस मारिएको ।राक्षस मारिएको । राक्षस मारिएको । इन्द्रजित् र हनूमान्को युद्ध। इन्द्रजितले हनूमान्लाई बाँधी लगेको। इन्द्रजित्ले हनूमानलाई बाँधी रावणको सभामा ल्याएको। हनूमान्को पुच्छरमा आगो लगादिएको । हनूमान्ले लङ्का दाह गरेको । रामचन्द्रलाई भेटी हनूमान्ले समाचार सुनाएको ।

[युद्धकाण्ड]

नील । नल । अङ्गद । हनूमान् । जाम्बवान् । सुग्रीव । लक्ष्मण । रामचन्द्र लडाइँ गर्न जान लागेको । बाँदरहरूले समुद्रमा पुल हाल्न पर्वत ल्याएको । बाँदरहरूले समुद्रमा पुल हालेको । विभीषणले सीतालाई फर्काइदिनुहोस् भनी भन्दा रावणले लात्तले हानी विभीषणलाई निकालेको । रामकहाँ विभीषण आएको । लक्ष्मण । सुग्रीव । अङ्गदले दूत भएर गई रावणको मुकुट हरेर लगेको । अङ्गदले रामचन्द्रलाई मुकुट दिएको । रामचन्द्र । लक्ष्मण । नील । नल । अङ्गद । हनूमान । जाम्बवान् । सुग्रीव । रामचन्द्र पुल तरी गएको। शुक सारण बाँदरको रूप लिई रामचन्द्रको फौज हेर्न आएको । विभीषणले शुक सारण भनी चिन्ही बाँधेर ल्याउँदा

भक्तहरूको परम्पराले रामायण महाभारत तथा पुराणहरूको खूप प्रचार गरायो। सोही परम्पराले हाम्रा पण्डित भवानीदत्त पाँडेको कलमबाट महाभारत र मार्कण्डेय पुराणको नेपालीमा अनुवाद हुन आएको देखिन्छ।

उपनिषद्का अध्यात्मवादीहरूमा केही योगी थिए, केही गृहस्थी थिए। उनीहरू संयमको जीवन बिताउँथे तथा चर्वित चर्वण नगरी सूक्ष्म चिन्तनमा लागेका थिए भन्ने कुरा

रामचन्द्रले छोडिदेऊ भनी अह्राएको। शुक सारण दुवैले रामचन्द्रको सैन्यको महिमा रावणलाई सुनाएको। विद्युज्जिह्वाले रामचन्द्रको नक्ली टाउको सीतालाई देखाएको। विभीषण। लक्ष्मण। रामचन्द्र। बाँदरहरूले लङ्का घेरेको (?)। गरुडले राम लक्ष्मणको नागपाश फुकाइदिएको कुम्भकर्णलाई उठाएको। रावणकहाँ कुम्भकर्ण गएको। कुम्भकर्ण लडाइँको मैदानमा गएको। लक्ष्मण। कुम्भकर्ण र रामचन्द्रको युद्ध कुम्भकर्ण मारिएको। इन्द्रजितले लक्ष्मणलाई शक्तिले हानेको। लक्ष्मण मूर्च्छा परेको। रामलाई वैराग्य भएको। हनूमान्ले पहाड उठाई ल्याएको। विभीषण। हनूमान्। इन्द्रजित् र लक्ष्मणको युद्ध। हनूमान्ले····यज्ञध्वंस गरेको। इन्द्रजित मारिएको। बाँदरको सैन्य। विभीषण। लक्ष्मण। रावण र रामचन्द्रको युद्ध। रावणका साथीहरू। रावणका साथीहरू। रावण मारिएको। रावणका साथीहरू मारिएको। मन्दोदरीले विलाप गरेको। मन्दोदरी। विभीषण लङ्काका राजा बनाइएको। हनूमान्ले सीतालाई बोलाएर ल्याएको। सीता आगोमा पसेको। ब्रह्मा विष्णु इन्द्र, दशरथ यिनीहरूले सीता पवित्र छन् भनी रामचन्द्रलाई भनेको। रामचन्द्र। लक्ष्मण। हनूमान्। सुग्रीव। विभीषण। लक्ष्मण। रामचन्द्र सीता अयोध्या फर्केको। भरत रामचन्द्रसंग भेट्न आएको। विभीषण। शत्रुघ्न। भरत। रामचन्द्र सीता अयोध्यामा सभा गरी बसेको। रामचन्द्र। सीता। लक्ष्मण। सुग्रीव। जाम्बवान्। हनूमान्। अङ्गद। नल। नील।

कृष्णमन्दिर पाटनको मूल सडकमै परेको हुँदा त्यहाँको परिचय पाउन गाह्रो नपर्ने हुनाले त्यहाँका चित्रको बयान यहाँ गरिएको हो। काठमाडौं हनूमान् ढोकामा, भादगाउँ दरबारमा अन्यत्र पनि कहीं-कहीं यस्ता चित्रहरू पाइन्छन्। तिनको वर्णन अहिले यहाँ गर्नु सम्भव भएन।

उपनिषद्हरूबाट देखिन्छ। बुद्ध शङ्कर आदि अध्यात्मवादीहरू चाहिं गृहस्थी थिएनन्। उपनिषद्देखि आएको विचारको साथमा बुद्ध शङ्करहरूका विचार पक्ष विपक्षका रूपमा मिलो वेदान्त शास्त्रको रूपमा विकसित हुंदै आएको हो। तर दुर्भाग्यले भनूं वा सौभाग्यले भनूं, हाम्रो देशमा बुभुक तथा विद्वान्हरू वेदान्ती हुनैपर्ने प्रायः स्वाभाविक हुन आएको छ। दिन-रात स्वास्नी संग चलेर बस्ने दिनको १२ बजे उठ्ने × विलासी पुरुष पनि आत्मज्ञानी हुन्छन्, आत्मज्ञानीले जे गरे पनि दोष लाग्दैन भन्ने प्रमाणपत्र जयचन्द्रका दरबारिया कवि श्रीहर्षले—

"आत्मवित्सह तया दिवानिशं भोगभागपि न पापमाप सः ।
आहृता हि विषयैकतानता ज्ञानधौतमनसं न लिम्पति ॥२॥
(नैषधीयचरित १८ सर्ग)

[नल राजाले रात-दिन दमयन्तीसित भोग गरेर बसे तापनि आत्मज्ञानी भएका हुनाले उनलाई पाप लागेन। ज्ञानले

× आलिङ्ग्यालिङ्ग्य तन्वङ्गि मामित्यर्धगिरं प्रियम् ।
स्मित्वा निवृत्य पश्यन्ती द्वारपारमगादसौ ॥१५६॥
प्रियस्याप्रियमारभ्य तमन्वद्रु मयानया ।
शेके शालीनयालिभ्यो न गन्तुं न निवर्तितुम् ॥१५७॥
अचकथदथ बन्दिसुन्दरो द्वाःसविधमुपेत्य नलाय मध्यमन्हः ।
जय नृप दिनयौवनोष्मतप्तामवनजलानि पिपासति क्षितिस्ते
॥ १५८ ॥
(नैषधीयचरित २० सर्ग)

[हे प्राणनी, अंगालो हाल अंगालो हाल मलाई.... यस्तो बोल्ने भएका प्यारालाई हाँसेर फर्केर हेर्ने भएकी दमयन्ती ढोका बाहिर निस्किन् लाग्नेको मन नपर्ने त्यो कामगरेर भित्र पीर मानेकी दमयन्ती ढिटी नभएकी हुनाले संगिनीहरूकहाँबाट फर्कन पनि सकिनन्, संगिनीकहाँ जान पनि सकिनन्। त्यसपछि तालिमी नानी ढोकामा आएर 'जय महाराज' मध्यान्ह भयो। मध्यान्हको गर्मीले तातेको पृथ्वीले सरकारले नुहाइबक्सको पानी पिउन खोज्दछिन् भनी नलसंग विन्ती गरी।]

मन पखालिएको छ भने बाहिरिया विषयको भोगले त्यसलाई छुन सक्दैन ।]

यसरी दिएकाले र त्यो मार्ग सजिलो पनि भएकोले त्यस मार्गका उपासक पुरुषहरू दुर्लभ भएनन् ÷ । श्री ५ पृथ्वीनारायणको दोस्रो विवाह गर्ने काममा लमी बन्न सकेका र त्यसै-

---

÷ तपोभिः क्षीणपापानां शान्तानां वीतरागिणाम् ।
मुमुक्षूणामपेक्ष्योऽयमात्मबोधो विधीयते ॥१॥

[चान्द्रायणप्रभृति शुभकर्म गर्नाले पापदेखी मुक्त भै शान्त भयाका इहलोकमा पनि परलोकमा पनि भोगको इच्छा नभयाका मोक्ष मात्र इच्छा गर्न्या एस्ता ज्ञानी जनका हितका निमित्त तत्वज्ञान बताउन्या आत्मबोध भन्याका ग्रन्थ कहिन्छ ।]

यसबाट आत्मबोध पढ्ने अधिकारीको लक्षण संग बुझिन्छ ।

विविक्तदेश आसीनो विरागो विजितेन्द्रियः ।
भावयेदेकमात्मानं तमनन्तमनन्यधीः ॥ ३७ ॥
आत्मन्येवाखिलं दृश्यं प्रविलाप्य धिया सुधीः ।
भावयेदेकमात्मानं निर्मलाकाशवत्सदा ॥ ३८ ॥

[अब उप्रान्त ब्रह्मचिन्तन गर्दा गर्न्या नियम कहन्छन् । कोही नभयाका एकांत स्थलमा बसी स्त्री पुत्र धन संपत्ती भोग विलासदेखी विरक्त भै इन्द्रियकन जिती एकाग्र चित्तले अद्वितीय ब्रह्मको ध्यान [गर्नू]... मा अनेक तरहको वस्तु देखिदा देखिदै त्यो सबै वस्तुकन बिर्सी अद्वितीय ब्रह्मको मात्र.... कसो गरि सकिन्ला भन्या शुद्ध अंतःकरण गराई आफना बुद्धिले संपूर्ण जगतकन ब्रह्म (मय) गराई दिनु । द्वितीय वस्तु नहुनाले एक रह्याका एस्ता निर्मल आकाश जस्ता ब्रह्मकन (चिन्त) न गर्नु]

यसबाट आत्मज्ञानीको कर्तव्य बुझिन्छ । शङ्कराचार्यले बनाएको आत्मबोधबाट यी तीन श्लोकको उद्धरण गरिएको हो । अर्थ चाहिं पण्डित भवानीदत्तको अनुवाद हो ।

द्वारा गुरुज्यू हुन पुगेका पण्डित जयमङ्गल पौडेललाई सुन्दरानन्दले

सुरमन्दिरतरुमूलनिवासः शय्या भूतलमजिनं वासः।
सर्वपरिग्रहभोगत्यागः कस्य सुखं न करोति विरागः॥६॥

[शङ्कराचार्यको द्वादशपञ्जरिकाबाट]

[देवमन्दिर (मठ) वा रूखका फेदको वास भएको, भूइँको डसना भएको, छालाको लत्ता कपडा भएको, सबै किसिमको संग्रह र भोग-विलासको त्याग भएको वैराग्यले कसलाई सुख दिंदैन ?]

यस किसिमको वैराग्यमार्गमा लागेका संसारत्यागी मुमुक्षु [मोक्ष हुन खोज्ने] हरूका आचरणमा घृणा फैलाउने मेरो उद्देश्य होइन । परन्तु ब्रह्मज्ञानी कहलाई श्रीहर्ष कविका नल राजा जस्ता धनीका बैठकमा गई व्याख्यान छाँटी कमाएको धनले ब्याज-बट्टा व्यापारहरू गर्दै, मीठो खाई राम्रो लाई बस्ने, लुगाले मात्र छुट्टिने जोगी वा वेदान्तीहरूको आचारणलाई भने समर्थन गर्न गाह्रो पर्छ । किनभने-

प्रव्रज्यासु वृथाचारान् राजा दण्डेन वारयेत् ।
धर्मो ह्यधर्मोपहतः शास्तारं हन्त्युपेक्षितः॥४७॥

[कौटलीय अर्थशास्त्र ३ अधि. १६ अ.]

[संन्यासमार्गमा देखिएका दुराचारलाई राजाले दण्डद्वारा रोक्नुपर्छ । धर्मको नाउँमा भएको अधर्मको विषयमा आँखा चिम्लने हो भने शासकको सत्यानाश हुन्छ ।]

भन्ने कौटल्यको यो उक्तिको उदाहरण भारत विजय गर्न आएका यूनानी राजा सेल्यूकलाई कौटल्यका चेला चन्द्रगुप्तले पिटी धपाइदिएका र श्रीहर्षका आश्रयदाता जयचन्द्रलाई मुसलमानहरूले मारी भारतलाई दासतामा जकड्न सकेको इतिहासको घटनाले देखाइदिएको छ ।

× वहादेषिन् भानु जोशि डोला लिन गयाका श्रीकाशिमा पुग्याछन् र मधेशका केहि रीत-भाँत केहि नबुझ्याको हुनाले कस्ता तरहले ठेगाना गर्न्या हो भनि चित्तमा लाग्याको रहेछ तस्ता वखतमा जयमङ्गल पण्डितसित भेट भएछ र जयमङ्गल पण्डितले क्या निमित्त आउनुभयो जोसिजो भनि सोधदा भानु जोसिले डोला लिन आयाको हुँ यहाँको रीत भात नबुझि सकदा डोलाको षद्मि भयाको छैन भनि भन्या र मधेशमा कैले नआउन्यालाइ त कठिनै हुन्छ. यहाँ ढेरै रहन्या बसन्यालाई र सहजै छ भनि जयमङ्गल पंडितले भन्दा भानु जोशिले तपाञीले डोलाको ठेगाना गरिदिनुहवस् तव भन्या र............डोलाको त म ठेगाना गरुला. मेरो क्या काम हुन्छ. एउटा कुरो तपाञीले भन्नुहवस् र डोलाको काम छिनुला भनि भन्या र भानु जोसिले डोलाको ठेगाना गर्नुभयो भन्या वांहिको कुरो विन्ति गरि गुरु हुन्या निकाशा गरुँला भनि कबल गर्दा भया र डोलाको ठेगाना गर्यैको थियो........जयमङ्गल पण्डित डोलाका साथमा आयाछन्. शुभ मुहूर्तमा काशीदेषिन् डोला चलाइ गोर्षा ल्याइ पुग्याउँदा भया........बहादेषिन् श्री-नायक पृथ्वीनारायण साहबाट तिमिलाइ गुरु कुरो विन्ति गरि गुरु तुल्याउला भनि भानु जोसि अर्यालले भन्याका रह्याछन्. श्रीमहारानिका गुरु होउला भनि हुकुम भयो र जयमङ्गल पण्डित-तले नरिवल चढाइ आशीर्वाद विन्ति गर्दा भया.

[योगप्रचारिणी सभा काशी गोरखटिल्लाद्वारा प्रकाशित गोर्खावंशावलीको १३२-३४ पृष्ठ]

'देवीगुरुः श्रीजयमङ्गलाख्यः' १० श्लो ।

[भक्तविजयकाव्यबाट । यो चौ. फत्यजङ्गपराक्रम शाह र योगी नरहरिनाथ-द्वारा भिन्ना!भन्नै प्रकाशित भएको छ । पं. कृष्णप्रसादद्वारा यसको नेपाली अनुवाद भएको छ]

[महारानी (नरेन्द्रलक्ष्मी) का गुरु श्रीजयमङ्गल हुनुहुन्छ]

"गोर्षाविषेका वेदान्ति विद्वान् जयमङ्गल पौड्याल कविहरूलाई

बाणीविलास पाँडे÷ पनि वेदान्त-संग्रहको रचना गर्थे । जालमेल गरेर भए तापनि आफ्ना प्रतिद्वन्द्वीहरूलाई सिद्ध्याई नेपालका हर्ता कर्ता भएका भीमसेन थापा पनि वेदान्ती बनेका थिए × । भारादारहरू फुर्सद पाएको वेलामा वेदान्तको चर्चा गरी आफ्नो माहात्म्यप्रकाश गराउँथे + । यस्तै पुरुषहरूलाई सुबोध होस्

: सन्मानपूर्वक वरण गर्‍या"

(त्रिरत्नसौन्दर्यगाथाबाट । गु. पु. जनकराज पण्डितज्यूको संग्रहबाट म र रामजी भई यो पुस्तक सारेका हौं ।)

÷ वाणीविलासका साहिंली र कान्छीपट्टि सन्तान भएनन् ।

× "किं भीम भवतापार्त्या शोषं नयसि मानसम्
भीमभक्तेशपादाब्जपूर्णेन्दुर्भासतेऽनिशम्" ॥ १ ॥

[धरोहराको दायाँपट्टिको धर्मशालाको भीमसेन थापाको वि. सं. १८७६को शिलालेखबाट । संस्कृत-सन्देश ११५ मा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ ।]

(हे भीमसेन थापा, संसारका आध्यात्मिक आधिभौतिक आधिदैविक तापले मनलाई किन सुकाउँछौ । भीमभक्तेश्वरको पाउरूपी चन्द्रमा सधैं प्रकाशमान भइरहनुभएको छ ।)

+श्रीगोरक्षगुरुकृपाश्रय मिली गोरक्षवाक्यार्थमा
जो मैले रचना गर्‍यां लषि रिझुन् योगीहरू चित्तले ।
भाषा हो भनि हेलना नगरुन् शब्दार्थ जान्न्याहरू
योगाभ्यास नभै रहस्य मिलनू कष्टै छ शब्दार्थले ॥
शाके सत्र शये वयालिशमहा (कृष्णाष्टमी) चैत्रमा
स्थाने कान्तिपुरीपुरे विरचना पूर्ण.......... को
श्रीगोरक्षशतकम् महा अर्जुन नस् भाषा अपूर्वै भनि ।
मंत्रि श्रीरणवीरसिंह कृतिको आज्ञा हुँदामा बन्यो ॥२॥

इति श्रीगोरक्षयोगशास्त्रे मुक्ति [सो]पानसंज्ञके दैवज्ञकेशरिपंडित-विरचितायां [भा]षाव्याख्यायां समाधिकल्पलताख्यायां ....शतकं परिपूर्णम् ।

'मोक्षसिद्धिः'

श्रीकृष्णगिरिपरिव्राजकेन कमाण्डरइनचीफजेनरलश्रीरणो-

भनी विस्तारपूर्वक आत्मबोधलाई अनुवाद गरेको देखिन्छ ।

आफ्नो प्रशंसा कैलाका शासकहरू उत्सुक हुन्छन् । त्यसैले तिनका दरबारियाहरू आफ्ना प्रभुको स्तुति गर्न अगाडिदेखिका केही कथालाई टाकटुक पारी जोडी चरित्र इतिहास वंशावली काव्य इत्यादि नामले आफ्ना प्रभुको गुणगान गर्छन् । यसका उदाहरणका लागि विक्रमका सातौँ शताब्दीका उत्तरभारतका सम्राट् हर्षवर्द्धनका दरबारिया कवि बाणको हर्षचरित, × विक्रमका बाह्रौँ शताब्दीका चालुक्य राजा विक्रमका दरबारिया कवि बिल्हणको विक्रमाङ्कदेवचरित☛, विक्रमका पन्ध्रौँ शताब्दीका नेपालका [त्रिशूली-

---

द्दीपसिंहकुंवरराणाबहादुरसम्प्रार्थनया मोक्षसिद्धिर्नाम ग्रन्थः कृतः ।

'कैवल्योपनिषद्'

श्रीस्वामी भासकरानन्द ताकूं चरण मनाइ
शिष्य मीनबहादुर÷ भाषा टीका बनाइ ॥१॥
कैवल्योपनिषद्का टीका सिद्धबोधनी है नाम् ।
जो नर याकूं पढे सुने पहुच अपने धाम् ॥२॥

शाके १८१० मे कृष्णागण्डकितीर ।
रचना कियो सकल वेदका शीर ॥

[मदन-पुरस्कार-पुस्तकालयका प्रबन्धक श्रीकमल दीक्षितको सौजन्यबाट सो पुस्तकालयमा रहेका यी पुस्तकको यी उद्धरण भोलानाथ घनवजूले सारी ल्याएका हुन् ।]

× "नास्ति राजत्वमपकलङ्कमृते देवदेवादमुतः सर्वद्वीपभुजो हर्षात् "

[हर्षचरितको तृतीय उच्छ्वासबाट]

[सारा द्वीपमा रजाइँ गर्ने, यहाँ महाराजाधिराज हर्ष-[वर्द्धन] भन्दा बाहेक अर्को कुनै राजा पनि निष्कलङ्क छैन ।]

☛ अकालमृत्युर्न चचार कुत्रचित्
क्वचिन्न दुर्भिक्षमजायत क्षितौ ।

÷ कर्णेल मीनबहादुर राणा

सुनकोशी बीचका] राजा स्थितिमल्लको पालामा बनेको गोपालराजवंशावली ×, विक्रमका सत्रौं शताब्दीका नेपाल गोरखाका राजा रामशाहका दरबारिया पण्डित चित्रविलासले बनाएको सानो वंशावली ÷, विक्रमका उन्नाइसौं शताब्दीका

किमन्यदन्यायनिवर्हणो नृपः
स राज्यमिक्ष्वाकुपतेरदर्शयत् " ॥४॥

[विक्रमाङ्कदेवचरित १७ सर्ग]

[अकालमृत्यु कहीं भएन, अनिकाल पनि कहीं परेन। अरू के भनूं, अन्याय हटाउने उहाँ महाराज [विक्रम] ले रामराज्य देखाइदिनुभयो।]

× भग्ने दैववशाज्जयार्जुननृपो राज्यान्निजानाश्रयम्-
नस्थाद्द्वादश वत्सरार्थे द्रवनीनाथ सुभक्तापुरे:।
लोके शैत्यगुणान्वितो विजयते रामावतारोपरः
स श्रीमान् स्थितिराजमल्लनृपतिः नेपालभूपालकः ॥ "

(गोपालराजवंशावलीबाट। योगी नरहरिनाथद्वारा हिमवत्सं-स्कृति १।१ मा गोपालराजवंशावली प्रकाशित भएको छ। फील्डमार्शल केशरशमशेर ज.ब.रा. का पुस्तकालयमा रहेको गोपालराजवंशावलीको उतार रामजी देवीप्रसाद भोलानाथ शङ्करमान धनवज्र भई छापेका छन्। योगीजीका पाठ र यो उतारिएको पाठमा केही फरक छ।]

[दैवको खेलबाट राजा श्रीजयार्जुनदेव राज्यच्युत हुनुभएमा आफ्नो भारादारहरूको आड लिने भएका; अर्जुनमल्लको अस्त भएको वेलादेखि बाह्र वर्षसम्म भक्तपुरका बासिन्दालाई कडाइ नगरीकन आनन्द दिने भएका; अर्का रामचन्द्रको अवतार भएका नेपालका राजा स्थितिमल्ल विजयी भई रहनुभएको छ।]

÷ "चित्रो वैचित्रिरासीत्तदनु मनुजप : श्रीयशोब्रह्मशाहि-
र्ब्रह्मज्ञानी सुदानी धनद इव धनी तत्सुतो द्रव्यशाहिः
तूर्णं चक्रे रिचूर्णं, तदधिपतनयः पूर्णकृत्पूर्णशाहिः
पूर्णांशोतोधुनासौ विलसति ससुतो रामवद्रामशाहि :।
[सूर्यविक्रम ज्ञवालीको द्रव्यशाहको जीवनचरित्रको परिशिष्टमा छापिएको वंशावलीबाट]
(विचित्रका छोरा गजबका राजा यशोब्रह्म शाह हुनुभयो।

नेपालका राजा पृथ्वीनारायण शाहका कवि ललितावल्लभले बनाएको भक्तविजयकाव्य र पृथ्वीन्द्रवर्णोदय+, विक्रमको उन्नाइसौं शताब्दीका नेपालका राजा रणबहादुर शाहका

उहाँका छोरा ब्रह्मज्ञानी कुबेरजस्ता धनी खूप दानी द्रव्य शाहले शत्रुलाई चाँडै धूलो पीठो पार्नुभयो। उहाँ महाराजका छोरा पूर्ण पार्ने पूर्ण शाह हुनुभयो। उहाँका छोरा पूर्णावतार रामचन्द्र जस्ता राम शाह आफ्ना छोरासाथ अहिले सुहाइरहनुभएको छ।]

+सर्वैर्धरामण्डलवर्तिभूपैः सन्तुष्टये तस्य सुभृत्यरूपैः
तद्वर्षवृद्धेरपदेशपूर्वं द्रागेत्य दास्यं क्रियते च सर्वम् ॥८४॥
[भक्तविजयकाव्य]

[पृथ्वीमण्डलमा रहेका सारा राजाहरू उहाँ (पृथ्वीनारायण) लाई खुशी पार्न असल नोकर भई उहाँ (पृथ्वीनारायण) को जन्मोत्सवको निहुँले झटपट आएर सबै किसिमको चाकरी गर्छन्।]

दैवज्ञैरथ गर्गगर्वहरणज्ञानैर्भिषग्भिस्तथा
धन्वन्तर्यभिमानधूननपरैर्वागीशवद्वाग्मिभिः ।
श्रुत्यर्थामृतसंश्रुतिक्रमलसद्वक्त्राम्बुजैः श्रोत्रियै
राजा सार्धमधिष्ठितः परिषदं पस्पर्श गाः कोटिशः ॥ १९ ॥
ग्रामाणां शतकं नृणां दशशतीं हेम्नां च भारायुतं
मत्तानां करिणां शतार्द्धमथ चाश्वानां सहस्रार्धकम् ।
आपूर्याशु मनोरथाधिकधनैः पुत्रस्य जन्मोत्सवं
वक्तारं जनमम्बरावृतमथ स्नात्वार्चयित्वा द्युकान् [सुरान् ?] ॥२०॥
[पृथ्वीन्द्रवर्णोदय। ऐ. शि. बाबुराम आचार्यको संग्रहबाट यो पुस्तक मैले सारेको हुँ।]

[आफ्ना छोरा जन्मेको समाचार भन्ने मानिसलाई उसको मनले चिताएकोभन्दा बढ्ता धनले भरिपूर पारी शिरपाउ दिई अनि आफूले नुहाइ-धुवाइ गरी देवताको पूजा गरिसकेपछि गर्ग-भन्दा पनि जान्ने ज्योतिषीहरू, धन्वन्तरिभन्दा जान्ने वैद्य-हरू, बृहस्पति जस्ता बोलैया वेदको अर्थ मुखमा भएका वैदिक-

पुरोहित कवि शक्तिवल्लभ अर्ज्यालले बनाएको जयरत्नाकर नाटक ×, विक्रमको उन्नाइसौं शताब्दीका नेपालका हर्ताकर्ता भएका भीमसेन थापाका प्रशंसक पं. सुन्दरानन्द बाँडाले बनाएको त्रिरत्न-सौन्दर्य-गाथा+' तथा विक्रमका बीसौं शताब्दीका नेपालका शासक चन्द्रशमशेरका प्रशंसक पण्डित जगन्नाथ बैजनाथ सेढाईंले बनाएको चन्द्रमयूख र भूचन्द्र चन्द्रिका ÷ हरूलाई देख्न उन सकिन्छ । जुन योग्यताका

हरूसग सभामा बसेका राजा (नरभूपाल) ले करोडौं गाई, शय गाउँ, हजार मानिस, दश हजार भार (१भारमा ६४०० तोला हुन्छ) सुन, पचास मत्ता हात्ती, पाँच शय घोडा दान गर्नु भयो ।]

× न च भवति वियोगः पुत्रदारादिकानां
सकलजनपदानां हर्षवृद्धिः सदैव ।
निखिलनृपतिमान्ये श्रीबहादूरदेवे-
ऽसहनगणमयं नो शासति स्वामिराज्यम् ॥१९॥
[जयरत्नाकरनाटक २ कल्लोल]

[सबै राजाहरूले मान गरिएका यहाँ बहादुर शाहदेवले आफ्ना स्वामीको राज्य चलाउँदा मुलुकमा परचक्रीको भय पनि छैन, कसैका छोरा-स्वास्नीसंग वियोग पनि हुँदैन, सारा मुलुकमा सधैं खुशियालीकै बढिबढाउमात्र छ ।]

+ जौना रत्नत्रय .... विद्वज्जनका दरिद्ररूप अन्धकारकन नाश गरेर धनी तुल्याई .... प्रामाणिक माहात्म्य वर्णना गर्नामा बुद्धि फैलाउछ । .... एस्प्रकारका रत्नत्रय नाम भयाका तेजः.... पृथ्वीनारायण महाराजाका कुलमा जन्म्याका श्रीराजा रानी मन्त्री जय २ भै रहुन ॥ १॥

... श्री५स्वामिका हुकुमबमोजीम मुलुकको भारकन रक्षक भै महाराजाका हित गर्न्या भीमसेन थापाका जय २ कार चिरंजीवि रहोस् ॥ १०५ ॥

(' त्रिरत्नसौन्दर्यगाथा' बाट)

÷ जस्का मुलुक्मा कहि मूर्ख छैनन्
दुःखी दरिद्री पनि कोहि छैनन् ।

ग्रन्थकार थिए, तथा जुन योग्यताका तिनका मालिक थिए, त्यस्तै योग्यताका ती ग्रन्थ बनेका छन्। यी ग्रन्थकारहरूले आफ्ना मालिकबाहेक अरूको कीर्ति फैलाउन वा दुनियाँलाई वास्तव कुराको शिक्षा दिनाका लागि कलम उठाएका होइनन्÷। पण्डित वाणीविलास पाँडेले पनि भीमसेन थापाको स्तुति

श्रीचन्द्रसंशेर नरेन्द्रजस्ता
हुनेछईनन् अरु राज् जगत्का ॥
(चन्द्रमयूख र भूचन्द्रचन्द्रिका ११पृ.)

÷हे राजानस्त्यजत सुकविप्रेमबन्धे विरोधं
शुद्धा कीर्ति : स्फुरति भवतां नूनमेतत्प्रसादात् ।
तुष्टैर्बद्धं तदलघु रघुस्वामिन : सच्चरित्रं
रुष्टैर्नीतस्त्रिभुवनजयो हास्यमार्गं दशास्य : ॥ १०७॥
(विक्रमाङ्कदेवचरित १८ सर्ग)

[हे राजाहरूहो, असल कविसग प्रेमको गाँठो बाँध्ने कामबाट पर नसनुहोस्। यिनै कविहरूको मेहरबानीले यहाँहरूको सफा कीर्ति फैलन्छ। कविहरू रामचन्द्रसंग खुशी भएका थिए र उनीहरूले उनको ठूलो सच्चरित्रको ग्रन्थ बनाइदिए। रिसाएका हुनाले तीन लोकलाई जितेका रावणको पनि बदनामी गरी उपहास गरे।]

काश्मीरमा जन्मेका कवि विल्हण आश्रयदाता राजालाई खोज्दै दक्षिण भारतमा पुगेका हुन्। मसंग खुशामद गर्नुहुन्छ भने म यहाँहरूको प्रशंसा गरिदिन्छु, नभए निन्दा गरिदिन्छु भनी विल्हणले यहाँ भनेका छन्। यसो भन्न सक्नु विल्हणको साहस हो। तर यसलाई असल भन्न सकिंदैन। किनभने यसबाट योग्यायोग्य परीक्षा गर्ने बाटो खुल्दैन। साँचो बोल्ने कवि कोही पनि छैनन् भनी आदिकवि बाल्मीकिलाई समेत विल्हणले खुशामदी बनाएका छन्। यस विषयमा विह्लणसंग बहस गर्न मैले यो उद्धरण गरेको होइन। यी प्रशंसकहरूले दुनियाँलाई वास्तव कुराको शिक्षा दिन कलम उठाएका होइनन् भन्ने देखाउन यो उद्धरण गरेको हुँ।

गर्न नै वाग्मतीको स्तम्भलेख लेखेका हुन् । वाणीविलासका उत्तराधिकारी भएर पण्डित कुलचन्द्र गौतम अलङ्कार-चन्द्रोदय लिई हाम्रो अगिल्तिर देखा पर्छन् ÷ ।

÷ लोका जानीत यूयं प्रभुहितकृतये नाभवन्नास्ति भावी
नो मन्त्री भीमसेनादपर इह लसद्बुद्धिचातुर्ययुक्तः ।
तस्माद् भीमो गरुत्मानयमुत हनुमान् सेवितोऽनेन भूपः
कृष्णो वा राघवोऽवातरदिति कथयत्यत्र वाणीविलासः ॥२३॥

जस्काजीले सेवा गरिथाका श्रीमहाराजाविषे कविजनहरू यस्तो वर्णन गर्दछन्. श्रीमहाराजा कृष्णजीका अवतार हुन् भन्या ई काजी गरुडका अवतार हुन्. श्रीमहाराजा रामजीका अवतार हुन् भन्या ई काजी हनूमान्का अवतार हुन्. भनि इत्यादि प्रकारले वर्णन गर्दछन्. यस्ता काजी प्रभुको सब प्रकारले हित गर्न्या जस् महाराजाका प्रीतिपात्र छन्.

[वाग्मतीको भीमसेन थापाको स्तम्भलेखबाट]

(हे लोक हो. बुद्धि तथा चतुर्‍याइँ भएका भीमसेन थापाभन्दा अर्का आफ्ना राजाको हित गर्ने मन्त्री पहिले भएका पनि थिएनन्, अहिले पनि छैनन्, पछि पनि हुनेछैनन् भन्ने कुरा सबैले बुझ्नुपर्दछ । त्यस कारण यो मन्त्रीले सेवा गरिएका राजा (गीर्वाणयुद्धविक्रम) रामजीका अवतार हुनुभएको भए मन्त्री [भीमसेन थापा] हनूमान्का अवतार हुन् राजा [गीर्वाणयुद्धविक्रम] कृष्णजीका अवतार हुनुभएको भए मन्त्री (भीमसेन थापा)गरुडका अवतार हुन् भनी वाणीविलास भन्द-छन् ।]

संस्कृत श्लोकको ठीक भावानुवाद यस्तो हुन्छ । वाणी-विलासले आफैंले दिएको भाषार्थचाहिं श्लोकार्थसंग ट्वाक्क मिलेको छैन भन्ने स्पष्ट छ ।

"धर्मका विषयमा र नियामा रैतिमाथि करुणा गरनामा ।
कोहि जन्मन गएन कसैको पुत्र चन्द्रसमशेर सरीको ॥४५॥
(अलङ्कारचन्द्रोदय)

कुलचन्द्रको यो श्लोक वाणीविलासको माथि उद्धृत

यस कारण शृङ्गारपरम्परा, भक्तिपरम्परा वेदान्ति-परम्परा तथा स्तुतिपरम्पराको विरुद्ध राजनीतिपरम्पराको 'मुद्राराक्षस नाटक' नेपालीमा किन अनुवाद भयो ? । सो नाटक नेपालीमा अनुवाद भएको ६० वर्ष जतिपछि वि. सं १९४३ मा भारतेन्दु हरिश्चन्द्रले हिन्दीभाषामा अनुवाद गरेथे । भारतीयहरूको पुच्छर लाग्ने परम्परामा पनि सो अनुवाद नपरेकोले सो अनुवाद किन भयो भन्ने विचार गर्नु आवश्यक देखिन्छ ।

गरिएको श्लोकको छायामा छ । भीमसेन थापाले राजकीय अधिकार हात लाउन सके तापनि काठको गजूर भएको छाता ओढ्न छोड्न नपाएका हुनाले बाहिरिया राजकीय सन्मान हात लाउन नसकेका र चन्द्रशमशेर राजदरबारमा पनि झल्लरीवाल छाता ओढी जान सक्ने भएकाले बाहिर पनि राजा कहलाएको कुराको आभास यी दुइ कविका श्लोकलाई गढेर पढेको खण्डमा पाइन्छ । भीमसेन थापा अंग्रेजविरोधी भएका हुनाले उनका प्रशंसक वाणीविलासले अंग्रेजलाई होच्याएर लेखेका छन् । चन्द्रशमशेरचाहिं अंग्रेजभक्त भएका हुनाले उनका प्रशंसक कुलचन्द्रले पनि अंग्रेजको गौरव देखाई लेखेका छन् —

यन्मन्त्रान्मनसापि नेच्छति भियाऽऽक्रान्तुं प्रवृद्धोप्यरि :।
ताम्राास्योऽमरसिंहमन्त्रिवरत : सोम्नि स्थिताद्दूयतिपतु :
सोऽयं मन्त्रिशिरोमणिर्हितकरो यस्यास्ति सोऽयं नृप : ।।१६।।

जस्का मंत्रणाले आफ्ना बाबा अमरसिंह थापा काजीलाई सिमानामा राषनाले बढ्याको फिरंगी पनि आंकन शक्दैन

(वाग्मतीको स्तम्भलेखबाट)

बृटिस् सर्कारको जस्ले पूर्ण साहाय्य गर्दछन ।
किङ् जार्ज जस्ता जरलाई जयार्थी भइ रोज्दछन् ।।३५१।।
द्वितीय पुत्र प्रभुका जो सदा गुणपूर्ण छन् । ....
ती जबर् सर् बबर्संशेर् जनरल् विजयी रहून् ।।३५३।।

(अलङ्कारचन्द्रोदय)

पृथ्वीनारायण शाहले लडाइँको मैदानमा अंग्रेजी फौजलाई हराएर मात्र नेपाल उपत्यकामा प्रवेश गर्न सकेका थिए + । भारतको मैदानमा आफ्नो राज्य बढाउँदै आएको अंग्रेजी बलसित टक्कर लिने शक्ति नभएसम्म नेपाल स्वतन्त्र रहन सक्तैन भन्ने कुरा यस घटनाबाट प्रतिभाशाली पृथ्वीनारायण शाहले बुझे ÷ ।

अंग्रेजसंग नेपालले नलडी हुँदैन भन्ने दृढ निश्चय गरेर पृथ्वीनारायण शाहले आफ्नो नीति बनाए । विदेशी मालको बहिष्कार, विदेशी व्यापारीका उपरमा कडा प्रतिबन्ध, नाच

+ „... मत्तः क्षणेन क्षणमपि न रणे स्थातुन शः फिरङ्गो ” (पृथ्वीनारायणको काठमाडौं बसन्तपुरको वि. सं. १८२६को अभिलेखबाट । यो अभिलेख संस्कृत-सन्देश १।११मा धनवज्र+ज्ञानमणिद्वारा प्रकाशित भएको छ ।)

[एक छिन मात्र चढेका फिरङ्गो (अंग्रेज) पनि लडाइँमा धेरै बेर टिक्न सकेनन् ।]

“ तिन चार् पल्टन् लियेर सिडुलिगढिमा हाँडीसाहेब चढ्यो र वाहीँ पनि काटि पथर्काला च्याधि ल्यायौं । ”

[पृथ्वीनारायण शाहको उपदेशबाट । ऐ. शि. बाबुराम आचार्य तथा योगी नरहरिनाथद्वारा सम्पादित भई पृथ्वीजयन्तीसमारोहसमितिबाट यो प्रकाशित भएको छ ।]

÷ दषिनको समुन्द्रका बादसाहसित घाहा ता राष्नु . तर त्यो महाचतुर छ. हिन्दुस्थाना दवाई राषेछ . सरजिमीमा परिरहेछ. हिन्दुस्थाना जाग्यो भन्या कठिन पर्ला भनि किल्ला भाजन आउन्याछ. सन्धो सर्पन हेरि गढि तुल्याई राष्नु र रस्ता रस्तामा भाजा हालि राष्नु र यक दिन त्यो बल आउन्याछ- जाई कटक नगर्नु. फिकी कटक गर्नु र चुरे घाटिमा षुपै काटिन्याछ .... लडाइंमा पुकेन भन्या लोलोपोतो अनेक कल छल गरिकन पनि (आउन्याछ)

[पृथ्वीनारायण शाहको उपदेशबाट]

गान बजान विलासको त्याग यी कुरा सोही भावी संग्राम-निमित्तका उद्योग थिए+ ।

+ " देशका माहाजनलाई गोडमसाहदेषी उभो आउन नदिनु. देसका माहाजनहरु हाम्रा मुलुकमा आया भन्या दुनियाँ कंगाल गरि छाड्दछन्. हातिले च्यागा पाँगा लाई तिन सहर नेपाल र मोलाइ किराता र हिन्दुपतिको राज आउन्येछ. देसका कपरा लगाउनालाई मन्हाई गरिदिनु आफना देसका कपरा बन्न जान्न्यालाई नमना देषाई सधाउनु र बन्न लाउनु. .... मलाई एकटा कुराको सध्यह लागिरहेछ. कुन्कुरो भन्या मुगलाना नजिकै रहेछ. त्यस जग्गामा छोकडा पत्रीया रह्याछन्. चित्रकार भन्याका कोठामा ढोलक सितार राग तानमा भुलनन्. राग तानमा बडो ठुलो मोह हुन्छ र दवलथ पनि षोलिन्छ। देसको भेद पनि तिनले लैजान्छन् र हरिपले दगा गर्छ. रागको अभ्यास पनि कसैले नगर्नु. तिन जातलाई पहाड आमुफदरफ पनि कसैले नषोल्नु अथवा फागुलाई यक दुई गरि झिकि चाडै विदा गराई दिनु र देषको भेद पनि पाउदैनन्. आफना स्वष सयललाई ता सास्त्रवमोजिमको ; तिनै सहर नेपालको नेवारहरूको नाच झिकाई हेन्या पनि हुन्छ. इनमा ता दियाको पनि आफनै देसमा रहन्छ. यस्व भया आफनु देस गमन रहन्छ ।

क्या चुनी सिपाई भया. क्या भै भारादार भया. इनलाई दवलथ कमाउन नदिनु. आदमी हेरि हुकत मात्र राषी दिनु क्यान भनौला दवलथ भयाकाले तरवारमा पसि मर्न मार्न सक्दैनन् र हरिपको चमक हुन्छ. सिपाही भैभारादारले स्वष गरेनन् भन्या चारै कुटमा मेरो तरवार बजनैछ. स्वषमा पस्यो भन्या मेरा साना दुपलो आदमीको मुलुक होईन "

[पृथ्वीनारायण शाहको उपदेशबाट]

राजकुमारहरूलाई अरू पढाइको साथ-साथै युद्धविद्या र राजनीतिको शिक्षा दिने प्रथा प्राचीन कालमा थियो × । तर पछि सो प्रथा टुटेर वेद (ऋक् यजुष् साम अथर्व) षडङ्ग

× "वृत्तचौलकर्मा लिपिं संख्यानं चोपयुञ्जीत । वृत्तोपनयनस्त्रयीमान्वीक्षिकीं च शिष्टेभ्यः, वार्त्तामध्यक्षेभ्यः, दण्डनीतिं वक्तृप्रयोक्तृभ्यः । ब्रह्मचर्यं चाषोडशाद् वर्षात् । अतो गोदानं दारकर्म च । अस्य नित्यश्च विद्यावृद्धसंयोगो विनयवृद्ध्यर्थं तन्मूलत्वाद् विनयस्य । पूर्वमहर्भागं हस्त्यश्वरथप्रहरणविद्यासु विनयं गच्छेत्, पश्चिममितिहासश्रवणे । पुराणमितिवृत्तमाख्यायिकोदाहरणं धर्मशास्त्रमर्थशास्त्रं चेतीतिहासः । शेषमहोरात्रभागमपूर्वग्रहणं गृहीतपरिचयं च कुर्याद्, अगृहीतानामाभीक्ष्ण्यश्रवणं च । श्रुताद्धि प्रज्ञोपजायते, प्रज्ञया योगो, योगादात्मवत्तेति विद्यासामर्थ्यम् ॥ ७-१७ ॥

विद्याविनीतो राजा हि प्रजानां विनये रतः ।
अनन्यां पृथिवीं भुङ्क्ते सर्वभूतहिते रतः ॥ १८ ॥

(कौटलीय अर्थशास्त्र १ अधि ५ अध्याय)

[चूडा गरेपछि लिपि र गणित पढ्नू । व्रतबन्ध गरेपछि त्रयी (वेद) र आन्वीक्षिकी (दर्शन) असल चालचलन भएका (गुरु)संग पढ्नू । वार्ता (कृषि पाशुपाल्य वाणिज्य) अध्यक्षहरूसंग पढ्नू । दण्डनीति (राजकाजी विद्या) वक्ता (राजनीति सिद्धान्तप्रवर्तक) संग र प्रयोक्ता (राजकाजमा लागेका मानिस) संग पढनू ॥ १६ वर्षसम्म ब्रह्मचर्यमा रहनुपर्छ । यसपछि तिनले समावर्तन गरी विवाह गर्नू । कर्तव्यको ज्ञान बढाउन तिनले सधैं विद्वान्‌को संगत गर्नुपर्छ । विद्वान्‌को संगतबाट नै कर्तव्यको ज्ञान हुन्छ । दिनको पहिलो भागमा हात्ती घोडा रथ अस्त्रविद्याहरूमा तालिम लिनू । पछिल्लो भागमा इतिहास पढ्नू । इतिहास भनेको पुराण, भएको वास्तव घटनाको वर्णन, कथा, उदाहरण (राजाहरूको प्रशस्ति=प्रशंसात्मक जीवनचरित्र) धर्मशास्त्र (ऐन) अर्थशास्त्र (राजनीति) हो । बाँकी रहेका दिन रातका समयमा नयाँ कुरा पढ्ने र पढेको उध्ने काम गर्नू ।

[शिक्षा कल्प व्याकरण निरुक्त छन्द ज्यौतिष] पुराण साहित्य बेदान्त न्याय मीमांसा बौद्ध कापालिक आदि दर्शन तन्त्रहरू-को मात्र शिक्षा दिइन लाग्यो ÷ । युद्धविद्याको शिक्षा लिनु शासकका लेखा आवश्यक थियो । यस कारण सैनिक शिक्षा व्यायामका रूपमा बल्दै गया + ।

विक्रमको पन्ध्रौं शताब्दीदेखिका × पाइएसम्मका प्रमाणबाट नेपालमा पनि राजकुमारहरूलाई चाहिने उचित शिक्षाको प्रबन्ध भएको देखिँदैन । कर्मकाण्ड गर्ने पुरोहित, तन्त्रमन्त्र गर्ने सिद्ध, व्यासासनमा बसेर पुराण भन्ने पण्डित, सभामा बसी अध्यात्मविषयमा र धर्मशास्त्रविषयमा शास्त्रार्थ गर्ने महारथी, कोठामा बसेर कविता गर्ने कवि, पात्रो हेर्ने ज्योतिषीहरू-लाई काम लाग्ने शिक्षाको मात्र विशेष प्रचार थियो । केही

बुझ्न नसकेको कुरालाई बराबर (गुरुबाट) सुन्नू (पढ्नू)। सुन्नाले (पढ्नाले) बुद्धि आउँछ, बुद्धि भएपछि मन चञ्चल हुँदैन । मन स्थिर भएपछि आफ्नो भलो कुरो बुझ्ने शक्ति आउँछ । विद्याको यस्तो फल हुन्छ । पढी कर्तव्यको शिक्षा पाएका, दुनियाँलाई कर्तव्यमा लाउन तत्पर भएका, सबैको हित गर्ने राजाले एकच्छत्र राज्य गर्न सक्तछन् ।]

÷ यस विषयको विशेष चर्चा 'ऐतिहासिक पत्र-संग्रह' पहिलो भागको उपोद्घातमा तथा वि. सं. २०१४ दीपावलिको 'नयाँ समाज' विशेषाङ्कमा प्रकाशित 'नेपालको इतिहास लेख्ता पर्न आउने बाधा' नामक निबन्धमा मैले गरेको छु ।

+ अस्त्रशस्त्रखुरलीषु विनिन्ये शैष्यकापनमितानमितौजाः ॥५॥
(नैषधीयचरित २१ सर्ग)

[तेजस्वी नलले आफूसंग हात-हतियारको नक्कली लडाइँ सिक्न आएकाहरूलाई शिक्षा दिए ।]

× त्यसभन्दा अगाडिका कुराको अहिले राम्ररी छानबीन गर्न सकिएको छैन ।

रसिकहरू मात्र गान बजानको शिक्षा लिन्थे । सामान्य आयुर्वेदको शिक्षा पनि दिइन्थ्यो । राजनीतिको शिक्षा दिनेहरू पनि चाणक्यनीतिदर्पणको शिक्षाले नै कृतकृत्य हुन्थे ÷ ।

÷ " श्रीश्रीश्रीपशुपतिचरणकमलधूलधूसरितशिरोरुह-श्रीमन्मानेश्वरीवरलब्धप्रसादित........चाणक्यप्रभृतिविद्या-विद्यावर्द्धितसमस्तराजनीतिरत्नाकरनिखिलगान्धर्वविद्यागुरु-परममाहेश्वर.... ....देवद्विज गुरुचरणाराधनैकस्वभावषड्दर्शनारा-धनैकचित्त.... ...दैत्यनारायणावतारश्रीपद्माचल शिखरोपरि-धर्मालयस्थानाश्रि श्रीधर्मधातुवागीश्वरमूर्तिस्वयम्भूचैत्यभग्न-स्थापनमहाकीर्तिभाजन.... ....श्रीश्रीरघुवंशावतंसमहाराजाधिराज-परमेश्वरपरमभट्टारकश्रीमत्श्रीश्रीजयज्योतिमल्लदेवेन"........

[पशुपतिमा रहेको ज्योतिर्मल्लको वि. सं. १४६९ को शिलालेखबाट । यो शिलालेख पं. भगवानलाल र योगी नरहरिनाथद्वारा भिन्नाभिन्नै छापिएको छ]

[श्रीश्रीश्रीपशुपतिका पाउरूपी कमलको धूलोले कपाल फुस्रो भएका, श्रीमानेश्वरीको बरप्रसाद पाएका......चाणक्यविद्या आदि विद्याले बढेका भएका सम्पूर्ण राजनीतिका समुद्र भएका, सम्पूर्ण गानविद्याका गुरु भएका, परममाहेश्वर (शिवको उपासना गर्ने) देवता ब्राह्मण गुरुका पाउको आराधना गर्ने स्वभाव भएका, षड्दर्शनको सेवा गर्नामा मन लाएका, दैत्य-नारायणका अवतार भएका (दैत्यहरू [दुष्टहरू] का लागि नाराय-णको अवतार भएका) पद्माचलशिखर (सिम्भूको डाँडो) को चुचुरोको पुण्यभूमिमा रहेका बिग्रेका श्रीधर्मधातु वागीश्वरको मूर्ति स्वयम्भूको चैत्य जीर्णोद्धार गर्नाले ठूलो कीर्ति कमाएका, रघुकुलका गहना भएका, महाराजाधिराज, परमेश्वर:परमभट्टारक श्रीमान् श्रीश्रीजयज्योतिर्मल्लले.... .....]

"..... ....गुणिगणगीयमानानवद्यगद्यपद्यादिविविधकाव्यकरण-चातुरीधुरीणसततकृतमीमांसान्यायपातञ्जलवेदान्तवैशेषिकव्याक-रणकाव्यकोषालङ्कारादिसकलशास्त्रानुश(स)रणसुगतमतविनोदि-

प्रतिभाशाली बिजिगोषु शासकलाई यस्तो शिक्षाले राज-काजमा विशेष सहायता दिंदैनथ्यो। यस कारण विजिगीषु शा-

---

तान्तष्क[न्तःक] रण......श्रीश्रीकवीन्द्रजयप्रतापमल्लदेवेन........"

[प्रतापमल्लको सिम्भूमा रहेको वि. सं. १७१२ को अभिलेखबाट। यो अभिलेख प्रकाशित भएको छैन। रामजी देवीप्रसाद शङ्करलाल धनवज्र गौतमवज्र महेशराजहरूले यसको उतार ल्याएका छन्।]

[........गुणीका खुम्राले गाइने निखुरो गद्य पद्य आदि नानाकिसिमका काव्य बनाउने चतुर्याइँमा धुरन्धर भएका, मीमांसा न्याय योग वेदान्त वैशेषिक व्याकरण काव्य कोष अलङ्कार आदि सबै शास्त्रको र बौद्ध ग्रन्थको सबै अभ्यास गरी मन-विनोद गर्ने भएका......श्रीश्रीकवीन्द्रजयप्रतापमल्लदेवले....]

"कोषे व्याकरणे पुराणकलने तन्त्रे च वैशेषिके
संगीते ललितप्रबन्धवालते वेदान्तपातञ्जले।
काव्यालंकरणे स्मृतौ च निपुणस्सांख्ये श्रुतौ तर्कके
मीमांसाकुशलष्प्र[ःप्र]तापविमलः श्रीपार्थिवेन्द्रो नृपः॥"

[कान्तिपुरका राजा पार्थिवेन्द्रमल्लको तलेजुअगाडि रहेका वि. सं. १७३८ का स्तम्भाभिलेखबाट। यो अभिलेख छापिएको छैन। वि. सं. १९९५ मा गु. पु. अच्युतराज पण्डितज्यूको सहायताबाट यसको उतार मैले लिएथें। अहिले धनवज्र गौतमवज्र महेशराजले यसको उतार फेरि ल्याएका छन्। दुबै भिडाई यो पाठ दिइएको छ।]

[कोश व्याकरण काव्य अलङ्कार वेद धर्मशास्त्र पुराण तन्त्र न्याय वैशेषिक वेदान्त योग सांख्य मीमांसा तथा ललितकला र संगीतमा निपुण भएका प्रतापी राजा पार्थिवेन्द्रमल्ल हुनुहुन्छ।]

ज्योतिर्ज्ञ खद्योतकराजहंसः श्रीबालकृष्णः खटिकाधरः सः।

सकहरू गुरुमुखबाट विद्या पढ्ने काममा विशेष रुचि देखा-उँदैनथे। पृथ्वीनारायण शाहले आफ्नो जीवनको अनुभव आफ्ना सन्तान र भारादारका सन्तानहरूले जानून् र आफू जस्तै विजिगीषु बनून् भन्ने इच्छा राखे +। तर आफ्नो सन्तानको शिक्षाको बारेमा केही राम्रो प्रबन्ध गरेनन्।

कथा जस्तै गरी सुनेका र व्यवहारमा देखेका कुराबाट पनि प्रतिभाशाली मनुष्य शिक्षित जस्तै भई काम गर्न सक्तछ। तर यसो हुनु सबैको लागि सम्भव छैन। यस कारण पृथ्वीनारायण शाह र उनको सहवास पाएका भारादारहरूका जस्तो निपुण बुद्धि पृथ्वीनारायणका छोरा प्रतापसिंह तथा नाति रणबहादुर शाहको हुन सकेन।

प्रतापसिंह सुन्दरीहरूको रिमी-झिमीमा भुले तथा राजशास्त्र-भन्दा तन्त्रशास्त्रका ज्ञाता भई निस्के ÷। रणबहादुरचाहिं सुन्दरी

भैषज्यशास्त्राम्बुजराजहंसो महेश्वरो वैद्यवरः स्मृतः सः ॥१२॥

(भक्तविजयकाव्य)

[पृथ्वीनारायणका मुख्य ज्योतिषी धुलौटो कोर्ने खरिदार बालकृष्ण छन्। मुख्य वैद्यचाहिं आयुर्वेदज्ञ महेश्वर छन्।]

+" बुढा मरं भाषा सरे भनि भन्छन. तिमिहरु सबैछेउ सुनाइगयाको मया तम्रा सन्तानलाइ सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामि षानन"

(पृथ्वीनारायणको उपदेशबाट)

÷ तस्य श्रीजगतीपते रतिपतिर्नाम्नाविरासीत्ततो
देव्यामत्र प्रतापसिंहविदितेनानन्दकन्दः सताम्।
यल्लावण्यकलावलोकनसमुत्कण्ठास्तु देवाङ्गना:
सानन्दं प्रभजन्ति मत्र तुलागरश्चेटादृशां सन्ततम् ॥ ४१ ॥

(पृथ्वीन्द्रवर्णोदय १ सर्ग)

फकाउन र गाना गर्न निपुण भई निस्के+, तेइस वर्षको उमेरमा बूढो भएँ भनी डेढ वर्षका छोरालाई राज्य सुम्पी जोगी तथा भोगी भई+आफ्नो, आफ्नो वंशको, आफ्नो देशको पनि अहित

[उहाँ महाराज (पृथ्वीनारायण)का महारानीबाट कामदेव जस्ता, सज्जनलाई आनन्द दिने प्रतापसिंह जन्मनुभयो। उहाँ[प्रतापसिंह]को सौन्दर्य हेर्न 'चौचौ परेका मीठो बोल्ने अप्सराहरू केटीको रूप लिएर सधैं उहाँको चाकरी गरिरहेका छन्]

महाराजाधिराजेन सुरराजानुकारिणा।
श्रीमत्प्रतापसिंहेन विद्याब्धेः पारदृश्वना ॥
संवत्सरे निशानाथवह्निनागधराङ्किते।
तपस्यजुर्नपक्षेहितिथौ भास्करवासरे ॥
पुरश्चर्यार्णवो नाम ग्रन्थ एष विनिर्मितः।

(पुरश्चर्यार्णवबाट। यो पुस्तक प्रभाकरीकम्पनीबाट प्रकाशित भएको छ।)

[विद्यामा पारङ्गत भएका, इन्द्र जस्ता महाराजाधिराज श्रीप्रतापसिंहले वि.सं. १८३१ माघ शुक्ल पञ्चमी आदित्यवारका दिन पुरश्चर्यार्णवनामक यो ग्रन्थ बनाउनुभयो।]

+ " प्रादुर्भूतोऽथ्यमुष्माज्जगति रणवहादूरराजाधिराजः।
बालामालावशी....निखिलगुणनिधिर्गानविद्यादिविद्याभिज्ञः " ॥ ६-७ श्लो ॥

(वाग्मतीको स्तम्भलेखबाट)

[उहाँ (प्रतापसिंह) बाट रणबहादुर महाराजाधिराज पैदा हुनुभयो। उहाँमा सम्पूर्ण गुण थिए। तरुनीहरूका समूहलाई उहाँ वश पार्न सक्नुहुन्थ्यो। संगीत-विद्या आदि सबै विद्यालाई उहाँ जान्नुहुन्थ्यो]

+ "... उपरान्त मैले राज्यको भोग जति गर्न्या हो सो गर्‍यां. आज उप्रान्त संसार त्याग गरि तपस्या गर्नको इच्छा भयो र श्रीकान्छी रानीतिरका पुत्र श्रीगीर्वाणयुद्धविक्रम साहलाई मेरो भर मुलुकको रजाग्गी गादी बक्स्यां

हुने काम गरे। पृथ्वीनारायणको सहवास पाएका आरादारहरूको राजभक्ति र देशभक्तिले गर्दा विजययात्रा चल्दै गयो तापनि भित्रको कमजोरी पनि बढ्दै गयो। बीच-बीचमा अनेकन नरहत्या

फागुणका दिन २८ जाँदा शुक्रवार शुभलग्नमा राज्याभिषेक हुन्छ... तिमिहरु भारा भला मानिस थर घर प्रजा सबै आजसंम जस्ता तरहसंग मेरो हुकुम मानी सोझो टहल काज गर्‍यौ. अब उप्रान्त उस्को द्विगुण गरी श्रीगीर्वाणयुद्धविक्रम साहको हुकुम मानी आफ्ना आफ्ना अषतियारका काम्का कामको सचेत भै ताकीती गर ....

इति सम्वत् १८५५ साल फागुण वदी १४ रोज ३ मुकाम कान्तिपुर शुभम्"

[इतिहास-प्रकाश १।१ को ११० पृष्ठमा प्रकाशित पत्रबाट]

"श्रीरणवहादुर साह महाराजाधिराज पुत्रलाई राज्य दीकन स्वामी हुनुभयो.... .... डेढ वर्षका उमेरमा आफ्ना पितादेखिन राज्याभिषेक पायाका ... श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनुभयो"

[वाग्मतीको स्तम्भलेखबाट]

"विक्रमसंवत् १८६१ वैशाखकृष्णप्रतिपदा (वैशाख १५ गते) श्रीस्वामिनो विवाह"

"विक्रमसंवत् १८६१ फाल्गुनशुक्लसप्तमी (फाल्गुन १६ गते) श्रीस्वामिनो विवाह"

(लक्ष्मीपतिको पात्रोबाट)

यसबाट जोगीको भेषमै रहेका रणबहादुर शाहले वि.सं. १८६१ को वैशाखमा र फाल्गुनमा समेत गरी दुइ विवाह गरेको देखिन्छ।

(श्री ५ गीर्वाणयुद्धविक्रमको प्रशस्ति)

आगे श्रीबुबाज्यूलाइ म जान्न्या हुन्‍ज्याल सम्म भर-मुलुकको घा घर सार न्या कटक पजनो गैरह काज कामको मुख्तेयारी बकस्याँ. भारा कंपनी ढलेत चार वर्न छतीसै जातले श्रीबुबाज्यूका हुकुममा रुजु रही मर्जि मान्नु. जो

पनि हुँदै आए । यस्तै कमजोरीको मौका पाएर वि. सं. १८६३ मा भीमसेन थापा नेपालका हर्ताकर्ता भई निस्के+ । भीमसेन थापा प्रतिभाशाली शासक थिए । जम्मै भारतलाई निल्दै आएको अंग्रेजो साम्राज्यले नेपालमा पनि आँखा लाएको छ भन्ने कुरा

श्रीबुबाज्यूको हुकुम मानैन. तस्लाइ श्रीबुबाज्यूबाट शासना गर्नु. इति संवत् १८६२ शाल फाल्गुन सुदि ८ रोज ४ शुभम्

['ज. भीमसेन थापा र तत्कालीन नेपाल' को ३३२ पृष्ठपछि राखिएको लालमोहरको चित्रबाट]

यसबाट रणबहादुर शाहले वि. सं. १८६२ मा छोराको मुख्तियार भई राजकाज चलाएको देखिन्छ ।

+.... श्री ५ रणबहादूर साह जस्ता यतीश्वर स्वामिज्यू सेरबहादूर जस्ता अहित गर्न्या तरवार छोडन्या वैमातृक भाइ त्रिभुवन नाम भयाको कोही षवास केटो रहेछ तस्ले बनायाको घरभित्र इनै दुवै जना भाइको भावी भै गयोथ्यो .... श्रीस्वामि रणवहादूर साह जो छन.... श्री ५ गीर्वाणयुद्धविक्रम साह राजाकन राजकाजमा धुरंधर भयाका भीमसेन थापा काजीका आदरमा अर्पण गरि सुम्पेर.... आफु बस्याका डेराका अटालमा मुक्त हुँदा भया । ....श्रीयतीश्वर स्वामिको र श्रीमहाराजका अहित गर्न्या प्रतोप भन्नु कूटसचिवहरूले आफुले गर्न्याका पाप पुण्यका अनुसारका फलकन भुक्तमान गर्न्याको कुराकन संक्षेपले कहन्छु । पालपाका पृथ्वीपालसेन नाम राजा वैमातृक सेरबहादुर साह विदुर साह चौतारा २ गुरुङ्ग काजी नरसिंह महा उल्लू ठहरिया. टाउका कटाई कबन्ध तुल्याई दामलाले बाँधि चण्डालहरूले आफालनु लैगयाका सबै दुनियाँलाई देखाया.... श्रीस्वामिज्यूका अनुग्रहले आर्जन गर्न्याका लाखौ दौलथ ऐश्वर्य सर्वस्वकन लुटाई परियार गैन्ह कमारा कमारी समेतकन कुजाति सार्कि नगार्चि पोड्या इत्यादि चयामा खरकलाई सोपाई.... ....श्रीसंवत् १८६३ सालमा जो बाँच्या सो दुनिञा कृतज्ञ नूनको

भीमसेन थापा जस्तो प्रतिभाशाली शासकले बुझ्न गाह्रो थिएन। यस कारण सैनिकशक्ति बढाउनु उनले परम कर्तव्य सम्झेका थिए+ । आफ्ना राजा गीर्वाणयुद्धविक्रमलाई पनि योग्य सैनिक बनेको उनी हेर्न चाहन्थे÷ ।

मुगल सम्राट्हरूको गृहकलहले र पक्षपातपूर्ण नीतिले गर्दा अधिकांश सामन्त विद्रोही बन्दै गएको मौका पाएर सैनिक योग्यतासम्पन्न मराठाहरूले भारतमा आफ्नो साम्राज्य खडा गर्ने उद्योग गरेका थिए। मराठाको गृहकलहको मौका छोपेर अंग्रेज-

---

सोझो गर्न्या ठहरिया ।

(त्रिरत्नसौन्दर्यगाथाबाट)

+" ब्राह्मणको कुश कस्तो हो भनी मुखिया थापा विश्वास खत्री सधा दाहाल प्रभृतिहरू अख्तियारी गराई थुम थुममा जाँच पठाई यसै उसै कुशही बिसही गरी ६२।६३ सालमा जफत गरी देवताको पनि जफत गरी पल्टनका जागीरमा भर्ना गरिदिए"

(भाषावंशावलीबाट)

" ६२ सालमा जबद भयाका गुठ विर्ता नालमा दरियाका छन त्यो झिकि वहाल् गराई दिया कंपू पल्टन कंपनी खडा रहन्या- छैन, कंपु पल्टन् नरहन्या दुश्मनको प्रवल भै हिंदुको धर्मकर्म रहोइन"

[चित्तरञ्जन नेपालीको ज. भीमसेनथापा र तत्कालीन नेपाल २८६पृ.]

÷ " यो दत्तं ह्रदयवेधे रुचिरहरिकथाकर्णनेकाग्रचित्तं
तुङ्गं रिङ्गत्तुरङ्गं व्यधित वशयितुं संप्रवीणं प्रभुं स्वम्।
बाल्ये नद्यादिबाहुप्रतरणनिपुणं वण्र्य नानागुणौघं" ॥ १७ ॥

आफ्ना प्रभुकन बाल्यावस्थैमा. धनु हान, हरिकथा श्रवण गर्न घोडा चढन पौन्हन, इत्यादि सकल राजनीतिमा कुशल तुल्याउन्या "

(वाग्मतीको स्तम्भलेखबाट)

हरूले मराठाहरूलाई वश पारी नेपालसंग लडाइँ खोले। अंग्रेजहरू खाली सैनिकशक्तिमा भर नपरी राजनीतिको शिक्षालाई पनि ठूलो कदर गर्दथे÷।

लडाइँको मैदानमा ५०० नेपाली सिपाहीले ३५०० अंग्रेजी सिपाहीको मुकाबिला गर्न सक्तथे। तर राजनीतिशिक्षामा कमजोर भएका हुनाले नेपालीहरूले अंग्रेजसंग हार खानुपर्‍यो र आफ्ना राज्यको तीन भागका एक भाग गुमाउनुपर्‍यो।

अब प्रतिभाशाली भीमसेन थापाका आँखा खुले। खाली सैनिक शक्तिको भरबाट मात्रै विजय गर्न सकिन्छ भन्ने उनको विश्वासमा ठूलो धक्का लाग्यो र के गरे अंग्रेजसंग बदला लिन सकिएला भन्ने विचारले भीमसेन थापालाई व्याकुल पार्‍यो। त्यसका लागि उनी सर्वात्मना लागे। आफ्नो देशको हार अरू नेपालीहरूलाई पनि राम्रो लाग्ने कुरा थिएन। बाँकी रहेको हाम्रो मुलुक पनि अब अंग्रेजले खान्छ × भन्ने डरले पनि व्याकुल पारेकाले आफ्नो आफ्नो बुद्धिवर्गतअनुसार नेपालीहरू अंग्रेजलाई जित्ने काममा उद्योग गर्न लागे।

÷ कर्कपॅट्रिक हेमिल्टनहरूका नेपालविषयका पुस्तकहरू यसका उदाहरण हुन्।

× अंग्रेजले सम्पूर्ण नेपाल राज्यलाई आफ्नो वशमा पार्न उद्योग नगरेका होइनन्। १८७१-७२ को लडाइँमा सीख र नेपालीको बीचमा आफू पसी दुवैको मेल हुन नसक्ने काम गरे। त्यस वेला मराठाहरू जमजमाइरहेका हुनाले नेपालसंग फेरि लड्ने अंग्रेजले आँट गरेनन्। यसपछि पनि मौका पारी नेपाललाई निल्न अंग्रेजहरूले दाउ गरेके थिए-

“नेपालका तरफबाट हाम्रा सर्कारसित बिग्रन्या पाठ राख्या फौज तैनाथ गरि मुलुक अंबल गर्नु भन्या हुकुम बेलायतबाट आईरहेछ। आजकल समय नहुनाले थामिएको

अमरसिंह थापा त अंग्रेजको गतिविधि बढ्ता बुझेका हुनाले यस काममा केही अघिदेखि नै लागेका थिए। भारतकै धन जनको सहायताबाट अंग्रेजले भारतलाई वश पार्दै नेपाल पनि खान लाग्यो। यस अवस्थामा भारतका सीख तथा मरहट्टासंग मिलो नेपालीले अंग्रेजको विरुद्ध काम नगरी हुँदैन भन्ने कुरो अमरसिंहले स्पष्ट रूपमा अनुभव गरेर सीख तथा मरहट्टाहरूलाई आफ्नो पक्षमा मिलाउने उद्योग गरे। यताबाट अंग्रेजका भारतीय पल्टनमा विद्रोह पार्न सकिएला भन्ने कल्पना पनि अमरसिंहले गरेका थिए। जस्तै-

"स्वस्ति श्रीकाजी अमरसिंह थापाकस्य पत्रम् - - -

आगे षरीदार पृथ्वीविलास उपाध्याके, सोष रणजीतसिं-

ह। समय विहायार्गस्त्रि अवश्य हाम्रा फौजको चढाई होला ....

सम्वत् १८६८ साल मिति ज्येष्ठ शुदि ४ रोज २ मुकाम कांतिपुर शुभम्"

[संस्कृत-सन्देश १।११ मा केशवमणि आ.दी.द्वारा प्रकाशित पत्रबाट]

"यदि म १२ वर्षसम्म भारतको बादशाह हुन पाए भारतवर्षभर रेल दौडाइदिने थिएं, सारा नदीमा पुल हालिदिने थिए। कुनै भारतीय राजालाई बाँकी राख्ने थिइनँ, निजामहरूको पनि नाम-निशाना मेटिदिने थिएं तथा नेपाललाई पनि आफ्नै राज्यमा मिलाइदिने थिएं"

['ज.सर् चार्ल्स नेपियरको उक्ति। पी.ई. राबर्ट्सको ब्रिटिशकालीन भारतका इतिहास, हिन्दी संस्करणको २७५ पृ.]

नेपाललाई जिती भोटसंग अंग्रेजी राज्यको सीमाना जोड्ने विचार वि सं १९३३ मा राइट्ले पनि गरेका थिए-

"यॉज् लॉड् यॉज् द रोड्स् बीट्वीन् ब्रिटिश इन्डिया यॉन्ड् नेपाल, यॉन्ड् बिट्वीन' नेपाल यॉन्ड् टिबेट् रीमेन् यॉज् दे आर् ऐट् प्रेजेन्ट, एनि ट्रेड् विद् द वास्टनेम्ड् कनट्रि आइ कॉन्सीभ् टु बी इम्प्रैक्टिकेब्ल;

छेउ गर्ना काम् कुराको सवाल लेषिदिन्याँ - - - गोर्षा सीषले सामील भै गर्ना काम्. षालसा सर्कारबाट गोर्षा सर्कारको मद्दत् गरि अंगरेजसंग काज गर्न ठह्र्‍या उभो ४०।५० हजार उधो २०।२५ हजार सवारि फौज वढि पलासिमा आइ रामसरन्याको मुलुक् लुट्नु पोल्नु धोस्त गर्नु. सो गर्‍यापछि जति पहाडमा चढ्याको र कविलासपूरमा पुग्याको अंगरेजको फौज छ. गोर्षाले लडाईं गरि कत्तल गरि षारिज गर्नु ....

यॉन्ड् नो चेन्ज् विल् बी मेड् यॉज् लॉङ् यॉज् नेपाल हेल्ड् बाइ द गोर्खाज्. इफ् द ब्रिटिश् आर् प्रिपेअर्ड् टु फोर्स् ए कॉमर्शल इन्टरकोर्स् विद् नेपाल यॉन्ड् टिबेट् दे मस्ट् फर्स्ट् एन्नेक्स् नेपाल. अफ् कोर्स् दिस् कुड् बी ईज्ली डन, इफ् फ्यू मिल्यन्स् अफ् मनि यॉन्ड् द लिभेस् अफ् सम् थाउजेन्ड् अफ् सोल्जर्स्, वेर् रेडि टु बी इक्सपेन्डेड; बट् आइ डाउट् इफ् द गेम् वुड् बी वर्थ् द क्यान्डल्."

[राइट्को भूमिका, प्रथम संस्करण ७० पृ. । गु पु. अच्युतराज पण्डितज्यूको संग्रहमा रहेको राइट्को नेपालको इतिहासबाट यो उद्धरण लिइएको हो।]

[भारतको अंग्रेजी राज्य र नेपाल, तथा नेपाल र भोटको बीचमा जबसम्म बाटाहरू अहिलेकै जस्ता रहिरहने छन्, तबसम्म भोटसंग कुनै व्यापार पनि चलाउन गाह्रो छ भन्ने मलाई लाग्छ तथा नेपालमा गोरखालीहरूको शासन चलिरहेसम्म कुनै परिवर्तन पनि ल्याउन सकिंदैन । नेपाल र भोटसंग अंग्रेजहरू व्यापार सम्बन्ध बलैसंग चलाउन चाहन्छन् भने तिनले पहिले नेपाललाई जिती आफ्नो राज्यमा मिलाउनुपर्छ । केही प्रयुत (१० लाख) रुपियाँ र केही हजार सिपाही खर्च गर्न तयार रहेका खण्डमा यो काम सजिलैसंग गर्न सकिन्छ । तर यसबाट फाइदा हुन्छ कि हुँदैन, मलाई शङ्का लाग्छ ।

दक्षिणी राजा दौलथ राव सिंधिया, मल्लारराव मीरषाँछेउ गोर्षाका वकिल् पद्मपाणी पंडित् बस्याका छन्. दक्षिणीहरूका चिठीमा गोर्षाको मदत गर्न्या र हिंदुस्थान् उकासन्या आफ्नु आफ्नु मतलब पुर्‍याउन्या बषत् परिरहेछ. तिमीले पनि तेताबाट काज गर्न्या हो भनि हामिले पनि षाल्सा सर्कारलाई षलीता पत्र लेषी वकील पठायाको छ भन्न्या बिस्तार लेषी जमानो अर्‍हाइ पठायाको संकरपंथ इहाँ आइपुग्यो. मुष्य दक्षिणीको फौज पनि साहारणपुर बाउन्न्यामा सामिल होला. उस् जगामा सामील हुन आइपुगेन भन्या पनि गंगाजीका किनारामा भन्या सामील् होला. षाल्सा सर्कारका र महंट्टाका सवार गोर्षा सर्कारका पैदल् सिपाहि तोप वंदुक घना भयापछि तेस् संगका लडाविमा परमेश्वरले पनि फत्त्य हिंदुकै गराउनन् ....

लष्नौको नवावलाई अंगरेजले दवायाको छ. यस्साल कलकत्ताबाट गौरनल् आउंदामा नवाप् पैल्हे पैल्हे मिलाप गर्न गयेनन्. पछि सहाय कतैको नपाउँदा उस् वषत् माफिक्को काम कुरा गर्‍या त पनि अंग्रेजदेषि दिक्कै छ. अघी नवाफ सुजादौलाले षायाको वरेलिन जिमावाद वाहिक् कठेर लगायत् सारा मुलुक तिमीले षानु अंगरेजसंग हंगामा गर्नु भनि षाल्सा सरकारबाट षत्पत्र वकिल गयापछि नवाप् गोर्षा षाल्सा सर्कारसंग सामिल् हुनन्. उनले सामील् हुंदा भारी फौज षजाना तोप सामील हुंछ, नवापका षत् पत्र राज्यमा पायियापछि वनारसदेषि उढोको राजा प्रजा सबै नवाप्संग सामील हुन्छन्। फिरंगीका हिन्दुस्थानी सिपाही

जति छन् हिंदुको राज्य हुन्छ, तिमीहरू अंग्रेजको साथ छोडो हामिसंग सामील् हौ भनि नवापबाट भिक्ता उ सिपाहि पनि सामिल हुन आउन्याछन्. तेति हुन्दा गोराका पल्टनमात्र रहंदा फिरंगीको फौज पातलो पर्न्योछ ....
गोर्षाका ठानामा र मरहट्टाका ठानामा जहां अंग्रेजले जाइ षलस् गर्‍यो हान्यो बाहा षाल्साबाट फौज गै गोर्षा मरहट्टाको मदत गर्नु. पश्चिमतरफ् अटक लगायत् षाल्साका ठाना राष्नु. कावील् कास्मोर जौन जगामा हंगामा चल्यो गोर्षा सर्कारबाट र मरहट्टाबाट फौज गै षाल्सा सर्कारको मद्दत गर्नु.........हाल् दिल्ली आगरामा फौज जादा पूर्वतरफको अंग्रेजको फौज षजाना छेकिदैन. प्रयागको किल्ला अमल् भयापछि दिल्लि आगरालाई र पूर्वबाट आईन्या मद्दत् छेकिंछ. रस्ता रस्ता घेरा छेका गरि दिल्लि आगरा अम्मल् गर्न्या काम् होला. षाल्सा सरकार गोर्षा सर्कार मरहट्टाबाट काज गर्दा आफ्ना जोरमाफोक भर्तपुर्वाला रणधिरसिंह पनि काज गर्नामा सामोल हुन्याछन्..... .... संवत् १८७१ साल मिति माघ वदी १३ रोज ३ शुभम्-"

['जनरल भीमसेन थापा र तत्कालीन नेपाल' १२५-१३१ पृ.]

अंग्रेजसंगको लडाइँमा नेपालीको हार भयो । हारको मुख्य कारण धनको अभाव हो भन्ने संझी चीनबाट धनको सहायता पाइन्छ कि भन्ने आशाले भीमसेन थापाले चीन बादशाहको समीपमा निवेदन गरे । जस्तै-

"उप्रान्त फिरंगीले भेष फेरि जोगी संन्यासीले लाउन्या जस्तो पोसाक लाइ भोट जान्या बाटो [हे]नें भनी हाम्रो

मुलुकबाट जान खोज्दा थाहा पाञ्यूँ ..... हाम्रा चौकीदारले थुन्याछन् . गोर्खाले हांलाइ भोट जान बाटो दिएन 'भ-[न्या]का रिसले हाम्रो मुलुक अमल गर्न ठुलो फौज खजाना लि पूर्व पश्चिम हाम्रो जति मुलुक छ. सबै जगामा आयो .... जो भयाको सिपाहि लि पूर्वदेषि पश्चिमसम्म ठाउँ ठावैमा लडाइ गर्दा सिपाहि पनि धेरै मारिया. पाहाडदेषि समुद्रसम्मको ठुलो राज्य मधेस सब अमल् गरी मार्‍याको ठुलो षजाना ढेरै फौज भयाको हुनाले फेरि भारी लश्कर ल्याइ हाम्रो मुलुक तराइ सबै अमल गर्‍यो.... ... यो मुलुक फिरंगिले षायो भन्या भोटलाइ पनि वढिया छैन... ..... दौलथको मोहर भै आया आफ्नै मुलुकका सिपाहि राषि लडाउन पाया फिरंगीलाई मारी हटाइ मुलुक पनि थामौंला"

[ज. भीमसेन थापा र तत्कालीन नेपाल १३६-१३७ पृ.]

भारतमा जुन जुन राज्यमा अंग्रेजको दूतावास खडा भयो, पाँच-सात वर्षभित्रैमा त्यहाँ त्यहाँ अंग्रेजको राज्य भयो भन्ने कुरा भीमसेन थापाले प्रत्यक्ष रूपमा देखेका थिए। अब नेपाल पनि अंग्रेजले खान्छ भन्ने डरले नेपाल बचाउने उद्योगमा उनी लागे। जस्तै-

"अनेत्र हिंदुस्तानमा अंगरेजको रजिडेंट वस्याको जवन् जौन जगामा छ. २१४ वर्षभंदा अघ्यालो राज्य स्वतन्त्रमा कसैले राष्न सक्याको छैन. आहा र तिमिलाई अष्त्यारी

गरी बक्सदा १०।२० वर्ष भयो तर्पनि आजसंम स्वतंत्र राज रह्याको छ ”

[वि.सं. १८९२ मा भीमसेन थापाको नाउँमा गरिदिएको लालमोहरबाट। ज भीमसेन थापा र तत्कालीन नेपाल २४८ पृ.]

अंग्रेज दूतावासले कुनै नेपालीसंग सम्बन्ध राख्न नपाओस् भनी कडा प्रबन्ध गरिएको थियो। जस्तै-

> “नो सूनर् वॉज् ए रेजिडेन्ट् ऐक्सेप्टेड् ब्रॉन् द कीन राजेन्ट् ऍन्ड् द प्राइम् मिनिस्टर् बिग्यान् टु ट्राइ टु आइसोलेट् हिम् यॉज एफेक्च्युअलि यॉज् इफ् हि वेर् नोन्-एग्जिस्टेन्ट्. ऑट् फर्स्ट् इनडीड्, ए फोर्स् अफ् नेपालीज् सोल्जर्स् वॉज् प्लैन्टेड् बिट्वीन द रेज्डेन्सि यॉन्ड् द क्यापिटल् टु प्रिभेन्ट् एनि कॉम्युनिकेशन् यॉन्ड् इट् वॉज्“ गिभिन् आउट् इन द सिटि ध्यॉट् एनि वन् सो ऑफेन्डिङ् श्याल् बी पनिश्ड.”

[हडसनको जीवनचरित्र १०२-१०३ पृ। मेरो प्रेरणाले धनवज्रले राष्ट्रियपुस्तकालयमा गई सो पुस्तकालयका अध्यक्ष पं. गङ्गाधर पराजुलीको सौजन्यबाट यो उतार सारी ल्याएका हुन्]

[अंग्रेज राजदूतलाई काठमाडौंमा ल्याएपछि पनि, राजकाज हातमा लिएकी रानी (ललितत्रिपुरसुन्दरी) र प्रधान मन्त्री (भीमसेन थापा) ले अंग्रेज राजदूतको नेपालमा प्रभाव नपरोस् तथा ऊ भए नभएको बराबर होस् भनी दूतावासलाई एकल्याउने उद्योग गर्न थाले। राजधानी र दूतावासको बीचमा नेपाली सिपाहीहरूको चौकी खडा गरियो। यसो गरी दूतावासमा

आवत-जावत गर्ने तथा समचार ओहोरो-दोहोरो गर्ने काम ठप्प रोकिदिइयो । अंग्रेज दूतावासमा कसैले आवत-जावत गऱ्यो वा समचार ओहोरो-दोहोरो गऱ्यो भने सजाय हुनेछ भन्ने उर्दी दिइयो]

भीमसेन थापाले यस किसिमको प्रबन्ध गरी अंग्रेज राजदूतलाई नेपालको राजकाजमा हात हाल्न नदिने प्रबन्ध गरे। त्यसको अनुसरण जङ्गबहादुरले पनि गरेका थिए। जस्तै-

"देअर् इज् ए गार्ड् अफ् नेपालीज् सोल्जर्स् ऑन् द रोड् लीडिङ् टु द रेज्डेन्सि, यॉन्ड् नो गोर्खा क्यान् इन्टर् द लिमिट्स् अफ् द रेज्डेन्सि विदाउट् पर्मिशन् फ्रॉम् सर् जङ्गबहादुर, यॉन्ड् विदाउट् बीइङ् ऐकॉम्पैनीड् बाइ द वकील.

व्हेन्-एभर् ए यूरोपिअन गोज् आउट् वॉकिङ्, हि इज् फॉलोड् बाइ ए नेपालीज् सोल्जर् फ्रॉम् द गार्ड; यॉन्ड् आइ बिलीभ् ए डेलि रिपोर्ट् इज् मेड् अफ् एभ्रिथिङ् व्हॉट् ऑकर्स् यॉट् द रेज्डेन्सि."

[राइट् को भूमिका प्रथम संस्करण ७२ पृ.]

[अंग्रेजी दूतावास जाने बाटोमा नेपाली सिपाहीको एक चौकी रहेको छ तथा श्रीजङ्गबहादुरको आज्ञा नपाई, तथा वकिल साथ नलिईकन कुनै नेपाली पनि दूतावासको इलाकाभित्र पस्न पाउँदैन।

यूरोपवासीहरू जहाँ डुल्न गए पनि चौकीको एउटा नेपाली सिपाही पछि लागिहाल्छ। दूतावासमा भएका जुन सुकै

काम कुरोको पनि दिन-दिनैको खबर लिइन्छ भन्ने मलाई लाग्छ]

सैनिक शक्ति नबढाई हुँदैन भन्ने बुद्धिले सकेसम्म सैनिक शक्ति बढाउने उद्योगमा भीमसेन थापा लागे। जस्तै—

"सहर् कान्तिपुर्‌मा बडा कम्पु शूरा
कडा छन् तिलंगा[1] समर्‌का त पूरा।
सयल्‌मा[2] टुडोषेल् फयल्[3] बोलि ताहाँ
हजुर् जाइ कोर्निस् बलं[4] हातमाहाँ"

[ऐ. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई प्रकाशित 'पुराना कवि र कविता' को १०१ पृष्ठ]

"भीमसेन टुक् यॉड्भानटिज् अफ् द कॉन्टिन्युएन्स् अफ् पीस्; नॉट् ओनलि टु इम्प्रूभ् द फिन्यॉन्सेज् अफ् द कन्ट्रि, बट् टु रेन्डर् दि आर्मि मोर् एफिशे-ट् बोथ् इन नम्बरस् यॉन्ड् इन डिसिप्लिन. द मार्शल् फीलिङ्स् अफ् द सोल्जरि वेर् एभरि वे इन्करेज्ड्; देअर् राइट्स् यॉन्ड् प्रिभिलिज् वेर् जेलस्‌लि प्रिजर्भ्‌ड्; बट् दे वेर यॉट् सेम् टाइम् केप्ट् फ्रॉम् थॉट् आइडलनेस् व्हिच इज् सो फेभरेब्ल् टु म्यूटिनि यॉन्ड् इन्ट्रीग्, बाइ स्ट्रिक्ट् ऐटेन्शन टु ड्रिल् यॉन्ड् डिसिप्लिन् यॉन्ड् बाइ बीइङ् एम्प्लाइड् इन द कन्स्ट्रकशन अफ् म्यॉगेजीनस्, आर्सिनल्स् क्यॉनन-

---

1 सिपाही, 2 हिंडाइ, 3 कवायतमा सिपाहीको पंक्ति. 4 बलम=भाला.

फाउन्ड्री, एट्सेट्रा. यॉन्ड् बाइ दि एस्ट्याब्लिश्मेन्ट् अफ् टू लार्ज् क्यॉन्टूनमेन्ट्— वन् फर् दि आर्टिलरि यॉन्ड् वन् फर् द लाइन्— यॉट् काठमाण्डू. हि ह्याँड् नम्बर्स् अफ् क्यानन् फाउन्डेड्, यॉन्ड् म्यॉन्युफ्यॉक्चर्ड् एक्स्टेन्सिभ्लि मस्किट्स् पाउडर्, शॉट् यॉन्ड् द म्यूनिशन्स् अफ् वार्."

[ओल्ड्फील्ड्को 'नेपालको वर्णन' ३०६ पृ.]

[मेरो प्रेरणाबाट धनवज्रले राष्ट्रिय-पुस्तकालयमा गई सो पुस्तकालयका अध्यक्ष पं.गङ्गाधर पराजुलीको सौजन्यबाट यो उतार सारी ल्याएका हुन् ।]

[लडाइँ-भिडाइँ नपरी लगातार शान्ति रहिरहेको अवसर छोपी भीमसेन थापाले मुलुकको आमदानी र फौज बढाए। फौजको सङ्ख्यामात्रै बढाइएको होइन, परन्तु फौजमा बढ्ता तालिम पनि दिइन थालियो । सैन्यको लडाकु भावनालाई हुन सकेसम्म उठाइयो र सैन्यले पाउने हक तथा खाना दानाको पनि बडो तत्परतापूर्वक रक्षा गरियो । यसरी खुवाई काम नदिई सिपाहीहरूलाई राख्ता तिनीहरूले विद्रोह तथा जालझेलतिर लाग्नु धेरै सम्भव हुने हुनाले त्यसतिर पनि होशियारी गरी सिपाहीहरूलाई कवायदको काममा लाउने र हातहतियार गोली गट्ठा तोपहरू बनाउने तथा राख्ने घरहरूको प्रबन्ध गर्ने काममा लाइयो । काठमाडौंमा तोपमा काम गर्नेहरूका लागि एउटा र अरू सिपाहीहरूलाई एउटा गरी दुइटा ठूल-ठूला छाउनी बनाइए ।

भीमसेन थापाले धेरै तोप ढलाए, प्रशस्त बन्दूक बारुद गोलीहरू तयार पार्न लाए, लडाइँका लागि चाहिने अरू सामान पनि जोडे ।]

ठाउँ-ठाउँमा किल्लाबन्दी गर्ने काममा भीमसेन थापा दत्तचित्त थिए । जस्तै—

"...जिल्लै मोरंग मातालुकै विजैपूर, जिल्लै बारा पर्सा, जिल्लै सप्तरि महुत्तरि जिल्लै चितौन वेलौत सभौटका जंगलमा जाई जंगल चुन्या देरि महाभारत हरिहरपुर, मकवानपुर चौदंड चौदंडी गैह्र पाहाडमा निस्कन्या बाटा जाचि नभै नहुन्या मूल बाटा राषनु. उपर चोर बाटा जति छन् . सोला भांजा हालि वंद गराउनु भनी अघि जस्का नाउमा लालमोहोर भै गयाका छ. उसबाट र मोहोर नभयाका जगामा आमीलबाट बंद गराउनु.

....अंगरेजको र हाम्रो ७३ सालमा भयाका दरोयस्त सिमानामा वर्षको २ फेरा हेरचाहार गर्दै रहनु. कोहि जग्गामा मिनार लठ्टा सिवाना घिच्न्या भत्क्याको देषियो भन्या हाम्रा हजूरमा विन्ति गरि पठाउनु. तेस जगाका जज् कलटरलाई पत्री फलाना जगाको सिमानामा यस्तो भयेछ भन्या विस्तार लेषि पठाउनु चिठिको जवाफ र मानिस आयो भन्या दुवैतरफका आमील जैबार जिमिदार चौधरि कानुगोय मोकद्दम श्रेस्तादार गैह्र जानिबकार राषी सिवाना सच्याउनु. येकोहोरो आफ्ना तरफका मात्रि मानिस राषी कदाचित

पनी सिमाना नसच्याउनु. दुवै तरफका बसि सच्याउनु. चिठिको जवाब पनि आयेन मानिस पनि आयेन भन्या हाम्रा हजूर विन्ति गरि पठाउनु. हुकुम गया बमोजिम गर्नु.

...मुगलानाबाट अंगरेजका अमल बहदारहरूले सिमाना गैन्हको कुरा लेष्यो भन्या आफै गै हेरी बुझि तेस जिल्लाका दुवै तरफका जानिबकार मानिस राषी ७३ सालका सिमानाबमोजिम सच्याइ हाम्रा तरफबाट चापियाको ठहर्‍यो भन्या जगा उसतरफ लगाइदिनु जगा चापन्यालाई कायेल गराई कायेलनामा हाम्रा हजूरमा चढाइ पठाउनु. उसतरफबाट चापियाको ठहर्‍यो भन्या फलाना जगामा सिवानाभित्रको सर्कारका येति जमीन चापियेछ भनी तहाका जज कलटरलाई लेषी पठाउनु. बाहाबाट फर्छा भै आयो भन्या वढियाँ भयो. फर्छा भै आयेन भन्या हाम्रा हजूरमा विन्ति गरि पठाउनु हुकुम गया बमोजिम गर्नु ।....

इति सम्बत् १८८५ साल मिति पौष शुदि ६ रोज ३ शुभम्

[इतिहास-प्रकाश १।१ को १४८-४९ पृष्ठमा योगी नरहरिनाथद्वारा प्रकाशित पत्रबाट]

मेचीदेखी महाभारत उपर जती सन्धि लाग्न्या गढा छन् ।
जम्मा जगा उनन्तिस् यस परि कहिया कालितका यती छन् ॥
शुम्भेश्वर्‌मा गढी थ्यो विकट उहि पनी कालि पश्चिम् जती छन्।
तेस्‌को सख्या असले बुझिसुझि कहनन् देषन्या विन्ति गर्नन॥१०॥

['पुराना कवि र कविता' को ११६ पृष्ठ]

लडाइँ जितिने काममा तन्त्र-मन्त्रले पनि बल दिन्छ भन्ने सम्भेका भीमसेन थापाले अंग्रेजको तन्त्रमन्त्र कस्तो रहेछ भन्ने बुझ्ने चेष्टा गरे। जस्तै—

स्वस्ति श्रीसर्वोपमायोग्यराजभारासामर्थ श्रीवकील लोकरमण उपाध्याके इत श्रीजनरल कम्याण्डर इन चीफ् भीमसेन थापाकस्य प्रणामपूर्वकपत्रमिदं।

आगे यहाको समाचार भलो छ. उप्रान्त फिरंगीका आपना मजबको क्या देवता रहेछ. देवताको ध्यान पूजा पद्धति कस्तो रहेछ. ताहा बुझया थाहा होला. तसनिमित्त तिमिले कसैले चाल नपाउन्या पाठसंग अभ्यंतर गरी बुझी यो देवता यो ध्यान यो पूजापद्धति भनी छुट्याई कागजमा उतारी चाडो पठाउन्या काम गर. ज्यादा नेस तरफको षबर समेत कुशल क्षेम लेषतै रहनु र बढिया हुँछ. इति संवत १८९३ साल मिति माघ वदि १२ रोज ५ मु. कान्तिपुर शुभम्.

[संस्कृत-सन्देश १।१० मा गौतमवज्र वज्राचार्यद्वारा प्रकाशित पत्र]

सरकारको यस्तो उद्योग देख्ता नेपालीहरूले अंग्रेजलाई हाम्रो मौकामा जित्न सक्छौं भन्ने कुराको प्रचार गर्न लागे। जस्तै—

बडी वाजि[1] ताजो महाराजि जो छन्
सवार्मा त बसी मनोरथ् कहन्छन् ।
फिरंगी हटाई लुटोपीटि चाँडो
पुगी आज गंगा पखाल्नू छ खाँडो[2] ।।२०।।
['पुराना कवि र कविताको १०६ पृ.]

गोरा त शूरा दुइ एक हुन्छन
गोर्षामहाँ कातर आज कुन् छन ।
गारन्[3] डराई पनि चिट्ठि लेष्यो
नेपालका वीर सिपाहि देष्यो ।।२३।।

[उही १०७ पृ.]

मौगल् मासिदियो नवाफ् गलिगयो आफै फरासिस् हट्यो
बाजोराव त पाजि भो भरतगढ् घेरा दिंदंमा टुट्यो ।
दिल्ली थानि लियो नसाब बलले उस्तो फिरंगी पनी
नेपाल् आइ पिछा पर्‍यो त डरले कम्पू बषानै सुनी।।१३।।

[उही ११६ पृ.]

"..... दक्षिण दिशाका फिरंगिका नाथ बात्साहादि
फिरंगी सकन पनि आफ्ना वशमा राषि नेपाल कांतिपुर
राजधानीविषे विराजमान भयाका एस्ता श्री ५ मन्महा-

---

1. घोडा 2. खुँडा 3 सर एडवर्ड गार्डनर

राजाधिराज श्री५राजराजेन्द्रविक्रम साहदेवका चिर काल पर्यंत जयजयकार रहोस् ॥१४६॥"

(त्रिरत्नसौन्दर्यगाथाबाट)

जङ्गबहादुरको पालासम्म पनि अंग्रेजहरूले नेपालीसंग लड्न सक्तैनन भन्ने सर्वसाधारणको भावना थियो। जस्तै-

"ओइङ् टु आउर् मिसटेकन् पॉलिसि अफ् ऑलवेज् गिभिङ् वे टु देअर् डिमान्ड्स्, यॉन्ड् न्यॉभिश्लि बिस्टोइङ् ऑनर् यॉन्ड् टाइटिल्स् , आइ बिलीभ् ध्यॉट् द यङ्गर यॉन्ड् मोर् फूलिश् पोर्शन अफ् कॉम्युनिटि फर्मलि बिलीभ् ध्यॉट् द ब्रिटिश् आर् एफ्रेड् अफ् देम , यॉन्ड् ध्यॉट् देअर् आर्मि इज् क्वाइट् ए म्यॉच् फर् एनि फोर्स् ध्यॉट् कुड् बी ब्राउट् ऐगेनस्ट इट्."

[राइटको भूमिका, प्रथम संस्करण, ७३ पृ.]

[नेपालीहरूको माग सधैं पुन्याइदिने तथा खूपसंग उनीहरूको आदर गर्ने र उनीहरूलाई तक्मा दिने हामीहरूको (अंग्रेजहरूको) गल्ती नीतिले गर्दा नेपालका ठिटाहरूमा र अशिक्षित मानिसहरूमा 'अंग्रेजहरू नेपालीसंग डराएका छन तथा नेपालीसंग जो लड्न आए पनि नेपालका फौज मुकाबिला गर्न सक्छ' भन्ने विश्वास पक्कासंग जमेका छ भन्ने मलाई लाग्छ ।]

अंग्रेजका शत्रु कहाँ कहाँ छन भन्ने कुरामा चनाखो भई अंग्रेजसंग भरखर लडी हारेका प्रभालीले नेपालीसंग मिल्लान्

कि भन्ने आशाले भीमसेन थापाले वर्मामा दूत पठाए। जस्तै-

"आब्रह्माका मुलुकमा पुगि गर्न्या कामको याददास्त—

प्रथम सवाल-

इ हाँबाट कूच गरि बढिया बाटो गरि ब्रह्माका मुलुकमा पुगि राजा रहन्याका सहरमा डेरा गर्नु. राजाको मुषतियार को रहन्याछन् बुझि उनसंग भेट गरि उहाँको हाल सुरत बुझ्नु—

दोस्रा सवाल-

उहाँका मालिकका रानी छोरा छोरी भाइहरू कति रहन्याछन. मालिकका स्वभाव कस्ता रहेछ. अंगरेजसित कस्ता रहेछ. काम गर्न्या भारदारहरू कतिको मिल्याका रहन्याछन बुझनु—

तेस्रा सवाल-

मालिक र भारदारहरू अंगरेजसित मिल्याका अंगरेजको हुकम मान्या रहन्याछन भन्या आफ्नु आशय नबोल्नु. मालिकका मनना मनसुवा इरादा रहेछ भारादारहरूमा काही मिल्याका हुनाले प्रकास गर्न नसक्याको रहेछ भन्या मालिकका पेटका मनसुवा राषन्या बढिया मानिस विचार गरि उसको बाटो गरि नषुलन्या पाठसित षबर राजासंम पुऱ्याई उनका आशय बुझन्या काम गर्नु—

चौथा सवाल-

राजा मनसुवा भयाका उद्योगना उत्साह राषन्या रहन्याछन

भन्या हामिसितको अहदनामा गराउन्या पाठ गर्नु-

पाँचौ सवाल-

उन्का मुलुक् कत्रो कस्तो रहेछ. आमदानी क्या रहेछ. खर्च कति हुँदो रहेछ. फौज कति कस्तो रहेछ. मुलुकी जंगी अदालतका कामको क्या बंदोबस्त रहेछ बुझनु—

छैटो सवाल-

उनलाई मान्या राजाहरू र उन्सित मिलाप् भयाका अरु राजाहरू कति रह्याछन्. हाम्रा र उनका मुलुक्का बीचमा कति कत्रा कस्ता रह्याछन बुझनु—

सातौं सवाल-

राजाको बंसावली र उनकाहाँका ऐन्हका कितापहरू पायासंम ल्याउनु—

आठौं सवाल-

दौलत कति रहेछ मुलुक्का रैयतसंग क्या हिसावले लिंदा रह्याछन् बुझनु-

नवौं सवाल-

राजादेखि प्रजाहरू सिपाहिहरू कतिका राजा रह्याछ. मुलुक कत्तिको गुलजार रहेछ सो बुझनु-

अहदनामाको मसौदा-

आगे महाराज फलानासित अहदनामा गर्‍यौं. हाम्रा मुलुकमा परचक्रको भय पर्‍यो भन्या तिम्रिले फौज खजानाले मद्दत गर्नु. तिम्रो मुलुकमा परचक्र भय पर्‍यो

भन्या ह्यामिले फौज षजामाले मद्दत गर्नु. ह्याम्रा शत्रु तिम्रा शत्रु, ह्याम्रा मित्र तिम्रा मित्र भनि दुवै तरफबाट व्यवस्था राषनु..यो अहदनामा युग युगसम्म दुवै तरफबाट स्थिर राख्नु"

[ज. भीमसेन थापा र तत्कालीन नेपाल १७५-७६ पृ.]

सरकारको यस्तो मुराद देखेर पण्डितहरू पनि अंग्रेजका विरुद्धमा आफ्नो बुद्धिले भ्याएसम्म काम गर्न लागे । जस्तै-

"स्रष्टाविता च संहर्ता मूर्तिभेदैर्गुणात्मकैः ।
नानावतारैर्यो धर्मं जागर्ति प्रणतार्तिहा ॥
तस्येच्छया द्विजः कश्चिद्गौतमर्षिकुलोद्भवः ।
क्षेत्रे पाशुपते रम्ये वसन्नेवं व्यचिन्तयत् ॥
वर्णाश्रमैरनुष्ठेयो वेदवाक्यनियोगतः ।
धर्मो यः कालवशतः स्वयं कृशतरः स्थितः ॥
तस्याप्यभाववर्नाविच्छन्समुद्रद्वीपगोचरः ।
शनैः शनैरुपगतो गोरण्डाख्यो मलिम्लुचः ॥
गोभूदेवसुराणां यो निन्दको हिंसकः खलः ।
छिद्रान्वेषी बाहुजानामप्रजानामभयप्रदः ॥
ऊरुजानामहितकृत्पद्जानामवृत्तिदः ।
विशेषतोवर्नाशानामनीत्या राज[1]शासिनाम् ॥
अन्योन्यं भेदको बुद्ध्या सामादिभिरनेकधा ।
भिन्नचित्तेषु सर्वेकैर्मिलित्वेतरभूभुजः ॥
हत्वा तानपि पश्चात्स बलहीनान्वशंगतान् ।
कुर्वन्षव[2]द्धीरयां भूमावुपेक्षित इवामयः ॥

1. राजवशासिनाम्. 2. वर्धे

शास्त्रकुशलो मन्त्रकोशदुर्गबलान्वितः ।
रराजाग्यशिवो राज्ञां यः स ऋाडिव मानदः ॥
अराजकमद्यां कृत्वा चक्रवर्तित्वमिच्छति ।
भो भोः शृणुत राजानो विज्ञप्तिं नो हिताय च ॥
एष गारण्डका नाम वर्णाश्रमनिवासिनाम् ।
सर्वेषामशिवायैतां यत्नं कुरुत मा चिरम् ॥
मिलित्वा युगपत्सर्वे संहतिः कार्यसाधिनी ।
वयं भ्रातर एवेति धिया धर्मसुतांकितः ॥
अन्यैः सह विरोधे तु वयं पञ्चोत्तरं शतम् ।
परस्परविरोधे तु यूयं यूयं वयं वयम् ॥
तत्कार्यगौरवाद्येषां येषु वैरं निजेषु यत् ।
विहायैकीभूय नृपा युगपद्धन्यतामयम् ॥
परस्परविरोधेन भवतां भूभुजामिह ।
अन्यान्तरः पोतवणिग्गारण्डो वृद्धिमाययौ ॥
यदा दूतमुखैर्मन्त्रं निवेद्य च परस्परम् ।
संहतैश्चारनरैर्भाव्यं भूपतिभिस्तथा ॥
तदा च गन्तु युद्धाय भवन्तः कृतमङ्गलाः ।
चातुर्वर्ण्यजनस्थाने घोषयन्त इमा गिरः ॥
न भेतव्यं न भेतव्यं नरैर्नारीभिरर्भकैः ।
वृद्धैर्युवभिरेवं वा वयं हि परिपालकाः ॥
सागरद्वीपवासी यः पोतविड्वसुलुम्पकः ।
स एवायं निहन्तव्यो मार्गयित्वा पुनः पुनः ॥
तत्रैवमादौ कर्तव्यं मन्त्रोपन्यासकर्मणि ।
ये च तस्य वशीभूता राजानो बद्धपौरुषाः ॥

सुगोप्य कृतसम्भाराः प्रेक्षका इव संस्थिताः ।
निगूहयन्तु स्वबलं प्राप्तावसरयोधिनः ॥

ये च गोरण्डशस्त्रास्त्रवृष्टिपातादभीरवः ।
तानाह्वयन्तु[1] युद्धाय देवा इव दितेः सुतान् ॥

यागपद्यविधानज्ञैरप्रमार्याद्भिराहवे ।
भवितव्यं भवद्भिश्चेदेद्धयी वागनुश्रुता ॥

आरभन्तेऽल्पमेवाज्ञाः काम व्यग्रा भवन्ति च ।
महारम्भाः कृतधियस्तिष्ठन्ति च निराकुलाः ॥

अन्यैरलं भागवती भारती या किरीटिनी ।
तामनुस्मृत्य बहुशः संग्रामं कर्तुमर्हथ ॥

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥

विमृश्यैवं महीपालाः पाश्चात्या दाक्षिणात्यकाः ।
आर्यावर्त्तक्षितीशा ये प्रोत्तिष्ठन्त्वाहवाय ते ॥

अन्यथा केवलीभूताश्छिद्रान्वेषणकारिणा ।
हन्यमानाः क्रमाद्यूयं न भविष्यथ वैरिणा ॥

धराजानिधिचन्द्रे वाणी वार्णानिधिसुसंधि[2]ता ।
समुल्लसतु देवेषु गौरवेव गरीयसा ॥

गोरण्डध्वान्तनिकरो विलयं यातु मा चिरम् ।
शाके विक्रमके सप्तसप्ताष्टैकसमे सति ॥

मार्गशीर्षे सुचिन्त्येमां विचार्याकरवं धिया ।
[संस्कृत-सन्देश १।८ मा 'गोरण्डाख्यो मलिम्लुचः' भन्ने

---

1. आह्वयन्ताम् 2. सुसंहिता

नामले यसका मूल छापिएको छ । इतिहास - प्रकाशको पहिलो अङ्कमा 'नेपालको व्यापक राष्ट्रिय भावना' भन्ने नामले योगी नरिहरनाथ र जनकलाल ढकालद्वारा त्यसको नेपाली अनुवाद प्रकाशित भएको छ । अहिले यहाँ आफ्नो बुद्धिअनुसार मूल संस्कृतलाई छोड्याएर, अनुवादलाई सच्याएर प्रकाश गरिएको छ ।]

[रज सत्त्व तम गुणस्वरूपका ब्रह्मा विष्णु रुद्रका रूपले जसले सृष्टि स्थिति प्रलय गर्छन्, धर्म-रक्षाका निमित्त जो नानावतार लिन्छन् , तथा भक्तको दुःखलाई जो हर्छन् , तिनै परमेश्वरको इच्छाले राम्रो पाशुपत क्षेत्र (नेपालखाल्डो) मा बसेका गौतम गोत्रका वाणीनिधिनामक एक ब्राह्मणले यस्तो विचार गरे । वेदवाक्यअनुसार चार वर्ण तथा चार आश्रमले गर्नुपर्ने धर्म कालको वशले आफै दुब्लाएको थियो । दुब्लाएको त्यस धर्मको पनि जरै मास्न भनेर समुद्रको टापूमा बस्ने चोर अंग्रेज विस्तार विस्तार आइरहेछ । देवता गाई ब्राह्मणहरूलाई मार्ने तथा निन्दा गर्ने यो बदमास बाहुनहरूलाई तर्साउँदै क्षत्रियहरूको छिद्र खोज्दै वैश्यहरूको कुभलो गर्दै, शूद्रहरूको जीविका हर्दै आइरहेछ । नीति छोडेर राजकाज गर्ने राजाहरूलाई ता फुल्याएर हुन्छ कि, केही दिएर हुन्छ कि, हप्की-दप्कीले हुन्छ कि, जे गरेर भए पनि आफूस-आफूसमा फुटाइदिन्छ । ती राजाहरूको चित्त फाटेपछि केही राजासंग मिलेर अरू राजाहरूलाई मार्छ र आफूसंग मिलेका राजाहरूलाई पनि विस्तार विस्तार निर्धो पार्दै कज्याउँदै त्यो अंग्रेज वास्ता नगरेको रोग जस्तै यस देशमा बढ्दै गइरहेछ । यो अंग्रेज अहिले

हात-हतियार धन किल्ला फौज सरसल्लाह सबै कुरा जोडेर बादशाह जस्तो भई तक्मा बाँड्न लागिरहेछ। पृथ्वीका सबै राजालाई सिद्ध्याएर यो अंग्रेज चक्रवर्ती हुन तंसिरहेछ। हे राजाहरूहो, हाम्रो यस बिन्तीलाई हितका निमित्त सुन्नुहोस्, जात-भात मान्ने सबैको कुभलो गर्न यो अंग्रेज आइरहेछ। चाँडै सबै जना मिलेर एकै चोटि उद्योग गरिहाल्नुहोस्। हामीहरू भाइ भाइ हौं भनी मिली काम गर्दा सफल हुन्छ। बाहिरियासंग लड्दा हामी १०५ भाइ छौं, आफू आफूको लडाइँमा तिमीहरू १०० भाइ छौ, हामीहरू ५ भाइ छौं भनी युद्धिष्ठिरले दुर्योधनहरूलाई भनेको कुरा संझेर ठूलो काम आइपरेको हुनाले आफूस आफूसको झगडा छोडेर मिलीकन एकैपल्ट यस अंग्रेजलाई ठोक्नुहोस्। हे राजाहरूहो, तपाईंहरूको आफूस - आफूसको कलहले नै यो जहाजी व्यापारी अंग्रेज मौका पाएर बढिरहेछ। दूतद्वारा परस्परमा सल्लाह मिलाएर जासूसद्वारा सबै कुरा बुझेर राजाहरूले रहनुपर्छ। मङ्गल गरी तपाईंहरू लडाइंको लागि तयार हुनुहोस्। जात-भात मान्ने मनुष्यहरू जहाँ जहाँ छन्, त्यहाँ त्यहाँ गई बूढा-बूढी केटा-केटी तरुना-तरुनी कसैले पनि डराउनुपर्दैन. तिमीहरूको रक्षा हामी गर्छौं, समुद्रको टापूमा बस्ने जहाजी व्यापारी यो अंग्रेज हाम्रो धन लुट्न लागिरहेछ, यसलाई खोजी खोजी मार भनी तपाईंहरू घोषणा गर्नुहोस्। यस विषयमा पहिले यसरी मत मिलाउनुपर्छ। जुन राजाहरू अंग्रेजका बशमा परिसकेका छन्, तिनीहरू भित्र-भित्रै चाँजो मिलाई सजिसजाउ गरी रमिते जस्ता भई आफ्नो बल लुकाई राख्नु र ठीक मौकामा लड्न तयार भईरहून्। अंग्रेजका हात हतियारदेखि नडराउने जो राजा छन्. तिमीहरूले देवताहरूले

दैत्यहरूलाई भैं अंग्रेजलाई लडाइँ गर्न हाँक दिऊन । होशियार भएर तपाईंहरूले एकैपल्ट लडाइँका मैदानमा उत्रनुपर्छ । 'अबूझहरू सानो काम उठाउँछन् र आत्ती पनि हाल्छन् । बुद्धिमान्हरू ठूल-ठूला काम उठाउँछन् तथा नहडबडाईकन रहन्छन्' भन्ने उद्धवको उक्ति तपाईंहरूले सुन्नुभएकै होला । धेरै कुरा के गरौं, महाभारतको लडाइँमा भगवान् कृष्णले अर्जुन-लाई जुन उपदेश दिनुभएथ्यो त्यसलाई संभेर तपाईंहरूले लडाइँ गर्नु बढिया छ— 'हे अर्जुन लडाइँमा मर्‍यौ भने स्वर्ग पाउनेछौ, जित्यौ भने पृथ्वीको रजाइँ गर्नेछौ । त्यसैले लडाइँका निमित्त कस्सिएर उठ' । उत्तरभारत र दक्षिणभारतका सबै राजाहरूले यस कुरालाई विचार गरेर लडाइँका निमित्त तयार हुने मौका आइरहेछ । यसो नगर्ने हो भने मौका खोजी खोजी हान्ने शत्रुले तपाईंहरूलाई एकल्याई एकल्याई सिद्धयाउनेछ र तपाईंहरूको सर्वनाश हुनेछ । देवताहरूकहाँ बृहस्पतिको भैं राजाहरूकहाँ बाणीभिख्रिको यो ठूलो कुरो पुगोस् । अंग्रेजरूपी अन्धकारको थुप्रो चाँडै बिलाओस् । विक्रम संवत् १८७७ मार्गमा बुद्धिले खूप विचार गरेर मैले यो कुरा बनाएं ।"

"श्रीमद्गणेशगिरिजेशरमेशभानून्
श्रीमद्गुरुं प्रधनतन्त्रविदग्रगण्यम् ।
द्रोणं कृपं परशुराममतीव भक्त्या
युद्धे सदा विजयिनं मनसा प्रणम्य ॥
श्रीमद्धिमालयमहीपशिरोवतंस-
संशोभिसन्मणिरुगर्चितपत्कजस्य ।

राजेन्द्रविक्रमनरेशविभाजयार्थ-
मारभ्यतेऽत्र विजयोत्सवसद्विधानम् ॥
योसौ प्रतापनिकरैः प्रथितः पृथिव्यां
युद्धादिसन्नृपगुणैर्कनिधानशाली ।
नेपालपालनरपालकुलावतंसो
गोरण्डचण्डकुहकोपशमैकवीरः ॥
तद्यात्रिकोत्सवविधौ विजयार्थमद्धा
लक्ष्मीपतिः प्रधनतन्त्रमतं विविच्य ।
यात्रोपयोगिसमरोचितमात्रिकादि-
नानास्वरोदितविभिन्नमतैक्ययुक्त्या ॥
राजेन्द्रविक्रमनरेन्द्रसुखावबोध-
मायोधनार्थविजयोत्सवमारभेऽहम् ।

[दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको विजयोत्सव-नामक ग्रन्थबाट । यो पुस्तक प्रकाशित भएको छैन। यो पुस्तक अहिले मोहननाथ पाँडेसंग छ । लक्ष्मीपति र उनका पुस्तक पात्राहरूको बारेमा अर्को निबन्धमा म बिस्तारपूर्वक लेख्नेछु]

[श्रीगणेश महादेव विष्णु सूर्यलाई; युद्धविद्या जान्नेहरूमा अघिसरा भएका श्रीगुरुलाई, लडाइँमा सधैं विजय गर्ने द्रोणाचार्य कृपाचार्य परशुरामलाई भक्तिपूर्वक मनले ढोगेर हिमालयका राजाहरूका शिरपेच सिंगार्ने असल जुहारतका चहकले पाउरूपी कमल सिंगारिएका, महाराजाधिराज राजेन्द्र विक्रम प्रभुको जितबाजीका निमित्त विजयोत्सवको विधान

(विजयोत्सवनामक ग्रन्थ) यहाँ थालिन्छ । नेपालराजकुलमा शिरोमणि भएका, राजामा हुनुपर्ने लडाइँ गर्नु आदि मुख्य गुणले युक्त भएका, अंग्रेजका कडा चटक (जालफेल) खतम गर्ने मुख्य वीर भएका उहाँ (महाराजाधिराज) प्रतापले पृथ्वीमा प्रख्यात हुनुहुन्छ । उहाँ महाराजाधिराजले लडाइँ खेल्दा विजय होस् भनी म लक्ष्मीपतिले राम्ररी युद्धविद्याका मतको छानबीन गरेर प्रस्थान गर्दा र लडाइँ खेल्दा काम लाग्ने मात्रा आदि अनेकन स्वर शास्त्रमा बताइएका नानामतको एक वाक्यता गराएर महाराजाधिराज राजेन्द्रविक्रमलाई सजिलैसंग बोध होस् भनी लडाइँको विषय परेको 'विजयोत्सव' नाम गरेको ग्रन्थ बनाउँछु ।]"

यही प्रसङ्गमा राजनीतिका पुस्तक पढे लडाइँ लड्न सजिलो हुन्छ भन्ने कुरा कुनै पण्डितले भीमसेन थापा आदि भारादारहरूलाई सुझाए र संस्कृत भाषादेखि अनभिज्ञ रहेका भारादारहरूलाई सुनाउन पढाउन भनी पण्डितहरूले राजनीतिका पुस्तक भन्ने सम्झेका तथा बुझेका पुस्तकहरूको नेपालीमा अनुवाद गर्न लागे ÷ ।

÷ "इति श्रीदशकुमारचरितान्तार्थभासायां राजवाहनअवन्तिसुन्दरीचरितन्नाम चतुर्थोच्छ्रास पूर्वपीठिका सम्पूर्णम् चतुर्थोच्छ्रास. श्रीशाके १७५८ मासे ६ तिथौ ७ वासरे कान्तिपुर राजधानी लिखितमिदं पुस्तकं गोरक्षाचलाधिपमंत्री त्रिविक्रमसिंहस्य पठनार्थं पूर्वपीठिका शुभम् ।

इति श्रीदशकुमारकथाभासायां विश्रुतचरितन्नाम

यही प्रयत्नमा राजनीति विषय परेको नाटक भनी प्रख्यात भएको मुद्राराक्षसलाई पण्डित भवानीदत्त पाँडेले नेपाली भाषामा अनुवाद गरेको देखिन्छ। हितोपदेशको अनुवाद पनि यसै कारण भएको देखिन्छ।

आर्यावर्त्तीयगोरक्षवालीभासा अष्टमोच्छ्वास संपूर्णम्।
श्रीशाके १७५८ साल् १८९३ मासे ८ तिथौ वाला-
चतुर्दशी मंत्रीपाठार्थम् शुभम्."

[वीरपुस्तकालयमा रहेको हस्तलिखित पुस्तकबाट, मेरो प्रेरणाले भोलानाथ धनवज्रले वीरपुस्तकालयमा गई त्यहाँका अधिकारीको सौजन्यबाट यो उतार सारी ल्याएका हुन्]

अनुवाद-परीक्षा

नाटकको शैली छोडेको तथा अर्थ खुलाउन थपेको

मूल मुद्राराक्षस नाटकलाई विशाखदत्तले नाटक खेल्न हुने गरी लेखेका छन् । हाम्रा अनुवादक भवानीदत्तले भने नाटकको शैलीलाई छोडेका छन् । अनुवादकको उद्देश्य नाटक खेलाउन हुने गरो अनुवाद गर्नु देखिंदैन, नाटकको कुरा राम्ररी बुझिने पार्नु देखिन्छ । यसैले अनुवादकले नाटकको शैलीलाई छोडी पौराणिक पण्डितले कथा भन्ने शैली लिएको बुझिन्छ । मूल र अनुवादलाई मिलाई हेर्दा यो कुरा सहजैसंग बुझिन्छ तापनि हाम्रा अनुवादकले नाटकको शैली छोडेका केही उदाहरण यहाँ दिइन्छन—

नाटकको कथाको पूर्ववृत्त नबुझी नाटक बुझ्न गाऱ्हो हुने हुनाले मूल नाटकमा नभएता पनि अनुवादकले उठानमै प्रस्तावनाको रूपमा कथाको पूर्ववृत्त दिएका छन् । "………एती अर्थ मनमा सम्झीकन नाटकको अर्थ दिन्छौं" भनी अनि मात्र मूल नाटकको अनुवाद सुरु गरेका छन । यसरी उठानमै हाम्रा अनुवादकले नाटकको शैली छोडेको देखिन्छ ।

त्यस्तै—

सूत्रधार :— — भवतु । कुटुम्बिनीं तावदाहूय पृच्छामि
(नेपथ्याभिमुखमवलोक्य)

गुणवत्युपायनिलये स्थितिहेतोः साधिके त्रिवर्गस्य ।
मद्भवननीतिविद्ये कार्याचार्ये द्रुतमुपेहि ॥

(प्रविश्य)

नटी- आर्य, इयमस्मि । आज्ञानियोगेन मामार्योऽनुगृह्णातु ।

सूत्र- आर्ये, तिष्ठतु तावदाज्ञानियोगः । कथयतु, किमद्य भवत्या तत्रभवतां ब्राह्मणानामुपनिमन्त्रणेन कुटुम्बक-मनुगृहीतम् । । अभिमता वा भवनमतिथयः संप्राप्ताः । यत एष पाकविशेषारम्भः ।

नटी- आर्य आमन्त्रिता मया भगवन्तो ब्राह्मणाः ।"

यसको अनुवाद भवानीदत्तले यसरी गरेका छन्—

"... मेरा घरमा क्या निमित्त यो उत्सव मंगलको प्रारंभ भएछ. मेरी स्त्रीकन बोलाई सुध्याउँछु भनी घरतर्प हेरी सूत्रधार कहन्छ. गुणले युक्त भयाको अनेक उपायकन जान्या आफ्ना कुलधर्मको स्थिति चलाउँनामा कारण भयाको धर्म अर्थ काम तीनै कुराकन साध्न्या वषत् वषत्को काम जान्न्या मेरा घरको नीतिकन जान्या एस्ती हे स्त्री. चाण्ो मेरा नजीकमा आउ) भनी एती सूत्रधारले कह्याको सुनी रंगभूमिमा आइकन नटी कहन्छे. हे स्वामी. म आऽयाँ. क्या निमित्त बोलाउनुभयोथ्यो. आज्ञा गर्नुहवस् भनी नटीले सुध्याया उप्रांत सूत्रधार कहन्छ. हे नटी तिमिले ब्राह्मणहरूकन निम्तो दी भोजनको तयारी गर्न्यौ की अथवा कोही अतिथी आया भनी भोजनको तयारी गर्न्यौ. क्या निमित्त पान पक्कान्न बनाउनाको आरंभ हो. भनी सूत्रधारले सुध्याया. अनी नटी कहन्छे. हे स्वामी मैले सत्पात्र ब्राह्मणकन निमंत्रणा दी बोलाञ्या. एसै कारणले भोजन गर्न्या वस्तुको [तयारी

हुन] लागी रहेछ."

नाच खेलाउन हुने गरी लेखिएको नाटकमा "एती सूत्र-धारले कह्याको सुनी नटी कह्न्छे, नटोले सुध्याया उप्रांत सूत्रधार कह्न्छ, सूत्रधारले सुध्याया. अनी नटी कह्न्छे" यस्ता वाक्य लेख्नु आवश्यक छैन। किनभने रङ्गभूमिमा भिन्न भिन्न पात्रले बोलेको प्रत्यक्ष सुनिने तथा देखिने हुनाले 'यो कुरा फलानाले बोलेको' भन्ने कुरा दर्शकले आफै बुझ्दछ । यस कारण नाच देखाउन हुने गरो लेखेको नाटकसंग हाम्रा अनुवादकको अनुवाद-शैलो नमिलेको स्पष्ट देखिन्छ ।

माथि उद्धृत संस्कृत भागको अनुवाद जस्ताको तस्तै गरेको भए यस्तो हुनुपर्थ्यो—

"सूत्रधार — भइगयो । मेरी स्त्रीकन बोलाई सुध्याउँछु (नेपथ्य-तिर फर्केर) गुणले युक्त भयाकी, अनेक उपायकन जान्या, आफ्ना कुलधर्मका स्थिति चलाउँनामा कारण भयाकी, धर्म अर्थ काम तीनै कुराकन साध्न्या, वषत् वषत्को काम जान्न्या, मेरा घरको नीतिकन जान्न्या एस्ती हे स्त्री चाणो मेरा नजीकमा आऊ

नटी- (पसेर) हे स्वामी, म आऱ्यौं । क्या निमित्त बोलाउनु-भयोथ्यो, आज्ञा गर्नुह्वस् ।

सूत्रधार- हे नटी, अह्राउनुपर्न्या कुरा अह्राउदै गरूंला । तिमीले सत्पात्र ब्राह्मणहरूकन निम्तो दी घरको कल्याण गऱ्याको हो की. अथवा मान्नुपर्न्या कोही अतिथि आया. क्या निमित्त पान पकान्न बनाउ-

नाको आरम्भ हो.

नटी- हे स्वामी, मैले सत्पात्र ब्राह्मणकन निमंत्रणा दी बोलाञ्या."

यस्तै अर्को ठाउँमा—

"(ततः प्रविशति यमपटेन चरः)

चरः- प्रणमत यमस्य चरणं किं कार्यं दैवतैरन्यैः ।
एष खल्वन्यभक्तानां हरति जीवं परिस्फुरन्तम् ॥

अपि च ।

पुरुषस्य जीवितव्यं विषमादपि भवति भक्तिगृहीतात् ।
मारयति सर्वलोकं यस्तेन यमेन जीवामः ॥

अनुवाद—

तहाँपछि जमराजको मूर्ति लेष्याको पट देषाई घर घरमा मागी षान्या संन्यासीको रूपधारी पटनामा पठायाको निपुणकनामा चिवा जो छ. चाणक्यका घरका ड्यौढीमा आईकन यमराजको मूर्ति देषाई पणमह भन्याका २ श्लोककन पढ्छ. तनमा प्रथम श्लोकको अर्थ. हे लोकहो, यमराजका चरण प्रणाम गर. अरु देवताको केही प्रयोजन छैन. ई यमराज जो छन्. अरु देवताको भक्ति भावना राष्न्या मनुष्यका प्राणैकन हर्छन्. कदाचित् पनि छोड्दै- नन्. दोस्रो श्लोकको अर्थ. यमराज अतिकठोर छन तपनि भक्तिले संतुष्ट गराउन सक्यो भन्या त्यो मनुष्य चिरंजीवी हुन्छ. यमराजको भक्ति भन्याको अल्प मृत्युकन टार्न्या हो. जउन यमराजले संपूर्ण लोकको प्राण हरि

लिन्छन् . तनैको सेवा गरी हामी जियाका छौं. अर्थात यमराज झैं कठोर भयाका बहुतै पराक्रमी एस्ता चाणक्यको सरण गरी तिमिहरु पनि आफ्ना प्राणकन बचाव. राक्षसमंफिका भरोसामा नपर भन्या चिवाको आशय हो."

पहिलो श्लोकको अर्थ, दोस्रो श्लोकको अर्थ इत्यादि भनी यसरी व्याख्यान गर्नु नाटकको शैलीसँग मेल खाँदैन भन्ने स्पष्ट छ।

अनुवाद हेर्दा पाठकले सरसरी बुझून् भन्ने उद्देश्यले हाम्रा अनुवादकले ठाउँ-ठाउँमा विषय खुलाउन थपेका पनि छन्। जस्तै—

"क्रूरग्रहः सकेतुश्चन्द्रमसंपूर्णमण्डलमिदानीम्।
अभिभवितुमिच्छति बलात्

(नेपथ्ये)

आः, क एष मयि स्थिते

रक्षत्येनं तु बुधयोगः ॥१/६

अनुवाद—

केतुनामा क्रूरग्रहले [चन्द्रम]ण्डलकन बलात्कारले तिरस्कार गर्नाको इच्छा गर्छ. आजका दिनमा बुधका जोगले बचाउन्याछ. ग्रहण हुन्याछैन. भनी आफ्नी स्त्रीसँग रंगभूमीमा सूत्रधारले कहँदा केतु भन्याको मलयकेतु हो तसलाई उठाई ल्याउन्या राक्षस मंत्री जो छ. चन्द्र भन्याका चन्द्रगुप्त राजाकन एस् समयमा बलले

जित्नकन इच्छा गर्छ भनी सूत्रधारले कह्थ्यो भन्या जस्तो मानी अन्तर्पटभित्र रह्याको चाणक्य कहन्छ. अहो नीतिशास्त्रकन जान्या बुद्धिमान् म जिउँदो छँदैमा आज चन्द्रगुप्तकन फेरी जित्न्याको मनसुधा धर्न्या को हो भनी भित्रदेखी बोली उठ्यो.'

यहाँ दोहोरो अर्थ लाग्न सक्ने 'क्रूरग्रह…' यस श्लोकको केवल शब्दानुवाद गर्दा प्रसङ्ग नबुझिने हुनाले थपी अर्थ खुलाएर अनुवाद गरिएको छ । यसै गरी ठाउँ-ठाउँमा हाम्रा अनुवादक भवानीदत्तले थपेका छन् । जस्तै-

"श्यामीकृत्याननेन्दूनरियुवतिदिशां सन्ततैः शोकधूमैः
काम मन्त्रिद्रुमेभ्यो नयपवनहृतं मोहभस्म प्रकीर्य ।
दग्ध्वा संभ्रान्तपौरद्विजगणरहितान्नन्दवंशप्ररोहान्
दाह्याभावान्न खेदाज्ज्वलन इव वने शाम्यति क्रोधवह्निः ॥

अनुवाद—

शत्रुका स्त्रीरूपी दिशामा उदायाका मुखरूपी चन्द्रकन शोकरूपी धुवाँले कालो गराञा. अर्थात् शत्रुकन मारी तिनहरुका स्त्रीकन शोकजुक्त गराञा. औ नीतिरूपी वायुले उडाई ल्यायाको मोहरूपी छारो धुलो छरी राक्षस वक्रनास प्रभृति मंत्रिकन मोह गराञा. औ सह्वासी मनुष्यरूपी पक्षिले रहित भयाका नन्दवंशरूपी वनकन मेरा क्रोधरूपी अग्निले दग्ध गराञा. तसर्थ डढ्यालो लाग्याका वनमा डढाउन्या वस्तु नपाई वनका अग्निले

शांत भया झैं नन्दवंशरूपी वनकन डढाई मेरो क्रोधरूपी अग्नि समन भयाको हो. सामर्थ्य नभैकन होइन. आज राक्षसको सहाय भै मलयकेतु आयो भन्या शांत भयाको क्रोधरूपी अग्नि फेरी पनि बल्न्याछ. ”

“अस्यैवार्थस्याभिव्यक्तये पिता ते चाणक्येन घातित इति रहसि त्रासयित्वा भागुरायणेनापवाहितः पर्वतकपुत्रो मलयकेतु.। शक्यः खल्वेष राक्षसमतिपरिगृहीतोपि व्युत्तिष्ठमानः प्रज्ञया निग्रहीतुम्। न पुनरस्य निग्रहात्पर्वतकवधोत्पन्नं राक्षसस्यायशः प्रकाशीभवत् प्रमाष्टुं-मिच्छामि।

अनुवाद—

हाम्रा परम इष्ट भयाका बाहिर अर्काको देष्ता मलयकेतुका हितकारी मित्र झैं बन्याका एस्ता भागुरायणकन अगाडि तम्रा पिता पर्वतेन्द्रकन माराउन्या चाणक्य हो. राक्षस मंत्री होइन भनी एकांतमा त्रास देषाई मलयकेतुकन रातारात भगाया. आज राक्षस मंत्रिका मतिमा लागी हामीमा विरोध भावना राष्न्या एस्ता मलयकेतुकन दंड गर्नाको मेरा सामर्थ्य छ. परंतु एसलाई दण्ड गर्दा एसका पिता पर्वतेन्द्रकन मार्न्या पनि एही चाणक्य पापी रहेछ. राक्षस मंत्री रहेनछ भनी संपूर्ण लोकहरु मेराउपर अपजस दिनन्. राक्षसका शिरमा पर्याको अपजस मेटिएला. तसर्थ मलयकेतुकन दण्ड गर्नु जोग्य छैन. वनका हातीकन झैं राक्षस मंत्रीकन क्रमैले थकाई आफ्ना वशमा ल्याउनु जोग्य छ. ”

यसै गरी मुद्राराक्षस नाटकको अनुवादमा प्रायः सर्वत्र अनुवादक भवानीदत्तले नाटकको शैलीलाई छोडेका छन् तथा अर्थ खुलाउन ठाउँ-ठाउँमा थपेका छन् ।

नेपालीमा नाटक लेख्ने चलन नभएको हुनाले नेपाली पाठकहरूलाई नाटकको रूप चिह्नाउन भवानीदत्तले यो ढाँचा लिएको देखिन्छ। हुन त भवानीदत्तभन्दा अघि नै राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले संस्कृतमा जयरत्नाकर नाटक बनाइसकेका देखिएको छ। यस कारण नाटकको रूपदेखि नेपालीहरू परिचित भइसकेका थिए भन्ने तर्क उठाउन सकिन्छ तापनि पछिल्लो मल्लकालदेखि नेपालखाल्डामा प्रचलित भएका गद्य पद्य गीतहरू-को संग्रह गरी बीच बीचमा संवाद देखाई लेखिएका नाटकहरूको परम्परामा हिँडेको जयरत्नाकर नाटकलाई देखेका नेपालका दरबारियाहरूलाई विशाखदत्तको मुद्राराक्षस नाटक अनौठा लाग्नु स्वाभाविक थियो। यस कारण 'वः' को अर्थ 'प्रभुकन', 'परिषद्' को अर्थ 'सभामा बस्याका बडा बडा सर्दार' भनी अनुवाद गर्ने भवानीदत्तले विशाखदत्त र नेपालका दरबारियाका बीचमा दोभाषे हुन नाटकलाई पौराणिक पण्डितले व्याख्यान गर्ने शैलीमा डोऱ्याएको देखिन्छ ।

आत्मबोधमा त प्रत्येक श्लोकको अर्थ केवल शब्दानुवाद मात्र नगरी व्याख्यात्मक ढङ्गले गरिएको छ । उदाहरणका लागि जुनसुकै श्लोक उद्धृत गर्न सकिन्छ तापनि यहाँ उठानकै दुइ तीन श्लोक उद्धृत गरिन्छन्—

"बोधोऽन्यसाधनेभ्यो हि साक्षान्मोक्षैकसाधनम् ।
पाकस्य वह्निवज्ज्ञानं विना मोक्षो न सिध्यति ॥२॥

अनुवाद—

मोक्षको कारण तत्त्वज्ञानै छ, तत्त्वज्ञानबिना मोक्ष हुदैन. जप तप व्रत पूजाहरू त पापको नाश गर्न्या मात्रै हुन्, मोक्ष दिन सक्न्या होइनन्. जस्तो दारुवा पानी भाडाहरू छन्. तपनि अग्निविना भात पाक्तैन, अग्नि भया मात्र पाक्छ. तस्तै मोक्ष पनि तत्वज्ञानले मात्र मिल्छ अरु कुराले मिल्दैन. तत्वज्ञानले त अज्ञानको नाश गरी मोक्षकन दिन्छ ॥"

"परिच्छिन्न इवाज्ञानात्तन्नाशे सति केवलः ।
स्वयं प्रकाशते ह्यात्मा मेघापाये शुमानिव ॥४॥

अनुवाद-

मनुष्य हाती घोडा कीट पतंग प्रभृति छोटा बडा शरीरमा आत्मा जो छ. भिन्न भिन्न गरि सानु ठुलो भैं देखियाको पनि अज्ञानैले हो. तसर्थ तत्त्वज्ञानले अज्ञानको नाश भयो भन्या अज्ञानले कल्पना गर्याका ती भिन्न भिन्न शरीर सबै हराउँछन्. बादल हराउँदामा श्रीसूर्यको प्रकाश भया भैं अद्वितीय परमात्मा मात्रै आफै आफ प्रकाशमान हुन्छन्. अरु वस्तु केही देखिंदैन ।"

"अज्ञानकलुषं जीवं ज्ञानाभ्यासाद्वि निर्मलम् ।
कृत्वाज्ञानं स्वयं नश्येज्जलं कतकरेणुवत् ॥५॥

अनुवाद-

ज्ञान भन्याको जीवात्माको अंतःकरणमा प्रतिबिंब

पऱ्याको आत्माभास हो । तसर्थ जान्दछु भन्या यो अंतःकरणको वृत्ति भिन्न रह्याको छंदा छंदै अद्वितीय एक परमात्मा मात्रै कसो गरि रह्यो. अद्वैत सिद्धि पनि कसो गरि बन्यो भनि संका नगनु. क्यान भन्या ढेरै दिनदेषी अभ्यास गऱ्याको ज्ञान जो छ. अज्ञानले मलिन अंतःकरण भयाका एस्ता जीवात्माका अंतःकरणको नाश गर्छ. तहाँपछि जलमा पऱ्याका निर्मलिले जलकन निर्मल गराई आफु पनि नष्ट भया झैं त्यो ज्ञान जो छ, जीवकन निर्मल गराई आफु पनि नष्ट हुन्छ. अर्थात् आत्माको प्रतिबिंब हुनाले आत्मैमा मिल्छ. तब अद्वैतसिद्धि हुन्छ ।"

वेदान्तीहरूको अखाडामा जुन शैलीमा वेदान्त चर्चा हुन्छ, त्यही शैली भवानीदत्तले लिएको देखिन्छ ।

महाभारत मार्कण्डेयपुराण हितोपदेशमा पनि अर्थ खुलाउन अनुवादकले ठाउँ-ठाउँमा थपेका छन । त्यसका केही उदाहरण यहाँ दिइन्छन-

महाभारतमा-

द्वादशेमानि वर्षाणि स्वराष्ट्रात्प्रोषिता वयम् ।
त्रयोदशोऽयं संप्राप्तः कृच्छ्रात्परमदुर्वसः ॥७॥

[विराटपर्वको पहिलो अध्याय]

अनुवाद-

हे अर्जुन प्रभृतिहो, आफ्नु राज्य छोडीकन हामीहरूले वनमा रह्याका बाह्र वर्ष भया. अब दुःखले पनि काटी

नसक्नु तेन्हौं वर्ष प्राप्त भयो, जउन तेन्हौं वर्षमा दुर्योधनहरूले हामीलाई देष्या भन्या फेरी पनि बान्ह वर्ष वनैमा वास गर्नु पर्नेछ ।"

"न च तेऽयं समारम्भो मयि मोघो भविष्यति ।
वध्यान् विषह्यान् संग्रामे न हनिष्यामि ते सुतान् ।
युधिष्ठिरं च भीमं च यमौ चैवार्जुनादृते ॥२०॥
[उद्योगपर्वको १४६ अध्याय]

अनुवाद-

आजसम्म जस्ले ज्या माग्यो त्यो मैले नाहीं भन्याको छैन. तस् कारण तिम्रो उद्योग पनि मैले वृथा गर्नू छैन. केही वर दान दिन्छु. सुन. तिम्रा पुत्र जना चारकन मार्न्याछैन भनी अभयदान दिन्या. ति चार जना पनी नमारी छोडीदिना लायक होइनन् तपनि युधिष्ठिर जना १ भीमसेन १ नकुल १ सहदेव १ एती जना चारकन तिम्रो वचन राष्नानिमित्त मारैन जितो काबू तुल्याई छोडीदिउँला ॥"

"इति कर्णवचः श्रुत्वा कुन्ती दुःखात्प्रवेपती ।
उवाच पुत्रमाश्लिष्य कर्णं धैर्यादकम्पनम् ॥२४॥
[उद्योगपर्वको १४६ अध्याय]

अनुवाद-

धैर्यले युक्त भयाका कर्णका एती वचन सुनी दुःखले युक्त भयाकी कुन्ती काप्न लागिन. आँसुका धारा पनि

षसाइन. अघि मैले नजानीदिंदा दुइमा एक पुत्रको नाश भयो भनी निश्चय गरिन्. ताहाँपछी कर्णकन अङ्कमाल गरी कुन्ती भन्छिन."

"अनामयं स्वस्ति चेति पृथाथो कर्णमब्रवीत् ।
तां कर्णोऽथ तथेत्युक्त्वा ततस्तौ जग्मतुः पृथक् ॥२७॥
[उद्योगपर्वको १४६ अध्याय]

अनुवाद—

भनी एती कुरा गरी कर्णलाई कुन्तिले अनेक प्रकारका आशीर्वाद दिइन्. कर्णले पनि कुनै कुराको सन्देह मान्नुपर्दैन. क्षत्रिय धर्म यस्तै क्रूर छ भन्या. ताहाँपछी कुन्ती र कर्ण ई दुइ जना परस्पर विदा भै आफ्ना आफ्ना घर चल्या."

मार्कण्डेय पुराणमा—

"एवमुक्त्वा सुरांस्तस्या गत्वा सा मन्दिरं शुभा ।
उवाच कुशलं पृष्टा धर्मं भर्त्तुस्तथात्मनः ॥५२॥
[१६ अध्याय]

अनुवाद-

अनुसूयाले एस्ता वचन देवताछेउ बोलीकन ति पतिव्रता ब्राह्मणीका घरमा गइन् र पतिव्रता ब्राह्मणीले हे अनुसूया तिमि कुशल छौ भनि सोधिन्. स्त्रीको धर्म भन्याको पतिको सेवा गर्नु पतिका आज्ञामा रहनु. तस् बरोबर अर्को धर्म छैन. तिम्रा पति बहुतै षुसी छन् की भनि

पतिव्रता ब्राह्मणीले कुशल प्रश्न गरियाकि अनुसूया बोलन लागिन् ।"

"नास्ति स्त्रीणां पृथग्योगो न श्राद्धं नाप्युपोषितम् ।
भर्त्तुः शुश्रूषयैवैता लोकानिष्टाञ्जयन्ति हि ॥६०॥
[१६ अध्याय]

अनुवाद-

तस् निमित्त स्त्रीको अर्को धर्म छैन. श्राद्ध पनि छैन. उपवास पनि छैन. आफ्ना पतिका सेवाले मात्रै उत्तम लोकमा पुग्दछे. पतिको भन्याको नमानी सेवा नगरी सुख-सुख लागीकन भाको रही सूकया पनि केही मिल्दैन. उल्टो नरकमा पर्छे ।"

हितोपदेशमा—

"एतत्सर्वमाकर्ण्य मयालोचितम्
[मित्रलाभ]

अनुवाद-

एती सबै चूडाकर्णले आफ्ना मित्रसंग कह्याको सुनी ह मन्थरनामा मित्र, हिरण्यक नाउ गन्याका मैले मनमा विचार गर्‍याँ "

अनुवादमा वैशिष्ट्य

भाषाको शैली आफ्नो आफ्नो भिन्न भिन्न हुन्छ। एउटा भाषाको कुरालाई अर्को भाषामा शब्दानुवाद गरी ट्वाक्कै उतारी दिने हो भने कतै कतै त अत्यन्त भद्दा हुन्छ। 'एतेऽस्माकं पितृपादाः' को अनुवाद 'यी हाम्रा बाका खुट्टा' भनी गर्दा शब्दानुवाद भएन भनी कसैले भन्न सक्तैन। तर आफ्नो बाबुको परिचय दिंदा यस्तो नेपाली वाक्य बोल्नेलाई स्वाँठसिवाय केही भन्न सकिंदैन। नेपालीमा त्यसको अनुवाद 'यहाँ हाम्रा बुबा' यस्तो हुन्छ। यस कारण भाषाको गति मिलाई अनुवाद गर्नु अनुवादकको गुण हो। यस विषयमा भवानीदत्तले देखाएका कुशलताका केही उदाहरण यहाँ दिइन्छन्—

मुद्राराक्षस नाटकमा—

नाम्येन = स्वाक्ला

"मुशलमिदमियं च पातकाले
मुहुरनुयाति कलेन हुङ्कृतेन ॥"

को अनुवाद नेपालमा चिहुरा कुट्न लागेका स्वास्नीमान्छेहरूलाई देखेका भवानीदत्तले— 'एसले चिहुरा कुट्न लागी छ' यस्तो गरेका छन। यो अनुवाद शब्दानुवाद तथा भावानुवाद केही होइन, किनभने उद्खलमा चिहुरा मात्र कुट्छन भन्ने केही कुरा छैन तापनि भोज तयार पार्ने अवस्थाको सो वर्णनको अनुवाद 'चिहुरा कुट्न लागी छ' भन्ने गर्दा चिहुरा कुट्ने

आइमाईको अवस्था देखेका सहृदयले विशाखदत्तको पदको मर्मलाई राम्रोसंग बुझ्न सक्छ ।

नाटकका पात्रहरूले जहाँ आएर खेल खेली दर्शकलाई देखाउँछन्, त्यसलाई रङ्गभूमि भन्ने चलन छ । रङ्गभूमिभन्दा भित्रपट्टिको पर्दाले छेकिएको पात्रहरूले आफ्नो भेष फेर्ने आदि दर्शकलाई देखाउनुनपर्ने प्रबन्ध गर्ने ठाउँलाई नेपथ्य भन्ने चलन छ ।

विशाखदत्तले नेपथ्य शब्दै प्रयोग गरेका छन् । भवानीदत्तले भने त्यसको अनुवाद अन्तर्पट भनी गरेका छन् । 'अहरादीनां पत्यादिषु वा रेफो वक्तव्यः' यसको आधारमा यो शब्द बनेको होला । यसको अर्थ पर्दा भन्ने हुन्छ । नेपथ्यको अर्थमा 'अन्तर्पट' शब्द केको आधारमा भवानीदत्तले प्रयोग गरे, अहिले भन्न सकिएन । त्यसको भवानीदत्तले चित्र पनि दिएका छन् । सो यस प्रकारको छ—



पाकविशेषारम्भः = पान पकान्न बनाउनाको आरंभ हो।
तत्प्रतिष्ठाशया = इनको घर भयामा पान दिनन्, गुन निगुना चिह्नन भनी
पूर्वसुकृतासङ्केन = पैह्लेको गुन निगुना संभी
न शयानेन स्थीयते = खबर्दार भै
मित्रम् = इष्ट

अनुरक्तापरक्तजनजिज्ञासया = को आप्ना छन्, को विराना छन भनी छुट्याउनानिमित्त

सङ्केतस्थाया = संगाता
उदास्ते = निष्फिक्री भैकन सुखपूर्वक रह्याको छ

भवानीदत्तले 'आर्य'शब्दको अनुवाद कर्तै साहेब, कर्तै श्रीगुरुज्यू गरेका छन्। अब यस विषयमा विचार गरिन्छ–

राज्यको सारा हार्ता–मुहार्ता हातमा लिई बसेका भीमसेन थापा 'जर्नेल साहेब' भनी प्रख्यात भएका थिए। राजपरिवार र गुरुज्यूबाहेकका सम्पूर्ण नेपालीले उनको आदर गर्नुपर्थ्यो। चौतरियाहरू र गुरुज्यू भीमसेन थापालाई तिमी भन्थे तापनि उनीहरूको टुपी पनि भीमसेन थापाकै हातमा थियो। भीमसेन थापाकहाँ नपुगी राजदरबारमा कोही जान सक्तैनथे। जस्तै–

"जर्णेल् साहब भीमसेन जनको नक्सा बन्याको जती
को भन्ला मनलाइ नाम सभको कस्को छ यस्तो मती ॥२॥

"'''जर्णैल् साहबको त मेहर अती भाग्यै बडा चूनिको ।
भोरंको थिति बाँधियो रयेतको दुःखै गयो अन्तको'' ॥३॥

[पुराना कवि र कविता, ११३ पृ]

"स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्टराजभारोद्धारणसामरथ श्रीश्रीश्री ६ जनरल कम्याडर इन चिफ भेमसेन थापा साहेवका चरणतल दलसुर थापा सोभासिं थापाको कोटि साष्टांग सेवासतपूर्वकपत्रमिदं – –

ईति सम्वत् १८९३ साल मिति फाल्गुण बदी १४ रोज १ मुकाम इलाम षलंगा शुभम् ·

[रामजीको संग्रहमा रहेको पत्रबाट यो उतार दिइएको हो ।]

"स्वस्ति श्रीगिरिराजेत्यादि श्रीचौतरिया पुष्करसाहथमंणाम · स्वस्तिश्री सर्वोपमाजोग्यत्यादिसकलगुनगरिष्टराजभारोद्धारणसामर्थ श्रीजनरल भीमसेन थापाके शुभाशीषपूर्वकपत्रमोदम त्याहा कुसल ताहा कुसल मंगल चाहिये. आगे याहाको समाचार भलो छ. उप्रान्त टाढाका पल्ला चिठिपत्रको मोकदमा सबै काम रहंछ. सानु ठुलो जो काज परिआउँछ. तिमीलाई नसाध्यो गऱ्याको छैन. गर्दान्या पनी छैन''' बाँकि सिलगढि छाउनीको हामीहरु बस्न्या घर परको छाना थियो. कागज-पत्रको काम रहन्या अरु कुराको पनि केही आत्रुक नरहन्या हुनाले र आगाको ठुलो डर हुन जाँदा पक्कि हवेली बनाउन्या काम गरियो. ताहा श्रीसर्कारमा विन्ती पारिदिन्या काम भया बढिया होला. किमधीकम् . ईति सम्वत् १८८८ साल मिती जेष्ठ वदि ३ रोज १ मोकाम सीलगढी. शुभम् .

[रामजीको संग्रहमा रहेको पत्रबाट यो उतार दिइएको हो ।]

स्वस्ति श्रीसर्वोपमायोग्यसकलगुणगरिष्ठराजभारोद्धरण· समर्थ श्रीश्रीश्रीजनरल भीमसेन थापाकेषु श्रीरंगनाथशर्मणः शुभाशीर्वादपूर्वकपत्रमिदं — — इहाँ कुशल छ. ताँहाँ तिम्रो क्षेमकुशल भया चित्त सानंद रहला. - - - बाँकि आफनु हवाल अघि लेष्याको तिमिलाई जाहिरै छ. आजसंम ऋण उधार गरी बडा कठिनले निर्वाह गरियो. श्रीप्रयाग जाँदाका र रोजमरा षर्चका महाजनको बडो तगादा छ. बिती गरि षर्चको निकासा गरि चाँडो पठाइदिया हुर्मत रहन्याछ. मेरो भिजो तिमिलाई रहंछ. श्रीईश्वरले इलाका तिमिसित गरिया त कसलाइ पाउनु. तिमिलाइ उभय लोकको बिचार छ र दुनिञॅका आशा रहंछ. हामि त परियारै हुँ. बहुत क्या लेषु. तिमि प्रवीण छौ. बिज्ञेषु किमधिकमिति. आश्विन वदि २ रोज ६ मुकाम बनारस शुभम्.

[रामजीको संग्रहमा रहेको पत्रबाट यो उतार दिइएको हो]

"जसले लगायाका भाई बखतवारसिंह काजी श्रीमहाराजका हजूरैमा बसी श्रीमहाराजका रक्षा रात-दिन गर्दछन"

[वाग्मतीको स्तम्भलेखबाट]

नेपाल राजदरबारलाई भीमसेन थापाले अँठ्याएकोभन्दा पनि बढ्ता गरी चन्द्रगुप्तको दरबारलाई चाणक्यले अँठ्याएका थिए। जस्तै-

"चाणक्य- परंतु सारा संभार मैले गर्नु पर्न्याको छ. चन्द्रगुप्त भन्या संपूर्ण राज्यको भार मेरा शिरमा पारी सर्वदा निरफिक्री भैकन सुखपूर्वक रहयाको छ. केही कुराको पनि फिक्री छैन."

(मुद्राराक्षस, पहिलो अङ्क)

अनुवाद साहेब नगरी श्रीगुरुज्यू गरेका छन्। जस्तै-

"शिष्य :- अस्माकमुपाध्यायस्य सुगृहीतनाम्न आर्य-
चाणक्यस्य।

शिष्य - चाणक्य भनी प्रख्यात भयाका मलाई पढाउन्या
श्रीगुरुज्यूको घर हो।"

[मुद्राराक्षस, पहिलो अङ्क]

साहेब कहलाएका भीमसेन थापाले कसैलाई पढाएको भवानीदत्तले देखेका थिएनन्। गुरुज्यू रङ्गनाथले भने पढाएका र साहेबको जस्तै रवाफ पनि राखेको दृश्य देखेका भवानीदत्तले यहाँनिर आर्यको अनुवाद श्रीगुरुज्यू गरेको देखिन्छ।

भद्र स्वागतम्, उपविश = हे निपुणक, कुशल आनन्द छौ. कयान ठाउँ रहयौ बस.

ननु एकत्रयं स्वजीवितं न सहन्त इति= उसो भन्या जिउनाका आशा मान्याछन.

द्वितीयं हृदयम् = मुटुको रगत भैं भयाको

पौरजनचरितस्यान्वेषणे = सहरवासी मनुष्यहरूको हाल-सुरथ बुझ्न

सर्वं तावत् तिष्ठतु = यो सबै भन्नाबिना जाओस्

एष आनासि = एसको पूजा गर्न्या वेला आयो

"चन्द्रगुप्त- एही निश्चय थियो भन्या कौमुदीमहोत्सवका निषेध गर्‍याका क्या निमित्त हो. तसको फल सुंनाका मेरा इच्छा छ. कञ्चुकिन्...

चाणक्य- हे चन्द्रगुप्त कौमुदीमहोत्सव गर्न नाउ्याको क्या निमित्त हो. म पनि तेस्का फल सुंनाकन इच्छा गर्छु

चन्द्रगुप्त- तपाईंले रहलव हुन नदियाको मेरो आज्ञा भंग गराउनु. एत्तिकै मात्र फल रहेछ. मैले बुझयां।

चाणक्य- हे चन्द्रगुप्त तैंले बुझिछस्."

[मुद्राराक्षस, तेस्रा अङ्क]

राजाभन्दा माथिकको राज्यको सर्वाधिकारी साहेब कहलाएको दृश्य देखेका भवानीदत्तले चाणक्यलाई पनि साहेबका रूपमा देखेका छन्। जस्तै-

"चरः - कथमज्ञातनामधेया आर्यस्य निवेद्यन्ते

निपुणक- तिनिहरुका नामै पनि नजान्याको भया क्यान साहेबसंग बिन्ती गर्दा हुँ"

[मुद्राराक्षस, पहिलो अङ्क]

यसरा यहाँ आर्यको अनुवाद 'साहेब' भनो गरिएको छ। यसै गरी अन्त पनि राज्यका सर्वाधिकारीलाई बुझाउने आर्य शब्दको अनुवाद 'साहेब' भएको छ।

चाणक्यका चेला आफ्ना गुरु चाणक्यलाई उपाध्याय तथा आर्य भन्दथे। त्यहाँनिर भने भवानीदत्तले आर्य शब्दको

महाभारतमा—

कृपणा = टिठाउँना
प्रियं मे स्यात् = बढियै भयो

"अयं हि कालः सम्प्राप्तो धार्तराष्ट्रोपजीविनाम ।
निर्वेष्टव्यं मया तत्र प्राणानपरिरक्षता" ॥

= हे माता, दुर्योधनका सेवकहरुले आजसम्म (खायाको) अन्न पानीको ऋण तिर्न्या वेला आईरहेछ तसर्थ प्राणको माया नराषी ऋण तिर्नु जोग्य छ ॥

भर्तृपिण्डापहारिणाम = निमकहरामीको

हितोपदेशमा—

गृहे दुश्चरितानि च = आफ्ना घरमा केहि घटिया काम भयाको

"कुसुमस्तवकस्येव द्वे वृत्ती तु मनस्विनः ।
सर्वेषां मूर्ध्नि वा तिष्ठेद् विशीर्येत वनेऽथवा ॥

= फुलको र मनसुषी पुरुषको एकै स्वभाव हुन्छ. कया भन्या जस्तै फुलको थुँगा की सबैका शिरमा रहन्छ. की वनैमा सडी जान्छ. तस्तै मनसुषी पुरुष पनी की सबैभन्दा उपर भै रहन्छ. भयेन भन्या मरी जान्छ ।

निधनता सर्वापदामास्पदम = कंगाल हुनू त दुःखको घर रहेछ

यन्मरणं सोऽस्य विश्रामः = बरु तरुनी भैं जिउना
चाँदी भरी गर्भो भन्या
तर ले सुख पायो

'वरं प्राणत्यागो न पुनरधमानामुपगमः'

= छोटा मनुष्यको चाकरी गर्न जिउनुभन्दा प्राण छोड्नु
निको हो ।

यस्यार्थास्तस्य मित्राणि यस्यार्थास्तस्य बान्धवाः ।
यस्यार्थाः स पुमांल्लोके यस्यार्थाः स हि पण्डितः ॥

= जसको धन ढेरै छ, तसैका मित्र पनि ढेरै हुन्छन्,
दाज्यूभाई पनी बहुतै मान्दछन, लोकमा बडो पुरुष र्थी
पनी तेही कहलाउँछ, ज्ञानी पनि कहलाउँछ ।

मनस्वी म्रियते कामं कार्पण्यं न तु गच्छति ।

= मनसुवा भयाको पुरुष कस्तै आपत्ती पर्‍या पनी बरु मरी
जान्छ तैपनी अर्काको मुखगांजी गरीप भै रहँदैन ।

पल्लवग्राहि पाण्डित्यम् = शास्त्रको तत्त्व नजानी बोक्रा
बोक्रैमा हिंडी पण्डित्याँ
चलाउनु

एकोहोरो पढाइ चलाउन वा ब्रह्मचिन्तन गर्न अरूसंग
विशेष सम्बन्ध नराखे पनि काम चल्छ । तर एकले बसेर राजकाज

चलाउन सक्दैन। यस कारण प्रधान शासकलाई सल्लाह दिने मानिस (मन्त्रीहरू) नभएको राज्य हुँदैन। आफूलाई सल्लाह दिने सबै मानिसलाई सधैं आफ्नो नजीकमा राखेर राजकाज चल्दैन तथा साँध-सँधियारका अरू शासकहरूसंग सम्बन्ध नराखेर पनि राजकाज चल्दैन। यस कारण राजकाज चलाउने मानिसले आफ्नो सन्देश ठाउँ-ठाउँमा पुऱ्याउने मानिस नराखिहुँदैन। त्यो सन्देश मौखिक पनि हुन सक्छ, लिखित पनि हुन सक्छ। सन्देश बोकेर लाने त्यो मानिसले टाढा टाढा देशमा जानु अनिवार्य छ। यस कारण राजकाजमा लेखनदास, सन्देशवाहक बटुवाको कुरा बराबर आइरहने हुनाले अमरकोशमा क्षत्रियवर्गमा नै लेखनदास सन्देशवाहक बटुवा पारिएका हुन। यस कारण राजकाज मुख्य विषय भएको मुद्राराक्षसको अनुवादमा पनि चिठी पनि आएका छन्। नेपालका शासकहरूले जुन शैलीमा पत्रव्यवहार गर्थे, त्यही शैलीमा त्यो पत्रलाई अनुवाद गरेर यहाँ पनि आफ्नो वैशिष्ट्य देखाएका छन। जस्तै-

"स्वस्ति श्रीचौतारा बलभद्र साह श्रीचौतारा [illegible] साह श्रीचौतारा ध्यानसाह श्रीकाजी प्रतिमान राना श्रीकाजी रणकेशर पांडे श्रीकाजी जहरसिंह श्रीसर्दार कालु पांडे श्रीसर्दार अमरसिंह थापा श्रीसर्दार भैरवसिंहकस्य पत्रम्। आगे अजगढका अमालिदारके यथोचित। उप्रान्त तिम्रा अम्मलमा जतिजना ढाक्या सिपाहीले ढाल तरवार धना बन्दूक वगैरेह पंच हतियार जो सिपाही ब्राह्मण प्रजा जोगी संन्यासी चार वर्ण छत्तिस जातले कोदारा बंचरा लो वैशापका दिन १८ जांदा सहर

पाटन आइपुग. मआया अप्सरिया होला

इति संवत् १८५७ साल वैशाखशुदि १ रोज ४ मुकाम सहर शुभम"

[धनवज्र + ज्ञानमणिद्वारा सम्पादित ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग) मा या पत्र प्रकाशित भएको छ]

"स्वस्ति सुगृहीतनामधेयस्य देवस्य चन्द्रगुप्तस्य सहोत्थायिनां प्रधानपुरुषाणामितोपक्रम्य मलयकेतुमाश्रितानां प्रमाणलेख्यपत्रमिदम् । तत्र प्रथममेव तावद्गजाध्यक्षो भद्रभटः, अश्वाध्यक्षः पुरुषदत्तः, महाप्रतीहारस्य चन्द्रभानोर्भागिनेयो डिङ्गरातः, देवस्य स्वजनसम्बन्धी महाराजो बलदेवगुप्तः, देवस्यैव कुमारसेवको राजसेनः, सेनापतेः सिंहबलस्य कनीयान् भ्राता भागुरायणः, मालवराजपुत्रो लोहिताक्षः, क्षत्रगणमुख्यो विजयवर्मेति । एते वयं देवस्य कार्येऽवहिताः स्म इति"

[मुद्राराक्षस तेस्रो अङ्क]

यसको अनुवाद भवानीदत्तले यसरी गरेका छन्—

"स्वस्ति श्रीमन्महाराजाधिराज श्रीचन्द्रगुप्तका बालसंगाती भयाका श्री राक्षसमन्त्रिका मतिमा लाग्न्या मलयकेतुको नाश गर्न भनि तहाँदेषी भागी मलयकेतुको आश्रयण गर्‍याका एस्ता प्रधान पुरुषकस्य पत्रम् . आगे श्रीदारोगा भद्रभट श्रीअसुवारी पुरुषदत्त श्रीदुवार्‍या चन्द्रभानुका भानिज डिंगरात श्रीमहाराजका हितकारी पुरुषका कोही एक सम्बन्धी बलगुप्त तस्तै श्रीमहाराज बालकै

छुंदादेर्षा सेवा गर्न्या राजसेन श्रीसर्दार सिंहबलका कान्छा भाई भागुरायण मालवदेशका राजाका पुत्र श्रीराजकुमार लोहिताक्ष क्षत्रियका गुणले परिपूर्ण भयाका विजयवर्मा एती हामी सबै जना प्रधान पुरुषहरू श्रीमहाराजका काममा लाग्येका छौं"

"उप्रान्त पत्र आयो. अर्थ मालूम भयो. ताहाँ गर्न्या किर्ति सब पहिलेका पत्रमा लेखि पठाञ्याछ्यां. बुझिहोस्. ...... विस्तार श्रीरंगनाथ पंडितज्युका पत्रले र पछ्यापछि पंडितज्युका मुष जमानिले मालूम होला."

[रणबहादुर शाहले काशीबाट बख्तावरसिंह बस्नेतलाई लेखेको पत्रबाट। इतिहास-प्रकाश १।१ मा ऐ. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो छापिएको छ।]

"स्वस्ति यथास्थान कुतोऽपि कोऽपि कमपि पुरुषविशेष-मवगमयति। अस्मत्प्रतिपक्षं निराकृत्य दर्शिता कापि सत्यता सत्यवादिना। सांप्रतमेतेषामपि प्रथममुपन्यस्तसंधानामस्मत्सुहृदां पूर्वप्रतिज्ञातसंधिपरिपणनप्रोत्साहनेन सत्यसंधः प्रीतिमुत्पादयितु-मर्हति। एतेऽप्येवमनुगृहीताः सन्तः स्वाश्रयविनाशेनोपकारिणमा-श्रयिष्यन्ति। अविस्मृतमेतत्सत्यवतः स्मारयामः। एतेषां मध्ये केचिदरेः कोषदण्डाभ्यामर्थिनः केचिद्विषयेणेति। अलंकारत्रयं च सत्यवता यदनुप्रेषितं तदुपगतम्। मयापि लेखस्याशून्यार्थं किंचिदनुप्रेषितं तदुपगन्तनीयम्। वाचिकं चाप्ततमादस्माच्छ्रोतव्य-मिति।"

[मुद्राराक्षस पाचौं अङ्क]

भवानीदत्तले गरेको अनुवाद—

"स्वस्ति श्री कोहि स्थानमा कँहिदेखी कोही पुरुष कसैसित कहन्छ. सत्यवादि भयाका तपाँञिले मेरा शत्रुकन निकाली आफ्नु ठाँउ देखाउनुभयो. एस समयमा आधि सन्धि गरी आफ्ना तुल्याउनाका एउटा मित्रहरूकन दिउँला भन्याको कुरा अवश्य दिन्याछौं भनी लेखी पठाउनु. एस कुराले इनहरू बहुतै प्रसन्न रहन्याछन एस्ता तरहका अनुग्रह तपाञिले गरिदिया आफ्ना प्रभुको नाश गरी परोपकारि भयाका तपाञिको आश्रय गर्न्याछन्. सत्यवादि भयाका तपाञिले बिर्स्याको हुदैन. तथापि मैले सम्झाउंछा. शत्रुकन माऱ्यापछि इनहरूमा कोही खजाना हाती घोडाहरूले कृतार्थ हुन्याछन. कोही राज्यले कृतार्थ हुन्याछन. बाँकी तपाञिले पठाईदियाका तिन गोटा आभूषण पाञौं. मैले पनि पाली चिठि नपठाउनु भन्यानिमित्त केही पठायाको छ त्यो बुझिलिनुहवस्. बहुत क्या लेषुं. अरू बिस्तार मुख जवान चिठि ल्याउन्याले कहला शुभम्

अरबी फारसी आदि मुसलमानी शब्दको प्रयोग

'जसको तरबार उसको दरबार' भन्ने सिद्धान्तलाई केही मनुष्यहरू उपहासका दृष्टिले हेर्छन तापनि विभिन्न रूपमा यस सिद्धान्तले धेरै आघदेखि अहिलेसम्म काम गरी आएको छ।

विजेताको चाल-चलनको विजितहरू वा विजित मनोवृत्ति भएकाहरू नक्कल गर्छन् । हाम्रा धर्मशास्त्रका आचार्यहरूले विदेशीहरूलाई म्लेच्छ भनी उनीहरूको संसर्गदेखि पर बस्ने प्रवृत्ति लिएका थिए । यस्तो गरेर आफ्नो धर्ममा अडेकाहरूले आफ्नो परम्परालाई कायम राख्न सके तापनि लडाइँका मैदान-मा विदेशीसंग हारेका राजाहरूले विजेताका दरबारको ठाँट-बाँट जस्तै आफ्नो दरबारको पनि ठाँट-बाँट राखूँ भन्ने इच्छालाई छोड्न सकेनन् । यसै कारण भारतमा जमेको मुसलमानी साम्राज्यको दबदबाले भारतीय राजाहरूका दरबारमा अरबी फारसी आदि मुसलमानी शब्दको प्रयोग गरायो । त्सको केही प्रभाव नेपालमा पनि पर्‍यो । यसैले नेपालका दरबारिया शब्दहरू पनि अरबी-फारसीमय भए । यो कुरा अभिलेख चिठीपत्र पुस्तकहरूबाट र भवानीदत्तका अनु-वादबाट पनि बुझिन्छ । जस्तै—

मुगल दरबारमा बादशाहभन्दा मुनितिर वजीर रहन्थे । वजीर शब्द अरबी भाषाको हो । यसको अर्थ मन्त्री हो । जसको अधिकार प्रधान मन्त्रीको जस्तै हुन्थ्यो । यो शब्द वजीर= उजीर भई नेपालमा पनि चल्यो । जस्तै-

"डिगर्चा लुट्याको र भोटका काजीहरू पक्रियाको समाचार चीन पुग्दा चीनका बादसाहाको उजीर ज्याङ टुङ्थाङ् भन्याको र अरू च्यानचुन हैकुन अंबा गैह्र सर्दार फौज औ चिनिञा सोक-योग्या गुरुम्बा थम्बा गैह्रसमेत निगलदा फागुनमा ञासा आइ-पुग्याथ्या।"

[ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग) को ५८ पृष्ठ]

यही परम्परामा भवानीदत्तले पनि 'उजीर' शब्दको प्रयोग गरेका छन्—

"देशांतरका राजाको उजीर भया पनि राक्षस मंत्रि भन्याको मेरा मित्र हो भन्या बुद्धिले सबै काम कुरामा विश्वासपूर्वक तेरो भरोसा गर्न्या एस्ता मेरा पिताकन छल–कपटले मारी मेरा महतारी प्रभृतिकन सहस्रधारा रुआइस् . तसर्थ तेरो नाम मात्रै राक्षस रहेनछ. तँ पनि राक्षस रहिछस्."

[मुद्राराक्षस, पाचौं अङ्क]

मन्त्री शब्द नपाएर वजीर शब्द प्रयोग गर्नु परेको होइन । किन्तु रवाफका लागि यो काम गरिएका हो भन्ने स्पष्ट छ । मुसलमानको हातको तरवार अंग्रेजको हातमा जान लागेपछि हाम्रा काजी भीमसेन थापा जनरल बने । भीमसेन थापाले आफ्नो रवाफ बढाउने उद्देश्यले सो काम गरेका थिए । जस्तै—

"कजाइको पगरि सबै बराबर हुंदा इनलाई येसै पगरिमा राख्या त इनले मेहिनत गर्न्याको केहि कदर रहेन. इनलाई उचा गरि राख्य हो भनी चित्तमा लिनु भै जनरलीको पगरी बधाइ गुरु प्रोहित चौतरिया काजी भारादार कंपु पल्टन कम्पनी गैरहले जो काज काम ज्या पर्दछ. इनलाइ साथि गर्नु. जो इनलाई साथि गरैन. उसलाई जात माफिकको सास्ति पाउला भनी हुकुम बक्स्याको रहेछ ।

['ज. भीमसेन थापा र तत्कालीन नेपाल'को २४५–४६ पृष्ठमा प्रकाशित पत्रबाट]

भारतमा अंग्रेजी राज्यको प्रभाव जमेको र त्यहाँ अंग्रेजका प्रधान शासक 'गभर्नर जनरल' भएकाले त्यसैको नकलमा भीमसेन थापा जनरल बनेका हुन्।

दरबारको खाफी प्रसङ्गबाट विस्तार विस्तार मुसलमानी कालमा अरबी फारसी र अंग्रेजी कालमा अंग्रेजी शब्द घुसेका हुन्। भवानीदत्तको समयमा अंग्रेजी साम्राज्यको भरखर प्रभाव जम्न लागेकोले अंग्रेजी शब्द भवानीदत्तका कानसम्म विशेष रूपले आइपुगेका थिएनन्। यसैले आफ्ना वेलामा घुसिसकेका अरबी फारसी आदि मुसलमानी शब्दको मात्र भवानीदत्तले ठाउँ-ठाउँमा प्रयोग गरेका छन्। संस्कृत पढेका भवानीदत्तले भाव बुझाउन चाहिने विशेष शब्द संस्कृतबाटै लिएका छन्। तर दरबारमा अरबी फारसी आदि मुसलमानी शब्दको धेरै प्रवेश भइसकेको र दरबारसँग सम्बन्ध भएकै कुरा लेख्नुपर्दा आफ्ना मालिकहरूलाई सुबोध होस् भनी लोकव्यवहारमा विशेष आउने अरबी फारसी आदि मुसलमानी शब्दलाई भवानीदत्तले छोड्न सकेका छैनन्। तैपनि चिठीपत्रहरूमा भन्दा भवानीदत्तका अनुवादमा अरबी फारसी आदि मुसलमानी शब्द कम परेका छन्। अध्यात्मविषयको आत्मबोधको अनुवादमा भने मुसलमानी शब्द घुसाउनु भवानीदत्तले आवश्यक सम्झेका छैनन् तापनि नेपालीमा एक जिउ भई मिलिसकेका 'जहाज, नजीक, फलाना, निको' आदि शब्दलाई भने त्यहाँ पनि छोड्न सकेका छैनन्।

भवानीदत्तले प्रयोग गरेका अरबी फारसी आदि मुसलमानी शब्दहरू *

अंबल	(अरबी = अमल)
इनाम	(अरबी = इनआम)
उजीर	(अरबी = वजीर)
कबोल	(अरबी = कुबूल)
काबु	(तुर्की = काबू)
कायल	(अरबी)
षजाना	(अरबी = खजानः)
षबरदार	(अरबी+फारसी = खबरदार)
षराप	(अरबी = खराब)
षसम	(अरबी = खस्म)
षाविंद	(फारसी = खाविन्द)
षुसामत्	(फारसी = खुशामद)
षुसी	(फारसी = खुशी)
गरीप	(अरबी = गरीब)
चाकरी	(फारसी)
चुकली	(फारसी = चुगली)
चोपदार	(फारसी = चोबदार)
जग्गा	(फारसी = जायगाह)
जवाफ	(फारसी)

---

* मेरो प्रेरणाले भोलानाथ र धनवज्रले यो शब्द संग्रह गरेका हुन्।

जहाज (अरबी)
जिकिर (अरबी = जिक्र)
जुबान (फारसी = जबान)
तकसीर (अरबी)
तजवीज (अरबी = तजवीज)
तमासा (अरबी = तमाशः)
तर्फ (अरबी = तरफ)
तरह (अरबी)
दगा (अरबी)
दर्बार (फारसी = दरबार)
दारोगा卐 (फारसी = दारोगः)
दुनिञा (अरबी = दुनिया)
दौलथ (अरबी = दौलत)
नजर (अरबी)
नजीक (फारसी = नजदीक)
निको (फारसी)
निमक-हराम (फा.+अ. = नमकहराम)
पर्दा (फारसी = पर्दः)

卐 फारसी 'दारोगः' शब्दको अर्थ 'प्रबन्धक' भन्ने हुन्छ। भवानीदत्तले भने 'हम्र्यध्यक्ष = हात्तिसारका हाकिम' भन्ने अर्थमा दारोगा शब्द प्रयोग गरेका छन। पुराना कागतमा पनि यही अर्थमा यो शब्द प्रयोग भएको पाइन्छ।

पोसाक (फारसी = पोशाक)
फक्कीर (अरबी = फकीर)
फलाना (अरबी = फुलाँ)
फिक्री (अरबी = फिक्र)
बकस (फारसी = बख्श)
मनसुबा (अरबी = मन्सुबः)
माफिक (अरबी = मुआफिक)
मालुम (अरबी = मअलूम)
मिहनत (अरबी)
रहादानी (फारसी = राहदारी परवाना)
लस्कर (फारसी = लश्कर)
लायक (अरबी)
सर्कार (फारसी = सरकार)
सर्दार (फारसी = सरदार)
सल्लाह (अरबी = सलाह)
सहि (अरबी = सहीह)
साबुज् (फारसी = साबुत)
साहेब (अरबी = साहिब)
साहेबी (अरबी = साहिबी)
सिकार (फारसी = शिकार
सुस्त सुस्त (फारसी)
हजूर (अरबी = हुजूर)
हाल-सुरथ (अरबी = हाल-सूरत)
हुकुम (अरबी = हुक्म)

राजकाजी शब्दको प्रयोग

मुद्राराक्षसका सबै भने जस्ता पात्र राजकाजमा डुबेका हुनाले तिनका मुखबाट राजकाजी शब्दहरू निस्कनु स्वाभाविकै छ। हितोपदेश र महाभारतमा पनि राजकाजको कुरा विशेष परेकाले त्यहाँ पनि राजकाजी शब्द पर्न आउनु स्वाभाविकै छ। राजकाजी शब्दको दुइ विभाग गर्न सकिन्छ। पहिलो विभागमा राजकाजमा एउटा र सामान्य व्यवहारमा अर्को अर्थ भएका शब्द, दोस्रो विभागमा चाहिं राजकाजमा र सामान्य व्यवहारमा एउटै अर्थ भए तापनि राजकाजसंग विशेष सम्वन्ध राख्ने शब्द पर्न आउँछन्।

पहिलो विभागमा—

'पेट' को सामान्य अर्थ 'खाएको कुरा अड्ने र त्यहींनिरको शरीरको भित्री भाग तथा त्यहांनिरको शरीरको बाहिरिया भाग' भन्ने हुन्छ। तर राजकाजी मानिसहरूको व्यवहारमा 'पेट' को अर्थ 'भित्री आशय' भन्ने हुन्छ। जस्तै—

> "अब तिम्रा बडा बाबा र काकासित पेट मिलाइ काठमाडौंका नषतको काज पुऱ्याव"
>
> [पृथ्वीनारायण शाहले कीर्ति राजानन्द उपाध्याय-भाई पठाएको पत्रबाट। संस्कृत सन्देश १।९ मा योगी नरहरिनाथद्वारा यो पत्र प्रकाशित भएको छ।]

"बम्बसाहलाई पाँडेतिरबाट र मिश्रबाट फार्न सक्छौं भन्या आफ्नु तुल्याएर राष र झन बलियो पार्ला. मिश्रसित र पाँडेसित फार्न सकेउन भन्या पेट दिन्या नगर. तिम्रो मतो पाँडेनिर गयापछि झन काम बिग्रन जाला।"

[रङ्गनाथले काशीबाट बखतावरसिंहलाई पठाएको पत्रबाट / इतिहास-प्रकाश १।१ मा ऐ. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो पत्र प्रकाशित भएको छ ।]

"मालिकका मनमा मनसुवा इरादा रहेछ. भारादारहरूमा कोही मिल्याका हुनाले प्रकास गर्न नसक्याको रहेछ भन्या मालिकका पेटका मनसुवा राष्न्या बढिया मानिस बिचार गरि उसको बाटो गरि नषुलन्या पाठसित षबर राजासंग पुऱ्याइ उनको आशय बुझन्या काम गर्नु"
[नेपाल सरकारले बर्मा जाने दूतलाई गरिदिएको अख्तियारनामाबाट । ज. भीमसेन थापा र तत्कालीन नेपालको १७५-७६ पृष्ठमा यो प्रकाशित भएको छ]

यही परम्पराको अनुसरण गरी भवानीदत्तले पनि यो शब्द प्रयोग गरेका छन —

"भयले चन्द्रगुप्तसंग [बाहिर] लोल्लापोतो राष्या पनि सबै दुनिञा मेरा पेटका छन"

[मुद्राराक्षस नाटकको उठानमा]

"अब मैले बुझ्यौं. राक्षस मंत्रिलै गर्‍याको यो प्रयोग हो यो भाट पनि तसैका पेटको रहेछ"

(मुद्राराक्षसका तेस्रो अङ्कमा)

'मनसुबा' को सामान्य अर्थ 'मनको इच्छा' भन्ने हुन्छ। तर राजकाजी मानिसको व्यवहारमा 'मनसुबा' को अर्थ 'कुनै कुरा प्राप्त गर्नाका लागि गरिने साहसपूर्ण इच्छा' भन्ने हुन्छ। जस्तै—

'दिकबन्दसेनसित हाँक दि आयौं. नेपाल पनि देषि आयौं. हाम्राको मनसुबा पनि राषी आयौं"

[पृथ्वीनारायणको उपदेशबाट]

"उप्रान्त धेवुंसम्म चिनियाको लस्कर आइपुग्दा र हाम्रा मानिसको मनसुभ घट्दा ढुंगा थामन्या घरी पर्‍यो र दोहोरा फौज राषी पनी बैरि हटाउनुपर्‍यो"

[रणबहादुर शाहले जगजीत पाँडेहरूलाई लेखेको पत्रबाट। ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग) को ५६-६१ पृष्ठमा यो प्रकाशित भएको छ]

"मालिक र भारादारहरू अंगरेजसित मिल्याका अंगरेजको दहसत मान्या रहन्याछन भन्या आफ्नु आशय नषोलनु. मालिकका मनमा मनसुवा इरादा रहेछ. भारादारहरूमा कोही मिल्याका हुनाले प्रकास गर्न नसक्याको रहेछ भन्या मालिकका पेटका मनसुवा राषन्या बढिया मानिस विचार गरि उसका बाटो गरि नषुलन्या पाठसित षबर राजासम

पुऱ्याई उनको आशय बुझन्या काम गर्नु."

[नेपाल सरकारले बर्मा जाने दूतलाई लेखिदिएको 'अख्तियारनामा' बाट । ज. भीमसेन थापा र तत्कालीन नेपालको १७५–७६ पृष्ठमा यो प्रकाशित भएको छ ।]

यही परम्पराको अनुसरण गरी भवानीदत्तले पनि यो शब्दको प्रयोग गरेका छन —

"अहो, नीतिशास्त्रकन जान्या बुद्धिमान् म जिउँदो छँदैमा आज चन्द्रगुप्तकन फेरी जित्न्याको मनसुबा धर्न्या को हो"
[मुद्राराक्षसको पहिलो अङ्कमा।]

"चन्द्रगुप्त र पर्वतेन्द्र ई दुइ जनामा एकाको नाश भया पनि चाणक्यको मनसुबा हुद्ला"

[मुद्राराक्षस, पहिलो अङ्कमा]

"मनसुबा भयाको पुरुष कत्ति आपत्ती पऱ्या पनि बरु मरी जान्छ. तैपनी अर्काको मुख्यांजी गरीप भै रहंदैन."
(हितोपदेश मित्रलाभमा)

'सांझो' को सामान्य अर्थ बाङ्गो नभएको अथवा छक्का पञ्जा नजान्ने भन्ने हुन्छ । तर राजकाजी मानिसहरूको व्यवहारमा 'सांझो' को अर्थ 'मालिकको भलो चिताउने' भन्ने हुन्छ । जस्तै—

"थांड बग्नात् पथ भैयाद मग्रलाई मारातापू दिदा आलोपालो गरि षान दिनु. ई मेरा नुन गुन्का सझा सेवक हुन"
(पृथ्वीनारायणको उपदेशबाट)

"कितिमान भन्याको गाद्को र ढुंगाको सांभा गर्न्या सेवक हो"

[रणबहादुर शाहले काशीबाट बखतावरसिंहलाई लेखेको पत्रबाट। इतिहास-प्रकाश १।१ को १९ पृष्ठमा दे. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो प्रकाशित भएको छ।

यही परम्परामा भवानीदत्तले पनि यो शब्द प्रयोग गरेका छन्—

'प्रभुमा सांभा छ. परंतु निर्बुद्धि कातर छ भन्या तेसो सेवक बिकम्बा हुन्छ. अथवा बुद्धिमान सूरो छ. परंतु सोभा छैन भन्या तेस मनुष्यदेषा पनि काम कुरा बन्दैन."

(मुद्राराक्षस, प्रथम अङ्कमा)

'बर हुनु' को सामान्य अर्थ 'बिहाबारी गरी जोईपोई भई १ माना खाई बस्नु' भन्ने हुन्छ। तर राजकाजी मनुष्यहरूका व्यवहारमा 'बर हुनु' को अर्थ 'आफ्नो हातमा प्रभुता आउनु' भन्ने हुन्छ। जस्तै—

"मेरा बर भयापछि यो लेख्याका धर्म फालि तम्रा धन जन आवरोहमा म लाग्याँ भन्या (श्रीविश्वे)श्वर श्रीकाल-भैरबको कुदृष्टि"

[रणबहादुर शाहले काशीबाट विदुरशाहलाई लेखेको पत्रबाट। ज. भीमसेन थापा र तत्कालीन नेपालको २४९-५० पृष्ठमा यो प्रकाशित भएको छ।

यही परम्पराको अनुसरण गरी भवानीदत्तले पनि यो

शब्द प्रयोग गरेका छन्—

"प्रभुलाई विपत्ति पर्दा पनि इनको घर आमामा थानकन दिनन्. गुननिगुता चिह्नन भनी पछि लाग्न्या मनुष्य १."

दोस्रो विभागमा—

षामिद=स्वामी, सेवक=सेवा गर्ने [जागीरदार, नोकर-चाकर]

"स्वामिदले अरायाको सेवकले हुकुम मान्नैपर्छ"

[पृथ्वीनारायण शाहले अभिमानसिंहलाई लेखेको पत्रबाट । इतिहास-प्रकाश १।१ को १२ पृष्ठमा ऐ. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो छापिएको छ ।]

"इत निक. ताहा चरणारविन्दमा कुशल मंगल भया सेवकको उद्धार प्रतिपाल होला. आगे ताहाको समाचार षामिदको प्रतापले भलो छ."

[देवदत्त थापाहरूले रणबहादुर शाहलाई लेखेको पत्रबाट । ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग) को ७४ पृष्ठमा यो छापिएको छ]

यही परम्परामा भवानीदत्तले पनि यो शब्द प्रयोग गरेका छन्—

"पैल्हेको नुननिगुता सम्झी भक्तिपूर्षक षामिदको वैर साधनानिमित्त आफ्ना जियको संकल्प गर्‍र्या एस्ता सेवक मनुष्य संसारमा मिल्दैनन ."

(मुद्राराक्षस, पहिलो अङ्कमा)

"हे माता, दुर्योधनका सेवकहरूले आजसम्म [खायाको] अन्न-पानीको ऋण तिर्न्या बेला आईरहेछ"

(महाभारत, उद्योगपर्वमा)

खबर्दार भै == होशियार भई

"यो नेपाल उपद्रवको घर हो. प्रभु भन्या बालक. मैले सहुथार गर्न्या छु. भन्नानिमित्त गृहसुख छोडि पनि दरबारमा बसी भित्र बाहिर सर्वत्र नजर दि खबर्दार भै रहंछन"

[भीमसेन थापाको बाग्मतीको स्तम्भलेखबाट]

यही परम्परामा भवानीदत्तले यो शब्द प्रयोग गरेका छन्—

"तसर्थ बहुतै बुद्धिमान भयाका राक्षस मंत्रिकन पक्रन्या कुरामा खबर्दार भै म पनि आफ्ना सामर्थ्यमाफिक जत्न गर्छु."

[मुद्राराक्षस, पहिलो अङ्क ।।]

रातारात

"महाराना १ भित्र्यानी ३ रातरात गरी श्रीस्वामीज्यूका पछि लागी गया"

(भाषावंशावलीबाट)

भवानीदत्तले पनि यो शब्द प्रयोग गरेका छन्—

"...भागुरायणकन लगाई तम्रा पिता पर्वतेन्द्रकन मराउन्या चाणक्य हो. राक्षस मंत्री होइन भनी एकांतमा त्रास

देषाई मलयकेतुकन रातारात भगाञ्या."
(मुद्राराक्षस, पहिलो अङ्कमा)

तक्सार = अपराध, दोष

"तिमीलाई नसाधी नसोधी जसले काम लाउला तसता छोटा बडालाई तक्सोरमाफिक सजाय गरीबक्सौला।"
[१८६२ मा राजेन्द्रविक्रम शाहले भीमसेन थापालाई गरिदिएका लालमोहरबाट । अ. भीमसेन थापा र तत्कालीन नेपालको २४५-४९ पृष्ठमा यो छापिएको छ ।]

महावीरदत्तको अनुवादमा—
"तसै चंद्र[गुप्तका] संगातीमा भद्रभट प्रभृतिकन जुआर छिनार भै खराप भया भन्या तकसार लगाई आहादेषी निकाली मलयकेतुका घर - - - भाग्या गराञ्या."
[मुद्राराक्षस, पहिलो अङ्क]

दगा गर्नु = रास ईर्बा लिई धोखा दिनु

"कहर वस्न्यात माथी दगा गर्न्या डबल गर्छस् गर. दगा गर्न्या आँषा कढाई मागलास् ।

[पृथ्वीनारायण शाहले महाद्दामकीर्तिलाई पठाएको पत्रबाट । इतिहास-प्रकाश १।१ को १२ पृष्ठमा ऐ. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो प्रकाशित भएको छ ।]

भवानीदत्तको अनुवादमा—

"[औषधी] मा अन्न पानीमा विष हालीकन पनि शत्रु-पक्षका मनुष्यले दगा गर्नन. सो कुरा कदाचित् हुन नपावस् भंनानिमित्त षबर्दार भयाका हितकारी [मानिस] हरूकन जाँची बुझी राजा चंद्रगुप्तका हजूरमा राषी दियाका छन."

[मुद्राराक्षस, पहिलो अङ्कमा]

सहिमा लाग्नु = अनुसरण गर्नु

"तेस्ता मान्छेका सहिमा लाग्या ता तरवार पनि तिन टुकरा भै भाँच्याा इवल देषिन्छ"

[रणबहादुर शाहले विद्यादेवीलाई लेखेको पत्रबाट। इतिहास-प्रकाश ।१। को १८ पृष्ठमा पं. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो प्रकाशित भएको छ।]

भवानीदत्तको अनुवादमा—

"हे वैहीनरि, यसै ठाउँमा बस. राजाका सहिमा लागी नजा."

(मुद्राराक्षस, तेस्रा अङ्कमा)

रह्दानी, चौका

"आगे चोसापानी गढीमा बस्न्या सालबसालका सुबेदार चौकिहरूले गर्न्या काम काजको सवाल गरिबक्स्यौं —

प्रथम सवाल- श्रीजनरलका राहदानीबाहेक कसैलाई जान नदिनु. राहदानी लि आउन्यालाई जान दिनु — १"

[राजेन्द्रविक्रम शाहले चीसापानी गढीका सुबेदार-हरूको नाउँमा गरिदिएको लालमोहरबाट। 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' को २३१-३३ पृष्ठमा यो छापिएको छ]

भवानीदत्तको अनुवादमा—

"हे आर्य, रहादानीविना चिठिपत्र ली देशांतरमा जान लाग्याको काही एक पुरुषकन हामीहरूले पक्री राख्याको छ. एस् पुरुषकन आफै श्रीसर्कारले हेरी आँन बुझ गर्नन् भनि चौकीमा बस्याका दीर्घरक्षनामा चौकदार विन्ति गर्छन"

[मुद्राराक्षस, पाचौं अङ्कमा]

लस्कर = फौज.

"उप्रान्त भैरुंसम्म चिनियाको लस्कर आइपुग्दा र हाम्रा मानिसको मनसुम घट्दा ढुंगा थाम्न्या घरी पर्‍यो"

[ऐतिहासिक-पत्र-संग्रहमा प्रकाशित पत्रबाट]

"बाँकि वैसाषका दिन १५ जाँदा ग्वालियर दौलतरावका लस्करमा पुग्यौं"

[पद्मपाणि पण्डितले भीमसेन थापालाई लेखेको पत्रबाट। 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' को २८५-९१ पृष्ठमा यो छापिएको छ।]

"यो सबै जति घायल भयाका छन. यिनमा एकै सरदार-लाई लश्कर दिई पठायाका भया पनि फत्य गर्न सकन्या थिया"

[भाषावंशावलीबाट]

भवानीदत्तको अनुवादमा—

"आफ्नै लश्करमा एस्तो जति भयो भन्या शत्रुकन जिति पटना अंवल गर्नेकन पनि कठिन पर्ला"

[मुद्राराक्षस, पाचौं अङ्कमा]

शासना गर्नु = दण्ड, सजाय गर्नु

"····चौकिदार सिपाहिले पनि विना सर्कारको हुकम बाधन्या काम गर्‍याको बहुतै बेमना सिफको छ. हामि सासना गर्छौं भन्दा साहेबले अब ज्या हुनु भयो सासना गर्नु पर्दैन भन्दा अैले तिमिले ईन्को सासना नगर्नु भन्यौं तपनि सदर सर्कारबाट इनको सासना हुन्यैछ"

[बम शाहले कृष्ण पण्डितलाई लेखेको पत्रबाट। ऐतिहासिक – पत्र – संग्रह (पहिलो भाग) को १०४-१०६ पृष्ठमा यो छापिएको छ।]

भवानीदत्तको अनुवादमा—

"सिद्धार्थक जो छ. शासना गर्मन भन्या भयले बहुतै डराईकन कहन्छ."

"हे भासुरक, एस् पुरुषले सबै कुरा कहयाका छैनन्।

तसर्थ फेरि पनि शासना गर्"

(मुद्राराक्षस, पाचौं अङ्कमा)

कर्तव्य = आफ्ना स्वार्थ सिद्ध गर्न गरेका कुकर्म

"आफ्ना कर्तव्यले तँहि भुट्टो छस्. झुटो भया प्रांत चुप लागीरहनु"

[पृथ्वीनारायण शाहले महोद्दामकीर्तिलाई लेखेको पत्रबाट। इतिहास-प्रकाश १।१ को १२ पृष्ठमा ऐ. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो छापिएको छ।]

भवानीदत्तको अनुवादमा—

"राक्षसमंत्रिको कर्तव्य होला भंन्या शंका अघि पनि भएकै हो."

(मुद्राराक्षस, पाचौं अङ्क)

अंमल गर्नु = जित्नु, आफ्नो राज्यमा गाभ्नु

"सप्तरि विजेपुर दुवै मुलुक पाहाड मधेस गरि पौने २ लाख रुपैया सालबसाल आवन्या अम्मल गरिस्."

[प्रतापसिंहले अभिमानसिंह बस्नेतलाई लेखेका पत्रबाट। इतिहास-प्रकाश १।१ को १४ पृष्ठमा ऐ. शि. बाबुराम आचार्यद्वारा सम्पादित भई यो छापिएको छ।]

"श्रीनगर गोर्षाको अंवल भयो भनि लेख्या छन्."

[रणबहादुर शाहले जगजीत पाँडेहरूलाई लेखेको

पत्रबाट । ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग) को ५६-६१ पृष्ठमा यो छापिएको छ ।]

भवानीदत्तको अनुवादमा—

"आफ्नै लस्करमा एस्तो जति भयो भन्या शत्रुकन जिति पटना अचल गर्नाकन पनि कठिन पर्ला"

(मुद्राराक्षस, पाचौं अङ्कमा)

अनुवादमा दोष

मूल ग्रन्थकारले जे कुरा प्रतिपादन गर्न खोजेका छन, सोही कुरालाई आफ्नो अनुवादमा देखाउन सक्नु अनुवादकको गुण हो । मूल ग्रन्थकारले एक थोक भनेकोमा सो कुरा नबुझी अर्कै थोक भनी अण्ड-बण्ड पार्नु अनुवादकलाई कुनै अधिकार हुँदैन । देश काल परिस्थिति मिलाई अनुवाद गरेको हुँ भन्नेले पनि मूल ग्रन्थकारको भाव नबुझी जथाभावी अनुवाद गर्न पाउँदैन । त्यस्तो गरेमा अनुवादकको सो दोष ठहर्छ । भवानीदत्तले कहीं कहीं त्यस्तो दोष गरेका छन । त्यसका केही उदाहरण यहाँ दिइन्छन—

मुद्राराक्षसमा---

"अत्र तावद् वृषलपर्वतकयोरन्यतरविनाशेपि चाणक्यस्यापकृतं भवतीति विषकन्यया राक्षसेनास्माक-मत्यन्तोपकारि मित्रं घातितस्तपस्वी पर्वतक इति संचारितो जनापवादो लोकप्रत्ययार्थम्"

(पहिलो अङ्क)

=="चन्द्रगुप्त र पर्वतेन्द्र ई दुइ जनामा एकाका नाश भया पनि चाणक्यका उद्योग व्यर्थ होला भन्नानिमित्त कृत्या बनाई हाम्रा बडा उपकारी मित्र भयाका तपस्वी पर्वतेन्द्रकन मारादियो भन्या राक्षसमंत्रिका उपर अपवाद लगाई लोककन बुझाञ्या."

यहाँ तपस्वीको अनुवाद 'तपस्वी' भन्नो गरिएका ठीक होइन । किनभने राजा पर्वतक तपस्वी थिएनन् । संस्कृतमा तपस्वीको अर्थ 'बिचरो' पनि हुन्छ । सोही अर्थ यहाँ मिल्दो छ ।

"तत्तत्कारणमुत्पाद्य कृतकृत्यतामापादिताश्चन्द्रगुप्त-सहोत्थायिनो भद्रभटप्रभृतयः प्रधानपुरुषाः"

(पहिलो अङ्क)

=="तस्तै चंद्रगुप्तका संगाती एस्ता भद्रभट प्रभृतिकन जुआर छिनार मैं पराप गन्या भन्या तक्सीर लगाई जाहादेर्षा निकाली मलयकेतुक घर ... पासी गराञ्या"

चाणक्यले आफ्नो दाउपेच सिद्ध गर्न भद्रभटहरू-

लाई दोष लाई मलयकेतुकहाँ पठाएका हुन । तर चाणक्यले यहाँ बोलेको वाक्यमा त्यो कुरा छैन । यस वाक्यको अर्थ त यस्तो हुनुपर्छ—

"तसैै चन्द्रगुप्तका संगात एस्ता भद्रभट प्रभृतिकन अनेक बहाना गरी भन्या जस्तो गरी भारदियाको छ"

"बहुविधदेशवेषभाषाचारसंचारवेदिनो नानाव्यञ्जनाः प्रणिधयः ।"

(पहिलो अङ्क)

का अनुवाद "देश देशका बोली भेस आचार तंत्र-मंत्रकन जान्या जोगी संन्यासी फकिर नानक इत्यादि अनेक तरहका रूपधारी भयाका एस्ता एस्ता मनुष्यकन चिना बनाई" यस्तो गरिएको छ ।

कौटलीय अर्थशास्त्रमा—

"उपधाभिः शुद्धामात्यवर्गो गूढपुरुषानुत्पादयेत् ॥१॥ कापटिकोदास्थितगृहपतिकवैदेहकतापसव्यञ्जनान्सत्त्रि-तीक्ष्णरसदभिक्षुकीश्च ॥२॥ परमर्मज्ञः प्रगल्भश्छात्रः कापटिकः ॥३॥ प्रव्रज्याप्रत्यवसितः प्रज्ञाशौचयुक्त उदास्थितः ॥६॥ कर्षको वृत्तिक्षीणः प्रज्ञाशौचयुक्तो गृहपतिकव्यञ्जनः ॥१२॥ वाणिजको वृत्तिक्षीणः प्रज्ञाशौचयुक्तो वैदेहकव्यञ्जनः ॥१४॥ मुण्डो जटिलो वा वृत्तिकामस्तापसव्यञ्जनः ॥१६॥

(१ अधिकरण, ११ अध्याय)

ये चास्य सम्बन्धिनोऽवश्यभर्तव्यास्ते लक्षणमङ्ग-विद्यां जम्भकविद्यां मायागतमाश्रमधर्मं निमित्तमन्तरचक्र-मित्यधीयानाः सत्रिणः ॥१॥ संसर्गविद्या वा ॥२॥ ये जनपदे शूरास्त्यक्तात्मानो हस्तिनं व्यालं वा द्रव्यहेतोः प्रतियोधयेयुस्ते तीक्ष्णाः ॥३॥ ये बन्धुषु निःस्नेहाः क्रूराश्चालसाश्च ते रसदाः ॥४॥ (१ अधि. १२ अध्याय)

[उपधा (ईमानदार र बेईमान छुट्याउने जाँच) द्वारा आफ्ना मन्त्रीहरूलाई जाँची भर्ना गरिसकेपछि चेवाहरू भर्ना गर्नू । कापटिक रूपका, उदास्थित रूपका गृहपतिक रूपका वैदेहक रूपका तापस रूपका सत्री रूपका तीक्ष्ण रूपका रसद रूपका तथा भिक्षुकी (जोगिनी) रूपका यति थरीका चेवा हुन्छन् । बोलक्कड, अरूको गुह्य बुझ्ने, पढैया मनुष्य कापटिक हुन सक्तछ । मुढिई फेरि गृहस्थी भएको, बुद्धि र ईमान पनि भएको मनुष्य उदास्थित हुन सक्छ । खेतीवाल, वृत्ति बिग्रेको, बुद्धि र ईमान पनि भएको मनुष्य गृहपतिक हुन सक्छ । व्यापारी, वृत्ति बिग्रेको, बुद्धि र ईमान पनि भएको मनुष्य वैदेहक हुन सक्छ । मुडुला वा लट्टा पाल्ने, वृत्ति खोज्ने मनुष्य तापस हुन सक्छ ।

लक्षण (वस्तुको पहिचान), अङ्गविद्या (शरीरको बनौटको शुभाशुभ विचार), जम्भकविद्या (टुनामुना), मायागत (चटक), आश्रमधर्म (ब्रह्मचारी गृहस्थ वानप्रस्थ संन्यासीहरूले गर्नुपर्ने नियम), निमित्त (शुभाशुभ

शकुन), अन्तरचक्र (४ दिशालाई ३२ भाग लाई तो विभागबाट विचार गरिने शुभाशुभ) यो विषय वा संसर्गविद्या (मजा लाग्ने हुनाले संगतैबाट सिक्न सकिने नाच गान आदि विद्या) पढेका, आफ्नो सम्बन्ध परेका हुनाले माना चामल भनुपर्ने मानिस सत्री हुन सक्छ। पैसा पाएमा बाघ भालु सर्प हात्तीसंग पनि भिडिन नडराउने, शूरा, हरामज्यादा भन्नी मुलुकमा नाउँ चलेको मनुष्य तीक्ष्ण हुन सक्छ। आफ्ना नाता-गोतामा माया नगर्ने, निर्दयी, अलछी मनुष्य रसद (विष खुवाउने) हुन सक्छ।]"

यस्तो लेखिएको छ। यिनै रूपका चेया छोडिएका हुन् भन्ने विशाखदत्तको भाव हो। सो कुरा नबुझी भवानीदत्तले गरेको अनुवाद अशुद्ध छ भन्ने कुरामा शङ्का छैन। भारतमा मुसलमानहरूले विजय गरिसकेपछि तथा भारतमा मुसलमानी धर्म धेरै फैलिसकेपछि विक्रमको सोह्रौं शताब्दीका नानकले सीख सम्प्रदाय चलाएका हुन। गुरुका नामले त्यस सम्प्रदायका अनुयायीहरू पनि नानक कहलाउन लागेका हुन्। यस कारण विक्रम पूर्व तेस्रो शताब्दीको कुरा लेख्ता नानक सम्प्रदायका जोगी थिए भनी लेख्नु सर्वथा अशुद्ध हो।

राजनीति-शास्त्रको पठन-पाठन छुटेको र इतिहासको अध्ययन नभएको कुरा यसबाट स्पष्ट देखिन्छ।

"प्रथमं तावदार्यस्य रिपुपक्षे बद्धपक्षपातः क्षपणको जीवसिद्धिः"

(पहिलो अङ्क)

को अनुवाद "पहिले त साहेबका शत्रुहरूको पक्षपात गर्न्या जीवसिद्धिनामा नाङ्गमार्गी फक्कीर एक जना छ।" यस्तो गरिएको छ।

जैन धर्मका प्रवर्तक महावीर, बौद्ध धर्मका प्रवर्तक बुद्ध समानकालिक हुन। यिनीहरूको दृष्टिमा सांसारिक भोगविलासमा फस्नु बढिया थिएन, तथापि यी दुइको विचार- परम्परामा केही भेद पनि थियो। शरीर प्रमाणको आत्मा मान्नु र पञ्चस्कन्धलाई नै आत्मा सम्भेका हुन भनी भन्नु यिनीहरूको आत्मचिन्तनको मार्गको भेद थियो। त्यस्तै बाह्य आचारमा पनि कठोर संयम र मध्यम मार्गको अनुसरण गर्ने यी दुइ धर्म आफ्नो उत्पत्ति कालदेखि नै भिन्न मार्गमा हिंडेका हुन्। जैन साधुलाई क्षपणक भन्ने चलन छ। जस्तै—

"अदर्शं च मार्गाभ्याशवर्तिनः कस्यापि क्षपणकविहारस्य बहिः…… कमपि क्षपणकम्।…… सोऽब्रूत—…… इदं जैनायतनं मुनिनैकेनोपदिष्टमोक्षवर्त्मा…… कौपीनमजहाम्।"

(दशकुमारचरित, उत्तरपाठिकाको २ उच्छ्वास)

[बाटोसँगै रहेको कुनै क्षपणकविहारको बाहिर…… कुनै क्षपणकलाई देखें।… तिनले भने-… यस जैन

मन्दिरमा कुनै मुनिले मुक्तिको मार्ग सिकाइएको छ्दा...
लँगौटी छोडें (दिगम्बर भएँ)]

नेपालमा जैनहरूको नामनिशान केही नभएको तथा बौद्धहरू भने प्रशस्त भएका र अमरकोशमा पनि—

सर्वज्ञः सुगतो बुद्धो धर्मराजस्तथागतः ।
समन्तभद्रो भगवान् मारजिल्लोकजिज्जिनः ॥

यसरी बुद्ध र जिन एउटै हुन् जस्तो गरी लेखिदिएको हुनाले पनि भवानीदत्तले क्षपणकको अनुवाद 'बौद्धमार्गी फक्कीर' भनी गरेका हुन । परन्तु यसो गर्नु अशुद्ध हो ।

"कथमयं प्रकृतिचित्तपरिज्ञाने नियुक्तो निपुणकः"
[पहिलो अङ्क]

को अनुवाद "सहरवासी दुनियाका चित्तको बात एसले कसो गरी जान्यो" यस्तो गरिएको छ । तर यो अनुवाद मिलेको छैन । यसको अनुवाद "दुनियाको मन बुझ्न पठायाको निपुणक पो यो रहयाछ" यस्तो हुन्छ ।

"वृषल, स्वयमनभियुक्तानां राज्ञामेते दोषाः संभवन्ति"
(तेस्रो अङ्क)

को अनुवाद "हे चन्द्रगुप्त आफ्नु मनपरि गर्न योजन्या राजाले आफुदेखी उँभोका गुरु जनको स्वातन्त्र्य सहँदैनन्' यस्तो गरिएको छ । परन्तु यसको ठीक अनुवाद

"हे चन्द्रगुप्त आफैं काम नगर्न्या राजाहरूलाई यो दोष लाउन सक्छन्" यस्तो हुन्छ ।

कतै उही पात्रले बोल्दा भन्छ भनी, कतै भन्छन् भनी अनुवाद गरिएको छ । जस्तै—

'तहाँपछि चाणक्य मनैमा भन्छ'

(पहिलो अङ्कमा)

'तब चाणक्य मनैमा भन्छन्'

(तेस्रो अङ्कमा)

यस्तो गर्नु उचित होइन ।

महाभारतमा—

"साब्रवीत् कृष्णमासीनं कृतातिथ्यं युधां पतिम् ।
बाष्पगद्गदपूर्णेन मुखेन परिशुष्यता" ॥४॥

(उद्योगपर्व ९० अध्याय)

—"कुन्ती जी छन. श्रीकृष्णलाई आतिथ्य सत्कार गरीकन बिछ्यउनामा बसाइ आँसुले पूर्ण भयाका शोकले सुक्न लाग्याको मुखले जगत्साक्षीकन बोल्न लागिन्"

यहाँ 'युधां पतिम्' को अनुवाद 'जगत्साक्षी' गरिएको मिल्दैन । यसको अनुवाद 'मुख्य लडाका' भन्ने हुनुपर्छ ।

हितोपदेशमा—

तानीन्द्रियाण्यविकलानि तदेव नाम
सा बुद्धिरप्रतिहता वचनं तदेव ।
अर्थोष्मणा विरहितः पुरुषः स एव
अन्यः क्षणेन भवतीति विचित्रमेतत् ॥

[मित्रलाभ]

यसको अनुवाद भवानीदत्तले यसरी गरेका छन्—

"यस संसारमा - ‥ - मनुष्यका इन्द्रिय साबुज् छन भन्या तसैकन इन्द्रिय भन्नु. केही अजस् नपरीकन सधैं एकै तार रहयाको छ भन्या नाउँ भन्याको तेही हो. परिआयाका काममा नहडबडाउनू. बुद्धी भन्याको तेही हो. जस् कसैका अगाडी बरोबर बोल्नकन शक्नू वचन भन्याको तेही हो. प्रसस्त धन जस्का छ. तसैकन पुरुष भन्नु. ई सबै कुरा घटी गया भन्या वही पुरुष छ तपनि एकै क्षणमा अर्को होई जान्छ. यस्मा केहि आश्चर्य छैन."

यहाँ मूल श्लोकको भाव नबुझदा भवानीदत्तले तालतुल गरी अर्थ गरेका छन् । यस श्लोकको ठीक अनुवाद—

"साबुज् भयाका उनै इन्द्रिय छन, नाउँ उही छ, परिआयाका काममा नहडबडाउन्या उही बुद्धि छ, बोली उही छ तपनि धनको तेज गयापछि एकै क्षणमा उही मानिस अर्कै हुन्छ. यो विचित्र छ"

यस्तो हुन्छ ।

"दुःखितो हि चरेद्धर्मं यत्र तत्राश्रमे रतः ।"

(सन्धि)

==आफ्नु चित्त शोक दुःखले सधैं व्याकुल हुन्छ भन्या त्यो मनुष्य कौनै आश्रममा रह्यो पनी आफ्नु धर्म चलाउन सक्तैन ।

यहाँ पनि मूल श्लोकको भावसंग अनुवाद मिलेको छैन । असल अनुवाद—

"कौनै आश्रममा रहदा दुःख पाया पनि आफ्नु धर्म गर्दै रहनू"

यस्तो हुनुपर्छ ।

आत्मा नदी संयमपुण्यतीर्था
सत्योदका शीलतटा दयोर्मिः ।
अत्राभिषेकं कुरु पाण्डुपुत्र
न वारिणा शुध्यति चान्तरात्मा ॥

(सन्धि)

"हे युद्धिष्ठिर. वैराग्यरूपी पुण्यतीर्थ भयाकी सत्यरूपी जल भयाकी शीलरूपी तीर भयाकी दयारूपी तरंग भयाकी एस्ती चित्तरूपी नदी छन. तहाँ विषे स्नान गर. अन्तःकरण शुद्ध हुन्याछ. जलमा स्नान गरी अन्तःकरण शुद्ध हुँदैन"

यस अनुवादमा संयम (नियममा रहनु) को अर्थ वैराग्य आत्माको अर्थ चित्त गरिएको अशुद्ध छ ।

भवानीदत्तका पालाको नेपाली भाषामा र वर्तमान नेपाली भाषामा अन्तर

मुखमा जुन जुन स्थानबाट वर्ण निस्कन्छन, त्यसैको अनुरूप लेख्नु उत्तम कुरा हो। बोल्दा खेरिमा अलिकता मात्र पनि स्वरको तल – माथिले अर्थमा फरक पर्छ । यस कारण उच्चारणलाई र लेखाइलाई एकरूपता दिनु आवश्यक छ । यसै कारणले षडङ्गमा शिक्षाशास्त्रको गणना भएको हो । वैदिकहरूले स्वरको चिह्न कल्पना गरी उच्चारणलाई ठीक राख्ने प्रयत्न गरेका हुन । सोही प्रयत्नमा शिक्षाशास्त्र र व्याकरणशास्त्रले आफ्नो मार्ग बनाएका छन ।

नेपाली भाषामा व्याकरण-शास्त्र देखिएका छन । तर शिक्षाशास्त्र देखापरेका छैनन । हामीहरूले ने. भा. प्र. समितिको व्याकरणको अनुसरण गरेका छौं । आफूलाई नेपाली भाषाका उद्धारक भनी प्रसङ्ग बेप्रसङ्गमा भन्दै हिंड्ने मनुष्यहरूका मुखबाट

ने. भा. प्र. समितिको व्याकरण पक्षपातपूर्ण तथा अशास्त्रीय छ भन्ने भनेको बराबर सुनिन्छ । अहिले नेपाली भाषाको व्याकरणको विषयमा बहस उठाउन मलाई फुर्सद छैन । नेपाली भाषाको व्याकरणको विषयमा कचिङ्गल उठिरहोस् भन्ने कुरा पनि म कदापि चाहन्नँ । नेपाली भाषाका वैयाकरण बन्न चाहनेहरूले शिक्षाशास्त्रको समेत विचार गरी दुराग्रह छोडी व्याकरणका नियमको परिशीलन गरिदिए हुन्थ्यो भन्ने कुरा मेरो मनमा खेलिरहन्छ । यसैले नेपाली भाषाका शब्दका पुराना रूप र वर्तमान रूपको परिचयले पनि नेपाली भाषाका वैयाकरण बन्न चाहनेहरूलाई केही काम देला भन्ने सम्झी भवानीदत्तले प्रयोग गरेका रूपलाई र वर्तमान रूपलाई साथ–साथ तल दिएको छु ※ ।

भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—	भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—
अंगुठ / अंगुठो	अँगुठी / औंठी	अवश्य / अवस्य	अवश्य
अरु	अरू	आइपुग्याका	आइपुगेका
असंतोसि / असंतोषी	असन्तोषी	आञा	आएँ
		आप्ना	आफ्ना

※ मेरो प्रेरणाअनुसार भोलानाथ धनवलले यो संग्रह गरेका हुन् ।

भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—
आफ्नु, आफ्नू	आफ्नो, आफ्नू
आफु	आफू
आया	आए
आयाको	आएको
इनकन	यिनकन
इनको	यिनको
ई, इ	यी
उदायाको	उदाएको
ऋण, रिण	ऋण
एती, एति	यति
एत्तिकै	यत्तिकै
एसरी	यसरी
एसैनिमित्त	यसैनिमित्त
एस्, यस	यस
एस्ता, यस्ता	यस्ता
एही, एहि	यही

भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—
कउन्, कौन	कुन
कस्को	कसको
कस्लाइ, कस्लाई	कसलाई (इ)
कह्नुह्वस्, कह्नूह्वस्, कह्याजावस्	कह्नुहोस्
की	कि
कुरुवंसी	कुरुवंशी
कैल्हे	कैले, कहिले
क्या	के
क्यान	किन
षानपान	खानपान
षेन	खेन
षोज्न्या	खोज्ने
गरि, गरी	गरो
गराव्या	गराएँ
गर्छु, गर्छू	गर्छु
गर्‍या	गरे

भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—
गै	गई
चाँडो चाणो	चाँडो
चिठि	चिठो(ठ)
छिण	छिन
छेउ छेउ	छेउ
छोड्नु निको छोड्नू निको	छोड्नु निको
जउन जौन	जुन
जन्को जस्को	जसको
जह्यारत	जुहारात
जाउ जाऊ	जाऊ
जान्या	जान्ने
जिउँदई	जिउँदै
जित्न्याको	जित्नाको
ज्या	जे
झन्नि झन्नी झैं भयैं भै	झैं

भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—
यहा याहा याँहा	यहाँ
यही	यहीं
डढ्यालो	ड(डँ)ढेला
ढेरै	धेरै
तनै	तिनै
तनमा	तिनमा
तपाइँ तपाजि तपाजी	तपाईं
तस्को तिस्को	तिस्को
तर्फ	तरफ तर्फ
तसलाइ	त्यसलाई(इ)
तसै	त्यसै
तस्तै	त्यस्तै
तहाँ	त्यहाँ
तही	त्यहीं
ति ती	ती

भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—
तिमि / तिमी	तिमी
तृस्ना	तृष्णा
तेस्	त्यस
तेही	त्यही
थोरै / थोरा	थोरै(र)
दाज्यु भाइ / दाज्यु भाई	दाज्यू भाइ
दी	दिई
दीन	दिइन्
दुनिञा	दुनियाँ
देश / देस	देश
देषाउनु / देषाउनू	(विध्यर्थक) देखाउनू
देषाञा	देखाएँ
देषि / देषी / देखी	(विभक्ति) देखि
देषापायो	देखिहाल्यो
नाउँ / नाऊँ	नाउँ

भवानीदत्तले प्रयोग गरेका रूप –	वर्तमान रूप –
पहिले / पैह्ले	पहिले पेह्ले(ले)
पचहत्तरो	पचहत्तरौं
पछि / पछा	पछि
पनि / पनी	पनि
पराक्रमि / पराक्रमी	पराक्रमी
परैन	परोइन
पर्धछु	पढ्दछु
पर्धा	पढ्दा
पह्रनाले	पढ्नाले
पह्र्न्या	पढ्ने
पऱ्हाउन्या	पढाउने
पऱ्ही	पढी
पऱ्हन्यापछि	पढेपछि
पालुञा	पालुवा
पितरलाई	पितृलाई
पुक्या	पुगे
पुग्दछ	पुग्दछ
फेरी	फेरि

भवानीदत्तले प्रयोग गरेका रूप—	वर्तमान रूप—	भवानदत्तीले प्रयाग गरेका रूप—	वर्तमान रूप—
फैदा	फाइ(य)दा	शंका संका	शङ्का
बिश्रन्याछैनौ	बिर्सनेछैनौ	संघार संहार	संहार
बुझ्यावो	बुझ्याइँ		
भएन भयेन	भएन	सयकडन सयकरन	स(श)यकडन
भया:कि भयाकी	भएकी	सुध्यायाको	सोधेको
		सुन्याओस्	सुन्नुहोस्
भयैको छ	भएकै छ		
भंन्या	भन्ने	हरु हेरु	हरु(रू)
भै	भई		
मान्दछेउ	मान्दछ्यौ	ह्वोस् ह्वस्	होस्
मारैन	मार्न छैनँ	हाति हाती	हात्तो
रहनु रह्नू	(क्रिया) रहनु		
		हामी आयाका हुँ	हामी आएका हौं
रह्यैको छ	रहेकै छ		
लैगी	लगी	हामी रहुँला	हामी रहौंला

ने. भा. प्र. समितिको व्याकरणअनुसार 'तँ बस्' यस्तो हुन्छ। तर भवानीदत्तले— 'हे वैहीनरि एसै स्थानमा बस. राजाका सहिमा लागी नजा'

(मुद्राराक्षस, तेस्रो अङ्क)

यस्तो प्रयोग गरेका छन। अन्यत्र पनि विध्यर्थकको मध्यम पुरुषको एक वचनमा 'गर, सुन' इत्यादि अजन्त रूप नै भवानीदत्तले प्रयोग गरेका छन। अन्यत्र भने 'भन्छन, कहन्छन, कहसुहवस्' इत्यादि हलन्त रूप भवानीदत्तले प्रयोग गरेका छन।

'कहथ्याजावस्, सुन्याजावस्' इत्यादि रूपमा कर्मवाच्यको झलक आएको छ।

भवानीदत्त र भानुभक्त

भवानीदत्तले विक्रम संवत् १८९३ भन्दा अघि नै मुद्राराक्षसको आफ्नो अनुवाद सिद्ध्याइसकेका थिए भन्ने कुरा उनका मालिक भीमसेन थापाको जनरल पदले देखाएको छ भन्ने कुरा माथि नै भनिसकेको हो। वि. सं. १८९३ मा भानुभक्तले आफ्नो कविता प्रारम्भ गरेका हुन् तथा १८९८ देखि रामायण-रचना गर्न प्रारम्भ गरेका हुन् भन्ने कुरा उनको जीवनचरित्र लेख्ने मोतीराम भट्टको लेखबाट बुझिन्छ। यस कारण को अघि, को पछि भन्ने कुराको विचार हामीले गर्नुपर्ने आवश्यक छैन।

भानुभक्तले मोतीरामहरू जस्ता अनुयायी भेट्टाएका हुनाले अहिले प्रख्यात महापुरुषको पदवी पाइसकेका छन्। तर भवानीदत्तको चाहिं नाम समेत उनलाई तर्पण दिने मनुष्यहरूले पनि परिश्रमसाथ खोज्नुपर्ने अवस्थामा परिरहेको छ। यस कारण यी दुइको तुलना गर्छु भनी कलम उठाउँदा नसुहाउने कुरा गरे जस्तो हुन्छ। भानुभक्त पद्यद्वारा प्रसिद्ध भएका र भवानीदत्तका चाहिं अहिलेसम्म देखिएका सम्पूर्ण पुंजी गद्यमै सीमित रहेका छन्। भानुभक्तका मूल ग्रन्थ 'अध्यात्मरामायणको पद्यानुवाद' संपूर्ण पाइएको छ तथा उनका केही अरू कविता पनि पाइएका छन्। भवानीदत्तले गरेका अनुवादका भने फाटफुट केही पत्र मात्रै पाइएका छन्। यस कारण पनि या दुइको तुलना गर्न गाह्रो छ।

भवानीदत्त गद्यका रचयिता भएका हुनाले गद्यका रचयितासंग उनको तुलना गर्न पाए राम्रो हुन्थ्यो। तर नेपाली भाषाका गद्यका प्रवर्तक हामी हौं भन्ने मनुष्यहरू केही देखिएका छन् तापनि उनीहरूको आपुसमै म पहिला हुँ, म पहिला हुँ भन्ने वाद-विवाद चलिरहेको हुनाले त्यस विषयमा बाहिरिया हामी-हरूले अघिसरी भई बराबर उनीहरूको झगडामा न्यायाधीश बनी सफलता पाउने आशा कम भएको हुनाले उनीहरूसंग उनीहरू-भन्दा सय वर्ष जति अगाडिका गद्य-रचयिता भवानीदत्तको तुलना गर्न साहस गर्न अहिले सकिएन।

आत्म-बोध तथा रामगीता दुबै वेदान्तीहरूका प्रसिद्ध ग्रन्थ हुन्। मूल आत्मबोध ६७ श्लोकको छ। भवानीदत्तले आत्मबोधका प्रत्येक श्लोकको विस्तारपूर्वक व्याख्यात्मक अनुवाद

गरेका छन। भवानीदत्तले गरेको सो आत्मबोधको अनुवाद सम्पूर्ण पाइएको छ। मूल रामगीता ६२ श्लोकको छ। भानुभक्तले सार खिची त्यसको अनुवाद ३० श्लोकमा सिध्याएका छन्। भवानीदत्तका ग्रन्थ प्रचार नभएका हुनाले भवानीदत्तको अनुवादको प्रभाव भानुभक्तमा पऱ्यो होला भनी कल्पना गर्नु उटपटाङ्ग कुरा गर्नुसिवाय केही हुँदैन। तर पनि यी दुइको अनुवादमा जो एकैनासेपन देखिन आएको छ, त्यस विषयमा आँखा चिम्लिदिंदा इतिहासको एक कडी खुस्कन्छ भन्ने मैले संझेकोले यसमा अलिकता विचार गर्दा बढियै होला भनी अलिकता लेख्तछु।

पुनर्जन्म हुन्छ भन्ने कुरा प्रत्यक्ष वा अनुमान द्वारा सिद्ध गर्न सानो कुरो होइन। तर हामीहरू बालक-कालदेखि नै कथाहरूमा जन्म जन्मान्तरका कुरालाई आश्चर्य नमानी सुन्दछौं। यो भन्नाको तात्पर्य यो हो, गम्भीर गम्भीर कुरा पनि धेरैको मुखबाट बराबर सुनिन थालेपछि साधारण कुरो जस्तो हुन जान्छ। जोगीहरू प्रशस्त भएका र विद्वान्हरू तथा भिक्षुकहरू प्रायः वेदान्ती हुने गर्ने परम्परा भएको हाम्रा देशमा ब्रह्म आत्मा जीवात्मा माया इत्यादि वेदान्त दर्शनको गम्भीर कुराहरूको चर्चा हुने अखडा यत्र तत्र पाइने र सुन्ने श्रोताहरू पनि प्रशस्त हुने कुरा स्वाभाविक हुन आएको छ। मेरो विचारमा भवानीदत्त तथा भानुभक्तले त्यस्तै अखडाका कुरा सुनी वेदान्तका ज्ञान कमाएका हुन भन्ने लाग्दछ। वेदान्तका ग्रन्थको शब्दार्थ उनीहरूलाई लाग्दैनथ्यो अथवा वेदान्तका ग्रन्थ उनीहरूले पढे तथा हेरेका थिएनन् होला भन्नी मैले यहाँ भनेको

होइन। तर भवानीदत्त र भानुभक्तले आफैले अनुवाद गरेका—

"अब उप्रान्त ब्रह्मचिन्तन गर्दामा गन्र्या नियम कहन्छन। कोही नभयाका एकांत स्थलमा बसी स्त्री पुत्र धन संपत्ती भोगविलासदेषी विरक्त भै इन्द्रियकन जिती एकाग्र चित्तले अद्वितीय ब्रह्मका ध्यान (गनूं)"

(आत्मबोध, ३७ श्लो.)

"आत्मा यस् रितले चिह्नि्न्छ पहिले एकान्तमा गै बसोस्
दस् इन्द्रीय जितेर मन् पनि जिती आत्मै विचर्‍या परोस्।
जानोस् जो छ जगत्प्रकाश् सकल यो हो आत्मसत्ता भना
येही तत्त्व बुझी त पूर्ण रुपको होइन्छ आफू पनी ॥१४१॥

(रामायण, उत्तरकाण्ड)

को अनुसार काम गरेका भए उनीहरूका मालिक भीमसेन थापा र कृष्णबहादुर राणालाई रिझाउने प्रवृत्ति उनीहरूको नहुनुपर्ने हो भनी भन्दा प्रमाणविरुद्ध होला जस्तो मलाई लाग्दैन। यस कारण वेदान्ती अखडाबाट यिनीहरूले वेदान्त चर्चा सुनेका हुनाले यी दुइको व्याख्यानशैलीमा सादृश्य पर्न आएको हो भन्ने देखिन्छ। जस्तै—

"अश्वमेध प्रभृति बडा बडा कर्मले पनि अज्ञानको नाश गर्दैन्. अज्ञान छुट्यापछि आफै मोक्ष होला. ज्ञानको केही प्रयोजन छैन भन्या एस्तो शंका नगनु. कयान भन्या कर्मको र अज्ञानको तौर नहुनाले अज्ञानको नाश कर्मले गर्दैन। अज्ञान रह्यैको छ भन्या मोक्ष कदाचित् पनि

हुँदैन ।। ज्ञानको र अज्ञानको त परस्पर वैर छ । तसर्थ श्रीसूर्यका उदय हुँदा अन्धकारको नाश हुँदा झैं ज्ञानको उदय हुँदा अज्ञानको नाश हुन्छ । रहन पाउँदैन” ॥३॥

(आत्मबोध)

अज्ञान्को र इ कर्मका छ कति फेर् तस्मात् क्रियाले गरी
अज्ञान् नष्ट हुँदैन छैन अरु थोक् ऊपाय नै ज्ञान् सरी ॥१२७॥

विद्यालाइ सहाय कर्म छ ठूलो भन्छन् इ वेदूले पनी
तस्मात् कर्म अवश्य गर्नु जनले साहाय होला भनी ।
कै येसा पनि भन्दछन् त ति भनुन् साहाय कोही रती ।
विद्यालाइ त चाहिँदैन बुझ यो विस्तार् बताऊँ कती ॥१२८॥

विद्याको र इ कर्मको त छ विरोध् साहाय हुन्थ्यो कहाँ
विद्यै एक छ समर्थ मुक्ति दिनमा यै जान्नु सब्ले यहाँ ॥१३०॥

[रामायण, उत्तरकाण्ड]

“अब उप्रांत अज्ञानले कल्पना गर्‍याका तिन उपाधिकन [विस्तार पूर्व] कले कहन्छन् । पृथिवी जल तेज वायु आकाश ई पाँचको प्रत्येक दुइ भाग गरी एक भागकन फेरी [खण्ड ख]ण्ड गरि आप्ना भागग्राहिक अरु चार भागमा चार खंडकन मिस्नु जो छ. पंचीकरण हो. एस्ता त[रहले] पंचीकरण गरियाका पंचमहाभूतले बन्याको प्रारब्ध कर्मले मिल्याको सुख दुःख भोगको स्थान भयाको एस्तो स्थूल शरीर एक उपाधि कहिन्छ ॥११॥

(आत्मबोध)

मायाले त बन्यो शरीर सब यो आखिर् छ मर्न्या पर्ना
देख्नू पञ्च महाभुतं छ सबमा यस्ता प्रकार्‌का बनी ।
संसार्‌को सुख दुःख साधन स्वरुप् देखिन्छ जो देह यो
स्थूलोपाधि भनी कहिन्छ सबले यो नाम यसैको त हो ॥१३३॥

(रामायण)

"अन्नमय प्राणमय मनोमय विज्ञानमय आनन्दमय ई पंचकोश कहिन्छन. इनको संयोग हुनाले आत्मा इनै जस्तो देखिन्छ । तत्वले विचार गर्दा आत्मा शुद्ध छ । आत्मामा पंचकोशको संजोग कदाचित् पनि छैन । पंचकोश जस्तो भै देखियाका त राता काला वस्तुको भार्या पर्दा निर्मल स्वभाव भयाका स्फटिकले पनि रातो कालो देखिया जस्तो मात्रै हो । विचार गर्दामा ब्रह्म पनि निर्मलै छ. स्फटिक पनि निर्मलै छ" ॥१४॥

(आत्मबोध)

जीव् ता मुक्त छ शुद्ध निर्मल फटिक् जस्तो उपाधी गरी
सो निर्मल् पनि हुन्छ सङ्ग गुणले उस्तै उपाधी सरी ॥१३५॥

राताका सँगमा रह्‌या स्फटिक ठिक् देखिन्छ रातै सरी
तस्तै आत्म पनी उपाधिसँग भै हुन्छन् उपाधी सरी ।
आत्मामा छ उपाधि केहि न फटिक्‌मा क्यै छ रातो कतै
झुट्टै मात्र छ त्यो झलक् यही विचार् खुप् राख्नु जत्ततत्तै" ॥१३६॥

(रामायण)

"जस्तो अंधकारमा डोरीकन देख्ता सर्प हो भन्या बुद्धिले डराउँछ । तस्तै आत्मा पनि म जीव हुँ. शरीरभित्र

रह्याको छु । म भिन्नै हुँ, अर्को भिन्नै हो भन्या बुद्धिले दुःखसागरमा डुब्छु । जब सत्संगले वेदांत शास्त्रका तत्त्व-कन बुझी म जीव रहेनछु. शुद्ध ब्रह्मरूप रहयाँछु भनि जान्यो तब निर्भय भै सुखपूर्वक रहन्छ" ॥२६॥

(आत्मबोध)

आत्मा हो सुखरूप दुःखरुपको संसार् छ उस्मा कहाँ
अज्ञानले गरि मात्र सत्य रुपले झल्कन्छ आत्मामहाँ ॥
ज्ञान्ले जिन पनि हुन्छ डोरिकन साँप् बुझ्नू छ जस्तो फगत्
तस्तै ईश्वरमा अनेक् तरह्को देखिन्छ यस्तो जगत् ॥१३८॥

(रामायण)

"अग्निमा तताया'का फलामको गोलामा अग्निले बाहिर पनि भित्र पनि व्यापक भै रहँदा गोला रूपले प्रकाशमान भया झैं संपूर्ण जगत्मा ब्रह्मले व्यापक भै रहँदा ती ब्रह्म जो छन् . जगत् रूपले प्रकाशमान हुन्छन्" ॥६१॥

(आत्मबोध)

"आत्मा साक्षि छ यो पृथक् इ सबमा सब्मा घुस्याको पनी
जस्तै घुस्तछ अग्नि लोहहरुमा तस्तै प्रकार्को बनी" ॥१३९॥

(रामायण)

भवानीदत्तले प्रयोग गरेका रूपमा र वर्तमान रूपमा पनि आएको अन्तरलाई माथि देखाइसकेको छ । भवानीदत्त र भानुभक्तले प्रयोग गरेका शब्दमा सादृश्य पाइन्छ । जस्तै—

"... पइलेको नुनगिगुना सम्झी भक्तिपूर्वक षामिदको कार्य-साधनानिमित्त आपना जियको संकल्प गर्न्या एस्ता सेवक मनुष्य संसारमा मिल्दैनन्"

(मुद्राराक्षस, पहिलो अङ्क)

"स्वामिन्! हजुरको म त दास पो हूँ"

(रामायण, अयोध्याकाण्ड. ९४ श्लो.)

यस विषयमा विचार गर्नाका लागि भानुभक्तले प्रयोग गरेका मूल रूपलाई थाहा पाउनु आवश्यक छ। भानुभक्तका ग्रन्थका प्रकाशकहरूले भानुभक्तको मूल रूप यही हो भनी देखाइदिने प्रयत्न नगरी आफ्ना आफ्नो रुचिको शैली लिएकाले तिनको भरमा काम गर्दा धेरै त्रुटि रहने संभव भएकोले यस विषयमा अहिले बढ्ता लेख्न मैले आफूलाई असमर्थ देखेको छु।

उपसंहार

पण्डित भवानीदत्त पाँडेले सम्पूर्ण मुद्राराक्षस नाटकहरूको नेपाली भाषामा अनुवाद गरेका हुँदा हुन्। तर आज त्यस विषयमा म केही बोल्न शक्तिनँ। किन भने मैले एक दिन फ्याँकिएको कसिंगरमा यी भेट्टाएको हुँ। बराबर आफ्नो घर सफा गरी सुग्घर भई बस्ने मानिसले कति दिन घर सफा गरे, के के भयो भन्ने कुराको चेवा गर्ने न त मेरो प्रकृति नै छ, न त मैले त्यसो गर्नु सम्भव नै छ। प्राचीन विद्या पढेर अब केही

काम लाग्दैन भनी बैठकमा बसी खुलेआम भन्न सक्ने, आफूलाई व्यवहार-चतुर संभन्ने मनुष्यहरूलाई यस प्रकारका पुस्तकको उपादेयता संभाउन खोज्नु पनि भोक्क्याउन खोज्नु र बाम्नालाई निहुँ खोज्नु जस्तै हुने हो भन्ने तर्कले मेरो हृदयमा वास गरेकोले फाल्ने घरसंग मैले विशेष खोज-खबर गर्न सकिनँ। उनीहरूसंग वा अरुहरूसंग यी पुस्तकका बाँकी भाग वा अरू प्रति ❋ भए अब पनि तिनलाई प्रकाश गराइदिनु वा प्रकाश गर्नेका हातमा पुऱ्याइदिनु पुस्तक हुनेहरूको कर्तव्य हो भन्ने मैले संभेको छु। तिम्रो कर्तव्य तिमीले गर्नैपर्छ भनी कसैलाई अह्राउने अधिकार मसंग न अघि थियो, न अहिले छ, न त भविष्यमै हुनेछ।

वैद्य दिव्यवज्र वज्राचार्यको घरको एउटा दलानको दराज-मा ८ वर्ष जति वास गरी यी पत्रहरू अहिले सारिई छापाखाना-

---

❋ मुद्राराक्षस नाटकको नेवारी अनुवाद वीरपुस्तकालयमा छ भन्ने मैले सुने र मेरो प्रेरणाले धनवज्रले त्यसको केही भाग उतारी ल्याए। वि. सं. १७५७ मा नेवारी भाषामा लेखिएको सो पुस्तक रहेछ। त्यसको नाम 'मुद्राराक्षसकथा' भन्ने रहेछ। विशाखदत्तको मुद्राराक्षस नाटकको अनुवाद सो पुस्तक रहेनछ। मुद्राराक्षस नाटक-को पूर्ववृत्तलाई लिई लेखिएको कथा सो रहेछ।

राइटले संग्रह गरी लगेका पुस्तकमा पर्वते भाषाको मुद्राराक्षस [संख्या १६०१] पनि परेको छ। सो मुद्राराक्षस भवानीदत्तकै हो वा अर्कै हो, अहिले म भन्न सक्तिनँ।

द्वारा आफ्नो अनुहार दुनियाँमा देखाउन आएका छन्। पण्डित भवानीदत्त पाँडे, उनका आश्रयदाता जनरल भीमसेन थापा, आफ्नो बेलाको नेपालको राजकाज तथा नेपाली भाषाको रूपका विषयमा पनि यी पत्रले केही बोल्छन। सो कुराको उल्लेख मैले माथि नै गरिसकेको छु।

यी पुस्तकको विषयमा अब विचार गर्ने वा नगर्ने भन्ने अधिकार नेपाली भाषा बुझ्ने जनको हातमा छ।

फ्याँकिएका यी पत्रलाई पाएकै दिनदेखि छानबीन गरी प्रकाश गर्ने इच्छा मलाई लागिरहेको थियो। अहिले 'जगदम्बा-प्रकाशन' को सुप्रबन्धबाट सो हुन आएकोमा मलाई अत्यन्त हर्ष लागेको छ। 'जगदम्बा-प्रकाशन'का प्रबन्धक श्रीकमल दीक्षितको सहायता नभएको भए यी पुस्तक अहिले बाहिर निस्कन सक्तैनथे। यिनलाई प्रकाश गर्ने अभिभारा 'जगदम्बा-प्रकाशन' ले लिएको छ: जगदम्बा-प्रकाशनको नियमअनुसार संस्करणै-पिच्छे प्रकाशित पुस्तकको शयकडा १५ (पन्ध्र) हामीले पाउने भएका छौं।

यिनलाई सम्पादन गर्ने काम नानी भोलानाथ पौडेल र नानी धनवज्र वज्राचार्यले गरेका छन्। यो उपोद्घात तयार गर्ने काममा धनवज्रले मेरो इच्छा र विचारअनुसार मेरो साथमा रही काम गरेका छन। यसमा भोलानाथबाट केही काम भएको छ तथा रामजीबाट पनि अलिकता काम भएको छ।

यस काममा सहायता दिने सबैको अभिनन्दन गर्नु मैले आफ्नो कर्तव्य सम्झेको छु।

आयो काल नयाँ, नयाँ किसिमका धेरै बने साधन,
थोत्रा वस्तुहरू लिएर अब ता चल्दैन है जीवन।
भन्ने भाव लिई चलाक जनले फाले त्यसै जे कुरा
हाम्रो निम्ति भने अहो हुन गए ठूला तिनै नै कुरा॥
धर्मात्माहरु भन्दछन् किन तिमी बेकाममा लाग्दछौ
हाम्रो साथ दियौ भने सब कुरा विस्तार भेट्टाउँछौ।
बाठा नीतिकलाप्रवीण जनका अर्कै कुरा सुन्दछु
विद्वन्मण्डलको विचारसरणी अर्कै थरी देख्तछु॥
इत्यादि प्रथित प्रपञ्च-सरणीभन्दा निकै पल्तिर
सानो एक दलानमा अघचमा यो लेखको खातिर।
राखी थोर मनुष्यलाइ सँगमा गर्दैछु धेरै श्रम
निन्दा धेर सुनें, म मूर्ख गनिएँ, तै काम यो छाड्दिनँ॥
आधा जीवन ता वितेसरि भयो एकाध छन् साथमा
पल्लाग्नू होश गरेस् भनीकन बडा गर्छन उता गर्जना।
यस्तैमा पनि धैर्य साहस लिई जोड्दैछु यो साधन
जे होला पछि लौ, परन्तु अहिले यो काम ता रोकिनँ॥

वि. सं. २०१७ आश्विन-संक्रान्ति नयराज पन्त

महाबौद्ध, काठमाडौं

नेपाल

वक्तव्य

हाम्रा अनुवादक भवानीदत्त पाँडेले मुद्राराक्षस नाटकको अनुवादमा प्रायः नाटकको शैलीलाई छोडी कथाको शैलीलाई लिएका छन् + । यस कारण भवानीदत्तको लेखलाई जस्ताको तस्तै छपाउँदा कहिंकहिं नछुटिई लम्बेतानको रूप लिने हुँदा पाठकलाई असुविधाको अनुभव हुने स्पष्ट छ । सो नहोस्, पढ्नालाई सजिलो होस् भन्नाका लागि भवानीदत्तका वाक्यलाई तल-माथि नपारीकन नै खाली नाटकको शैली छाडी कथाको शैली लिंदा पर्न आएका परिचय-रूपका वाक्यलाई मात्र कोष्ठभित्र राखी हुन्जेल नाटकको शैली ल्याउने कोशिस यहाँ गरिएको छ । यसो गर्दा ठाउँ-ठाउँमा संवादमा बोल्ने मानिसको नाउँ थप्नुपर्न भयो । परन्तु नाउँसम्म कोष्ठभित्र थप्दा भवानी-दत्तका अनुवादमा केही अन्तर नपर्ने हुनाले तथा केही अंशमा भए पनि नाटकको शैली आउने हुनाले यहाँ त्यसै गरी मिलाइएको छ ।

मुद्राराक्षस महाभारतहरूका अनुवादका अहिले पाइएका पत्रहरूमा केहीमा मूल संस्कृत पनि छ, केहीमा अनुवाद मात्रै छ । मुद्राराक्षस महाभारतहरूका प्रकाशित पुस्तकहरूको पाठमा र भवानीदत्तले दिएको पाठमा ठाउँ - ठाउँमा पाठभेद पाइएका

+ यसको विशेष विवरण उपोद्धातको 'अनुवाद-परोक्षा' प्रकरणमा हेर्नुहोस् ।

छन । यसबाट ती पुस्तकहरूको शुद्ध पाठ ठम्याउन केही सामान पाइने हुनाले भवानीदत्तले दिएको मूल संस्कृतलाई छोड्नु हामीले उचित सम्झेनौं । मूल पनि साथै छपाउँदा अनुवादको परीक्षा गर्न सजिलो हुन्छ । आत्मबोधको अनुवादको अहिले पाइएको खेस्रामा मूल छैन । त्यस कारण भवानीदत्ताले गरेको आत्मबोधको व्याख्यात्मक अनुवादको महत्त्व बुझ्न अनुवादको साथै मूल संस्कृत पनि थपी छपाउनु उचित थियो । परन्तु पाठ-भेदको सम्भावना हुनाले नै हामीले यहाँ मूल थपी छपाउनु विशेष हितकर संझेनौं ।

भवानीदत्तले मुद्राराक्षसको मूलमा परेको पहिलो प्राकृत वाक्यको 'छाया' भनी संस्कृत वाक्य दिएर फेरि काटेका छन । यसपछिका प्राकृत वाक्यको छाया संस्कृत दिएका छैनन् । खेस्रैमा प्राकृतको छाया संस्कृत दिदा खेस्रा लामो हुने डरले पछि साफीमा मात्रै प्राकृतको छाया संस्कृत दिने विचारले यसो गरिएको देखिन्छ । परन्तु संस्कृत छाया नहुँदा प्राकृत बुझ्न धेरैलाई अप्ठ्यारो पर्ने हुनाले हामीले कोष्ठमा संस्कृत छाया थपेका छौं ।

ठाउँ-ठाउँमा अनुवादकले पहिले लेखेको पाठमा = = यस्तो चिह्न दिई छेउ-छेउमा पाठान्तर दिएका छन् । ती पाठान्तरलाई हामीले टिप्पणीको रूपमा राखेका छौं ।

भवानीदत्तका समानकालका नेपाली भाषाका चिठीपत्र अभिलेखहरूमा जस्तै भवानीदत्तको अनुवादमा पनि व्याकरणको कुनै निश्चित नियम देखिंदैन । ह्रस्व दीर्घ, श स, आदि साधारण

नियममा पनि एकरूपता छैन । हुनत मुद्राराक्षस नाटकका अनुवादका केही पत्रमा कहीं कहीं ह्रस्व दीर्घ आदिमा एकरूपता ल्याउन अलि प्रयत्न गरिएको देखिन्छ । जस्तो- इनन्त 'मन्त्री' शब्दलाई ठाउँ–ठाउँमा दीर्घ लेखिसकेकोमा पनि टाउकोमा ˜ यस्तो चिह्न दिई ह्रस्व पार्ने संकेत दिइएको छ तथा 'भनी' ह्रस्व लेखिएको ठाउँमा पनि उही चिह्न दिई दीर्घ पारिएको छ । परन्तु सर्वत्र यही नियमको पालन गरिएको छैन । तल गएर 'मन्त्री' को इकार दीर्घ र 'भनी' को इकार ह्रस्व लेखिएको पनि पाइन्छ ।

संस्कृत शब्दबाहेक अन्त कण्ठ्य खकारको ठाउँमा प्रायः मूर्धन्य षकार लेखिएको छ, परन्तु कहीं कहीं संस्कृत शब्दमा पनि कण्ठ्य खकारको ठाउँमा षकार र कहीं संस्कृतभिन्न अरू शब्दमा पनि कण्ठ्य खकारको ठाउँमा कण्ठ्य खकारै पनि लेखिएको पाइन्छ ।

भवानीदत्तको लेखामा डिको पनि नियमबमोजिम दिइएको छैन । यस कारण पढन सजिलो पार्न यहाँ हामीले ने. भा. प्र. समितिको नियमबमोजिम डिको दिएका छौं ।

भवानीदत्तले ँ चन्द्रबिन्दु लेख्नुपर्ने ठाउँमा ॱॱ यस्तो चिह्न दिएका छन् । एक दुइ ठाउँमा मात्र ँ यस्तो चन्द्रबिन्दु दिएका छन् । हामीले सबै ठाउँमा ँ यस्तै चिह्न दिएका छौं ।

'बकार' लेख्नुपर्दा भवानीदत्तले कतै पनि पेट चिरेका छैनन्, खाली 'व' मात्रै लेखेका छन् । 'वकार' लेख्नुपर्दा कहीं कहीं तल थोप्ला दिएर 'व़' लेखिएको पाइन्छ । हामीले 'ब' र 'व' मा पनि समितिकै नियमको अनुसरण गरेका छौं ।

यांबाहेक अन्त ह्रस्व दीर्घ, शकार सकार आदिमा भवानीदत्तले जस्ता रुप लेखेका छन्, त्यस्तै रूप दिंदा नै 'नेपाली भाषाको इतिहासको झलक' पाउन सहायता दिने हुनाले यहाँ त्यसै गरिएको छ।

वि सं. २०१७ आश्विन-सक्रान्ति. —सम्पादकहरू
महाबौद्ध काठमाडौं
नेपाल

मुद्राराक्षस

पहिलो अङ्क

धन्या केयं स्थिता ते शिरसि शशिकला किं नु नामैतदस्या
नामैवास्यास्तदेतत्परिचितमपि ते विस्मृतं कस्य हेतोः ।

--पबर पाई निर्दय भयाका चाणक्यले सर्वार्थसिद्धिकन मारीदिया एसा कुनाति चाणक्यले गऱ्याको देषता बहुतै दुःखित भयाका राक्षस मंत्रि जा छन्. आफ्ना पुत्र परिवारकन चन्दन-दासनाना बानियाका घरमा लुकाई मलयकेतुनाना राजाका देसमा गया. तहाँ पछि राजासंग बिन्ति गर्छन्. हे महाराज चाणक्यको सहाय पाई नन्द [वंश]को नाश गऱ्या एस्ता चन्द्रगुप्तकन मारी प्रभुका ऋणदेषा पार हुनाको मेरा इच्छा छ. भयले चन्द्रगुप्तसंग [बाहिर] लालोपोतो राष्या पनि सबै दुनिञा मेरा पेटका छन्. अघि गऱ्याको उपकार निगुना चिन्हऱ्या एस्ता एस्ता--- सहवासी मित्रहरु पनि चन्द्रगुप्तकन अवसर पऱ्यामा मारौंला भनी पर्षी रहऱ्याका छन. एस् घरिमा कु[ल ब]ल कल कौनै उपायले पनि शत्रुकन मारी तिमिलाई राज्य दिलाउनु छ. तसर्थ चाणक्यले स[हित] भयाका चन्द्रगुप्तकन मारी नन्दको राज्य लिनुहवस्. हे महाराज आधा राज्यको कबोल गरी सहाय मा[गी] लडाइँ जित्यापछी आधा राज्य दिनुपर्ला भन्न्या लोभले कुत्या

मारीं पृच्छामि नेन्दुं कथयतु विजया न प्रमाणं यदीन्दु-
र्देव्या निह्नोतुमिच्छोरिति सुरसरितं शाठ्यमव्याद्विभोर्वः ॥१॥

बनाई तस्रा पिताकन छलले मार्या [तेही] चाणक्य पापी हो. अर्को होइन. हे महाराज शत्रुकन मारी साहेबी गरुंला भन्या इच्छाले म आयाको छैन. चन्द्र [गुप्त]को हातमा पऱ्याको राज्य तिमिलाई सौंपी मेरा प्रभु नन्दहरूका ऋणदेखि पार हुन आयाको छु. एती कही बडा साहस भयाका बुद्धिमान राक्षस मंत्रिले मलयकेतुकन आफ्ना वश गराई तसै का[लमा] चन्द्रगुप्तसंग जुद्ध गर्नाको मनसुबा धऱ्या ॥ ॥ एती अर्थ मनमा सम्झीकन नाटकको अर्थ दिन्छौं ॥

--- कविराजले ग्रंथका प्रारंभमा कह्याका मंगलश्लोकको अर्थ ॥ महादेवका जटाभित्र मूर्तिधारा भै रह्याका गंगाकन देषो --- भयाकी पार्वती जो छन्. तसै महादेवसंग बिन्ती गर्छिन्. हे भगवन तपाञिका शिरमा विराजमान भयाकी -- धन्य एस्ती यो स्त्री को हो भनी सुध्यायाको सुनी महादेवले शिरमा पैऱ्याको चन्द्रकला हो भनी उत्तर दिया --हुन् भन्या जस्तो मानो पार्वतीले एसको नाउँ एही हो भनि सुध्याउँदा आफुले चिन्ह्याका चन्द्रकलालाई कस्ता तरहले भुल्यौ. इनको नाऊँ यही हो भनी कह्या तह्रौंपछि स्त्रीकन सुध्याउँछु चन्द्रकन सुध्यायाको [होइन], --- दूसरो जटाभित्र रह्याकी गंगाकन लुकाई शिरका अर्द्धचन्द्रकन देषाई ई चन्द्रै हुन. मैले भन्याको नपत्याया] --- विजयाकन सोध भनी विजयाकन साक्षी गराई महादेवले पार्वतीकन ठग्याका वचनले प्रभुकन रक्षा गरुन् ॥१॥

अपि च ।

पादस्याविर्भवन्तीमवनतिमवने रक्षतः स्वैरपातैः
संकोचेनैव दोष्णां मुहुरभिनयतः सर्वलोकातिगानाम् ।
दृष्टिं लक्ष्येषु नोग्रज्वलनकणमुचं बध्नतो दाहभीते-
रित्याधारानुरोधात्त्रिपुरविजयिनः पातु वो दुःखनृत्तम् ॥२॥

(नान्द्यन्ते)

सूत्रधार :— अलमतिप्रसङ्गेन । आज्ञापितोस्मि परिषदा यथाद्य
त्वया सामन्तवटेश्वरदत्तपौत्रस्य महाराजपदभाक्पृ-

[दोस्रा] श्लोकको अर्थ ॥ ॥ नृत्य गर्दामा पृथिवी
भासिनिन भन्या भयले सुस्त सुस्त पाऊ चलाउन्या औ बाहुकन
फैलाईदिया [जग]त्को संघार होला. सो कुरा महत्वम् भनी
संकोचपूर्वक अंगकन नचाउन्या. औ हाव भाव कटाक्ष घूर्दामा
पनि — — — दृष्टि दाह होला भन्या भय मानी तृतीय नेत्रले
हेन्या. एस्ता करुणावान् महादेवले — — — बचाई गन्याका
नृत्यले प्रभुको रक्षा हवस् ॥ २ ॥

*(भनी एती मंगल पच्छापछी नृत्यको प्रारम्भ गन्यो
सूत्रधार कहन्छ)*

[सूत्रधार-] हे लोक हो मंगलको - - रहोस् : सामंत
वटेश्वरदत्तका नाती पृथुका छोरा विशाखदत्तनामा
[कविले] बनायाको मुद्राराक्षस नाटकको नृत्य गरि
देषाउनू भनी सभामा बस्याका बडा बडा सर्दारहरुले
मलाई आज्ञा गन्या — — — — — — कलाकन जान्या

थुसूनोः कवेर्विशाखदत्तस्य कृतिरभिनवं मुद्राराक्षसं नाम नाटकं नाटयितव्यमिति । यत्सत्यं काव्यविशेष-वेदिन्यां परिषदि प्रयुञ्जानस्य ममापि चेतसि सुमहान् परितोषः प्रादुर्भवति । कुतः ।

चीयते बालिशस्यापि सुक्षेत्रपतिता कृषिः ।
न शालेः स्तम्बकरिता वप्तुर्गुणमपेक्षते ॥ ३ ॥

तद्यावदिदानीं गृहं गत्वा गृहिणीमाहूय गृहजनेन सह संगीतकमनुतिष्ठामीति (परिक्रम्यावलोक्य च) इदं नो गृहास्तद्यावत्प्रविशामि । (नाट्येन प्रविश्यावलोक्य च) अये, तत्किमिदमस्मद्गृहेषु महोत्सव इव दृश्यते । यतः स्वस्वकर्मण्यधिकतरमभियुक्तः परिजनः । तथा हि ।

मनुष्यहरूका सभामा नाटकको प्रयोग गरि देखाउँदा भन्या मेरा मनमा पनि संतोष होला. क्यान भन्या [बढि] या खेतमा पर्याको छ भन्या नजान्याले रोप्याको बीज पनि मौलाई निस्कन्छ. खेत पर्यो भनी रोपाह्रा सिपालु ठहर्दैन. तस्तै सज्जनका सभामा पर्या मेरा गुणको शोभा होला ॥ ३ ॥

तसर्थं घरमा गै आपनी स्त्रीकन बोलाई स्त्रीले संग नृत्य गर्छु. (भनी घुमीकन घरमा पुग्या जस्तो गरी हेर्‍यो.) यो मेरो घर हो. प्रवेश गर्छु. (भनी एक स्वाङले प्रवेश गर्‍या जस्तो गर्‍यो. तब आपना घरको कर्म देख्ता आश्चर्य मानीकन कहन्छ) अहो आज मेरा घरमा बडो उत्सव मैं देखिन्छ. आपना आपना काममा सबै जना परिवार लागि-रह्याछन् .

वहति जलमियं पिनष्टि गन्धा-
नियमियमुद्ग्रथते स्रजो विचित्राः ।
मुशलमिदमियं च पातकाले
मुहुरनुयाति कलेन हुङ्कृतेन ॥ ४ ॥

भवतु । कुटुम्बिनीं तावदाहूय पृच्छामि (*नेपथ्याभिमुखमवलोक्य*)

गुणवत्युपायनिलये स्थितिहेतोः साधिके त्रिवर्गस्य ।
मद्भवननीतिविद्ये कार्याचार्ये द्रुतमुपेहि ॥ ५ ॥

(*प्रविश्य*)

नटी– अज्ज इअम्हि । अज्जाणिओएण मं अज्जो अणुगेह्णादु !
[*आर्य, इयमस्मि । आज्ञानियोगेन मामार्योऽनुगृह्णातु ।*]

यो स्त्रीले पानी भर्न लाग्याकी रहिछ. यो अर्कीले चन्दन घोट्न लागीछ. एस्ले सुन्दर फूलका माला गाँस्न लाग्याकी रहिछ. एस्ले चिहुरा कुट्न लागीछ ॥ ४ ॥

मेरा घरमा क्या निमित्त यो उत्सव मंगलको प्रारंभ भएछ. मेरी स्त्रीकन बोलाई सुध्याउँछु. (*भनी घरतर्फ हेरी सूत्रधार कहन्छ*) गुणले युक्त भयाकी अनेक उपायकन जान्न्या आफ्ना कुल धर्मको स्थिति चलाँउनामा कारण भयाकी धर्म अर्थ काम तीनै कुराकन साध्न्या बषत् बषत्को काम जान्न्या मेरा घरको नीतिकन जान्न्या एस्ती हे स्त्री चाणो मेरा नजीकमा आ (ऊ) (*भनी एती सूत्रधारले कह्याको सुनी रंगभूमिमा आइकन नटी कहन्छे*)

[नटी–] हे स्वामी म आइयाँ. क्या निमित्त बोलाउनुभयोथ्यो. आज्ञा गर्नु हवस् (*भनी नटीले सुध्याया उप्रांत सूत्रधार कहन्छ*)

सूत्र- आर्ये तिष्ठतु तावदाज्ञानियोगः । कथयतु, किमद्य भवत्या तत्रभवतां ब्राह्मणानामुपनिमन्त्रणेन कुटुम्बकमनुगृहीतम् । अभिमता वा भवन्तमतिथयः संप्राप्ताः । यत एष पाकविशेषारम्भः ।

नटी- अज्ज, आमन्तिदा मए भअवन्तो बह्मणा । [आर्य, आमन्त्रिता मया भगवन्तो ब्राह्मणाः ।]

सूत्र- आर्ये, कथय कस्मिन्निमित्ते ।

नटी- उवरज्जदि किल भअवं चन्दोत्ति [उपरज्यते किल भगवांश्चन्द्र इति]

सूत्र- आर्ये क एवमाह ।

[सूत्रधार-] हे नटी तिमिले ब्राह्मणहरूकन निम्तो दी. भोजको तयारी गऱ्यौ की. अथवा कोही अतिथी आया भनी भोजनको तयारी गऱ्यौ. क्या निमित्त पाक पक्वान्न बनाउनाको आरंभ हो. (भनी सूत्रधारले सुध्याया. अनी नटी कहन्छे)

[नटी-]- हे स्वामी मैले सत्पात्र ब्राह्मणकन निमंत्रणा दी बोलाऱ्या. एसै कारणले भोजन् गऱ्या वस्तुको [तयारी हुन] लागीरहेछ.

सूत्रधार- हे नटी क्या निमित्त ब्राह्मण-भोजनको तयारी हुन लाग्यो.

नटी- हे स्वामी आज चन्द्रग्रहण लाग्छ भनी दान पान दानको तयारी मैले गऱ्याको हो.

सूत्र- हे नटी आजका दिनमा चन्द्रग्र[हण लाग्छ] भनी तिमिलाई कसले भन्यो

नटी- एअं खु णअरवासी जणो मंतेदि [*एवं खलु नगरवासी जनो मन्त्रयते*]

सूत्रधार :- आर्ये कृतपरिश्रमोऽस्मि चतुःषष्ट्यङ्गे ज्योतिःशास्त्रे, तत्प्रवर्त्यतां भगवतो ब्राह्मणानुद्दिश्य पाकः। चन्द्रोपरागं प्रति तु त्वं केनापि विप्रलब्धासि। पश्य।

क्रूरग्रहः सकेतुश्चन्द्रमसंपूर्णमण्डलमिदानीम्।
अभिभवितुमिच्छति बलात्

(नेपथ्ये)

आः क एष मयि स्थिते

सूत्र- रक्षत्येनं तु बुधयोगः ॥ ६ ॥

नटी - हे स्वामी चन्द्रग्रहण लाग्छ भनी कहन्या सहर्वासी मानुष्य हुन्.

सूत्रधार- हे प्रिये - - ज्योतिष्शास्त्रकन बडो मिहनत् गरी मैले अभ्यासको छु. आजका दिनमा ग्रहण सर्वथा छैन. तसर्थ ब्राह्मणहरूक निमित्त भोजन गर्न्या वस्तु तयारी हवस्. बाँकिया हो. ग्रहण लाग्छ भन्या कुराका भन्या तिमिलाई कसैले ठगेछ. कसानभन्या केतुनाम क्रूरग्रहले [चन्द्रम]ण्डलकन बलात्कारले तिरस्कार गर्नाको इच्छा गर्छ. आजका दिनमा बुधका जोगले बचाउन्या छ. ग्रहण हुन्याछैन (*भनी आफ्नी स्त्रीसंग रंगभूमिमा सूत्रधारले कहँदा केतु भन्याको मलयकेतु हो. तसलाई उठाई ल्याउन्या राक्षस मंत्री [जो] छ. चन्द्र भन्याका चन्द्रगुप्त राजाकन एस् समयमा बलले जित्नकन इच्छा गर्छ भनी सूत्रधारले कह्यो भन्या जस्तो मानी अंतर्पटभित्र रह्याको चाणक्य कहन्छ*)

नटी- अज्ज को उण एसो धरणीगोअरो भविअ चन्दं गहाभिओगादो रक्खिदुमिच्छदि । [आर्य, कः पुनरेष धरणीगोचरो भूत्वा चन्द्रं ग्रहाभियोगाद्रक्षितुमिच्छति]

सूत्र- आर्ये, यत्सत्यं मयापि नोपलक्षितः । भवतु, भूयोभियुक्त : सन् स्वरव्यक्तिमुपलप्स्ये । (क्रूरग्रहः सकेतुरिति पुनः पठति)

(नेपथ्ये)

आः, क एष मयि स्थिते चन्द्रगुप्तमभिभवितुमिच्छति ।

\+ +

अहो नीतिशास्त्रकन जान्या बुद्धिमान् म जिउँदा छँदैमा आज चन्द्रगुप्तकन फेरी जान्याको मनसुवा धर्न्या को हो. (भनी मित्रदेषी बोली उठ्यो. तब चाणक्यको बोली नचिह्नीकन नटी कहन्छे)

नटी- हे स्वामी पृथिवीतलमा रहन्या भै चन्द्रग्रहण हुन नदिन्या को हो.

सूत्रधार- हे प्रिये तेस् मनुष्यकन मैले पनि ठहराइन卐 तसर्थ फेरी एक चित्तले तेस्को बोलो सुन्न पाया बोली टाट ठहराउँला (भनी सोही फेरी पनि क्रूरग्रहः सकेतु भन्याका श्लोकको तिन् पाऊकन सूत्रधारले पढ्या॰ अंतर्पटभित्र रह्याका चाणक्यले अहो म छँदैमा चन्द्रगुप्तकन जित्न्या को हो भनी मित्रदेषी बोली उठ्यो)

\+ +

पाठान्तर - 卐 देषिन

कुतः । यस्य मम

श्यामीकृत्याननेन्दूनरियुवतिदिशां सन्ततैः शोकधूमैः
कामं मन्त्रिद्रुमेभ्यो नयपवनहृतं मोहभस्म प्रकीर्य ।
दग्ध्वा संभ्रान्तपौरद्विजगणरहितान्नन्दवंशप्ररोहान्
दाह्याभावान्न खेदाज्ज्वलन इव वने शाम्यति क्रोधवह्निः॥११॥

शोचन्तोवनतैर्नराधिपभयाद्धिक्शब्दगर्भैर्मुखै-
मामग्रासनतोवकृष्टमवशं ये दृष्टवन्तः पुरा ।

क्यानभन्या शत्रुका स्त्रीरूपी दिशामा उदायाका मुखरूपी चन्द्रकन शोकरूपी धुवाँले कालो गराञा. अर्थात् शत्रुकन मारी तिनहरुका स्त्रीकन शोकजुक्त गराञा. औ नीतिरूपी वायुले उडाई ल्यायाको मोहरूपी छारो धुलो छरी राक्षस वक्रनास-प्रभृति मंत्रिकन मोह गराञा. औ सहर्वासी मनुष्यरूपी पक्षिले रहित भयाका नन्दवंशरूपी वनकन मेरा क्रोधरूपी अग्निले दग्ध गराञा. तसर्थ डढ्यालो लाग्याका वनमा डढाउन्या वस्तु नपाई वनका अग्निले शांत भया झैं नन्दवंशरूपी वनकन डढाई मेरो क्रोधरूपी अग्नि समन भयाको हो. सामर्थ्य नभैकन होइन. आज राक्षसको सहाय भै मलयकेतु आयो भन्या शांत भयाको क्रोधरूपी अग्नि फेरी पनि बल्न्याछ ॥ ११ ॥

[शोक]ले पीडित भै भोजन गर्नानिमित्त पिढामा बस्याका बखतमा गलहत्ता दिँदा मुखले केही भन्न सकेनन तपनि नन्दहरुकन मनले धिक्कारी अन्याय पऱ्यो भन्या शोकले उँधो मुख लगाइ जनले दुःखित भयाका मकन देख्याञ्या. आज तिनै मनुष्यहरु जो छन. पर्वत[का चुली]देखी सिंहले गिरायाका

ते पश्यन्ति तथैव संप्रति जना नन्दं मया सान्वयं
सिंहेनेव गजेन्द्रमद्रिशिखरात्सिंहासनात्पातितम् ॥ १२ ॥

सोऽहमिदानीमवसितप्रतिज्ञाभारोऽपि वृषलापेक्षया शस्त्रं धारयामि । येन मया

समुत्खाता नन्दा नव हृदयरोगा इव भुवः
कृता मौर्ये लक्ष्मीः सरसि नलिनीव स्थिरपदा ।
द्वयोः सारं तुल्यं द्वितयमभियुक्तेन मनसा
फलं कोपप्रीत्योर्द्विषदि(ति) च विभक्तं सुहृदि च ॥१३॥

अथवा अगृहीते राक्षसे किमुत्खातं नन्दवंशस्य, किं वा स्थैर्य-मुत्पादितं चन्द्रगुप्तलक्ष्म्याः । (*विचिन्त्य*) अहो राक्षसस्य

मत्त हातीकन झैं सिंहासनदेखी मैले गिराञाका नन्दवंशकन हेर्छन् ॥ १२ ॥

नन्दहरुको सं[हार गर्छु] भनी गर्‍याका प्रतिज्ञा पार लगाई स्वचित्त भया उप्रांत पनि चन्द्रगुप्तका निमित्त आज फेरी पनि अनेक मंत्रणा उद्योगरूपी [शस्त्र] धारूँ पर्‍या ।

जउन मैले पृथ्वीका रोग झैं भयाका नन्दवंशको संहार १ - - - तलाउमा जरा बाँधियाका कमल (झैं चन्द्र)·· गुप्तमा राज्यलक्ष्मीकन स्थिर गराउनु १. एती २ कर्म गरी क्रोधको फल शत्रुमा प्रीतिको फल - - आपना मीतमा - - - चन्द्रगुप्त - - - को संकल्प पूर्ण गराञा. क्रोधको फल भन्याको नन्दहरुकन मानूँ हो. प्रीतिको फल भन्या यो चन्द्रगुप्त[कन राज्य दिनु हो]

[अथवा] राक्षसमंत्री चन्द्रगुप्तका अधीन भएन भन्या नन्दवंशको संहार पनि भएन. चन्द्रगुप्तका राज्य [लक्ष्मी स्थिर

नन्दवंशे निरतिशयो भक्तिगुणः। स खलु कस्मिंश्चिदपि जीवति नन्दान्वयावयवे वृषलस्य साचिव्यं ग्राहयितुं न शक्यते। तदभियोगं प्रति निरुद्योगः शक्योऽवस्थापयितुम्। अस्माभिरनयैव बुद्ध्या तपोवनगतोऽपि घातितस्तपस्वी नन्दवंशीयः सर्वार्थ-सिद्धिः। यावदसौ मलयकेतुमङ्गीकृत्यास्मदुच्छेदाय विपुलतरं प्रयत्नमुपदर्शयत्येव (*प्रत्यक्षवदाकाशे लक्ष्यं बद्ध्वा*) साध्वमात्य राक्षस साधु, साधु श्रोत्रिय साधु, साधु मन्त्रिबृहस्पते साधु। कुतः।

ऐश्वर्यादनपेतमीश्वरमयं लोकोऽर्थतः सेवते
तं गच्छन्त्यनु ये विपत्तिषु पुनस्ते तत्प्रतिष्ठाशया।

पनि] भएन (*एती कही चाणक्य जो छ. फेरी पनि मनैमा भन्छ*) नन्दहरु मऱ्या उप्रांत पनि आफ्ना प्रभुमा राक्षसको बडो भक्ति देषिन्छ। तसर्थ - - को साँफो चिताउन्या कोही पनि रहेनछ। एसै कारणले नन्दवंशमा कोही एक मनुष्य पनि जिउँदा रहन्यो भन्या राक्षसलाई चन्द्रगुप्तको [मन्त्रि बनाउ]न सकिन्याछैन. नन्दहरुको रिउ पनि नरायाँदिया राजा थाप्न्या नपाई हार षा-ईकन उद्योग छोड्ला [अनि] काबुमा ल्याउँला भनी एती मनमा निश्चय गरी हामिले तपोवनमा गयाका तपस्वी वृद्ध एस्ता सर्वार्थसिद्धिकन मार्नाले मलयकेतुकन अँगालो हाली हाम्रो नाश गर्नानिमित्त अनेक तरहको जतन गर्दछ. (*भनी मनैमा कह्यो. तहाँपछि राक्षसकन प्रत्यक्ष जस्तो गरी आकाशतर्फ हेरी कहन्छ.*) वेदविहित कर्मकन जान्या मंत्रणामा बृहस्पति भैं श्रेष्ठ भयाका हे राक्षस मंत्री तँ बहुतै सज्जन धन्य धन्य रहिछस्.

भर्त्तुर्ये प्रलयेपि पूर्वसुकृतासङ्गेन निःसङ्गया
भक्त्या कार्यधुरां वहन्ति बहवस्ते दुर्लभास्त्वादृशाः ॥१४॥

अत एवास्माकं त्वत्संग्रहे यत्नः, कथमसौ वृषलस्य साचिव्यग्रहणेन सानुग्रहः स्यादिति । कुतः ।

अप्राज्ञेन च कातरेण च गुणः स्याद्भक्तानुरागेण कः
प्रज्ञाविक्रमशालिनोऽपि हि भवेत् किं भक्तिहीनात्फलम् ।

कयानभन्या सेवक भन्याका अनेक तरहका हुन्छन्. तनमा प्रभुका[1] पाश ऐश्वर्य छँदा धन-दौलत पाउँला भनी सेवा गन्या मनुष्य १. प्रभुलाई[2] विपत्ति पर्दा पनि इनको घर भत्काभा पानकन दिनन्. गुननिगुता चिह्नन् भन्या पछि लाग्न्या मनुष्य १. एती दुइ जातका सेवक ढेरै मिल्छन. प्रभुको नाश भै पाना पाउनाको आशा नन्यापछि पनि पैहलेको गुननिगुता सम्भी[3] भक्तिपूर्वक पामिङ्को वैर-साधनानिमित्त आपना जियको संकल्प गन्या एस्ता सेवक मनुष्य संसारमा मिल्दैनन् ॥ १४ ॥

एसै कारणले कौन उपाय गन्या राक्षस मंत्र जा छ. चन्द्रगुप्तना सामेल भै राज्यको भार उठाउला भनी हामिले तेरो संग्रह गर्नाका अनेक जतन गन्याको हो.

प्रभुमा सोझो छ. परंतु निर्बुद्धी कांतर छ भन्या तेस्तो सेवक निकम्मा हुन्छ. अथवा बुद्धिमान् सूरो छ. परंतु सोझो

पाठान्तर- [1]आपना [2]आफुलाई [3]चिह्नी

प्रज्ञाविक्रमभक्तयः समुदिता येषां गुणा भूतये
ते भृत्या नृपतेः कलत्रमितरे संपत्सु चापत्सु च ॥ १५ ॥

तन्मयाप्यस्मिन् वस्तुनि न शयानेन स्थीयते। यथाशक्ति क्रियते तद्ग्रहणं प्रति यत्नः। कथमिव। अत्र तावद्वृषलपर्वतकयो-रन्यतरविनाशेऽपि चाणक्यस्यापकृतं भवतीति विषकन्यया राक्षसे-नास्माकमत्यन्तोपकारि मित्रं घातितस्तपस्वी पर्वतक इति संचारितो जनापवादो लोकप्रत्ययार्थम्। अस्यैवार्थस्याभिव्यक्तये

छैन भन्या तेस् मनुष्यदेषी पनि काम कुरो बन्दैन. बुद्धि पराक्रम भक्ती एती तिनै गुण जउन सेवकमा छन्. तनैले मात्र राजाको राज्य ऐश्वर्यकन बढाउँछन. बुद्धि पराक्रम भक्ति एती तीन गुणले सहित] नभयाका सेवक जो छन. ती त संपत्ति भयामा पनी विपत्ति पर्‍यामा पनि पाल्नूपर्‍या परिवार जस्ता मात्रै हुन्. तिनका हातदेषी षादिको कौनै कार्य पनी बन्देन ॥१५॥

तसर्थ बहुतै बुद्धिमान भयाका राक्षस मंत्रिकन पक्रन्या कुरामा पर्दा र मै त पनि आप्ना सामर्थ्यमाफिक जतन गर्छु. (*भनी एती कही आफुले गर्‍याको जतनकन भन्छ*) चन्द्रगुप्त र पर्वतेन्द्र ई दुइ जनामा एकाको नाश भया पनि चाणक्यका मनसुबा हुटला[1] भन्नानिमित्त कृत्या बनाई हाम्रा बडा उपकारी मित्र भयाका तपस्वी पर्वतेन्द्रकन मारीदियो भनी राक्षस मंत्रिका उपर अपवाद लगाई लोककन बुझाऱ्या। हाम्रा परम इष्ट भयाका बाहिर अर्काले देषता मलयकेतुका हितकारी

पाठान्तर- [1]उद्योग व्यर्थ होला।

पिता ते चाणक्येन घातित इति रहसि त्रासयित्वा भागुरायणेनापवाहितः पर्वतकपुत्रो मलयकेतुः। शक्यः खल्वेष राक्षसमतिपरिगृहीतोऽपि व्युत्तिष्ठमानः प्रज्ञया निग्रहीतुम्। न पुनरस्य निग्रहात्पर्वतकवधोत्पन्नं राक्षसस्यायशः प्रकाशीभवत् प्रमाष्टुंमिच्छामि। प्रयुक्ताश्च स्वपक्षपरपक्षयोरनुरक्तापरक्तजनजिज्ञासया बहुविधदेशवेषभाषाचारसंचारवेदिनो नानाव्यञ्जनाः प्रणिधयः। अन्विष्यते च कुसुमपुरवासिनां नन्दामात्यसुहृदां निपुणं

मित्र भैं बन्याका एस्ता भागुरायणकन लगाई तस्रा पिता पर्वतेन्द्रकन मराउन्या चाणक्य हो. राक्षस मंत्री होइन भनी एकांतमा त्रास देषाई मलयकेतुकन रातारात भगाया. आज राक्षस मंत्रिका मतिमा लागी हाम्रामा विरोध भावना राष्न्या एस्ता मलयकेतुकन दंड गर्नाको मेरा सामर्थ्य छ। परन्तु एसलाई दंड गर्दा एसका पिता पर्वतेन्द्रकन मान्या पनि पनी चाणक्य पापी रहेछ. राक्षस मंत्री रहेनछ भनी संपूर्ण लोकहरु मेरा उपर अबूजस दिनन्. राक्षसका शिरमा पऱ्याको अबूजस मेटिन्ला. तसर्थ मलयकेतुकन दंड गर्नू जोग्य छैन। बनका हातीकन भैं राक्षस मंत्रीकन क्रमैले थकाई आफ्ना वशमा ल्याउनू जोग्य छ। - - - को आफ्ना छन. को बिराना छन् भनी एती छुट्याउनानिमित्त देश देशको बोली भेस आचार तंत्र मंत्रकन जान्या जोगी संन्यासी फ[किर] नाम्क इत्यादि अनेक तरहको रूपधारी भयाका एस्ता एस्ता मनुष्यकन चिवा बनाई पटना सहरमा [पठा]या. एसै सहरमा बस्न्या राक्षसका हितकारी इष्टमित्रहरुले गऱ्याको कुल कपट पनि तनै चिवाको बाटो गरी षोज्दछु. तसै चंद्र[गुप्तका] संगाती एस्ता भद्रभट-

प्रचारगतम् । तत्तत्कारणमुत्पाद्य कृतकृत्यतामापादिताश्चन्द्रगुप्त-सहोत्थायिनो भद्रभटप्रभृतयः प्रधानपुरुषाः । शत्रुप्रयुक्तानां च तीक्ष्णरसदायिनां प्रतिविधानं प्रत्यप्रमादिनः परीक्षितभक्तयः क्षितिपतिप्रत्यासन्ना नियोजितास्तत्राप्तपुरुषाः । अस्ति चास्माकं सहाध्यायि मित्रमिन्दुशर्मनामा ब्राह्मणः । स चौशनस्यां दण्डनीत्यां चतुःषष्ट्यङ्गे ज्योतिःशास्त्रे च परं प्रावीण्यमुपगतः । स मया क्षपणकलिङ्गधारी नन्दवंशवधप्रतिज्ञानन्तरमेव कुसुम-पुरमुपनीय सर्वामात्यैः सह सख्यं ग्राहितो विशेषतश्च तस्मिन् राक्षसः समुत्पन्नविश्रम्भः । तेनेदानीं महत्प्रयोजनमनुष्ठेयं भविष्यति । तदेवमस्मत्तो न किञ्चित्परिहास्यते । केवल एव

प्रभृतिकन जुआर छिनार भै बराव भया भंन्या तकसीर लगाई आहादेखी निकाली मलयकेतुका बर --- पासी गराञा [औषधी]मा अन्न-पानीमा विष हालीकन पनि शत्रुपक्षका मनुष्य रुले दगा गर्नन्. सो कुरा कदाचित् हुन नपावस् भंना निमित्त षबर्दार भयाका हितकारी [मानिस]हरुकन आँखी बुझी राजा चंद्रगुप्तका हुजूरमा राषी दियाका छन. तसै एका गुरुसंग पल्हथ्या का मेरा सहाध्यायी इन्दुशर्मानामा ब्राह्मण मित्र जो छन --- ज्योतिषशास्त्रमा पारंगत भयाका छन. तसै तिनकन नन्दवंशको संघार गरुला भनि प्रतिज्ञा गर्‍याका दिनैमा बौद्ध-मार्गी फकीरको भेस गराई पटना सहरमा पठाई [मन्त्री]हरुले सँग बस् उठ् गर्न्या हितकारी सिद्ध पुरुष बनाञा. अरु मंत्रिहरु भन्दा पनि राक्षस मंत्रिको --- विश्वास --- अधिक छ । एसैनिमित्त तसै इन्दुशर्माका बाटाले ढेरै काम कुरो बन्याछ. तसर्थ हाम्रा कौनै कुराको पनि हानी हुन्याछैन । परंतु

केवलं प्रधानप्रकृतिष्वस्मास्वारोपितराज्यतन्त्रभारः सततमुदास्ते । अथवा, यत्स्वयमभियोगदुःखैरसाधारणैरपाकृतं तदेव राज्यं सुखयति । कुतः ।

स्वयमाहृत्य भुञ्जाना बलिनोपि स्वभावतः ।
गजेन्द्राश्च नरेन्द्राश्च प्रायः सीदन्ति दुःखिताः ।। १६ ।।

(ततः प्रविशति यमपटेन चरः)

चर :- पणमह जमस्स चलणं किं कज्जं देवएहिं अण्णेहिं ।
एसो खु अण्णभत्ताणं हरइ जीअं चडफडन्तम् ।।१७।।

[सारा संभा]र मैले गर्नुपर्याको छ. चन्द्रगुप्त भन्या संपूर्ण राज्यको भार मेरा शिरमा पारी सर्वदा निस्फिक्री[1] भैकन सुख-पूर्वक रहन्याको छ. केही कुराको पनि फिक्री छैन । अथवा आफुले दुःख नपाई अर्काले आर्जीदियाको राज्य ऐश्वर्य जो छ. तसले सुख हुन्छ. आफ्ना जियले दुःख पाई आर्ज्याका राज्य ऐश्वर्यले सुख हुँदैन । क्यानभन्या स्वभावले बलियो पराक्रमि छ तपनि आफैले दुःख पाई कमाई खान्या क्षत्रिय जो छ - - - भार जंगलमा घाँस पोजी खान्या मत्त हाती भैं दुःखित भै सोदायमान हुन्छ ।।१६।। *(भनी एती कही चाणक्यले आफ्ना घरमा प्रवेश गर्‍यो ।)*

(तहाँपछि यमराजको मूर्त्ति लेख्याको पट देषाई घर घरमा मागी खान्या संन्यासीको रूप धारी पटनामा पठायाको

पाठान्तर- [1] निश्चिन्त

अवि अ ।

पुरिसस्स जोविदव्वं विसमादोवि होदि भत्तिगहिआदो ।
मारेइ सव्वलोअं जो तेण जमेण जोआमो ॥१८॥

जाव एदं गेहं पविसिअ जमपडं दंसअन्तो गीआइं गाआमि ।
(*इति परिक्रामति*)

[प्रणमत यमस्य चरणं किं कार्यं दैवतैरन्यैः ।
एष खल्वन्यभक्तानां हरति जीवं परिस्फुरन्तम् ॥

अपि च

पुरुषस्य जीवितव्यं विषमादपि भवति भक्तिगृहीतात् ।
मारयति सर्वलोकं यस्तेन यमेन जीवामः ॥
यावदिदं गृहं प्रविश्य यमपटं दर्शयन् गीतानि गायामि ।]

निपुणकनामा चिवा जो छ. चाणक्यका घरको डयौढीमा आईकन यमराजको मूर्ति देषाई पणमह भन्याका २ श्लोककन पढ्धछ. तनमा प्रथम श्लोकको अर्थ)

[चिवा–] हे लोक हो यमराजका चरणमा प्रणाम गर. अरु देवताको केही प्रयोजन छैन. ई यमराज जो छन्. अरु देवताको भक्ति भावना राष्न्या मनुष्यका प्राणैकन हर्छन्. कदाचित् पनि छोड्दैनन. (*दोस्रा श्लोकको अर्थ*) यमराज अतिकठोर छन् तपनि भक्तिले संतुष्ट गराउन सक्यो भन्या त्यो मनुष्य चिरंजीवी हुन्छ. यमराजको भक्ति भन्याको अल्प मृत्युकन टार्‍यो हो. जउन यमराजले संपूर्ण लोकको प्राण हरिलिन्छन्. तनैको सेवा गरी हामी जियाका छौं (अर्थात् यमराज

शिष्य :- (विलोक्य) भद्र, न प्रवेष्टव्यम् ।

चर :- हंहो बह्मण, कस्स एदं गेहम् । [अहो ब्राह्मण, कस्येदं गेहम्]

शिष्य :- अस्माकमुपाध्यायस्य सुगृहीतनाम्न आर्यचाणक्यस्य ।

चर :- (विहस्य) हंहो बह्मण, अत्तकेरकस्स जेव्व मम धम्मभादुणो घरं होदि, ता देहि मे पवेसं जाव दे उवज्झाअस्स जमपडं पसारिअ धम्मं उपदिसामि । [अहो ब्राह्मण, आत्मीयस्यैव मम धर्मभ्रातुर्गृहं भवति । तस्माद् देहि मे प्रवेशं यावत्तवोपाध्यायस्य यमपटं प्रसार्य धर्ममुपदिशामि ।]

भें कठोर भयाका बहुतै पराक्रमी एस्ता चाणक्यको सरण गरी तिमिहरु पनि आफ्ना प्राणकन बचाव, राक्षसमन्त्रिका भरोसामा नपर भन्या चिवाको आशय हो. एती दुइ श्लोक पढ़ी एस् घरमा प्रवेश गर्छु. यमराजको पट देखाई गीतकन गाउँछु. भनी चिवाले चाणक्यका डयौढ़ीमा कह्यो । एस्तै स्वाङ गरी चिवा बन्याका नटले पनि रंगभूमिमा अंतपटतर्फ फिरी घुम्यो. तहाँपछि ढोकामा बस्याको चाणक्यको शिष्य बो ल. आफ्ना गुरुले पठायाका चिवाकन नचिह्नी भन्छ)

[शिष्य-] हे बाबाजो एस् घरमा प्रवेश नगर. (भनी शिष्यले रोक्दा संन्यासी बन्याको चिवा सुध्याउँछ)

[चिवा-] हे ब्राह्मण यो घर कस्को हो.

शिष्य :- (सक्रोधम्) धिङ्. मूर्ख किं भवानस्मदुपाध्यायादपि धर्म-विस्तरः ।

चर :- हंहो बह्मण, मा कुप्प । णहि सव्वो सव्वं जाणादि । ता किंवि ते उवज्झाओ जाणादि, किं वि अह्मारिसा जाणन्दि । [अहो ब्राह्मण, मा कुप्य नहि सर्वः सर्वं जानाति । तत् किमपि त उपाध्यायो जानाति, किमप्यस्मादृशा जानन्ति]

शिष्य - चाणक्य भनी प्रख्यात भयाका मलाई पढाउन्या श्रीगुरुज्युको घर हो.

(संन्यासी हाँसीकन भन्छ)

[संन्यासी-] हे ब्राह्मण रसो भन्या मेरा धर्मका भाईको घर रहेछ. तसर्थ मलाई भित्र जान देऊ. तम्रा गुरु चाणक्यकन यमराजको पट दे[षाई धर्मक]न बताउँछु (राजकार्यमा लाग्याका चाणक्यका नजीकमा गै सहरको वृत्तान्त कहन्छु भन्या भित्रि तात्पर्य हो. ---न्याका लेषा सबै जना धर्मका भाई हुन् भंन्या बोकया अर्थ हो. तहाँपछि क्रुद्ध भैकन शिष्य कहन्छ)

[शिष्य-]- हे मूर्ख संन्यासी तंकन धिकार. मेरो गुरुका भन्दा पनि अधिक धर्मकन जान्दछु भंन्या अभिमानले धर्मको उपदेश गर्न षोज्न्या एस्ता.

संन्यासी- हे ब्राह्मण क्रोधकन नगर [क्यानभ]न्या सर्वज्ञ कोही पनि हुँदैनन. तसर्थ केही कुरा तम्रा गुरुले

शिष्य :- मूर्ख, सर्वज्ञतामुपाध्यायस्य चोरयितुमिच्छसि ।

चर :- हंहो बह्मण, जइ तव उवज्झाओ सव्वं जाणादि ता जाणादु दाव कस्स चन्दो अनभिप्पेदोत्ति । [अहो ब्राह्मण, यदि तवोपाध्यायः सर्वं जानाति, तर्हि जानातु तावत् कस्य चन्द्रोऽनभिप्रेत इति ।]

शिष्य :- किमनेन ज्ञातेनाज्ञातेन वा ।

चर :- तव उवज्झाओ एव्व जाणिस्सदि जं इमिणा जाणिदेण होदि। तुमं दाव एत्तिअं जाणासि कमलाणं चंदो अणभिप्पेदोत्ति। ण पेक्ख।

कमलाण मणहराणं वि रूआहितो विसंवदइ सीलम्।
संपुण्णमण्डलम्मि वि जाइं चंदे विरुद्धाइं ॥१९॥

जान्याका हुनन्. केही हुन्न हामी जान्दछौं.

शिष्य- हे मूर्ख सर्वज्ञ भयाका गुरुको गुण चोर्नकन खोज्द-छस्.

संन्यासी- हे ब्राह्मण तिम्रा गुरु सर्वज्ञ छन् भन्या चंद्रको अहित चिताउन्या को छन. एती कुरो जानुन. (चन्द्रगुप्तको शत्रु को का छन् थाहा पाउनाको तात्पर्य हो । चन्द्र भन्याको चन्द्रमा हो भंन्या अर्थ बुझी शिष्य भन्छ)

[शिष्य-]- हे मूर्ख संन्यासी चन्द्रमाको [विरानू] को छ. को छैन. यो कुरो जाना नजांनामा केही प्रयोजन छैन.

संन्यासी- हे ब्राह्मण चन्द्रको आफ्नु विरानू छुट्याउनामा को

[तवोपाध्याय एव ज्ञास्यति यदेतेन ज्ञातेन भवति । त्वं तावदेता-वज्जानासि कमलानां चन्द्रोऽनभिप्रेत इति । ननु पश्य ।

कमलानां मनोहराणामपि रूपाद्विसंवदति शीलम् ।

सम्पूर्णमण्डलेऽपि यानि चन्द्रे विरुद्धानि ॥१६॥]

चाणक्य :- (*आकर्ण्यात्मगतम्*) **अये, चन्द्रगुप्तादपरक्तान** पुरुषाञ्जानामीत्युपक्षिप्तमनेन ।

शिष्य :- मूर्ख, किमिदमसंबद्धमभिधीयते ।

चर :- हंहो बम्हण, सुसंबद्धं जेव्व एदं भवेत् । [**अहो**

फैदा छ. सो तिम्रा गुरु जांनन. तिमि त चन्द्रको उदयकन [चाहन्ना] नगन्या कमल जाती हुन्. एत्तिकै मात्र जान्दछौ । देष्याको पनि तस्तै छ. कमल जातीहरु देष्तामा सुन्दर छन तपनि तिनहरुको अन्तंकरण [मैलो हुन्छ,] क्यानभन्या जउन् कमल-जातीहरु पूर्णमंडल भयाका चन्द्रविषे पनि विरोध-कम राष्छन्. (*अर्थात् राक्षसका पक्षपाती मनुष्यहरु [बाहिर] मिठा तरहले चन्द्रगुप्तको जय मनाउँछन्. अन्तःकरणले भरिसक्य विगानैमा छन् भनी तत्त्व अर्थ कहियो*)

(*आफुले चिवा गर्न भनी सहरमा पठायाका निपुणकनामा चिवाले ड्योढीमा शिष्यसँग एती कुरा गऱ्याको सुनी घरभित्र बस्याको चाणक्य मनैमा भन्छ*)

[**चाणक्य**-] अहो चन्द्रगुप्तको अहित [चिता]उन्या मनुष्यकन म

ब्राह्मण, सुसम्बद्धमेवैतद् भवेत्।]

शिष्यः- यदि किं स्यात्।

चरः- जदि सुणिदुं जाणिदुं लहे। [*यदि श्रोतारं ज्ञातारं लभे*]

चाणक्यः- भद्र विश्रब्धं प्रविश। लप्स्यसे श्रोतारं ज्ञातारं च।

चरः- एसो पविसामि [*एष प्रविशामि।*] (*इति प्रविश्योपसृत्य च*) जेदु अज्जा [*जयत्वार्यः।*]

चाणक्यः- (*विलोक्यात्मगतम्*) कथमयं प्रकृतिचित्तपरिज्ञाने नियुक्तो निपुणकः, (*प्रकाशम्*) भद्र स्वागतम्। उपविश।

चरः- जं अज्जो आणवेदि [*यदार्य आज्ञापयति।*] (*इति भूमावुपदिष्टः*)

जान्दछु भन्या आशयकन एसले कहथो. तसर्थ धन्य रहेछ (*भनी एती मनमा बिचार गरी चाणक्य जो छ फेरी पनि मित्रदेषी एक चिताले सुन लाग्यो। तहाँपछि शिष्य भंछ*)

[शिष्य-] हे मूर्ख संन्यासी बोलाद्दा भैंभै विकामका कुरा क्या निमित्त गर्छस्।

संन्यासी- हे ब्राह्मण तत्त्व अर्थ बुझिदिन्या श्रोताकन पाऱ्या भन्या मैले भन्याका कुरा कामैका ठहर्न्याछन. (*भनी एती संन्यासी भयाका चिवाले भन्याको सुनी प्रसन्न भयाको चाणक्य जो छ मित्रदेषी कहन्छ*)

[चाणक्य-] हे बाबाजी कत्ति पनि शंका नमानो प्रवेश गर.

चाणक्यः- भद्र, वर्णयेदानीं स्वनियोगवृत्तान्तम् । अपि वृषलमनुरक्ताः प्रकृतयः ।

चरः- अह इं अज्जेण खु तेसु तेसु विरागकारणेसु परिहरिअंतेसु सुगिहीदनामहेए देवे चन्दउत्ते दिढमणुरत्ताओ पकिदिओ । किंदु उण संदि एत्थ णअरे अमच्चरक्खसेण सह पढमं समुप्पण्णसिणेहवहुमाणा तिण्णि पुरिसा जे देवस्स चन्दसिरिणा सिरिं न सहन्दि । [*अथ किम् । आर्येण खलु तेषु तेषु विरागकारणेषु परिहृतेषु सुगृहीतनामधेये देवे चन्द्रगुप्ते दृढ-*

सुन्या बुझ्न्या मनुष्यकन पाउला.

(*संन्यासीले वढिया भनी प्रवेश गऱ्यो. नजीकमा गै साहेबको जय हवस् भनी प्रणाम गऱ्यो. तब आफूले पटायाका निपुणकनामा चिनाकन देषी चाणक्य मनमा भन्छ*)

[चाणक्य-]- सहर्वासी दुनियाका चित्तको बात एसले कसो गरी जान्यो (*भनी एति विचार गरी*) हे निपुणक कुशल आनन्द छौ. कयान ठाडै रह्यौ. बस (*भनी कह्यो*)

(*तहाँपछि* साहेबको जो आज्ञा हुन्छ *भनी भैंमा बस्यो* ।)

चाणक्य- हे निपुणक प्रजाहरु चन्द्रगुप्तदेषी प्रसन्न छन् की छैनन्. आफुले जान्याको सुन्याको सबै विस्तार गर ।

मनुरक्ताः प्रकृतयः । किन्तु पुनः सन्त्यत्र नगरेऽमात्य-राक्षसेन सह प्रथमं समुत्पन्नस्नेहबहुमानास्त्रयः पुरुषाः, ये देवस्य चन्द्रश्रियः श्रियं न सहन्ते ।

चाणक्य :- (*सक्रोधम्*) *ननु वक्तव्यं स्वजीवितं न सहन्त इति । भद्र अपि ज्ञायन्ते नामधेयतः ।*

चर :- कहं अजाणिअणामहेया अज्जस्स णिवेदिअन्ति । [*कथमज्ञातनामधेया आर्यस्य निवेद्यन्ते ।*]

निपुणक- हे स्वामी राजा चन्द्रगुप्तको राज्य हुँदा प्रजाहरु क्यान प्रसन्न हुँदैनन. साहेबले दुःख हुन्या कुरा सबै मेटिदिनाले महाराज चन्द्रगुप्तमा सबै जना प्रजाहरु बहुतै प्रसन्न छन. परन्तु एस् सहरमा राक्षस मंत्रिले अघिदेखी मान सम्मान गरि[1] राख्याका एस्ता तिन जना पुरुष छन्. तिनहरुले मात्र श्रीमहाराजका ऐश्वर्यैकन सहन्याका छैनन् । (*भनी एती निपुणकले कह्याको सुनी क्रुद्ध भैकन चाणक्य भन्छ*)

[चाणक्य-] हे निपुणक उस्तो भन्या जिउनाको आशा मान्या छन् । तिमिले तिनहरुको नाऊँ जान्याको छ छैन.

निपुणक- तिनिहरुको नामै पनि नजान्याको भया [क्यान] साहेबसंग विन्ती गर्दा हुँ ।

पाठान्तर- [1] सुखपूर्वक

चाणक्य :- तेन हि श्रोतुमिच्छामि ।

चर :- सुणादु अज्जो पढमं दाव अज्जस्स रिपुपक्खे बद्धपक्खवादो क्खवणओ जीवसिद्धी। [शृणोत्वार्यः। *प्रथमं तावदार्यस्य रिपुपक्षे बद्धपक्षपातः क्षपणको जीवसिद्धिः ।*]

चाणक्य :- (*सहर्षमात्मगतम्*) अस्मद्रिपुपक्षे बद्धपक्षपात : क्षपणक : ।

चर :- जीवसिद्धी णाम सो जेण सा अमच्चरक्खसप्पउत्ता

चाणक्य- उसो भन्या मेरा सुन्नाको इच्छा छ. क्या क्या नाम हो. तिमि भन ।

निपुणक- तिनहरुको नाम एक एक गरी म भन्छु. सुन्या-जानस् . पहिले त साहेबका शत्रुहरुको पक्षपात गन्या जीवसिद्धिनामा बौद्धमार्गी फक्कीर एक जना छ । [*निपुणकले कह्याको सुनी बडा हर्षले चाणक्य मनमा भन्छ*]

[चाणक्य-] अहो मेरा मित्र इन्दुशर्मा जीवसिद्धि भन्या नाउँले बौद्धमार्गी फक्कीर भै शत्रुपक्षमा मिल्याछन. दुनियाले पनि राक्षसैहरुको पक्ष गन्या फक्कीर हो भन्न लाग्याछन. तसर्थ यो काम बहुतै बढिया भयो. (*एती मनमा विचार गरी जीवसिद्धिकन नजान्या जस्तो गरि चुप् लागी रह्याका चाणक्यकन फेरी पनि निपुणक भन्छ*)

[निपुणक-] हे साहेब राक्षस मंत्रिले धृत्या बनाई हाम्रो सहाय

विसकरणा देवे पव्वदीसरे समावेसिदा । [*जीव-सिद्धिर्नाम सः, येन सामात्यराक्षसप्रयुक्ता विषकन्या देवे पर्वतेश्वरे समावेशिता*]

चाणक्य :- (*स्वगतम्*) जीवसिद्धिरेष तावदस्मत्प्रणिधिः (*प्रकाशम्*) भद्र, अथापर : क : ।

चर :- अज्ज, अवरो वि अमच्चरक्खसस्स पिअवअस्सो काअत्थो सअडदासो णाम । [*आर्य, अपरोप्यमात्य-राक्षसस्य प्रियवयस्यः कायस्थः शकटदासो नाम*]

चाणक्य :- (*विहस्यात्मगतम्*) कायस्थ इति लघ्वी मात्रा,

भै आयाका राजा पर्वतेन्द्रकन जसले मार्योथ्यो. जीवसिद्धि भन्याको सोही हो ।

(*तहाँपछि चाणक्य मनैमा भन्छ*)

[चाणक्य-] जीवसिद्धि हाम्रै मित्र चिवा भै गयाका हुन् . तसैले परिणाममा राक्षस मंत्रिको र पर्वतेन्द्रका पुत्र मलयकेतुको परस्पर विरोध पारीदिन्याछ. (*सुनाइकन भन्छ*) हे निपुणक तीनमध्ये जीवसिद्धि एक भयो. दोस्रो कौन हो.

निपुणक- हे साहेब, राक्षस मंत्रीको पियारा मित्र शकटदास-नामा कायस्थ हो. (- - *चाणक्य जो छ. हाँसीकन मनैमा भन्छ*)

[चाणक्य-] कायस्थ भन्याको छोटो मनुष्य हो, त्यो शत्रु भै केही फुकन्याछैन. तथापि आफुमा शत्रुभाव राषन्या [- - छोटो] एसबाट केही हुन्याछैन भनी हेला

तथापि न युक्तं प्राकृतमपि रिपुमवज्ञातुम् । तस्मिन् मया सुहृच्छद्मना सिद्धार्थको विनिक्षिप्तः (प्रकाशम्) भद्र, तृतीयं श्रोतुमिच्छामि ।

चर :-- तिदीओ वि अमच्चरक्खसस्स दुदीअं हिअअं पुप्फपुरनिवासी मणिआरसेट्ठी चन्दनदासो णाम । जस्स गेहे कलत्तं णासीकदुअ अमच्चरक्खसो णअरादो अवक्कन्तो । [*तृतीयोप्यमात्यराक्षसस्य द्वितीयं हृदयं पुष्पपुरनिवासी मणिकारश्रेष्ठी चन्दनदासो नाम । यस्य गेहे कलत्रं न्यासीकृत्यामात्यराक्षसो नगरादपक्रान्तः ।*

गर्नु[1] जोग्य छैन. एसै कारणले तेस् कायस्थको हितकारी मित्र जस्तो बनाई सिद्धार्थकनामा चिनाकन मैले [पठाइ]राष्याका छ. (*भनी एती मनमा विचार गरी सुनाइकन भन्छ*) हे निपुणक तिन्मध्ये दुई जना भया तेस्रो कोन हो.

निपुणक- हे साहेब राक्षस [मन्त्री]को मुटुको रगत झैं भयाको हीरा मोती जवाहिरको बेपार गर्न्या एस्तो चन्दनदासनामा जात्सेठ एक जना बडो महाजन पटनामा छ. जस महाजनका घरमा राक्षस मन्त्रीले [परिवार] लुकाई सहरदेखी निक्लो गयो. (*भनी निपुणकले कह्याको सुनी चाणक्य मनमा भन्छ*)

पाठान्तर-- [1]छोड्नू

चाणक्य :- (स्वगतम्) नूनं सुहृत्तमः । महद्धनात्मसदृशेषु राक्षसः कलत्रं न्यासीकरिष्यति । (प्रकाशम्) भद्र, चन्दनदासस्य गृहे राक्षसेन कलत्रं न्यासीकृतमिति कथमवगम्यते ।

चर :- अज्ज इअं अंगुलीअअमुद्दा अज्जं अवगदत्थं करिस्सदि [आर्य , इयमङ्गुलीयकमुद्रार्यमवगतार्थं करिष्यति (इत्यर्पयति)

चाणक्य :- (मुद्रामवलोक्य गृहीत्वा राक्षसस्य नाम वाचयति । सहर्षं स्वगतम्) ननु वक्तव्यं राक्षस एवास्मदङ्गुलिप्रणयी संवृत्त इति । (प्रकाशम्) भद्र, अङ्गुलीमुद्राधिगमं विस्तरेण श्रोतुमिच्छामि ।

[चाणक्य-] आफ्नु र चन्दनदासको फेर मान्याको भया राक्षस मन्त्री[ले परिवारक]ल राख्न्या थिएन. तसर्थ राक्षस मंत्रिको चन्दनदास महाजन बहुतै हितकारी मित्र रहेछ. (एती भनी सुनाइकन भन्छ) हे निपुणक चन्दन[दासको] घरमा राक्षसले आफ्ना परिवारकन लुकायो भनी तिमिले कसो गरि जान्यौ.

निपुणक- हे साहेब एही अंगुठिले तपाइँलाई मालुम होला (निपुणकले अंगुठि अगाड़ी राषीदियो. तहाँ पछि हातमा अंगुठी ली राक्षसको नाम बाँचीकन बडा हर्षले चाणक्य मनमा भन्छ)

[चाणक्य-] अब राक्षस मंत्री हाम्रा हातमा अवस्य पर्‍यो. (एती मनमा भनी सुनाईकन भन्छ) हे निपुणक यो

चर :- सुणादु अज्जो । अत्थि दाव अहं अज्जेण पौरजण-चरिदस्स अण्णेसणे णिउत्तो परघरप्पवेसे परस्स अणासंकणिज्जेण इमिणा जमपडेण हिंडन्तो मणि-आरसेट्ठीचन्दनदासस्स गेहं पविट्ठोह्मि । तहिं जमपडं पसारिअ पउत्तोह्मि गीआणि गाइदुम् । [*शृणोत्वार्यः, अस्ति तावदहमार्येण पौरजनचरित-स्यान्वेषणे नियुक्तः परगृहप्रवेशे परस्यानाशङ्कनीयेनानेन यमपटेनाहिण्डमानो मणिकारश्रेष्ठिचन्दनदासस्य गेहं प्रविष्टोऽस्मि । तत्र यमपटं प्रसार्य प्रवृत्तोऽस्मि गीतानि गातुम्।*]

चाणक्य :- ततः किम्।

अंगुठो कसो गरी पायौ विस्तार गर. मेरा सुन्नाको इच्छा छ. (*भनी एती चाणक्यले कह्याको सुनी निपुणक विस्तार गर्छ*)

[निपुणक-] हे साहेब म वि[स्तार ग]र्छु. सुनुहवस्। सहर्‌वासी मनुष्यहरुको हालसुरथ बुझन भनी साहेबले मलाई पठाउनूभयोथ्यो. मैले पनि पराइका घरमा प्रवेश गरी चिवो-चर्चो गर्दा यो चिवा हो भनी कसैका मनमा शंका नहवस् भन्नानिमित्त यो जमराजको पट् देषाई मागी पान्याको भेक धारी घुम्दै फिर्दै चंदनदास साहुको घरमा पुक्याँ. ढोकामा बसी यमराजको पट् फैलाई गीत पनि गाउन लाग्याँ ।

चाणक्य :- (*मन्छ*) — तहाँपछि कसो भयो ।

चरः- तदो अ एक्कादो अववरकादो पंचवरिसदेसीओ पिअदंसणीअसरीर किदी सुउमारओ बालत्तणुल-हकोदुहल्लोप्फुल्लणअणो बालओ णिक्कमिदुं पउत्तो। तदो हा णिग्गदो, हा णिग्गदो त्ति संकापरिग्गहणि-वेदइत्तिओ तस्स एव्व अववरकस्स अब्भंतरे इत्थि-आजणस्स उट्ठिदो कलकलो। तदो ईसद्दारदेस-दाविदमुहीए एक्काए इत्थिआए सो कुमारओ णिक्कमन्तो एव्व णिब्भच्छिअ अवलम्बिदो कोम-लाए बाहुलदाए। तस्साए कुमारसंरोधसंभमप्पचलि-दंगुलिदो करादो पुरिसअङ्गुलिपरिणाहप्पमाण-घडिआ विअलिआ इअं अङ्गुलिमुद्दआ देहली-बन्धम्मि पडिआ उट्ठिदा अ ताए अणवबुद्धा एव्व मम चलणपासं समागच्छिअ पणामणिहुआ कुलवहु विअ णिच्चला संवुत्ता। मए वि अमच्चरक्खसस्स

निपुणक- (भन्छ)— हे साहेब तहाँपछि सुकुमार शरीर भयाको देष्नामा बहुतै राम्रो यस्तो पाँच वर्षको कोही एक बालक ओ छ. मैले गीत गायाको सुनी तमासा हेर्नाका इच्छाले घरभित्रदेषी बाहिर निस्कन लाग्यो. तब त्यो बालक निस्कन लाग्दा घरभित्र बस्याका स्त्रीहरुले बाहिर गयो. बाहिर गयो भनी हडबडाईकन शंका मान्या झैं गरी कहृयाको शब्द सुनियो। तहाँपछि द्वारदेषी बाहिर आई पुक्याका बालककन द्वारसम्म आई थोरै देषामा पऱ्याकी

णामंकिदेत्ति अज्जस्स पादमूलं पाविदा। ता एसो इमाए आअमो। [ततश्चैकस्मादपवरकात्पञ्चवर्ष-देशीयः प्रियदर्शनीयशरीराकृतिः सुकुमारो बालत्व-सुलभकौतूहलोत्फुल्लनयनो बालको निष्क्रमितुं प्रवृत्तः। ततो हा निर्गतो हा निर्गत इति शङ्कापरिग्रहनिवेद-यिता तस्यैवापवरकस्याभ्यन्तरे स्त्रीजनस्योत्थितः कल-कलः। तत ईषद्द्वारदेशदापितमुखैकया स्त्रिया स कुमारो निष्क्रामन्नेव निर्भर्त्स्यावलम्बितः कोमलया बाहुलतया। तस्याः कुमारसंरोधसंभ्रमप्रचलिताङ्गुलेः करात्पुरुषाङ्गुलीपरिणाहप्रमाणघटिता विगलितेय-मङ्गुलीमुद्रिका देहलीबन्धे पतितोत्थिता तयानव-बुद्धैव मम चरणपार्श्वं समागत्य प्रणामनिभृता

कोही एक स्त्रीले भै गरं कन लगाई. तब बडा चहल्याकिलेछ◆ बालकमात्र समाउँदामा पुरुषका हातमा लगाउन्या छुनाले छुल्ला भयाका यो आंगुठि जो छ. कोमल बाहु भयाकी एस्ती तसै स्त्रीका हातदेषी देहलाइलामा षस्यो. तहाँदेषी लडिकन प्रणाम गर्न भनि नम्र भैं आयाकी एस्ती बडा घरानाकी तुहारी भैं मेरा पाउमा आईपऱ्यो. यो षबर तेस् स्त्रीले पाइन. मैले पनि राक्षसमंत्रिको नाम लेष्याको रहेछ भन्नानिमित्त साहेबका चरणमा

पाठान्तर— ◆बडा आतुरीले

कुलवधूरिव निश्चला संवृत्ता । मयाप्यमात्यराक्षसस्य नामाङ्कितेत्यार्यस्य पादमूलं प्रापिता । तस्मादेषोऽस्या आगमः ।]

चाणक्य :- भद्र श्रुतम् , अपसर । नचिरादस्य परिश्रमस्यानुरूपं फलमधिगमिष्यसि ।

चर :- जं अज्जो आणवेदित्ति । [यदार्य आज्ञापयति ।]
(निष्क्रान्तः)

चाणक्य :- शार्ङ्गरव, शार्ङ्गरव
(प्रविश्य)

शिष्य :- आज्ञापय,

ल्याञ्या. तसर्थ हे साहेब यो अंगुठी पाइ ल्यायाको विस्तार यही हो. (भनी निपुणकले कहि सुनायो)

चाणक्य- हे निपुणक संपूर्ण विस्तार मैले सुन्या । राजा चन्द्रगुप्तका निमित्त तिमिले बडो मिहनत गऱ्या छौ. मिहनतमाफिकको इनाम बकस थोरै दिनमा[1] पाउला. एस् घरिमा तिमि जाउ. (भनी एती चाणक्यले भन्दा साहेबको जो आज्ञा हुन्छ भनी आज्ञा शिर चह्राई निपुणक जो छ निस्की गयो.)

(तहाँपछि शार्ङ्गरवनामा शिष्यकन चाणक्यले बोलाउँदा द्वारमा चौकी गरिरह्याको त्यो शिष्य जो छ. चाणक्यका नजीकमा प्रवेश गरी बिन्ती गर्छ)

पाठान्तर— [1] चाँडै

चाणक्य :- वत्स, मसीभाजनं पत्रं चोपानय।

(शिष्यस्तथा करोति)

चाणक्य :- (पत्रं गृहीत्वा स्वगतम्) किमत्र लिखामि। अनेन खलु लेखेन राक्षसो जेतव्यः।

(प्रविश्य)

प्रतीहारी- जेदु अज्जो। [जयत्वार्यः।]

चाणक्य :- (सहर्षमात्मगतम्) गृहीतो जयशब्दः। (प्रकाशम्) शोणोत्तरे, किमागमनप्रयोजनम्।

प्रतीहारी- अज्ज, देवो चन्द्रसिरी सीसे कमलमुउलाआरं

[शिष्य-]- हे गुरुज्यू कया निमित बोलाउनूभयो। आज्ञा गर्नूहवस्।

चाणक्य- हे पुत्र कागत मस्यानोहरुकन ल्या.

(भनी एती चाणक्यले कह्याको सुनी शिष्यले ल्याइदियो)

चाणक्य- (कागत लिइ मनमा भन्छ) एस् कागतमा मैले क्या लेष्न्या हो. एसै चिठिले राक्षस मंत्रीकन जिती काबू गराउनूपर्न्यार्छ. (भनी एती विचार गर्दामा शोणोत्तरानामा ढोकाद्वाऱ्या स्त्रीले तसै चाणक्यका घरमा प्रवेश गरी साहेवको जय हवस् भनी प्रणाम गर्‍यो. तहाँपछि – – – प्रारंभ गर्‍याका बेलामा जयशब्द सुनियो. तसर्थ अवश्य कार्य सिद्ध हुन्छ भनी एती मनमा निश्चय गरी सुनाईकन हे शोणोत्तरे क्यान आयौ भनी चाणक्यले सुध्याउँदा द्वाऱ्या भन्छे)

[द्वाऱ्या-] हे साहेब तपाञिको आज्ञा भया राजा पर्वतेन्द्रको

अञ्जलिं णिवेसिअ अज्जं विण्णवेदि । इच्छामि अज्जेण अब्भणुण्णादो देवस्स पव्वदीसरस्स पारलोइअं कारेदुम् । तेण अ धारिदपुव्वाइं आहरणाइं बह्मणाणं पडिवादेमित्ति । [*आर्य, देवश्चन्द्रश्री: शीर्षे कमलमुकुलाकारमञ्जलिं निवेश्यार्य्यं विज्ञापयति । इच्छाम्यार्येणाभ्यनुज्ञातो देवस्य पर्वतेश्वरस्य पारलौकिकं कर्तुम् । तेन च धारितपूर्वाण्याभरणानि ब्राह्मणानां प्रतिपादयामीति ।*]

चाणक्य :- (*सहर्षमात्मगतम्*) साधु वृषल, ममैव हृदयेन सह संमन्त्र्य संदिष्टवानसि । (*प्रकाशम्*) शोणोत्तरे, उच्यतामस्मद्वचनाद्वृषलः । साधु वत्स, अभिज्ञः खल्वसि लोकव्यवहाराणाम् । तदनुष्ठीयतामात्मनोऽभिप्रायः । किन्तु पर्वतेश्वरस्य धृतपूर्वाण्या-

---

क्रिया काज सिध्याउँदा हुँ. [पर्वतेन्द्र]का आभूषण-कन पनि ब्राह्मणहरुलाई दान गरिदिंदा हुँ भनी महाराज चन्द्रगुप्त जो छन्. हात जोरीकन बिन्ती गर्छन्.

(*भनी एती कह्याको सुनी चाणक्य बडा हर्षले मनैमा भन्छ*)

[चाणक्य-] हे चन्द्रगुप्त मेरो मनमा जो थियो. तैले पनि सोही कुरा सोधा पठाइछस्.[1] तं बहुतै कुशल छस् (*भनी एती मनमा कही द्राज्याकन भन्छ*) हे शोणोत्तरा मैले भन्या भैं गरी चन्द्रगुप्तकन एस्ता वचन कहनू. क्या भन्या हे चन्द्रगुप्तनामा [राजा] लोकव्यवहार-

---

पाठान्तर— [1]गर्भ औंटिछस् ।

भरणानि गुणवन्ति गुणवद्भ्य एव प्रतिपादनी-
यानि। तदहं स्वयमेव परीक्षितगुणान् ब्राह्मणान
प्रेषयामि ।

प्रतीहारी- ज अज्जो, आणवेदित्ति । [यदार्य आज्ञापयति]
(निष्क्रान्ता)

चाणक्य :- शाङ्गरव, उच्यन्तामस्मद्वचनाद्विश्वावसुप्रभृतयस्त्रयो
भ्रातरः, वृषलात्प्रतिगृह्याभरणानि भवद्भिरहं द्रष्टव्य
इति ।

शिष्य :- तथेति । (निष्क्रान्तः)

✕ ✕ ✕

मा त बहुतै कुशल छस्. तसर्थ आफुले गर्न भनि
आँथ्याको काम गर. परन्तु पर्वतेश्वरले पैन्हन्याका
अति उत्तम आभरणहरु गुणिजनलाई दिनु
जोग्य छ. तसर्थ गुणको परीक्षा गरी दान दिनामा
पात्र भयाका ब्राह्मणहरुलाई म आफै पठाउन्याछु.

(भनी चाणक्यले कह्याको सुनी द्वार्‍या जो
थ्यो. आज्ञा शिर चढाई तहांदेखी निक्ली गै. तहाँपछि
आफ्ना शिष्यकन चाणक्य भन्छ)

[चाणक्य-] हे शाङ्गरव चन्द्रगुप्तले दियाका आभूषणको दान
लो मेरा नगीचमा आउनु. एतो समाचार विश्वावसु
प्रभृति तिन् भाई ब्राह्मणहरुका घरमा गै भन.

(भनी चाणक्यले कह्याको सुनी आज्ञा शिर
चढाई शाङ्गरवनामा शिष्य निक्ली गयो)

✕ ✕ ✕

तेस्रो अङ्क

- - - राज-गहना कपडा पैह्री मिठो षाई प्रभु कहलाउँ-देन. सबैका उपर हुकुम चलाउन्या अटल आज्ञा भयाको तथापि जस्तो प्रभु जो छ. प्रभु भन्याको सोही हो ॥२३॥ (*भनी दोस्रा भाटले राजा चन्द्रगुप्तको स्तुति गर्‍यो. तब चाणक्य मनैमा भन्छन्*)

[चाणक्य--] देवताको स्तुतिरूपले शरद् ऋतुको वर्णन दुइ श्लोकले भयो. पहिल्ला भाटले कह्याका श्लोकको आशय क्या हो. यो मैले केही बुझिन. (*भनी एक छिण विचार गर्‍यापछि मनमा ठहराईकन भन्छन्*) अब मैले बुझयाँ. राक्षस मंत्रिले गर्‍याको यो प्रयोग हो. यो भाट पनि तसैका पेटको रहेछ । हे दुष्ट राक्षस तेरो कल बल छल मैले बुझयाको छ. थोरै दिनपछि मेरै हातमा पर्लाश्. म जागा भै रह्याको छु (*भनि चाणक्यले मनमन भन्या*)

(*तहाँपछि कवित्व पह्र्‍या भाटहरुदेषी खुस भै राजा चन्द्रगुप्त चोपदारकन भन्छन्*)

[राजा-] हे वैह्निर्नर ई दुइ जना भाटहरुलाई एक लाष असर्फी देऊ. विलम्ब नगर.

(*भनी एती कह्याको सुनी आज्ञा शिर चहाई चोपदार उठ्यो । तब बडा क्रोधले चाणक्य रोक्छन्*)

[चाणक्य-] हे वैहीनरि एसै स्थानमा बस. राजाका सहिमा लागी नजा. हे चन्द्रगुप्त विना कामैमा ढेरै धनको नाश क्यान गर्छस्. अकारणमा धनको नाश गर्नु जोग्य छैन.

(भनी चाणक्यले कह्याको सुनी रिसाईकन राजा चन्द्रगुप्त भन्छन्)

[राजा-] हे आर्य बात बातमा तिमिले एस्तो गरि मेरो मन्सुवा भंग गराई दिन लाग्यौ भन्या यो राज्य पनि मेरा लेषा बन्धनै जस्तो भयो. राज्य भएन ।

चाणक्य- *(कहन्छन्)* हे चन्द्रगुप्त आफ्नु मनगरि गर्न षोजन्या राजाले आफुदेषी उंभाका गुरु जनको स्वातंत्र्य सहंदैनन्. तसर्थ मैले भन्याका पाठमा चल्दैनस् भन्या आफ्नु मनपर्दो गर.

(एती चाणक्यका वचन सुनी चन्द्रगुप्तले आफ्ना कार्यमा हामी आफै कुशल छौं *भनि जवाप दिया. तब चाणक्य भन्छन्)*

[चाणक्य-] उसो भन्या बढिया भयो. हामी पनि आफ्ना अग्निहोत्रादि नित्य कर्मना लाग्छौं *(भनि कह्या)*

राजा चन्द्रगुप्त- *(कहन्छन्)* एही निश्चय थियो भन्या कौमुदी महोत्सवको निषेध गर्‍याको क्या निमित्त हो. तेस्को फल सुंनाको मेरा इच्छा छ. कहनूहवस्.

चाणक्य- *(भन्छन्)* हे चन्द्रगुप्त कौमुदी महोत्सव गर्न षोज्याको क्या निमित्त हो. म पनि तेस्को फल सुंनाकन इच्छा गर्छु.

(भनी कुराको थापाथाप हुंदा चन्द्रगुप्त थोरो

रिसाईकन भन्छन्)

[चन्द्रगुप्त-] तपाइले उत्सव हुन नदियाको मेरो आज्ञा भंग गराउनु. एत्तिकै मात्र फल रहेछ. मैले बुझयाँ।

चाणक्य - (कहन्छन्) हे चन्द्रगुप्त तैले बुझिछस्. एस् उत्सवकन हुन नदियाको तेरै आज्ञा भंग गराउँला भनि हो. मेरा मुख्य प्रयोजन एही छ । क्यान भन्या ढेरै तमाल वृक्षका पालुआ हुनाले श्या[म व]र्णका वनहरु तीरमा भयाका औ पर्वत जस्ता अनेक जलजंतुले हिडुई रहँदा अंतरको जल उठी अति चंचल भैल तरंग भयाका एस्ता चारै समुद्रका पारसम्म टापू टापूमा रहन्या सयकरन राजाहरुले पनि फुलको माला धार्दा झैं गरि शिरमा धान्याको एस्ता हुकुम आज [मेरा] उपर चलेन. उल्टो मेरा वशमा तैंले रहनुपऱ्यो भन्या एस् कुराले तेरो बडाना ठहऱ्यो. भूमंडलमा हुकुम फिराउन्या भैकन पनि गुरुजनमा नम्र भैरहन्याका - - - को नम्रता जो छ. गहना झैं शोभाकन दिन्या हुन्छ ॥२४॥

हे चन्द्रगुप्त कौमुदी महोत्सवका [निषेध]को एक प्रयोजन मैले कहयाँ. अर्को प्रयोजन पनि सुंनाको इच्छा छ भन्या त्यो पनि कहन्छु. सुन. (*एति चाणक्यले भन्दा* तयारै छु. कहनुहवस् *भनि राजा चन्द्रगुप्तले भन्या. तब चाणक्य जो छन् शोणोत्तरा नाम भयाकी दुआऱ्याकन भन्छन्)* हे शोणोत्तरा मनमा द्वेषभाव राखी यहांदेखी भागीकन मलयकेतुको आश्रयण गऱ्याका एस्ता भद्रभट

प्रभृतिहरुले लेष्याको चिठि देऊ भनी अचलनामा कायस्थसित मागी ल्याऊ. (भनी चाणक्यले अन्हाया. शोणोत्तराले पनि आज्ञा शिर चन्हाई कायस्थका घरमा गै तेत्ले दियाको चिठि ली चाणक्यका नजिकमा आईकन सौंपी दो. त्यो चिठि लीकन चाणक्यले चन्द्रगुप्तलाई हेर् भनि दिया. तब राजा चन्द्रगुप्त जो छन्. हातमा लीकन मनमन बाँच्छन्)

[चन्द्रगुप्त-] स्वस्ति श्रीमन्महाराजाधिराज श्रीचन्द्रगुप्तका बालसंगाती भयाका औ राक्षसमंत्रिका मतिमा लाग्न्या मलयकेतुको नाश गर्न भनि तहाँदेषी भागी मलयकेतुको आश्रयण गर्न्याका एता प्रधान पुरुषकस्य पत्रम्. आगे श्रीदारोगा भद्रभट श्रीअसुवारी पुरुषदत्त श्रीढुवान्या चन्द्रभानुका भानिज डिंगरात श्रीमहाराजका हितकारी पुराका काह्री एक संबन्धी बलगुप्त तर्न श्रीमहाराज बाजकै छंदादेषी सेवा गर्न्या राजसेन श्रीसर्दार सिंहबलका कान्छा भाई भागुरायण नालवदेशका राजाका पुत्र श्रीराजकुमार लोहिताक्ष क्षत्रियका गुणले परिपूर्ण भयाका विजयवर्मा एती हामी सबै जना प्रधान पुरुषहरु श्रीमहाराजका काममा लाग्येका छौं (भनि लेष्याको चिठि आदरपूर्वक मनमन बाँची लोकहरुका देष्ता हेला गर्न्या भैं गरी सबै जनालाई सुनाईकन चाणक्यसित राजा चन्द्रगुप्त भन्छन्) हे आर्य तम्रो चिठि एही हो. हामीमा विरोध भाव राषी शत्रुपक्षमा

मिल्न गयाका मनुष्यले लेष्याको पत्र हेरी क्या प्रयोजन छ, यस्तो पत्र हेर्नाको केही प्रयोजन छैन. परंतु इनहरूले हामीमा विरोध भाव राषी मलय-केतुका दरबारमा गयाको कारण क्या हो, मेरा सुंनाको इच्छा छ, आज्ञा हवस् . (*भनि कहँदा चाणक्य कहन्छन्*)

[चाणक्य-] हे चन्द्रगुप्त त्यो सबै विस्तार गर्छु . समाधान चित्तले सुन. तिनहरूका बिचमा भद्रभट र पुरुषदत्त जो छन. स्त्री जुवा मदिरा सिकारमा भुली आफुले गर्न्या हाती घोडाको काम चित्त लगाई गर्न्या भएनन. यस्तै देषी मैले पनि अधिकारदेषी छुटाई जीविका चल्न्या मात्रै गरी षान दियाँ, सर्कारको काम दीन - - - तब एसै कारणले आहादेषी गै मलय-केतुको आश्रयण गर्न्या. आफ्नु आफ्नु अधिकार पनि ती दुइ जनाले पाया. तस्तै तैले दियाको द्रव्य थोरै देष्न्या असंतोषि बहुतै लोभी भयाका यस्ता डिंगरात र बलगुप्त इ दुइ जना पनि मलयकेतुका दरबारमा ढेरै धन दौलथ पाउंला भन्या आश-प्रायले मलयकेतुके घरमा भागी गया.

× × ×

पाँचौं अङ्क

--- चाणक्यले तेस् बेलामा बिषकन्याको नाम पनि सुन्याको छैन. प्रयोग कसो गरि गर्ला.

(भनि एती क्षपणकले कह्याको सुनी भागुरायण भन्छ)

[भागुरायण-] हे बाबाजी अब म तिमिलाई रहादानी दिन्छु. परंतु राजकुमार मलयकेतुका हजुरमा गै यो सबै बिस्तार गर.

(भनि भागुरायणले कह्यो. तसै बिचमा एका कुनादेषी संपूर्ण वृत्तांत सुनिरह्याको राजकुमार यो छ. नजिकमा आईकन भन्छ)

[मलयकेतु-] मेरो हितकारी भयाका हे भागुरायण सुनिनसक्ना बचन मित्रका मुखदेषी सुन्या. हाम्रा बाबालाई मार्याको राक्षसैले रहेछ. जवन वचन सुदैंमा मकन क्रमैले घट्दै गयाको शोक पनि आजै भया झैं गरि डौबर बढ्यो ॥६॥ *(भनि राजकुमारले बहुतै शोक गर्यो.)*

(तब क्षपणक मनैमा भन्छ)

[क्षपणक-] मैले कह्याको बिस्तार मलयकेतुले सुन्यो. तेसका चित्तमा प्रतीत पनि पर्यो. मैले गर्न्या कृत्य त्याही-सम्म हो. अब कृतार्थ भया (भनि मनयुक्त भै

निकली गयो)

(तहाँपछि राक्षसकन देष्या झैं गरि मलयकेतु भन्छ)

[मलयकेतु-] हे राक्षस वैंदो एस्तो कर्म गर्नु जोग्यै हो. क्यान भन्या देशांतरका राजाको वजीर भया पनि राक्षस मंत्रि भन्याको मेरो मित्र हो भन्न्या बुद्धिले सबै काम कुरामा विश्वासपूर्वक तेरो भरोसा राष्न्या एस्ता मेरा पिताकन छल-कपटले मारी मेरा महतारी प्रभृतिकन सहस्रधारा रुआइस्. तसर्थ तेरो नाम मात्रै राक्षस रहेनछ. तँ पनि राक्षसै रहिछस्. आफ्ना मित्रमा सज्जन मनुष्यले एस्तो पाप कर्म चिताउँदैनन्.।।७।। *(भनि राजकुमारले बहुतै धिक्कार गर्‍यो)*

(तहाँपछि भागुरायण मनैमा भन्छ)

[भागुरायण-] पटनादेषी आउँदाका बषिमा आर्य चाणक्यले राक्षस मंत्रिकन बचाउनु भनि आज्ञा गर्‍याको थियो. तसर्थ एस् घरिमा राक्षस मंत्रिकन बचाउन्या पर्‍यो. *(भनि एती मनमा कही सुनाईकन भन्छ)* हे राजकुमार समाधान चित्त गरी आसनमा बसनुहवस्. यथाविहित मेरा केही विंति गर्नाको इच्छा छ.

(भनि एती भागुरायणले भन्दा राजकुमार जो छ. आसनमा बसी नाक-मुखले श्वास फेरीकन भन्छ)

[मलयकेतु-] हे मित्र भागुरायण तम्रा क्या भन्नाको इच्छा छ. भन.

भागुरायण– (भन्छ) हे राजकुमार नीतिशास्त्रमा रहन्या मनुष्यका कार्यकारणले शत्रु मित्र उदासीन हुन्छन् । सामान्य पुरुषका भन्या अकारणमा शत्रु मित्र उदासीन हुँदैनन. तेस बेलामा सर्वार्थसिद्धि राजाकन बनाउनामा लाग्याका राक्षस मंत्रिको चंद्रगुप्तभन्दा पनि बलिया चन्द्रगुप्तको सहाय भै आयाका एस्ता महाराजाधिराज पर्वतेश्वरैमा शत्रुभावना पर्न गयो, तसर्थ – – – पऱ्याका बेलामा विषकन्याले माऱ्यो भंदा राक्षसलाई दोष छैन. मैले एस्तै ठहराञ्या, आप्ना आप्ना चित्तका कुरा हो, तपाञी पनि विचार गर्नु हवस्. कार्यविशेषले मित्रकन शत्रु बनाउन्या शत्रुकन पनि मित्र बनाउन्या राजनीतिले – – – जिउँदै छदामा पनि अर्को जन्म भया झैं गरि सबै कुरा भुलाई दिन्छे, यो मेरो हितकारी हो, यो अहित गर्न्या हो भनी – – – काम गर्न दिन्न ॥८॥ तसर्थ एस् कुरामा राक्षसलाई भंनु जोग्य छैन. तस्मा पनि विशेषले चन्द्रगुप्तको राज्य जहाँसंम आप्ना हातमा पऱ्याको छैन, तहाँसम मान संमानपूर्वक राख्नू जोग्य छ । तहाँपछि तेस् राक्षसकन लिनू छोड्नू जो तबाखिका चित्तमा आउला सो काम गर्नु होला.

(भनि भागुरायणले कह्याको सुनी तसैका मतिमा लाग्याको मलयकेतु भन्छ)

[मलयकेतु]– हे मित्र तिमिले बढिया भन्यौ. एस् बेलामा रिस पछि लागी राक्षस मंत्रिकन मारीदिया सबै जना हड्बडाउनन. आफ्नै लस्करमा एस्तो कवि भयो

भन्या शत्रुकन जिती पटना अवल गर्नकन पनि कठिन पर्ला (*भनि राजकुमार मलयकेतुले चित्तकन समाधान गर्‍यो*)

(*तसै बिचमा बाहिरदेखी भासुरकनामा सेवक आईकन श्रीराजकुमारको जय जयकार हवस् भनि भागुरायणसित समाचार कहन्छ*)

[भासुरक]- हे आर्य रहादानी विना चिठिपत्र जो देशांतरमा जान लाग्याको कोही एक पुरुषकन हामीहरुले पक्री राख्याको छ. एस् पुरुषकन आफै श्रीसर्दारले हेरी जाँच बुझ गर्नुन् भनि चौकीमा बस्याका दीर्घरक्षनामा चौकीदार बिन्ति गर्छन्. क्या आज्ञा हुन्छ.

(*भन्दा ल्याहीं ल्याउनु भनि भागुरायणले कह्यो। तब बाहिर गै भासुरकले बाँधी ल्याप्याको सिद्धार्थक जो छ, भयले स्वामिभक्तिकन मनमन प्रणाम गर्छ*)

[सिद्धार्थक]- स्वामिका कार्य सिद्ध गर्नानिमित्त आफ्ना जियमा आईपर्न्या कर्म गर्न लाग्या पनि बार लगाई छोड्न्या हामी जस्ता सेवकको जननी भैं भयाकी एस्ती स्वामिभक्तिकन प्रणाम छ. (*भनि कह्यो*) ॥१९॥

(*संगमा लागी आयाका भासुरकले पनि* रहादानी विना जान लाग्याको पुरुष एही हो *भनि हाजिर गरायो। तब भागुरायण जो छ*. सिद्धार्थक-*तर्फ हेरीकन भन्छ*)

[भागुरायण-] यो पुरुष परदेशी हो की अथवा याहीं बस्न्या कसैको सेवक हो.

सिद्धार्थक- (*आफै हात जोरीकन विंति गर्छ*) हे आर्य, मंत्रि राक्षसको सेवक हुं ।

भागुरायण- (*भन्छ*) उसो भन्या रहादानीविना क्यान गैथिस् ।

सिद्धार्थक- (*विन्ति गर्छ*) चाँडो जानूपर्न्या काम परिआउनाले रहादानी विना गयाको हुं ।

भागुरायण- (*भन्छ*) राजाको हुकुम् नाघी चाँडो जानूपर्न्या काम कस्तो हो. आफ्ना कामले राजाको हुकुम् नाघी जान्छन् भनि आजसंम कसैका मुखदेषी सुन्याको थिएन.

(*भन्दा सिद्धार्थकले केही उत्तर दिएन. तब मलयकेतु भन्छ*)

[मलयकेतु]- हे मित्र भागुरायण एसका हातको चिठि षोल. एसै चिठिले सबै मालुम होला. (*भनि एती मलयकेतुले आज्ञा गर्न्याको सुनी भागुरायणले त्यो चिठि षोली लियो. बाहिर छाप लाग्याको देषी राक्षसमंत्रिको छाप रहेछ भनि मलयकेतुलाई नजर गरायो । राक्षसको छाप देषीकन मलयकेतु भन्छ*) हे भागुरायण कुलुकमा लाग्याको छाप नबिग्रन्या गरि चिठि षोल.

(*कदाचित् राक्षसले मेरो चिठि होइन भनि जिकिर गर्न्यो भन्या छाप देषाई कायल गर्नुपर्न्याछ भन्दा भागुरायणले बस्तै गरी पत्र देषाइदियो. तहाँ पछि त्यो पत्र हेरीकन मलयकेतु पर्ध छ*) स्वस्ति श्री कोहि स्थानमा कँहिदेषी कोही पुरुष कसैसित कहन्छ । सत्यवादि भयाका तपाँञिले मेरो शत्रुकन

निकाली आफ्नु साँच देषाउनुभयो. एस् समयमा अघि सन्धि गरी आफ्ना तुल्यायाका एस्ता मित्रहरूकन दिउँला भन्याको कुरा अवश्य दिन्याछु भनी लेषी पठाउनु. एस् कुराले इनहरु बहुतै प्रसन्न रहन्याछन. एस्ता तरहको अनुग्रह तपाञिले गरिदिया आफ्ना प्रभुको नाश गरी परोपकारि भयाका तपाञिको आश्रय गर्न्याछन. सत्यवादि भयाका तपाञिले बिर्स्याको हुवैन. तथापि मैले सम्झाया. शत्रुकन मार्‍यापछि इनहरुमा कोही खजाना हाती घोडाहरुले कृतार्थ हुन्याछन. कोही राज्यले कृतार्थ हुन्याछन. बाँकी तपाञिले पठाईदियाका तिन गोटा आभूषण पायाँ. मैले पनि षाली चिठि नपठाउनु भन्नानिमित्त केही पठायाको छ. त्यो बुझि लिनुहवस् बहुत क्या लेषुं. अरु विस्तार मुख जबान चिठि ल्याउन्याले कहला. शुभम्. (एती पत्र बाँची) यो पत्र कस्ले कसलाई लेष्याको रहेछ एसै पुरुषसित सोध.

(भन्दा भागुरायण सुष्याउँछ)

[भागुरायण]- हे पुरुष यो चिठि कस्को हो. निफिक्रिसित भन. तंकन केही भय छैन.

सिद्धार्थक- (भन्छ) हे आर्य कस्को हो क्या हो म केही जान्दिन ।

भागुरायण- (भन्छ) हे धूर्त चिठि लैजान्या फलानाको हो भनि नजान्या यो सबै भर्सामिमा जावस्. तैले कहन्याको मुष जबान सुंन्या को हो। यो कुरा सात्रै भन.

(भनि एती कहंदा ड़राया भैं गरि, तपाञी भनि उठ्यो, तब भागुरायण भन्छ)

[भागुरायण]- तैंले कहिन्या मुप जवान सुन्या मै हुँ भन्या ठहराईकन भन.

(भनि भागुरायणले धम्कायाको सुनी सिद्धार्थक जो छ, शासना गर्नन् भन्या भयले बहुतै डराईकन कहन्छ)

[सिद्धार्थक]- साहेबहरुले बाँध्याको हुनाले मेरा सुद्धि पनि हराया. एक थोकको अर्कै थोक मुखदेखी निस्कन्छ। नजान्याको कुरा कसो गरि भनु'

(भनि भेल-पेल गर्नामा पस्यो, साँचो कुरा कहेन, तब क्रोधजुक्त भैकन भागुरायण भन्छ)

[भागुरायण]- हे भासुरक एस्को पूजा गर्न्या वेला आयो, तसर्थ एस्कन बाहिर लैगी जहाँसम्म सांचो कहंदेन, तहाँसम्म कोडा मार.

(भनि एती भागुरायणले अह्रायाको सुनी आज्ञा शिर चढाई भासुरक सिद्धार्थकसहित भै बाहिर गयो, थोरै बेरपछि फेरी भित्र आईकन विंति गर्छ)

[भासुरक]- हे आर्य बाहिर लैगो कोडा मार्दामा छाप लगायाको पेटारी एस्का काखिदेखी खस्यो, हेर्नु हवस्।

(भन्दा त्यो पेटारी हेरीकन भागुरायण भन्छ)

[भागुरायण]- हे राजकुमार यो पेटारीमा पनि राक्षस मंत्रिकै छाप रहेछ।

राजकुमार- *(भन्छ)* हे मित्र भागुरायण बडा मनुष्यलाई चिठि लेख्या खामी चिठि नपठाउन् भनानिमित्त केही

वस्तु हाम्रो पठाश्राका पेटारी होला. छाप नबिग्रन्या गरि उघार. (भन्दा भागुरायणले तस्तै गरि गहना देषाइ दियो. तब ती गहना हेरीकन राजकुमार मलयकेतु भन्छ) मैले आफ्ना शरीरदेषी निकाल्या राक्षसलाई दियाका ई आभूषण हुन्. अब मालुम भयो यो चिठि चन्द्रगुप्तैलाई लेष्याको रहेछ. राजा सुहाउँदा आभूषण पनि तसैलाई पठाई दियाका हुन ।

भागुरायण- (भन्छ) तपाञिले ठह्राउनुभयो. राक्षस मंत्रिको कर्तव्य होला भन्या शंका अघि पनि भयैको हो. (भनि एती कही सेवककन भन्छ) हे भासुरक एस् पुरुषले सबै कुरा कह्याका छैनन्. तसर्थ फेरी पनि शासना गर.

(भन्दा भासुरक जो छ. सिद्धार्थकले समेत बाहिर गै आईकन विन्ति गर्छ)

[भासुरक]- एस्कन मैले ढेरै कोडा लगाञ्या. जो भयाको विस्तार श्रीराजकुमारका हजुरमा बिंति गर्छु भन्छ.

(भनि सेवकले भन्दा बढिया भनि राजकुमारले आज्ञा दियो. तब सिद्धार्थक पाउमा परिकन कहन्छ)

[सिद्धार्थक]- हे साहेब भयले बहुतै व्याकुल छु. मकन अभयदान दिनुहवस्.

राजकुमार- (कहन्छ) अर्काको अह्रायो [अह्राञाको] गर्न्या एस्ता परपुरुषलाई कसैले केही गर्दैन. तँकन अभयै छ. नडराईकन जस्ताको तस्तो भन.

सिद्धार्थक- (कहन्छ) जो भयाको चरणमा विंति गर्छु सुनु-

हवस्. मंत्रि राक्षसले चन्द्रगुप्तकन लेष्याको यो चिठि हो. एही पुऱ्याउनानिमित्त विदा भै पटनामा जान लाग्याको हुँ । मुखजबान अह्राई पठायाको पनि क्या हो भन्या कुलूत देशको राजा चित्रवर्मा मलयनगरको राजा सिंहनाद काश्मीरदेशको राजा पुष्कराक्ष सिन्धुदेशको राजा सिन्धुसेन पारसी देशको राजा मेघनाद मेरा मित्र एती पाँच जना राजाहरु तपाजिमा बडो भक्तिभाव प्रीति राष्छन. इनहरुमा चित्रवर्मा सिंहनाद पुष्कराक्ष एती तिन जनाले मलयकेतुका राज्यको इच्छा गर्छन. सिन्धुसेन मेघनाद ई दुइ जनाले मलयकेतुका हाती घोडा षजानाको इच्छा गर्छन्. तसर्थ जस्तो चाणक्यलाई निकाली तपाजिले मकन प्रसन्न गराउनुभयो. त्यस्तै ती पाँच जनाकन पनि अघि दिऊँला भन्याको कुरा ही आफ्नू याँच राष्नूपर्न्याछ भनि मंत्रिले कहि पठायाको संधेस एही हो.

(भनि सिद्धार्थकले कह्याको सुनी उदेकाईकन मलयकेतु मनैमा भन्छ)

[मलयकेतु]- मैले हितकारी भनि विश्वास मान्याका एस्ता चित्रवर्माप्रभृति पनि कसा गरि द्रोह गर्नन. अथवा यो कुरा हुन्दो हो. एसै कारणले इनहरुको राक्षसमा बडो प्रीति छ.

(भनि एती मनमा कही आफ्नी द्वार्‍याकन अह्राउँछ)

× × × ×

सातौं अङ्क

- - - चन्द्रगुप्त जो छन. चन्दनदास साहुकन भूमण्डलका सम्पूर्ण नगरको जगत्सेठ - - - मोहीबमोजिम गर्नु औ एस् समयमा हाती घोडाआदिक सबै जनाको बन्धन छुटाउनु. अथवा मंत्रि राक्षस - - - मालिक भयापछि हामिले अरु कुनु केही प्रयोजन छैन. हाती घोडावाहिक सबै जनाको बन्धन छुटाइदिनू. नन्दवंशको संहार गरी चन्द्रगुप्तकन राज्य दिलाउँला भनि गर्याको प्रतिज्ञारूप समुद्रदेखी पार भयाको म मात्रै शिखाबंधन गर्छु — — — (*भनि एती चाणक्यले कह्याको सुनी आज्ञा शिर चह्राई त्यो पुरुष निकली गयो, तहाँपछि चन्द्रगुप्तहरुसित चाणक्य भन्छ*) हे महाराज चन्द्रगुप्त हे मंत्रि राक्षस तिमिहरुलाई हित हुन्या कुरो आफ्ना ज्ञानभर मैले गर्यां । अफ पनि क्या गरुं आज्ञा गर.

(*भनि शिष्टाचार गर्दा प्रथम चन्द्रगुप्त कहन्छन्*)

[चन्द्रगुप्त] - - - - तपाविलें हाम्रो उपकार गर्नु बाँको क्या रह्याको छ. मंत्रि राक्षससितको मैत्री गराई मकन राज्यमा बसाउनुभयो । संपूर्ण नन्द[वंशको नाश] बनि गर्नु भयो. गर्यां कुरा एतिके हुन. हामी कृतार्थ भयौं ॥१९॥

(*भनि राजा चन्द्रगुप्तले चाणक्यसित कह्याको सुनी राक्षस कहन्छन्*)

[राक्षस]- हे चाणक्य तम्रा प्रसादले सबै कुरा पूर्ण भया. तथापि परिणाममा हित गर्न्या अतिगंभीर पस्ता - - - संतुष्ट भयाको म पनि दैत्यहरुका भारले जलमा डुब्याको पृथिवीकन भगवान आदि वराहले आफ्ना दाह्राले उद्धार गर्दा मैं. तमै भगवान विष्णुको अंश भयाका महाराज चन्द्रगुप्त पनि म्लेच्छहरुले व्याप्त गर्न्याको पृथिवी[कन] आफ्ना बाहुमा राखी धर्मपूर्वक पालना गरुन भनि इच्छा गर्छु । तस्तै भरतको वचन पनि सफल हवस् । तेस् वचन - - - भगवान विष्णुले - - - कल्पमा जगतको रक्षा गर्न समर्थ भयाको वराहरूप धारी पातालमा गयाकी पृथ्वीकन - - - उद्धार गर्न्या जो भगवानले आज पनि राजा चंद्रगुप्तको रूप धारी म्लेच्छहरुले व्याकुल भयाकी पृथिवीकन आफ्ना - - - बुद्धिमान् एस्ता तमै राजा चन्द्रगुप्त-रूप भगवान श्रीविष्णु जो छन्. आफ्ना हातमा पर्न्याकी पृथ्वीकन जुग जुगसम्म पालना गरुन. (*भनि आशिर्वाद दिया*) ॥२०॥

मुद्राराक्षस नाटक पनि संपूर्ण भयो ॥

इति श्रीजनरलभीमसेनामात्यवर्याश्रितभवानीदत्तपण्डितकृता मुद्राराक्षसभाषा ॥

88—88—०+०—88—88

परिशिष्ट

आत्मबोध

श्रीसाम्बशिवाय नमः

चांद्रायणप्रभृति शुभ कर्म गर्नाले पापदेखी मुक्त भै शांत चित्त भयाका इहलोकमा पनि परलोकमा पनि भोगको इच्छा नभयाका मोक्षको मात्र इच्छा गर्न्या एस्ता ज्ञानी जनका हित निमित्त तत्वज्ञानकन बताउन्या आत्मबोध भन्याको ग्रन्थ कहिन्छ ॥१॥

मोक्षको कारण तत्त्वज्ञानै छ । तत्त्वज्ञानविना मोक्ष हुँदैन । जप तप व्रत पूजाहरु त पापको नाश गर्न्या मात्रै हुन । मोक्ष दिन सक्न्या होइनन । जस्तो दारुवा पानी भाँडाहरु छन तपनि अग्निविना भात पाक्तैन अ[ग्नि] भया मात्र [पाक्]छ. तसतै मोक्ष पनि तत्त्वज्ञानले मात्र [मिल]छ । अरु कुराले मिल्दैन । तत्त्वज्ञानले त अज्ञानको नाश गरी [मोक्ष]कन दिन्छ ॥२॥

अश्वमेधप्रभृति बडा बडा कर्मले पनि अज्ञानको नाश गर्छन्. अज्ञान छुट्यापछि [आ]फै मोक्ष होला. ज्ञानको केही प्रयोजन छैन भन्या एस्तो शंका नगर्नु । क्यानभन्या कर्मको र अज्ञान[को त] वैर नहुनाले अज्ञानको नाश कर्मले गर्दैन । अज्ञान

रह्यैको छ भन्या मोक्ष कदाचित् पनि हुँदैन । ज्ञानको र अज्ञानको त परस्पर वैर छ । तसर्थ श्रीसूर्यको उदय हुँदा अन्धकारको नाश हुँदा झैं ज्ञानको उदय हुँदा अज्ञानको नाशै हुन्छ । रहन पाउँदैन ॥३॥

मनुष्य हाती घोडा कीट पतंगप्रभृति छोटा बडा शरीरमा आत्मा जो छ, भिन्न भिन्न गरि सानु ठुलो झैं देखियाको पनि अज्ञानैले हो । तसर्थ तत्त्वज्ञानले अज्ञानको नाश भयो भन्या अज्ञानले कल्पना गर्‍याका ती भिन्न भिन्न शरीर सबै हराउँछन् । बादल हराउँदामा श्रीसूर्यको प्रकाश भया झैं अद्वितीय परमात्मा मात्रै आफै आफ प्रकाशमान हुन्छन । अरु वस्तु केही देखिंदैन ॥४॥

ज्ञान भन्याको जीवात्माको अंतःकरणमा प्रतिबिंब पर्‍याको आत्माभास हो । तसर्थ जान्दछु भन्या यो अंतःकरणको वृत्ति भिन्न रह्याको छँदा छँदै अद्वितीय एक परमात्मा मात्रै कसो गरि रह्यो. अद्वैत [सि]द्धि पनि कसो गरि बन्यो भनि संका नगनु । क्यानभन्या ढेरै दिनदेखी अभ्यास गर्‍याको ज्ञान जो छ अज्ञानले मलिन अंतःक[रण] भयाका एस्ता जीवात्माका अतःकरणको नाश गर्छ । तहाँपछि जलमा पर्‍याका निर्मलिले जलकन निर्मल गराई आफु पनि नष्ट भया झैं त्यो ज्ञान जो छ जीवकन निर्मल गराई आफु पनि नष्ट हुन्छ । अर्थात् आत्माको प्रतिबिंब हुनाले आत्मैमा मिल्छ । तब अद्वैतसिद्धि हुन्छ ॥५॥

राग द्वेष काम क्रोधप्रभृतिले भरियाको संसार त कस्तो हो भन्या जस्तो स्वप्नमा देख्याका वस्तु स्वप्न छंज्याल मात्र सत्य

झैं देखिन्छ. जागा भयापछि झुटै ठह्छ । तसर्थ अज्ञान दशामा सत्य झैं देखिया पनि ज्ञानदशामा आत्माबाहिक केही देखिदैन । संपूर्ण झुटै देखिन्छ ॥६॥

जस्तो अन्धकारमा यो सिपि हो भनि जहाँसम्म जान्याको छैन. ताहाँसम्म चाँदी हो भन्या ज्ञान हुन्छ. पछि सिपि रहेछ भनि बुझ्यापछि त्यो चाँदी हो भनि जान्याको झुटै हुन्छ. तसर्थै अद्वितीय ब्रह्मकन जहाँसम्म जान्याको छैन तहाँसम्म जगत् पनि सत्य झैं देखिन्छ. ब्रह्मज्ञान भया उप्रान्त अघि ज्या केही देख्याको स्वप्न तुल्यै हुन्छ. रहँदैन ॥७॥

सुवर्णमा गहनाको कल्पना गर्न्या झैं व्यापक भैं रह्याका एस्ता सच्चिदानंदस्वरूप ब्रह्ममा अज्ञानले जगत्को कल्पना हुन्छ । तत्त्वले विचार गर्दा ब्रह्म मात्र एक रहन्छ. ब्रह्मदेषो भिन्न जगत् रहँदैन ॥८॥

सम्पूर्ण इन्द्रियको प्रवर्तक ब्रह्म जो छ, मायाले कल्पित एस्ता हाती घोडा मनुष्य कीट पतंगमा भिन्न भिन्न झैं देखिन्छ. तत्त्वज्ञानले हाती घोडाप्रभृति उपाधिको नाश भयापछि एकै हुन्छ । जस्तो एकै आकाश जो छ. घडा लोटाप्रभृति अनेक उपाधि छँदामा नाना प्रकारको देखिन्छ. ती सबै उपाधि फुट्यापछि एकै हुन्छ. तस्तै हो ॥९॥

इनै उपाधि हुनाले शुद्ध आत्मामा यो ब्राह्मण यो क्षत्रिय यो वैश्य यो शूद्र यो गृहस्थ यो ब्रह्मचारी यो वानप्रस्थ यो संन्यासी यो गोरो यो कालो भन्न्या कल्पना हु — — — — — — — — — आत्मामा ई कोनै उपाधि छैनन । आत्मा नित्य मुक्त

छ । कसैले बाँधियाको छैन । मधुर स्वभाव भयाका जलमा अरु वस्तु पर्दा त्यो जल अस्तो तितो टर्रो पिरो अ[मिलो आदि हुन्छ] आत्मा पनि तस्तै हो ॥१०॥

अबउप्रांत अज्ञानले कल्पना गर्‍याका तिन उपाधिकन [विस्तारपूर्व]कले कहन्छन् । पृथिवी जल तेज वायु आकाश ई पाँचको प्रत्येक दुइ भाग गरी एक भागकन फेरी [खण्ड खण्]ड गरि आफ्ना भागबाहिक अरु चार भागमा चार खंडकन मिश्नु जो छ पंचीकरण हो. एस्ता त[रहले] पंचीकरण गरियाका पंच-महाभूतले बन्याको प्रारब्ध कर्मले मिल्याको सुख दुःख भोगको स्थान भयाको एस्तो स्थूल शरीर एक उपाधि कहिन्छ ॥११॥

प्राण अपान समान उदान व्यान ई पंच प्राण. मन १ बुद्धि १ ज्ञानेन्द्रिय पाँच कर्मेन्द्रिय पाँच. एति सत्र तत्वले सहित भयाको पंचीकरण नगर्‍याको पंचभूतले बन्याको सुख दुःख भोगको कारण भयाको परलोकमा पनि साथ जान्या एस्तो लिङ्गशरीर द्वितीय उपाधि कहिन्छ ॥१२॥

एस्तै छ भनि नशाकन्या स्थूल शरीर लिङ्ग शरीर ई दुवैको कारण भयाको एस्तो अनादि अविद्या जो छ. कारणोपाधि तृतीय कहिन्छ । एती तिन उपाधिका साक्षी जो छन्. तिनैकन आत्मा भन्नु । अविद्या भन्याको माया हो ॥१३॥

अन्नमय प्राणमय मनोमय विज्ञानमय आनन्दमय ई

ई कौनै धर्म आत्माका होइनन्. शरीरैका हुन् . निर्मल आत्मामा ती धर्म देख्नु त आकाशनो नीलो वर्ण देखिया जस्तो मात्रै हो। विचार गर्दा आत्मा पनि सर्वदा अविकारी नित्य निर्मल छ. आकाश पनि निर्मल छ ॥२०॥

लोकहरूले सबै कर्म गर्न्या कर्ता आत्मै हो भनी कह्याको पनि अज्ञानले हो. आत्मा केही गर्दैन. मनै कर्ता छ. संपूर्ण कर्मको कर्ता आत्मा हो भंनु त जल चल्दामा जलभित्र देखियाको चंद्र चल्दछ भन्या जस्तो मात्र हो। विचार गर्दा जलभित्रको चंद्र पनि चल्दैन. आत्मा पनि केही गर्दैन ॥२१॥

राग इच्छा सुख दुःख यत्न इनहरु पनि बुद्धिका धर्म हुन्. आत्माका होइनन् । क्यानभन्या जागा रह्यामा र जग्सुतो भयामा बुद्धि रह्याको हुनाले ती धर्म प्रवृत्त हुन्छन् . सुषुप्ति अवस्थामा बुद्धि पनि नरहनाले राग इच्छादि कोही धर्म प्रवृत्त हुदैनन्. तसर्थ राग इच्छा सुख दुःख यो सबै बुद्धिमै छ. आत्माविषे छैन । सुषुप्ति अवस्था भन्याको साह्रै निदायाको वेला हो ॥२२॥

आत्माको स्वभाव कहन्छन । जस्तो सूर्यको प्रकाश गर्न्या स्वभाव छ. जलको चीसो गर्न्या स्वभाव छ. अग्निको तातो स्वभाव छ. तस्तै आत्माको सच्चिदानन्दरूपले नित्य निर्मल भै रहन्या स्वभाव छ ॥२३॥

– – ले आत्मा[illegible]को र बुद्धिका वृत्तिको संयोग छ भनी [illegible]को [illegible] आत्म[illegible] भ[illegible] [illegible]तो अज्ञानी जीव हो. जाव भन्याको

बुद्धिमा प्रतिबिंब पर्‍याको आत्मचैतन्य हो । एही अर्थकन उत्तर श्लोकले विस्तार गरि कहन्छन ॥२४॥

आत्माविषे केही विकार छैन. आत्मा जो छ स्वभावैले अविकारी छ. बुद्धिमा ज्ञान कदाचित् पनि छैन । तथापि - - - - - - तताएाका फलामका गोलामा आगो र फलाम नछुट्टिया झैं आत्माभास र अंतःकरणको वृत्ति ई दुइ मिली एकै भयाका छन. एकै हुन् भनी बुझी जीवात्मा जो छ. म कर्ता हुँ. देख्न्या जांन्या मै हुँ भन्छ । परन्तु आत्मा कर्ता छैन. अविकारी छ. जो कर्ता हुन्छ. तेसको त परिणाममा नाश पनि हुन्छ. नित्य रहदैन ॥२५॥

जस्तो अंधकारमा डोरीकन देख्ता सर्प हो भंन्या बुद्धिले डराउँछ. तस्तै आत्मा पनि म जीव हुँ. शरीरभित्र रह्याको छु. म भिन्नै हुँ. अर्को भिन्नै हो भंन्या बुद्धिले दुःखसागरमा डुब्छ । जब सत्संगले बेदांत-शास्त्रका तत्त्वकन बुझी म जीव रहेनछु शुद्ध ब्रह्मरूप रह्योछु भनि जान्यो. तब निर्भय भै सुखपूर्वक रहन्छ ॥२६॥

नजिकमा छन् तपनि जड भयाका एस्ता बुद्धि मन अहंकारप्रभृतिले आत्माको प्रकाश हुँदैन. आत्माले तिनहरूको प्रकाश हुन्छ । जस्तो एकै दीपले संपूर्ण बस्तुकन प्रकाश गर्छ. बस्तुले दीपकन प्रकाश गर्दैन. तस्तै हो ॥२७॥

ज्ञानस्वरूप आत्मा हुनाले तेस आत्माकन जांनानिमित्त अर्को ज्ञान चाहिंदैन । जस्तो दीपले प्रकाश हुँदामा अर्को दीपको

रह्याका एस्ता निर्मल आकाश जस्ता ब्रह्मकन [चिन्त]न् गनु ॥३८॥

एस्ता तरहले परमार्थकन जान्या तत्त्वज्ञानी जो छ. मेरो फलानो नाम हो. यो वर्ण हो. यो जात हो. भन्या अभिमान छोडी ब्रह्मस्वरूप भैं रहन्छ ॥३९॥

जगत्कन ब्रह्ममा लीन गरायो तपनि जान्या १ जानिन्या २ ज्ञान ३ एता तिनको भेदज्ञान छँदा छँदै कसो गरी एकै ब्रह्म मात्रै छ भंनु भन्या. त्यो भेद जो छ. अज्ञानले कल्पित जीवात्माविषे मात्रै छ. ब्रह्मविषे छैन। ज्ञानानंदस्वरूप हुनाले ब्रह्म जो छन्. आफैं आफ प्रकाशमान हुन्छन। अर्थात् ब्रह्मचिंतन गर्दा अघि अघि तस्तो भेद बुझिया पनि परिणाममा हराउँछ ॥४०॥

एस्ता तरहले गन्याका ब्रह्मचिंतन्को फल कहन्छन्। अन्तः-करणरूप अरणिमा ध्यानरूप मधानीले निरंतर मंथन गर्दा ताहाँबाट निस्कयाका ज्ञानरूप अग्निले अज्ञानरूप दारुवाकन जलाउँछ। अरणि भन्याको यज्ञ गर्न्या मनुष्यले अग्निका मंथन गर्नानिमित्त बनायाको पिपलको काष्ठ हो ॥४१॥

जस्तो अरुणोदयले अंधकारको नाश गन्याउप्रान्त पछि श्रीसूर्य प्रकाशमान हुन्छन। तस्तै ज्ञानले अज्ञानरूप अंधकारको नाश गन्याउप्रान्त ब्रह्म जो छन्, आफैं प्रकाश हुन्छन्। अज्ञानको नाश नभै प्रकाश हुँदैनन ॥४२॥

सर्वत्र व्यापक भै रह्याको ब्रह्म जो छ. सर्वदा मिल्यैको छ। अज्ञानले आफुलाई भ्रम हुँदा कहाँ छ कहाँ छ भन्या भैं देषिन्छ। जब ब्रह्मकन देषन नदिन्या अज्ञानरूप पर्दाको नाश

भयो। तब त्यो ब्रह्म हरायाको वस्तु मिल्यो भन्या झैं हुन्छ। जस्तो गलाको हार हरायो भन्या झैं मानी अन्यत्र अनो कर्म गरी षोज्दछ, पाउदैन। पछि ज्ञानले स्मरण हुँदा गलाको हार गलैमा देष्छ तेस्तै हो ॥४३॥

जस्तो अंधकारमा रूषको ठुटो देष्वा यो पुरुष हो भंन्या भ्रम हुन्छ तस्तै अज्ञानले ब्रह्ममा जीव हो भन्या भ्रम हुन्छ। जब त विवेक ज्ञानले महावाक्यबाट ब्रह्मको स्वरूप जान्यो तब म जीव हुँ संसारी हुँ भंन्या भ्रम पनि छुट्छ। ब्रह्म हुँ भनि देष्छ ॥४४॥

जीव र ब्रह्म एकै रह्याछन् भन्या तत्वको अनुभव हुनाले भयाको ज्ञान जो छ म हुँ मेरो हो भन्या अज्ञानकन छुटाउँछ जस्तो पूर्वकन पश्चिम हो। दक्षिणकन उत्तर हो भनि भ्रम भयामा श्रीसूर्यकन देष्ता त्यो भ्रम छुट्छ तस्तै हो ॥४५॥

जब ममता छुट्यो। तब ज्ञानवान योगी जो छ ज्ञानदृष्टिले संपूर्ण जगत्कन आफैमा अभेदले देषछ ॥४६॥

तस्तै माटाले बन्याका घडा कहनारा मकलप्रभृति माटा-देषी भिन्न नभया झैं नाना प्रकारको यो जगत् पनि आत्मै हो। आत्माभन्दा भिन्न केही पनि छन। मनुष्य हाती घोडा तेरो मेरो भंनु नाम मात्र हो। साचो त ब्रह्म मात्र हो भनि देष्छ ॥४७॥

अविद्याले कल्पित शरीर मन बुद्धिप्रभृतिकन र सत्व

रज तम ई तिन् गुणकन पनि त्याग गरी सच्चिदानन्दस्वरूप हुनाले कुह्मालकोटीको ध्यान गर्न्या माकुराले कुह्मालकोटी भया भैं ब्रह्मको ध्यान गर्न्या योगी पनि ब्रह्मस्वरूप हुन्छ । जीवन्मुक्त भन्याको सोही हो ।।४८।।

मोहरूपी समुद्रकन ज्ञानरूपी जहाजले तरी मोक्ष हुन नदिन्या विघ्नकारी एस्ता राग द्वेष काम क्रोधप्रभृति राक्षसको संहार गरी शांत चित्त भयाको आत्मज्ञानी योगी जो छ सुखपूर्वक विराजमान हुन्छ । तत्वले विचार गर्दा ऐश्वर्यको भोग गर्न्या संसारी पुरुषभंदा ब्रह्मज्ञानी सुखपूर्वक रहन्छ ।४९।।

कैल्हे सुख दिन्या कैल्हे दुःख दिन्या अनित्य एस्ता विषयसुखमा प्रीति छोंडी अर्थात संपूर्ण वासनाको त्याग गरी आत्मसुखले आनन्दमय भयाको एस्तो त्यो योगी जो छ. घडा भित्रका दीप भैं भित्रै प्रकाशमान हुन्छ । अर्थात् आत्माको अनुभव हुनाले भयाको सुख एस्तो हुन्छ भनि आफु मात्र जान्दछ अरु जांदैनन ।५०।।

एस्ता तरहले जीवन्मुक्त भयाको योगी जो छ प्रारब्ध कर्मको भोग नसकियाको हुनाले शरीर छुट्याको छैन तपनि तेस शरीरले गर्न्याका कर्मले बाँधिदैन । आकाश भैं निर्लेप भै रहन्छ । अर्का जन्ममा कर्मको भोग गर्नु पर्दैन । संपूर्ण जान्दछ तपनि नजान्या जस्तो भै रहन्छ । यत्नविना अकस्मात् पान पान मिलिगयो तपनी [त]स्मा आशक्त हुँदैन. वायु भैं भै फर्दछ ।।५१।

जब प्रारब्ध कर्मको भोग सकियो शरीर पनि छुट्यो तब त्यो योगी जो छ, जलमा जल, आकाशमा आकाश, तेजमा तेज, मिल्दा झैं ब्रह्ममा [मिल्छ] भिन्न रहँदैन। कैवल्य मुक्ति भन्याको यहि हो ॥५२॥

जउन् ब्रह्मको लाभदेखी ठुलो अर्को लाभ संसारमा छैन। [ब्रह्मज्ञानको अ]नुभवले भयाका सुखदेखी ठुला अर्को सुख छैन। जउन् ब्रह्मज्ञानदेखी ठुलो अर्को ज्ञान छैन। तसैकन ब्रह्म हुन् भनि जानु ॥५३॥

जसकन देख्याउप्रांत अरु वस्तु देख्नाको अपेक्षा रहदैन, जउन् ब्रह्ममा लीन भयापछि फेरी जन्म हुँदैन जस्को स्वरूप जान्यापछि अर्को जांनुपर्न्या वस्तु बाँकी रहँदैन, तसैकन ब्रह्म भनि जांनु। ब्रह्मको स्वरूप नजानी अरु कुरामा जांदछु भंनु त बिनाकामको पांडित्य मात्र हो ॥५४॥

तल पनी माथी पनी बिचमा पनी सर्वत्र जो पूर्ण भैकन रह्याका छन। जस्को आदि पनि छैन, अंत पनि छैन। तसैकन ब्रह्म भनि जांनु।

यो पनि ब्रह्म होइन, यो वस्तु पनि ब्रह्म होइन भनि कहन्या वेदांतले देखाइयाका अद्वितीय आनन्दस्वरूप जो छन् तसैकन ब्रह्म भनि जांनु ॥५६॥

जस्का आनन्दको अवधि छैन, एस्ता आनन्दको समुद्र

भयाका तनै ब्रह्मका आनन्दको लेश मात्र पाईकन ब्रह्मा इन्द्र-प्रभृति पनि आनन्दजुक्त हुन्छन् । सानु ठुलो जस्ता जस्ता अंशले पैदा भयाका छन । तसैमाफिक आनन्द सुखकन पाउँछन । अखण्ड आनन्दरूप् त ब्रह्म मात्र छ. अरु छैनन्।।५७।।

ब्रह्मदेखा भिन्न भयाका शरीर स्त्री पुत्रप्रभृति पनि पियारा देखिन्छन । ब्रह्म मात्रै अतिपियारो छ भनि कसो गरि भनु भन्न्या शंकामा उत्तर दिन्छन । शरीर स्त्री पुत्रप्रभृतिमा पनि लौकिक व्यवहारमा पनि सबैमा ब्रह्मै छन । एसै कारणले अरु पनि प्रिय भै देखियाका छन । तसर्थ दुदमा घिउ रहँदा भैं सर्वत्र व्यापक भै रह्याका ब्रह्म जो छन् सबैभन्दा तनै अतिपियारा छन् ।।५८।।

तन्का जन्म पनि छैन. मरण पनि छैन. रूप गुण वर्ण केहि छैन । तो ब्रह्म साना छन भनिसक्नु पनि छैन । ठुला पनि छैनन । छोटा पनि छैनन् । दस् हात लामा छन बिस् हातका छन भनिसक्नु पनि छैन । एस्तो नजानीसक्नु महिमा भयाका ब्रह्मकन जगत्मा सत्तारूपले व्यापक भै रह्याका छन भनि निश्चय गर्नु ।।५९।।

ब्रह्मज्ञानी हुनु बडो कठिन छ । एसै कारणले श्रीशङ्करा-चार्य जो छन् बारंवार फेरी पनि तनै ब्रह्मको निरूपण गर्छन् तन्का प्रकाशले सूर्य चन्द्रप्रभृति पनि कान्ति-जुक्त भै प्रकाशमान हुन्छन् सूर्य चन्द्रका प्रकाशले तन्को प्रकाश छैन । तन्को सत्ता हुनाले यो संपूर्ण जगत् देखिन्छ. तनैकन ब्रह्म भनि

जांनु ॥६०॥

अग्निमा तताय का फलामको गोलामा अग्निले बाहिर पनि भित्र पनि व्यापक भै रहँदा गोलारूपले प्रकाशमान भया झैं संपूर्ण जगत्मा ब्रह्मले व्यापक भै रहँदा तो ब्रह्म जो छन् जगत् रूपले प्रकाशमान हुन्छन् [॥६१॥] जगत्भन्दा विलक्षण ब्रह्म छन्। ब्रह्मदेषी भिन्न रूपले केही पनि साँचो छैन। जगत्‌जन ब्रह्मदेषी भिन्न सान्नो मनुष्य ठूलो घोडा रूपले देषनु त जल नभयाका मरुदेशमा बालुवाविषे सूर्यका किरण पर्दा जल रहेछ भनि देष्या जस्तो मात्रै हो। सत्य [हो]इन। मरुदेश भन्याको निर्जल देश हो ॥६२॥

नेत्रले जो जो देखिन्छ, कानले जो जो सुनिन्छ, मनले जो जो स[म्झि]न्छ, वचनले जो कहिन्छ, त्यो सबै तत्त्वज्ञान भया उप्रान्त सच्चिदानन्दस्वरूप अद्वितीय ब्रह्मै बुझिन्छ। ब्रह्मदेषी भिन्न अर्को वस्तु केही पनि रहँदैन ॥६३॥

प्रकाशमान् भै उदायाका छन् तपनि वी सूर्यकन नेत्र नभयाका अंधाले जस्तो देष्दैन. तस्तै सर्वत्र छन् तपनि ती ब्रह्मकन ज्ञानदृष्टि नभयाका अज्ञानी पुरुषले देष्दैन। ज्ञानदृष्टि भयाको जो छ। तसैले मात्र सर्वदा सर्वत्र ब्रह्मै कन देष्छ। ब्रह्म भन्याको चर्मदृष्टिले देषिन्या वस्तु होइन। ज्ञानदृष्टिले मात्र देषिन्या हो ॥६४॥

श्रवण मनन निदिध्यासन समाधिले प्रज्वलित गरायाका

एस्तो ज्ञानरूप अग्निले शुद्ध भयाको जीवात्मा जो छ आगामा गाली शुद्ध भयाका सुवर्णले निर्मल भै प्रकाश भया भैं अज्ञानरूप मलदेषी मुक्त भै ब्रह्मरूपले प्रकाशमान हुन्छ, जहाँसम्म अज्ञान छ. तहीँसम्म जीव भनो कहिन्छ । जब त ज्ञानाग्निले अज्ञानरूप मयलकन जलाइदियो. तब सोही जीव ब्रह्मरूप हुन्छ ॥ शरीरप्रभृति जड पदार्थ ब्रह्म होइन । इनभंदा विलक्षण सच्चिदानन्दरूप जो छन् सोही ब्रह्म हुन् । म पनि तिनदेषी भिन्न होइन भनि तसै ब्रह्ममा निरंतर प्रतीति राष्नु जो छ । निदिध्यासन भन्याको सोही हो ॥६५॥

एस्ता तरहले ब्रह्मचिंतन गर्दा गर्दा शुद्ध ब्रह्म भयाको जीवात्मा जो छ हृदयाकाशमा ज्ञानरूपले प्रकट भै आकाशमा उदायाका श्रीसूर्यले अंधकारको नाश गरी प्रकाशमान भया भैं अज्ञानरूप अंधकारको नाश गरी प्रकाशमान हुन्छन् । अर्थात् जस्तो मदिरा षाइ मत्त भयाका पुरुषले आफ्नु स्वरूप बिर्सी म सिंह हुँ, म मृग हुँ भन्छ । जब मदिराको मात छुट्यो. तब आफ्नु स्वरूप जान्दछ । तस्तै जीवात्मा पनि अज्ञानरूप मदिराले मत्त भै आफ्नु चैतन्यरूपकन बिर्सी म जीव हुँ कर्ता हुँ संसारी हुँ भन्छ । जब ब्रह्मज्ञानले अज्ञानरूप मदिराको मात छुट्यो । तब आफ्नु चैतन्यस्वरूपकन जानी ब्रह्मरूपले प्रकाशमान हुन्छ भनि यहाँसम्मका ग्रन्थले कह्यो ॥६६॥

अबउप्रान्त ब्रह्मज्ञान हुन नदिन्या एस्ता पापको नाश गर्नानिमित्त प्रयागादि तीर्थको यात्रा गर्नु पर्ला भंन्या शंकामा ब्रह्मरूप तीर्थविषे स्नान गर्न्या ज्ञानी जनले अरु तीर्थमा जानु-पर्दैन भनि कहन्छन् । देश काल दिशाको अपेक्षा नराषी सर्वत्र

रह्याका ठंडी गर्मीप्रभृति संपूर्ण दुःखकन छन्र्या मोक्षानन्दस्वरूप भयाका निर्मल एस्ता ब्रह्मरूप तीर्थको सेवा जसले गर्छ. तेस्तो परिपूर्ण ज्ञानवान् परमहंस जो छ. ब्रह्मरूप हुनाले संसार बंधनदेषी मुक्त हुन्छ। अरु तीर्थमा जानुपर्दैन ॥६७॥ शुभम् ॥

महाभारत

विराटपर्व, पहिलो अध्याय

कथयित्वा तु तत्सर्वं ब्राह्मणेभ्यो युधिष्ठिरः ।
अरणीसहितं तस्मै ब्राह्मणाय न्यवेदयत् ॥५॥
ततो युधिष्ठिरो राजा धर्मपुत्रो महामनाः ।
सन्निवर्त्यानुगानेतानितिहोवाच भारत ॥६॥
द्वादशेमानि वर्षाणि स्वराष्ट्रात् प्रोषिता वयम् ।
त्रयोदशोऽयं संप्राप्तः कृच्छ्रात् परमदुर्वसः ॥७॥

ऋषिहरूकन संपूर्ण वृत्तान्त कही जउन ऋषिका अग्निकन मथन्या काष्ठ धर्मले हरि लगयाका थिया । तन काष्ठकन पनि धर्मपुत्रले पाई तनै ऋषिलाई दिँदा भया ॥५॥

हे महाराज ताहाँपछि धर्मका पुत्र भयाका बडा बुद्धिमान राजा युधिष्ठिर जो छन्, अर्जुनप्रभृति भाईहरूकन एकान्तमा लेगी एस्ता वचन् कहन लाग्या ॥६॥

हे अर्जुनप्रभृतिहो आफ्नु राज्य छोडीकन हामीहरूले वनमा रह्याका बाह्र वर्ष भया । अब दुःखले पनि काटीनसक्नु तेह्रौं वर्ष प्राप्त भयो । जउन् तेह्रौ वर्षमा दुर्योधनहरूले हामीलाई देख्या भन्या फेरी पनि बाह्र वर्ष वनैमा बास गर्नु-पर्न्याछ ॥७॥

स साधु कौन्तेय इतो वासमर्जुन रोचय ।
संवत्सर[मिमं यत्र वसेमाविदिताः परैः] ॥८॥
अर्जुन उवाच ॥
तस्यैव वरदानेन धर्मस्य मनुजाधिप ॥
अज्ञाता विचरिष्यामो नराणां [नात्र संशयः ।] ॥९॥
किन्तु वासाय राष्ट्राणि कीर्तयिष्यामि कानिचित् ।
रमणीयानि गुप्तानि तेषां किञ्चित् [प्ररोचय] ॥१०॥
[सन्ति र]म्या जनपदा बह्वन्नाः परितः कुरून ।

भनी सबै भाईलाई सुनाई फेरी अर्जुनकन भन्छन् । हे अर्जुन तसर्थ गुप्त गरी रहनानिमित्त याहाँदेषी अन्यत्र बस्न्या जग्गाको तज्बीज् गर । जउन जग्गामा गइकन [बस्ता] अरुले नजानिन्या गरी रहन पाइँन्छ ॥८॥

भनी एती युधिष्ठिर राजाले कह्यापछि अर्जुन बिन्ती गर्छन् ।

हे महाराज दुर्योधनहरूले देष्नन् भनी संदेह नमान्नुहवस् । तन धर्मका वरदानले कोही मनुष्यहरू पनि हामिलाई चिन्ह्याछननन् । आ[नन्दसंग] रहौंला एसमा संदेह छैन ॥९॥

तथापि गुप्त गरी वास गर्नानिमित्त सुन्दर पनि गुप्त पनि भयाका एस्ता देशकन म कहन्छु । तन देशमा जउन् देश मन पर्छ साही आज्ञा गर्नूहवस ॥१०॥

हे महाराज कुरुदेशका चारौंतर्प ढेरै अन्न भयाका

पञ्चालाश्चेदिमत्स्याश्च शूरसेनाः पटच्चराः ॥११॥
[दशार्णा नवराष्ट्राश्च मल्लाः] शाल्वा युगन्धराः ।
कुन्तिराष्ट्रं सुविस्तीर्णं सुराष्ट्रावन्तयस्तथा ॥१२॥
एतेषां कतमो राजन् [निवासस्तव रोचते ।]
वत्स्यामो यत्र राजेन्द्र संवत्सरमिमं वयम् ॥१३॥
युधिष्ठिर उवाच ॥
एवमेतन्महाबाहो यथा स भगवान् प्रभुः ।
[अब्रवीत्सर्व]भूतेशस्तत्तथा न तदन्यथा ॥१४॥

अत्यन्त रमणीय भयाका पनि एस्ता पञ्चाल देश चेदि देश मत्स्य देश शूरसेननामा देश पटच्चरनामा देश छन् ॥११॥

तस्तै दशार्ण देश नवराष्ट्र देश मल्ल देश शाल्व देश युगंधर देश बहुत विस्तार भयाको कुन्ती देश सुराष्ट्र देश अवन्ती देश छन ॥१२॥

एती देशमा जउन् देश तपाइँका मन पर्छ सो आज्ञा गर्नूहवस् । तसै देशविषे गै एस तेह्रौं वर्षमा हामीहरू रहुँला ॥१३॥

भनी अर्जुनले बिन्ती गर्‍यापछी युधिष्ठिर आज्ञा गर्छन ।

हे अर्जुन भगवान धर्मको वरदानले काँही रह्या पनि हामीलाई कोही चिन्ह्याछैनन् भन्या जो कह्यौ, सो सत्य हो । संपूर्ण प्राणीका ईश्वर भयाका एस्ता भगवान् धर्मले जो आज्ञा गर्‍याको छ । सो कुरो अटल छ । अर्को तरह हुन्या छैन ॥१४॥

उद्योगपर्व, ८३ अध्याय

हे श्रीकृष्ण दुःख जान्या सुख आउन्या एस्तो काल कदाचित् आउला त महतारीलाई सुखमा राखौंला ॥४३॥

वनवास गर्नानिमित्त हस्तिनापुरदेखि प्रस्थान गर्दामा पुत्रका प्रीतिले टिठाउँनो भई रूँदो हाम्रा पछि धाँउदी एस्ती महतारीलाई छाडीकन हामी वनमा आयाका हुँ ॥४४॥

तस्निमित्त आनर्त देशका प्रजाले सन्मान गरियाका हे श्रीकृष्ण पुत्रका निमित्त भयाका मनका व्यथाले अत्यन्त दुःखित भयाकी महतारी जो छन. यदि दुःखले मर्‍याकी छैनन्. निश्चय जिउँदई छन् भन्या हे विभो तपाँइले मेरो नाउँ गरी दण्डवत्प्रणाम गरिदिनुहोला. कुरुवंशमा उत्पन्न भयाका धृतराष्ट्र राजाकन अरु वयले वृद्ध भयाका राजाहरु-कन पनि भीष्म पितामह भया द्रोणाचार्य भया कृपाचार्य भया. बाह्लिक देशका राजा भया. अश्वत्थामा भया. सोमदत्त राजा भया. इनकन अरु संपूर्ण भरतवंशीहरुकन पनि, बडा ज्ञानी भयाका गहिरो बुद्धि भयाका धर्मकन जान्न्या संपूर्ण कौरवका मंत्रणाकन गर्न्या एस्ता विदुरकन पनि हे श्रीकृष्ण अंकमाल गरी मिल्नुहोला ॥४५-४८॥

युधिष्ठिर राजा जो छन् संपूर्ण राजाहरुका मध्यमा भगवान्सेत एस्ता वचन विन्ति गरी आज्ञा मागी भगवान्लाई प्रदक्षिणा गरी फर्कदा भया ॥४९॥

ताहाँदेखी अर्जुन जो छन् हिँड्दैमा पुरुषमा श्रेष्ठ भयाका शत्रुका वीर योधाकन मार्‍या भयाका कसैले जित्न नशकिइन्या भयाका आफ्ना मित्र भयाका श्रीकृष्णछेउ विन्ती गर्न लाग्या ॥५०॥

हे विभो श्रीकृष्ण पहिले मन्त्रणाको निश्चय गर्दामा जो हामिलाई आधा राज्य दिनु भन्न्या सल्लाह भयाको हो सबै राजाहरुलाई मालुमै छ ॥५१॥

तस् राज्यकन लोभ नगरी अपमान नगरी सन्मान-सित हामिलाई दिया भन्या वडियै भयो, ति दुर्योधनहरु पनि संपूर्ण भयदेखि फुक्नन् ॥५२॥

हे श्रीकृष्ण पापी दुर्योधनले याहादेखि अर्को तरह गर्‍यो भन्या लडाञी गरा क्षत्रियका नाश निश्चय गरुंला ॥५३॥

अर्जुनले भगवान्सित विन्ति गर्‍याका एस्ता वचन् सुनीकन भीमसेन खुसी भया. दुर्योधनलाई सम्झी क्रोधले वारवार काँप्न लाग्या ॥५४॥

काँप्न लाग्याका भीमसेन जो छन्. अर्जुनका वचन् सुनीकन मनमा हर्ष गरी सिंहले कराया जस्तो बडो शब्द गर्‍या ॥५५॥

भीमसेनले करायाको बडो शब्द सुनीकन धनुर्धारी योधाहरु सवै काँप्न लाग्या, हाति घोडाप्रभृति संपूर्ण वाहन्-हरु पनि विष्ठा मूत्रकन छाड्दा भया ॥५६॥

उद्योगपर्व, ८९-९० अध्याय

आफ्ना प्यारा भयाका बडा मित्र सर्वदा धर्मार्थमा लाग्याका कहिले क्रोध नगर्याका सज्जन बडा बुद्धिमान् तन् विदुरकन सबै कुरा देखेझैं गरिकन जान्न्या एस्ता भगवान् श्रीकृष्ण पाण्डवहेतले गर्न्याका सबै कामको विचार गर्दा भया भन्या एस् कथा उन वैशंपायन मुनि जनमेजय राजासंग कहँदा भया ॥२६-२७॥

उद्योग पर्वका भगवद्यानको अठारौं अध्याय समाप्त भयो ॥ ।

वैशंपायन मुनि जनमेजय राजासँग कँहन्छन्. हे जनमेजय श्रीकृष्णले विदुरका घरमा गै सबै कामको बिस्तार गरीकन बाहाँपछी अपराह्ण समयमा आफ्नी फुपु जो कुन्ती छन तन्का घर गया ॥१॥

कुन्तीले पनि सूर्यका जस्तो तेज भयाका आफ्ना नजीकमा आयाका श्रीकृष्णलाई देषीकन आफ्ना पुत्र युधिष्ठिरहरुलाई सम्झीकन भगवान्का गला समातीकन रुन लागिन् ॥२॥

बडा पराक्रमी भयाका आफ्ना पुत्रहरू संगसंगै रहन्या एस्ता श्रीकृष्णलाइ ढेरै दिनमा देषीकन कुन्ती आँसु बहाउन लागिन् ॥३॥

कुन्ती जो छन् श्रीकृष्णलाइ आतिथ्य सत्कार गरीकन बिछ्याउनामा बसाइ आँसुले पूर्ण भयाका शोकले मुकन

लाग्याको मुखले जगत्साक्षीकन बोल्न लागिन् ॥४॥

हे श्रीकृष्ण जो मेरा पुत्रहरु बालखैदेखि गुरुका सेवामा तत्पर भयाका सर्वत्र बरोबर समदृष्टि भयाका दाज्यु भाइमा परस्पर मित्रता राख्न्या राज्य गर्नाको लायक भयाका कसैले आफ्नु द्वेष गर्दामा पनि रीस नगर्न्या कसैले आफ्नु [बु]सामत् गर्दा पनि बहुतै पुर्सा नहुन्या ब्राह्मणलाइ मान्न्या साँचो बोल्न्या भयाका एस्ता मेरा पुत्रकन शकुनीहरूले कपट जुवाले राज्यदेखि निकाली कोही मनुष्य नरहन्या एस्ता निर्जन वनमा पुग्याया ॥५-६॥

उद्योगपर्व, ९९ अध्याय

अत्र सूर्यांशुभिर्भिन्नाः पातालतलमाश्रिताः ।
मृता दिवसतः सूत पुनर्जीवन्ति वै निशि ॥९॥
उदयन्नित्यशश्चात्र चन्द्रमा रश्मिबाहुभिः ।

तहाँदेखि अर्को जग्गामा गैकन नारद ऋषि कहन्छन् । हे मातलि यहा पातालमा बस्याका प्राणीहरु जो छन्. दिनमा सूर्यका किरणले डढिकन मर्‍या जस्ता हुन्छन्. रात्रिमा फेरि जिउँछन् ॥९॥

यहा चन्द्रमाको नित्य उदय हुन्छ र चन्द्रमा जो छन् बाहु जस्ता अमृतले युक्त भयाका किरण शरीरमा लगाइकन

अमृतं स्पृश्य संस्पर्शात्संजीवयति देहिनः ॥१०॥
अत्र ते धर्मनिरता वृद्धाः कालेन पीडिताः ।
दैतेया निवसन्ति स्म वासवेन हृतश्रियः ॥११॥
अत्र भूतपतिर्नाम सर्वभूतमहेश्वरः ।
भूतये सर्वभूतानामचरत्तप उत्तमम् ॥१२॥
अत्र गोव्रतिनो विप्राः स्वाध्यायाम्नायकर्शिताः ।
त्यक्तप्राणा जितस्वर्गा निवसन्ति महर्षयः ॥१३॥
यत्र तत्र शयो नित्यं येन केनचिदाशितः ।
येन केनचिदाच्छन्नः स गोव्रत इहोच्यते ॥१४॥

प्राणिहरुकन जिआउँछन् ॥१०॥

जहा इन्द्रले ऐश्वर्य हरियाका कोही कालले दुःखित भै बाँधियाका धर्म कर्ममा लागीरह्याका दैत्यहरू बस्याका छन् ॥११॥

जहा संपूर्ण प्राणीका अधिपति भयाका भूतपति नाउँ गर्‍याका महादेव जो छन् संपूर्ण प्राणिहरूलाइ ऐश्वर्य हवस् भनि ठूलो तपस्या गर्छन् ॥१२॥

गोव्रतकन गर्‍या वेद पर्न्हाले दुब्लाभयाका रेचक नाउँ गर्‍याका प्राणायामकन गर्‍या स्वर्गकन जित्याका ब्राह्मण बडा ऋषिहरू बस्याका छन ॥१३॥

जहाँ पायो तहीँ सुत्नु जो मिल्यो सोही खानु जो मिल्यो सोही पैह्रनु जो छ गोव्रत भनि कहिन्छ ॥१४॥

ऐरावणो नागराजो वामनः कुमुदोऽञ्जनः ।
प्रसूताः सुप्रतीकस्य वंशे वारणसत्तमाः ॥१५॥
पश्य यद्यत्र ते कश्चिद्रोचते गुणतो वरः
वरयिष्यामि तं गत्वा यत्नमास्थाय मातले ॥१६॥
अण्डमेतज्जले न्यस्तं दीप्यमानमिव श्रिया ।
आ प्रजानां निसर्गाद्वै नोद्भिद्यति न सर्पति ॥१७॥
नास्य जातिं निसर्गं वा कथ्यमानं शृणोमि वै ।
पितरं मातरं चापि नास्य जानाति कश्चन ॥१८॥
अतः किल महानग्निरन्तकाले समुत्थितः ।
भक्ष्यते मातले सर्वं त्रैलोक्यं सचराचरम् ॥१९॥

हातिको राजा भयाको ऐरावत भयो. वामन भयो. कुमुद भयो. अंजन भयो इ जो छन सुप्रतीकका कुलमा उत्पन्न भयाका श्रेष्ठ दिग्गज कहिन्छन् ॥१५॥

हे मातलि यदि इनका गुणले गरि कोही वर तिम्रा मन पर्छ भन्या हेर. गैकन यत्न गरि तेसकन वरौंला ॥१६॥

शोभाले बल्छ कि त भन्या भन्या देखिन्या यो ब्रह्माण्ड जो छ प्रजाको उत्पत्ति हुन्याल सम्म जलमा रह्याको छ. फुट्न्या पनि फुट्तैन चल्दा पनि चल्दैन ॥१७॥

एस ब्रह्माण्डको जन्म र स्वभाव कन कसैले कह्याको सुन्दिन. यसका पिता माताका पनि कहि जान्दैन ॥१८॥

हे मातलि एसैनिमित्त प्रलय हुन्या कालमा संकर्षणका

मातलिस्त्वब्रवीच्छ्रुत्वा नारदस्याथ भाषितम् ।
न मेऽत्र रोचते कश्चिदन्यतो व्रज मा चिरम् ॥२०॥
इत्युद्योगे भगवद्याने मातलिवरान्वेषणे ऽध्यायः ९९ ×

मुखदेखि निस्क्याको ठुलो अग्नि जो छ वृक्षादि स्थावर मनुष्यादि जंगम सबै लोककन ग्रास गर्न्याछ ॥१९॥

मातलि जो छन् नारद ऋषिका बचन सुनिकन बिन्ति गर्छन्. याहा कोहि वर मेरा मन परेन. अरु जग्गामा हिड्नुहवस् भनि मातलिले नारदसित कह्या भनि कण्वऋषिले दुर्योधनकन कह्याका कथाकन वैशंपायन [मुनि] जो छन्. जनमेजय राजाछेउ कह्दा भया ॥२०॥

इत्युद्योगे भगवद्याने मातलिवरान्वेषणे अध्याय ९९

× यो भगवद्यान प्रकरणको ९९ अध्याय होइन, उद्योगपर्वको क्रमागत ९९ अध्याय हो ।

उद्योगपर्व, १४६ अध्याय

हे माता दुर्योधनका सेवकहरूले आजसम्म [खायाको] अन्न पानीको ऋण तिर्न्या वेला आईरहेछ. तसर्थ प्राणको माया नराषी ऋण तिनु जोग्य छ ॥१५॥

राजाले अनेक धन दौलथ दी कृतार्थ ग[र्‍याका] यस्ता मनुष्यले काम पर्दाका बेलामा पछी सनु उचित छैन. जो पछि हुन्छन. ति बडा पापिष्ठ हुन ॥१६॥

यस्ता निमकहरामी पापिष्ठको [त य]स् लोकमा पनि कल्याण हुँदैन परलोकमा पनि नरकै हुन्छ ॥१७॥

तसर्थ हे कुन्ती दुर्योधनका निमित्त तम्रा पुत्रहरुसंग मैले युद्धं [गर्नु] छ. तिम्रा अघि झुटो बोल्न्याछैन. आप्ना सक्यभर दुर्योधनको भलो गर्नु छ ॥१८॥

कपट नगर्नु वचनका धरानमा रहनु सत्पुरुषको एही धर्म हो. तसर्थ राज्यको लोभ नराषी तिम्रा वचनकन मैले नाघ्नूपर्‍यो क्षमा गर ॥१९॥

आजसम्म जसले ज्या माग्यो त्यो मैले नाही भन्याको छैन. तस् कारण तिम्रो उद्याग पनि मैले वृथा गर्नू छैन. केही वरदान दिन्छु सुन. तिम्रा पुत्र जना चारकन मार्न्याछैन भनी अभयदान दिन्या ॥२०॥

ति चार जना पनी नमारी छोडीदिना लायक होइनन तपनि युधिष्ठिर जना १ भीमसेन १ नकुल १ सहदेव १ एवी

जना चारकन तिम्रो वचन राष्नानिमित्त मारिन. जिती कायू तुल्याई छोडीदिउँला ॥२१॥

अर्जुनसँग द्वन्द्वयुद्ध हुँदामा त सक्याँ भन्या तसलाई मार्नँ छ. एही कर्म गर्दामा यस हुन्याछ । अथवा अर्जुनैले मकन मार्‍यो भन्या पनी जस हुन्याछ ॥२२॥

हे माता पाँच जना पुत्र सर्वथा तिम्रा रहन्यैछन । मैले अर्जुनकन मार्‍याँ भन्या कर्णले सहित पाँच हुनन् । अर्जुनले मलाई मार्‍यो भन्या अर्जुनले सहित पाँच हुनन् ॥२३॥

धैर्यले युक्त भयाका कर्णका एती वचन सुनी दुःखले युक्त भयाकी कुन्ती काप्न लागिन्. आँसुका धारा पनि थमाइन्. अघि मैले नजानीदिँदा दुइमा एक पुत्रको नाश भयो भनी निश्चय गरिन्. ताहाँपछी कर्णकन अङ्कमाल गरी कुन्ती भन्छिन् ॥२४॥

हे कर्ण भावीका गर्दा एस्तौ भयो. तिमिले भन्याको सबै सत्य हो. कौरवको नाश हुन्या वेला आयो भनी तिमि पनि भन्दैछौ दैव जस्तो बलियो अर्को कोही रहेनछ ॥२५॥

हे महाबली कर्ण आप्ना भाई जना चारलाई तिमिले अभयदान दियौ. मैले पान्या चार जना पुत्र त बाँच्या भनी मैले चिन्ह्या आफुले गर्‍याका प्रतिज्ञाकन संग्रामविषे तिमि बिर्सन्याछैनौ ॥२६॥

भनी एतो कुरा गरी कर्णलाई कुन्तीले अनेक प्रकारका

आशीर्वाद दिइन. कर्णले पनि कौनै कुराको सन्देह मान्नु-पर्दैन. क्षत्रिय धर्म यस्तै क्रूर छ भन्या. तहाँपछी कुन्ता र कर्ण ई दुइ जना परस्पर विदा भै आफ्ना आफ्ना घर चल्या. भनि वैशंपायन मुनि जनमेजय राजाछेउ कहँदा भया ॥२७॥

यो महाभारतका उद्योगपर्वमा कुन्तीको र कर्णको संवाद भयाको पचहत्तरो अध्याय+ समाप्त भयो।
कुन्तीको र कर्णको संवाद पनि समाप्त भयो।

+ यो भगवद्यान प्रकरणको ७५ अध्याय हो। उद्योग-पर्वको क्रमागत अध्यायचाहिं १४६ हुन्छ।

शान्तिपर्व, ९२ अध्याय

युधिष्ठिर उवाच ।
कथं धर्मे स्थातु मच्छन राजा वर्तेत धार्मिकः ।
पृच्छामि त्वां कुरुश्रेष्ठ तन्मे ब्रूहि पितामह ॥१॥
भीष्म उवाच ।
अत्राप्युदाहरन्त ममितिहासं पुरातनम् ।
गीतं दृष्टार्थतत्त्वेन वामदेवेन धीमता ॥२॥
राजा वसुमना नाम ज्ञानवान् धृतिमाञ्शुचिः ।
महर्षिं परिपप्रच्छ वामदेवं तपस्विनम् ॥३॥

युधिष्ठिर राजाले भीष्म पितामहसित भन्छन ।

कुरुवंसीहरुमा श्रेष्ठ भयाका हे भीष्म पितामह क्षत्रियका धर्ममा रही राज्य गर्नाकन इच्छा गर्न्या धर्मात्मा राजाले कस्तो कर्म गर्नू त्यो कहनुहवस् ॥१॥

एती युधिष्ठिरले सोध्यापछी भीष्म पितामह भन्छन ।

हे युधिष्ठिर वसुमनानामा राजालाई बडा बुद्धिमान् अर्थका तत्त्वकन जान्या यस्ता वामदेव ऋषिले कह्याको कथा म कहन्छु सुन ॥२॥

बुद्धिमान् धैर्य गर्न्या सर्वदा पवित्र भैकन रहन्या एस्ता वसुमनानामा राजाले तपस्वी भयाका वामदेव ऋषिकन सोध्छन् ☙

पाठान्तर — ☙ भन्छन्

धर्मार्थसहितैर्वाक्यैर्भगवन्ननुशाधि माम् ।
येन वृत्तेन वै तिष्ठन् नहीयेयं स्वधर्मतः ॥४॥
तमब्रवीद् वामदेवस्तेजस्वी तपतां वरः ।
हेमवर्णं सुखासीनं ययातिमिव नाहुषम् ॥५॥
वामदेव उवाच ।

बडा ज्ञानी भयाका हे वामदेव ऋषि जस्तो कर्म गर्दामा हामी क्षत्रियहरुको धर्म रहन्छ. नष्ट हुदैन यस्ता कर्मकन धर्म अर्थले युक्त भयाका वचनले मलाई कहनूहवस् ॥४॥

एती राजाले भन्याको सुनिकन तेजस्वी बडो तपस्या गर्न्या यस्ता वामदेव ऋषिले नहुषका पुत्र ययाति राजा जस्ता भयाका बडा सुन्दर वसुमना राजाकन भन्छन् ॥५॥

मार्कण्डेय पुराण १६ अध्याय

पितोवाच ॥
कथितं मे त्वया वत्स संसारस्य व्यवस्थितम् ।
स्वरूपमतिहेयस्य घटीयन्त्रवदव्ययम् ॥१॥
तदेवमेतदखिलं मयावगतमीदृशम् ।
किं मया वद कर्त्तव्यमेवमस्मिन् व्यवस्थिते ॥२॥
पुत्र उवाच ॥
यदि मद्वचनं तात श्रद्धास्यविशंकितः ।
तत्परित्यज गार्हस्थ्यं वानप्रस्थपरो भव ॥३॥

श्रीगणेशाय नमः ॥ कोही एक ब्राह्मण आप्ना ज्ञानी पुत्रछेउ सोद्धछन्.

हे पुत्र आसक्त हुन जोग्य नभयाका एस्ता संसारको व्यवस्था चक्र जस्तो घुम्दै रहन्या कैल्हे पनि नछुट्न्या एस्तो संसारको स्वरूप पनि तैंले कहिस् ॥१॥

मैले पनि संपूर्ण यो संसार झुटा रहेछ भनि जांन्या परन्तु संसार छुट्न्या ज्ञान त मैले केही जान्याको छैन । अब मैले क्या गर्न्या हो त्यो कह ॥२॥

एस्ता पिताका वचन सुनी पुत्र बोल्न लाग्या ।

हे बाबा यदि मेरा वचनमा श्रद्धा गर्छौं कत्ति शंका

तमनुष्ठाय विधिवद् विहायाग्निपरिग्रहम् ।
आत्मन्यात्मानमाधाय निर्द्वन्द्वो निःपरिग्रहः ।।४।।
एकान्तशीली वश्यात्मा भव भिक्षुरतन्द्रितः ।
यत्र योगपरो भूत्वा बाह्यस्पर्शविवर्जितः ।।५।।
तत्र प्राप्स्यसि तं योगं दुःखसंयोगभेषजम् ।
मुक्तिहेतु[मनौप]म्यमनाख्येयमसङ्गिनम् ।
यत्संयोगान्न ते योगो भूयो भूतिर्भविष्यति ।।६।।
पितोवाच ।।
[वत्स योगं ममाचक्ष्व] मुक्तिहेतुमतः परम् ।

छैन भन्या एस गृहस्थाश्रमकन छोडी वानप्रस्थ धर्म लिकन वनमा जाउ. विधिपूर्वक सो वानप्रस्थ धर्म चलाइकन पछि अग्निहोत्रादि कर्म पनि छोडिकन परमात्मामा चित्त लगाइ सुख दुःखको त्याग गरी संग छोडीकन एकांतमा रही मन थैची सावधान चित्त भै सन्न्यासी भैकन रहु. तब सन्न्यासाश्रममा तुच्छ भयाका सब इद्रियका सुख छोडीकन योगमा लाग ।।३।४।५।।

तस्तो सन्न्यास धर्म गर्दामा संसाररूप दुःखकन छुटाउन्या औषध सस्ता भयाका मुक्तिकन दिन्या एस्तो हो भनि कसैले नकहीसक्नु संगले रहित भयाका एस्ता योगकन पाउला. हे बाबा एस्तो योग भया उप्रांत तिमिलाई संसारमा दुःख गर्नु पर्देन. फेरी मुक्तिरूप ऐश्वर्य होला ।।६।।

एस्ता पुत्रका वचन् सुनी पिता बोल्न लाग्या ।

येन भूतैर्न वत्साहं न भूयो दुःखमाप्नुयाम् ॥७॥
यत्रासक्तिपरस्यात्मा मम संसारबन्धनैः ।
नैति योगमयोगोऽपि तं योगमधुना वद ॥८॥
संसारादित्यतापार्तिविप्लुष्टदेहमानसम् ।
ब्रह्मज्ञानाम्बुशीतेन सिञ्च मा वाक्यवारिणा ॥९॥
अविद्याकृष्णसर्पेण दष्टं तद्विषपीडितम् ।
स्ववाक्यामृतपानेन मां जीवय पुनर्मृतन् ॥१०॥

हे पुत्र मलाइ अब मुक्ति हुन्या योग कह. पञ्चभूत भन्याका पृथिवी जल तेज वायु आकाश इनले जुक्त भै जउन योगले हे पुत्र फेरो एस् संसारका दुःखकन नपाउँ ॥७॥

हे पुत्र जस् संसारविषे आसक्त भयाका परमार्थ ज्ञानले त सुख दुःखादिको अनुभव नगर्न्या अज्ञान दशाले म सुखी म दुःखी भनि अनुभव गर्न्या एस्तो जो मेरा आत्मा छ. त्यो संसारका बंधनले जुक्त नहवोस् एस्ता योगकन कह. संसाररूप सूर्यका तापका पोडाले जल्न लाग्याको छ शरीर र चित्त जस्का एस्ता मकन ब्रह्मज्ञानले जुक्त भयाका शीतल भयाका तेरा वचनरूप जलले सेचन गर ॥८-९॥

हे पुत्र अज्ञानरूप कृष्णसर्पले डस्याका तस्का विषले पीडित भयाका मर्याका मकन तेरा वचनरूपै अमृत पान गराइकन फेरी मलाइ जिया ॥१०॥

इ मेरा पुत्र यो मेरी स्त्री यो मेरो घर यो मेरो खेत

पुत्रदारगृहक्षेत्रममत्वनिगडार्दितम् ।
मां मोचयेष्टसद्भावविज्ञानोद्घाटनैस्त्वरन् ॥११॥
पुत्र उवाच ।
शृणु तात यथा योगो दत्तात्रेयेण धीमता ।
अलर्काय पुरा प्रोक्तः सम्यक् पृष्टेन विस्तरात् ॥१२॥
पितोवाच ।
दत्तात्रेयः सुतः कस्य कथं वा योगमुक्तवान् ।
कश्चालर्को महाभागो यो योगं परिपृष्टवान् ॥१३॥

भन्न्या एस्तो ममतारूप वेढीले बाँधियाका मकन आफ्नु हित हुन्या एस्ता उत्तम ज्ञानरूप साँचाले षोलिकन चाडो फुका ॥११॥

एस्ता पिताका वचन सुनि पुत्र बोल्न लाग्या ।

हे पिता पैह्ले अलर्कले सोद्धामा बडा बुद्धिमान् भयाका दत्तात्रेयले जउन योग विस्तार गरीकन कह्याथ्या तेही योग म कहन्छु सुन ॥१२॥

एस्ता पुत्रका वचन सुनि पिता सोधन लाग्या ।

हे पुत्र दत्तात्रेय भन्याका कस्का पुत्र हुन, कस्ता प्रकारले योगकन कह्याथ्या, जनले योगकन सोध्याथ्या एस्ता अलर्क भन्याका पनि को हुन ॥१३॥

\+ + +

मार्कण्डेय पुराण, १६ अध्याय

तस्तो वर माग्याको सुनीकन अनुसूया देवताछेउ बोल्न लागिन् । हे देवताहो पतिव्रताको वचन कस्ले टारी सक्नु छ. तस् निमित्त तनै पतिव्रतासँग संमत गरी तनलाइ बुझाइकन दिन तुल्याउँछु ।।५०।।

जस्तो अघि दिन रात्रीको व्यवस्था थियो. तस्तै सूर्य उदाइ यो दिन यो रात्री भन्न्या ठेगाना पनि ह्वोस्. सूर्य उदय हुँदामा माण्डव्य ऋषिका सरापले ति पतिव्रताका वसन् पनि नमरुन् एस्तो काम म गर्छु ।।५१।।

अनुसूयाले एस्ता वचन देवताछेउ बोलीकन ति पतिव्रता ब्राह्मणीका घरमा गइन र पतिव्रता ब्राह्मणीले हे अनुसूया तिमि कुशल छौ भनि सोधिन. स्त्रीको धर्म भन्याको पतिको सेवा गर्नु पतिका आज्ञामा रहनु तस् बरोबर अर्को धर्म छैन. तिम्रा पति बहुतै खुसी छन् की. भनि पतिव्रता ब्राह्मणीले कुशल प्रश्न गरियाकि अनुसूया बोल्न लागिन् ।।५२।।

हे पतिव्रता तिमि आफ्ना पतिलाइ सुख भयाको देख्तामा खुसी हुन्छ्यौ की आफ्ना पतिलाइ सबै देवताभन्दा श्रेष्ठ हुन भनिकन मान्दछेउ की मानदीनौ ।।५३।।

अनुसूया बोल्दछिन् . हे पतिव्रता मैले पनि आफ्ना पतिको सेवा गरीकन बडो पुण्य ऐश्वर्यकन पायाको छ.

स्त्रीको अर्को धर्म छैन केवल आफ्ना पतिका आज्ञामा रहीकन सेवा गऱ्या धर्मार्थ काम सबै मिल्दछन् ॥५४॥

हे पतिव्रता मनुष्य जन्मदामा देवऋण मनुष्यऋण पितृरिण इत्यादि ऋण लिकन जन्मन्छ. इ ऋण नतिरा हुँदैन अनेक धर्म कर्म गर्नु पर्छ. जस्तो आफ्ना वर्णको धर्म छ. तसै उपायले धन कमाउनु धन कमायापछि सत्पात्रलाइ दिनु साँचो बोल्नु सोभो कर्म गर्नु प्राणीमा दया गर्नु. दान गर्नु तपस्या गर्नु ॥५५-५६॥

शास्त्रमा कह्यामाफिक कर्म गर्नु रोस राग नगर्नु दिन दिनमा देवतामा ब्राह्मणमा श्रद्धा बढाउनु ॥५७॥

एस्ता आफ्ना २ जातिमा कह्याका पुण्य बडा कठिनले गरीकन मनुष्य जो छ. इंद्रादि लोकमा पुग्दछ ॥५८॥

हे पतिव्रता स्त्रीले त आफ्ना पतिका आज्ञामा रही भक्तीले आफ्ना पतिको सेवा गर्दामा आफ्ना पुरुषले बडा कठिनसँग गऱ्याका सबै पुण्यका आधा फलकन पाउँदछे ॥५९॥

तस् निमित्त स्त्रीको अर्को धर्म छैन. श्राद्ध पनि छैन. उपवास पनि छैन. आफ्ना पतिका सेवाले मात्रै उत्तम लोकमा पुग्दछे. पतिको भन्याको नमानी सेवा नगरी मुख मुख लागीकन भोको रही सूक्या पनि केही मिल्दैन. उल्टो नरकमा पर्दछे ॥६०॥

तस् कारणले हे पतिव्रता पतिका सेवामा एकाग्र चित्त

गरि बुद्धिकन लगाउ. परम गति भन्याका पति हुन्. स्त्रीका पति बरोबरको अर्को गति छैन ॥६०॥

देवतालाइ पितरलाइ सत्कर्मले पूजा गर्दामा आप्ना पतिकन जउन् पुण्य मिल्दछ. एकाग्र चित्त गरीकन आप्ना पतिको सेवा गर्दामा आप्ना पतिले गर्याका तस् पुण्यको आधा फल तस्तो पतिव्रता स्त्रीकन मिल्दछ ॥६२॥

एस्ता अनुसूयाले कह्याका वचन सुनीकन बहुतै खुशाइकन आदरसंग ति पतिव्रता ब्राह्मणी अनुसूयाछेउ एस्ता वचन बोल्न लागिन् ॥६३॥

हे अनुसूया स्त्रीका आप्ना पतिको सेवा बरोबर अर्को धर्म छैन भन्या एस्तो ज्ञान मलाइ छँदै थियो. एस्मा पनि तिमिले श्रद्धाकन बढाइदियौ. तस् निमित्त म जस्तो धन्य कोही रहेनछ. ममा विप्रो बडो दया रहेछ. देवताको पनि बडो अनुग्रह रहेछ भन्या जान्दछु. स्त्रीका पति बरोबरको अर्को गति कोही छैन. भक्तिले र सेवाले आप्ना पति खुसी भया भन्या इहलोकमा परलोकमा पनि सुख हुन्छ ॥६४-६५॥

हे बडो जस भयाकि अनुसूया पतिका प्रसादले स्त्रीलाइ एस् लोकमा पनि सुख मिल्दछ. मर्यापछि पनि उत्तम लोकको सुख मिल्दछ. तस् निमित्त स्त्रीका पति भन्याका परम देवता हुन् ॥६६॥

हे बडो भाग्य भयाकी अनुसुया तिमिले मेरा घरमा आयाको क्या काम हो. श्रेष्ठ भयाकी तम्रो म क्या टहल् गरु.

मेरा पतिले पनि कउन काम गरुन् त्यो आज्ञा गर ॥६७॥

एस्तो पतिव्रता ब्राह्मणीका वचन सुनीकन अनुसूया बोल्न लागिन. हे पतिव्रता सूर्य नउदाउन् भनि तिमिले प्रतिज्ञा गर्‍यौ र तिम्रा वचनले सूर्य उदायेनन. यो दिन हो यो रात्री हो भनी केही ज्ञान भयेन. दीन नहुँदा यज्ञादि कर्म भयेन र बडा दुःखित भै इन्द्रादि सर्ब देवता याहाँ आइकन जस्तो अघि यो दिन यो रात्रि भन्न्या मर्यादा थियो. तस्तै हवोस भनी देवताहरू बडा दुःखित भैकन प्रार्थना गर्छन. हे पतिव्रता म पनि तसै निमित्त आयाको छु. मेरा वचन सुन ॥६८॥

हितोपदेश मित्रलाभ

संसारमा जो कोही धनी छन. सर्वदा तिनै बलिया कहिन्छन राजाहरू पनि धन दौलथ खजानैले बडा कहिन्छन एती भनीकन तस् संन्यासीले प्रातः कालमा खन्ती लीकन मेरो बस्याको ठाउँ खन्यो र मेरो ढेरै दिनदेखीन संचिता गरी राख्याको सबै धन लियो. तब तस् दिनदेखिन मेरो बल पराक्रम उत्साह घट्यो. आहारा खोजी खानाको पनि सामर्थ्य भयेन. उहाँपछी डरले सुस्त सुस्त भागी जाँदा चूडाकर्णले देखीपाया र तब आफ्ना मित्र वीणाकर्णकन कहन्छ. हे मित्र संसारमा धनैले सबै बलवान् पनी पण्डित पनी हुँदा रह्या-छन्. हेनूँ हवस् यस् दुष्ट मुसाको धन जानाले बल उत्साह हरायो आफ्ना जाती बरोबर भयो. हे मित्र जस्तो जेठ बैशाख-का दिनमा साना नदी सुकी जान्छन्. तस्तै धन नहुन्या साना बुद्धिका पुरुषले गर्याको कर्म सबै नासी जान्छ । हे मित्र तस्तै जसको धन ढेरै छ. तसैका मित्र पनी ढेरै हुन्छन्. दाज्यू भाई पनी बहुतै मान्दछन्. लोकमा बडो पुरुषार्थी पनि तेही कहलाउँछ. जान्या पनी कहलाउँछ ॥

हे मित्र तस्तै छोरा नहुन्याको घर शून्य हुन्छ. दाज्यू भाई नहुन्याका दिशा शून्य हुन्छन. मूर्खको हृदय शून्य हुन्छ. दरिद्रीका त सबै थोक शून्य हुन्छन ॥

हे मित्र तस्तै यस संसारमा - - - मनुष्यका इन्द्रिय साबुज् छन् भन्या तनैकन इन्द्रिय भन्नु. केही अजस् नपरीकन सधैं एकै तार रह्याको छ भन्या नाउँ भन्याको तेही हो. परिश्रमका काममा नहडबडाउनू. बुद्धी भन्याको तेही हो. जस् कसैका अगाडी बरोबर बोल्नकन शक्नू वचन भन्याको तेही हो. प्रसस्त धन जस्का छ. तसैकन पुरुष भन्नु. ई सबै कुरा घटीगया भन्या उही पुरुष छ तपनि एकै क्षणमा अर्को होईजान्छ यसमा केहि आश्चर्य छैन. भनी एती सबै चूडाकर्णले आफ्ना मित्रसँग कह्याको सुनी हे मन्थरनामा मित्र हिरण्यक नाउँ गर्‍याका मैले मनमा विचार गर्‍याँ ।

अब मैले यस जग्गामा बस्नू योग्य छन. यो विस्तार अरुकन कहनू पनि उचित छैन. भन्याको पनि छ —

धनको नाश भयाको आफ्ना मनमा संताप भयाको आफ्ना घरमा केहि घटिया काम भयाको आफुलाई कसैले ठग्याको आफ्नू अपमान भयाको एतो थोक जान्या मनुष्यले बाहिर प्रकास नगर्नु । तस्तै दैव विपक्ष हुनाले पुरुषार्थ - - - गर्‍याका यत्न सबै व्यर्थ हुँदामा दरिद्री भयाका अभिमानी पुरुषको वनवास छोडी अन्यत्र सुख हुँदैन ॥ बस्तै जस्तो अग्नि बरु निभीजान्छ शीतल भै रहँदैन. तस्तै मनसुवा भयाको पुरुष कस्तै आपत्ती पर्‍या पनी बरु मरीजान्छ तपनी अर्काको मुख्यांजी गरीप भै रहँदैन ।

अरु पनी कह्याको छ. फुलको र मनसुबी पुरुषको एकै स्वभाव हुन्छ क्या भन्या जस्तै फुलको थुँगा की सबैका

शिरमा रहन्छ, की बनैमा सडीजान्छ. तस्तै मनसुवो पुरुष पनी की सबैभन्दा उपर भै रहन्छ. भयेन भन्या मरीजान्छ ॥

तसर्थ यसै जगामा नैले आगीकन जीविका गर्नु त अति घटिया हो भन्याको पनी छ —

संपत्ती नहुन्या मनुष्यले बरु अग्निविषे प्रवेश गरी प्राण छोड्नू निको छ. आफ्नो मान पूजा हरायापछी दुःखा भै मागी खानू निका छैन ॥

अरु पनि भन्याको छ. दरिद्र भया भन्या लाज हुन्छ. लाज भयापछी सामर्थ हराउँछ. सामर्थ छैन भन्या अनादर हुन्छ. अनादर भया भन्या शोक हुन्छ. शोक भया भन्या बुद्धीले छोड्छ. बुद्धीले छोड्यो भन्या तस् मनुष्यको नाश हुन्छ वस् निमित्त कंगाल हुनू त दुःखको घर रहेछ ॥ तस्तै झुटा वचन बोल्नुभन्दा नबोली रहनु निको हो. परस्त्रीगमन गर्नु-भन्दा नपुंसक भै रहनू निको हो. अर्काको चुक्ली गर्नु भन्दा प्राण छोड्नू निको हो. पराइका धन पाइ सुख गर्नु भन्दा बिराना देशमा गै भिक् मागी खानु निको हो.

तस्तै आफुलाई मार्न्या, काममा नलाग्न्या यस्तो गोरु हुँनाचाँहि रित्तै गोठ हुनु निको. विवाह गर्न्याकी स्त्री छ तपनी मुखाल्या छ भन्या तसभन्दा वेश्याकन राख्नू निको. विवेक नभयाका राजाका सहरमा बस्नूभन्दा वनमा बस्नू निको. छोटा मनुष्यको चाकरी गरी जिउनूभन्दा प्राण छोड्नु निको हो ॥ जस्तो अर्काको सेवा गर्न्या मनुष्यका मान मर्यादा

रहँदैन. चन्द्रमाका किरणले अन्धकार रहँदैन. बुढो भयेपछी शरीरको शोभा रहँदैन. शिवको विष्णुको कथा सुन्यापछी पाप रहँदैनन. तस्तै मागी षान्या मनुष्यका सयकरन गुण भया पनी हराई जान्छन ॥

एती भन्नी बिचार गरीकन मित्र मन्थर फेरी पनी मनैमा भन्न लाग्या । तब आज मैले अर्काले दियाको गास खाई आत्माको रक्षा गर्नु त दोस्रो मर्नै हो. भन्याको पनी छ.

शास्त्रको तत्व नजानी बोक्रा बोक्रैमा हिँडी पंडित्याभि चलाउनु द्रव्य दिईकन स्त्रीसंभोग गर्नु. अर्काको अधीनमा परी भोजन गर्नु ई तिन कुरा पुरुषले गर्नु त केही होइन, धिक्कारै हो ॥

अरु पनी कह्याको छ. सर्वदा रोगी भै रहन्या ढेरै दिनदेखीन परदेशमा रहन्या पराईको अन्न खाई जिउन्या पराईके घर जाईकन सुत्न्या यस्ता एस्ता प्राणीहरूले जिउनु त मर्नै हो. यह तस्तो भै जिउनाचाही मरी गये। भन्या. तल्ले सुख पाये ॥

एती मन । विचार गरीकन फेरी पनि लोभले त्यो धन लिनाकन केही दिनसम्म तहाँ बसी जतन गर्‍याँ । तसै भन्याको पनि छ

लोभले बुद्धी चंचल हुन्छ. लोभैले तृस्ना बढ्छ. बहुतै तृस्ना भयो भन्या त्यसले एस् लोकमा पनी परलोकमा पनी दुःखै पाउँछ ॥

एती भनी तसै जगामा रह्याको थिन्या. कोही एक

दिनमा त वीणाकर्णले देखीपायो र कुट्याको चोटले मकन मार्‍यो. तब मैले मनमा विचार गर्‍यो.

लोभी असंतोषी पुरुषले आफ्नै आत्माकन दुःख दिन्छ. भन्याको पनि छ.

जस् पुरुषका मनमा संतोष छ. तस्का संपत्ती छैन तपनी संपूर्ण भया जस्तो हुन्छ. जस्तो जुत्ता पैह्र्या मनुष्यका लेखा संपूर्ण पृथ्वी छालैले बेढ्या जस्तै हुन्छिन्।

हितोपदेश, सन्धि

तदत्रावधानमनुसंधेहि शोकचिन्तां परिहर। यतः॥

अकाण्डपातजातानां शस्त्राणां मर्मभेदिनाम्।
गाढशोकप्रहाराणामचिन्तैव महौषधम्॥४४॥

कौण्डिन्य उत्थायाब्रवीत् तदलमिदानीं गृहनरकवासेन वनं गमिष्यामि। पुनः कपिलो ब्रूते — शृणु।

तसर्थ चित्तकन समाधान गरी शोक चिन्ताकन छोड. क्यानभन्या शस्त्र झैं मर्मको भेदन गर्न्या अकस्मात आफु माथी परिआयाका शोकरूपी घाउको औषध भन्याको तेस् विषयको चिन्ता नगर्नु एही मात्रै हो। अर्को छैन॥४४॥

भनी एती कपिलका उपदेश सुनी उठीकन कौडिन्य भन्छन् — हे कपिल अब नरकवास गरान्न्य एस्तो गृहस्थाश्रम छोडी वनवास गर्न जान्छु भनी एती कौडिन्यले भन्दा फेरी

वनेऽपि दोषाः प्रभवन्ति रागिणां
गृहेऽपि पञ्चेन्द्रियनिग्रहस्तपः ।
अकुत्सिते कर्मणि यः प्रवर्तते
निवृत्तरागस्य गृहं तपोवनम् ॥४५॥

यतः ॥ दुःखितो हि चरेद्धर्मं यत्र तत्राश्रमे रतः ।
समः सर्वेषु भूतेषु न लिङ्गं धर्मकारणम् ॥४६॥

उक्तं च ॥ वृत्त्यर्थं भोजनं येषां सन्तानार्थं च मैथुनम् ।
वाक्सत्यवचनार्थाय दुर्गाण्यतितरन्ति ते ॥४७॥

कपिल भन्छन —

हे कौडिन्य वनमा तपस्वी भै वास गऱ्यो तपनि चित्तमा विषयको अभिलाष रह्यैको छ भन्या तस्कन काम क्रोध इत्यादि दोष लाग्यैका छन. तसर्थ इन्द्रियकन जीति आफ्नै घरमा रहनू. एही ठूलो तपस्या हो. विषयको अभिलाष छाडी काम क्रोधादि घटिया कर्मकन छोड्न सक्यो भन्या तस्का लेखा घरै पनि तपोवन छ ॥

क्यानभन्या । आफ्नु चित्त शोक दुःखले सधैं व्याकुल हुन्छ भन्या त्यो मनुष्य कौनै आश्रममा रही पनी आफ्नु धर्म चलाउन सक्तैन । हे कौडिन्य भेषधारी हुनु एति मात्रै धर्म होइन । सवै प्राणीमा आत्मबुद्धो राषी शत्रु मित्र भाव छोड्नु एही परम धर्म हो ॥४६॥

भन्याको पनि तस्तै छ । प्राणधारणानिमित्त मात्र जो भोजन गर्छन सन्तानका निमित्त मात्र जो स्त्रीसभोग गर्छन्

तथा हि ॥ आत्मा नदी संयमपुण्यतीर्था
सत्योदका शीलतटा दयोर्मिः।
अत्राभिषेकं कुरु पाण्डुपुत्र
न वारिणा शुध्यति चान्तरात्मा ॥४८॥

सत्य बोल्नाका निमित्त मात्रै जो वचन बोल्छन्. एस्ता मनुष्य संसाररूपी समुद्रका पार हुन्छन्. भेषधारी भै मात्रै हुँदैनन् ॥४७॥

भीष्म पितामहले पनि युधिष्ठिरकन कह्याको छ. हे युधिष्ठिर वैराग्यरूपी पुण्यतीर्थ भयाकी सत्यरूपी जल भयाकी शीलरूपी तीर भयाकी दयारूपी तरंग भयाकी एस्ती चित्तरूपी नदी छन्. वहाँबिषे स्नान गर. अन्तःकरण शुद्ध हुन्याछ. जलमा स्नान गरी अन्तःकरण शुद्ध हुँदैन ॥४८॥

शुद्धि-पत्र

छापाखानाका दोषबाट पर्न आएका अशुद्धिलाई संशोधन गर्न यो शुद्धिपत्र दिइएको छ । मूल लेख तयार गर्दा मै परेका स्खलितता भूल पनि यहाँ सच्याइएका छन् । यो शुद्धि-पत्र तयार गर्ने काममा गौतमवज्र वज्राचार्य र महेशराज पन्तले सहायता गरेका छन् ।

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१	१३	बि.स.	वि.सं.
१	१६	पूर्ब	पूर्व
२	२०	बर्णन	वर्णन
२	२१	बिवेचना	विवेचना
२	२३	बंशका	वंशका
२	२५	विबश	विवश
३	६	बिलास	विलास
३	२३	बज्र	वज्र
३	२४	बज्राचार्य	वज्राचार्य
४	५	सिध्यायो	सिद्ध्यायो
४	१२	धेरेजसा	धेरैजसो
४	१४	बिद्वत्ता	विद्वत्ता
४	२३	बिद्वान	विद्वान्
५	८	खर्च ले	खर्चले
५	३१	निर्ण यमा	निर्णयमा
११	७	तलमाथि।	तलमाथि छ।
१२	११	स्पष्ट	स्पष्ट
१२	१७	मेले	मैले
१३	३	षाइएको	पाइएको
१४	१६	अं	अङ्गुल
१४	१७	लो	पहिलो
१४	१८	दास्रो	दोस्रो
१६	१३	१९६०	१९६३
१७	२	भबानीदत्त	भवानीदत्त
१७	४	बंशावली	वंशावली
१७	१०	पवानादत्त	भवानीदत्त
१७	११	तीर्थेन्द्रबल्लभ	तीर्थेन्द्रवल्लभ
१७	१८	लदनमणि	मदनमणि
१८	४	थिए	थिएँ
१८	१०	भनानीदत्त	भवानीदत्त
१८	१४	लेखिऐको	लेखिएको
१९	१०	पत्नकन	पत्निकन
१९	१३	स्बीयं	स्वीय
१९	१५	भबच्छ्रम्	भवच्छ्रन्
१९	१६	तेनैब	तेनैव
१९	१६	भाबुक-	भावुक-
१९	१६	प्रबृत्ति	प्रवृत्ति
१९	१७	रूद्र-	रुद्र-
१९	१८	स्बकीया-	स्वकीया-
१९	२१	तारानिघि	तारानिधि
१९	२९	पर्ब	पर्व
२०	५	अनुबादकमा	अनुवादकमा

पृ	पं	अशुद्ध	शुद्ध
२०	७	अनुबादकले	अनुवादकले
२०	१०	बेदान्त	वेदान्त
२१	४	त्यसविषयका	त्यस वि-षयका
२१	१६	तृताय	तृतीय
२१	१६	उच्छ्वास-	उच्छ्‌वास-
२२	२	कबि	कवि
२२	२१	प्रब्रजिताभि-	प्रव्रजि-ताभि-
२३	१२	बि.सं.	वि.सं.
२६	६	अजुन	अर्जुन
२६	७	अजुनले	अर्जुनले
२६	१६	सहदेब॥	सहदेव
२८	१३	बध	वध
२९	२	पाण्डब-	पाण्डव
२९	१३	अजुन	अर्जुन
२९	१४	नयजना	नवजना
३०	१२	स्नान	स्नान
३१	३	बाल्मीकि	वाल्मीकि
३२	१०	दूषणबध	दूषणवध
३३	१५	राक्षस-ध	राक्षसवध
३४	११	सन्य	सैन्य
३४	२४	बान	बाण
३५	५	भएको	गएको
३६	२२	फिंजायर	फिंजाएर
३७	१५	होसमा	होशमा
३९	४	जबाप	जवाफ
४१	१६	बालकाण्ड	वालकाण्ड
४१	१७	बाल्मीकि	वाल्मीकि

पृ	पं	अशुद्ध	शुद्ध
४२	३	सुमित्रावाट	सुमित्राबाट
४३	६	मारिको	मारिएको
४३	१७	कवन्ध	कबन्ध
४३	२५	किष्कन्धाका	किष्कि-न्धाका
४४	१४	लगादिएको	लगाइदि-एको
४४	२१	छोदिनिनुहोस्	छोडि-दिनुहोस्
४६	१	—	यस्तो घर्सो नचा-हिने
४७	१	भागले	भोगले
४७	५	दास्रो	दोस्रो
४७	८	भ	भैं
४७	२४	जगतेकन	जगतैकन
४८	३	भाग-	भोग
४८	३	करोति	करोति
४८	१३	आचरण-	आचरण
५०	३	प्रतद्वन्द्वी-	प्रतिद्वन्द्वी-
५१	२५	उच्छ्वास-	उच्छ्‌वास-
५४	२९	क्वाहि	क्वहि
५७	५	हिन्दीभाषामा अनुवाद	हिन्दीभाषाका नाटकको अनुवाद
५७	१४	कहलाएको	कहलाएका
६३	४	१७१२को	१७१३को
६३	१२	मन-विनोद	मनोविनोद
६४	२४	-लाकन-	-लोकन-
६५	१४	पुरश्चरणार्णव-	पुरश्चर्यार्णव

पृ - पं		अशुद्ध	शुद्ध
७६	६	प्रबन्घ	प्रबन्ध
७७	१८	बाइ	बाइ
८०	८	भया	भन्न
८६	५	तत्कालाम	तत्कालान
८७	१६	तथ	तथा
८७	२१	निहृन्तव्यो	निहृन्तव्यो
९३	८	एक वाक्यता	एकवाक्यता
१०१	७	मलयकेतु.	मलयकेतुः
१०३	१९	-कलुष	-कलुषं
११९	८	पडितज्युका	पंडितज्युका
१२७	४	महाभार मा	महाभारतमा
१३६	१४	पाचौं	पाँचौं
१३७	८	"	"
१३८	२	"	"
१३८	१३	"	"
१३९	६	"	"

१५३ १७ ह्‌न्या यी तीन अक्षर संयुक्त पारी त्यसमाथि रेफ दिई भवानीदत्तले लेखेका छन्। छापाखानामा त्यस्तो अक्षर नपाउँदा पह्‌र्न्या यस्तो हुन गएको छ। यस्तै क्रियिमको अन्त पनि परेको छ।

पृ - पं		अशुद्ध	शुद्ध
१५६	१५	भने	भन्ने
१६३	१५	सुने	सुनेँ

१६३ २१ अंग्रेजी शब्दलाई नेपाली भाषामा लेख्ता खुट्टा नकाट्ने व्याकरणको नियम हुँदा 'राइट्'को ठाउँमा 'राइट' हुनुपर्छ। यस्तै अन्त पनि सच्याउनुपर्छ।

पृ - पं		अशुद्ध	शुद्ध
१७३	१५	प्र्‌न्यो	सप्र्‌न्यो
१९३	१६	मन्छ	भन्छ
१९७	७	इत्यंपति	इत्यपंयति
१९९	६	संराध	संरोध
१९९	२१	शाका	शंका
२०७	२४	द्वे प	द्वेष
२११	६	सहस्र	सहस्र
२१६	३	मुप	मुष
२१७	१	गार	गरि
२१७	३	गहना	गह्वा
२१७	६	रहे .	रहेछ.
२२५	२०	अन्त-	अन्न-
२२७	१५	सचेत भै	सचेतभै
२३४	२१	फर्दछ	फिर्दछ
२३५	५	लाम	लाभ
२३५	१५	छन	छैन
२३७	६	होइन	होइन
२५३	६	तपस्पिनम्	तपस्विनम्
२५४	६	कम	कर्म
२५५	६	व्यवस्थिते	व्यवस्थिते
२६०	१५	सँन	सँग